विधेयक संख्याः

# नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

२०८२
सङ्घीय संसद सचिवालय
सिंहदरबार, काठमाडौं।

# उद्देश्य र कारण

नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न केही महसुल, कर, शुल्क र दस्तुर लगाउन, लगाई राखेकोलाई चालू राख्न, हेरफेर गर्न तथा राजस्व प्रशासन सम्बन्धी प्रचलित केही नेपाल कानूनलाई संशोधन गर्नका लागि यो विधेयक पेश गर्नु परेको हो ।

यो विधेयकले राजस्व, कर, शुल्क, महसुल र दस्तुरको निर्धारण, त्यस्तो राजस्व, कर, शुल्क, महसुल तथा दस्तुरको दर बढाउन, घटाउन वा आंशिक वा पूरै छुट दिने व्यवस्थाको अलावा अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, स्वास्थ्य जोखिम कर, शिक्षा सेवा शुल्क, पूर्वाधार विकास कर, सडक निर्माण दस्तुर, सडक मर्मत तथा सुधार दस्तुर, चलचित्र विकास शुल्क, प्रदूषण नियन्त्रण शुल्क, टेलिफोन स्वामित्व शुल्क, दूरसञ्चार सेवा दस्तुर, क्यासिनो रोयल्टी, विद्युतीय सेवा कर, विलासिता शुल्क तथा वैदेशिक रोजगार सेवा शुल्क, हरित कर सम्बन्धी व्यवस्था लगायतका कर, शुल्क, दस्तुर निर्धारण गर्ने व्यवस्था समेतलाई समेटेको छ । यसको अलावा मदिरा ऐन, २०३१, मूल्य अभिवृद्धि कर ऐन, २०५२, आयकर ऐन, २०५८, अन्तःशुल्क ऐन, २०५८ र भन्सार महसुल ऐन, २०८१ मा समयानुकूल संशोधन गर्न समेत प्रस्ताव गरिएको छ ।

यस विधेयकलाई अर्थ विधेयकको रुपमा सङ्घीय संसदमा पेश गरिएको छ ।

**(विष्णु प्रसाद पौडेल)**
**उपप्रधानमन्त्री तथा अर्थमन्त्री**

## नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावना**ः नेपाल सरकारको आर्थिक वर्ष २०८२/८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न राजस्व सङ्कलन गर्ने, कर घटाउने, बढाउने, छुट दिने तथा राजस्व प्रशासन सम्बन्धी प्रचलित कानूनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८२" रहेको छ।

(२) यो ऐनको दफा १, २, ३, ४, ६, ७, ८, ९, १०, ११, १२, २०, २१, २२, २३, २४, २५, २६, २७, २८, २९, ३०, ३१, ३२, ३४, ३५, ३६ र ३८ तुरून्त प्रारम्भ हुनेछन् र अन्य दफाहरू संवत् २०८२ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछन्।

२. **मूल्य अभिवृद्धि कर**ः मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम मूल्य अभिवृद्धि कर लगाइने र असुल गरिनेछ।

३. **अन्तःशुल्क**ः नेपालभित्रको कारखानाबाट उत्पादन वा तयार भएका मालवस्तु वा पदार्थ, पैठारी भएका मालवस्तु वा पदार्थ वा सेवामा अन्तःशुल्क ऐन, २०५८ बमोजिम अन्तःशुल्क लगाइने र असुल गरिनेछ।

४. **महसुल**ः नेपालबाट निकासी हुने तथा नेपालमा पैठारी हुने वस्तुमा भन्सार महसुल ऐन, २०८१ बमोजिम महसुल लगाइने र असुल गरिनेछ।

५. **वैदेशिक रोजगार सेवा शुल्कः** (१) प्रचलित सङ्घीय कानून बमोजिम वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतप्राप्त व्यक्तिले वैदेशिक रोजगारमा जाने व्यक्तिबाट असुल गरेको रकममा एक

प्रतिशतका दरले वैदेशिक रोजगार सेवा शुल्क दाखिल गर्नु पर्नेछ। त्यस्तो रकम वैदेशिक रोजगारमा जाने व्यक्तिको हितमा खर्च गरिनेछ।

(२) उपदफा (१) बमोजिमको रकम इजाजतपत्रप्राप्त व्यक्तिले अर्को महिनाको पच्चीस गतेभित्र राजस्व खातामा जम्मा गरी सोको विवरण सहितको जानकारी वैदेशिक रोजगार विभागमा पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र त्यस्तो शुल्क दाखिल नगरेमा वार्षिक पन्ध्र प्रतिशतका दरले ब्याज लगाई असुल गरिनेछ।

(४) वैदेशिक रोजगार सेवा शुल्कको प्रशासन वैदेशिक रोजगार विभागले निर्धारण गरे बमोजिम हुनेछ।

६. **शिक्षा सेवा शुल्कः** (१) विदेशमा अध्ययन गर्न जाने विद्यार्थीलाई शिक्षण शुल्क बापत विदेशी मुद्राको सटही सुविधा दिँदा त्यस्तो सटही रकममा तीन प्रतिशत शिक्षा सेवा शुल्क लगाइने र असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिम विदेशी मुद्राको सटही सुविधा उपलब्ध गराउने बैङ्क वा वित्तीय संस्थाले शिक्षा सेवा शुल्क बापत सङ्कलन गरेको रकम अर्को महिनाको पच्चीस गतेभित्र राजस्व खातामा जम्मा गरी सोको विवरण सहितको जानकारी सम्बन्धित राजस्व कार्यालयमा पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र कुनै बैङ्क वा वित्तीय संस्थाले शिक्षा सेवा शुल्कको रकम दाखिल नगरेमा वार्षिक पन्ध्र प्रतिशतका दरले ब्याज बुझाउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम सटही सुविधा लिई शिक्षा सेवा शुल्क बुझाएका तर विदेशमा अध्ययन गर्न जान नपाएका विद्यार्थीले विदेशी मुद्रा फिर्ता गरी शिक्षा सेवा शुल्क फिर्ता माग गरेमा आन्तरिक राजस्व विभागले तोकेको प्रक्रिया बमोजिम सम्बन्धित बैङ्क मार्फत

फिर्ता दिनेछ।

(५) शिक्षा सेवा शुल्कको प्रशासन आन्तरिक राजस्व विभागले निर्धारण गरे बमोजिम हुनेछ।

७. **पूर्वाधार विकास कर**ः नेपालमा पैठारी हुने पेट्रोल र डिजेलमा प्रति लिटर दश रुपैयाँको दरले पूर्वाधार विकास कर भन्सार बिन्दुमा लगाई असुल गरिनेछ।

८. **हरित करः** नेपालभित्र पैठारी हुने वस्तुमा अनुसूची-१ बमोजिम भन्सार बिन्दुमा हरित कर लगाई असुल गरिनेछ।

९. **सडक निर्माण दस्तुर**ः (१) नेपालभित्र पैठारी वा उत्पादन हुने सवारी तथा ढुवानीका साधनमा अनुसूची-२ बमोजिम सडक निर्माण दस्तुर लगाई असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको दस्तुर यो ऐन प्रारम्भ भएपछि पैठारी हुने सवारी तथा ढुवानीका साधनमा भन्सार बिन्दुमा भन्सार कार्यालयले र यो ऐन प्रारम्भ हुनुभन्दा पहिले पैठारी भई दर्ता हुन बाँकी रहेको तथा स्वदेशमा उत्पादन भई उपभोगमा आउने सवारी तथा ढुवानीका साधनको हकमा त्यस्तो सवारी तथा ढुवानीका साधन दर्ता गर्ने कार्यालयले दर्ता गर्दाको बखत असुल गर्नेछ।

(३) उपदफा (२) बमोजिमको सडक निर्माण दस्तुर सङ्घीय सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम सङ्कलन भएको दस्तुरको विवरण मासिक रूपमा नेपाल सरकार, अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ।

१०. **सडक मर्मत तथा सुधार दस्तुर**ः सडक मर्मत तथा सुधार गर्न विदेशबाट नेपालमा पैठारी हुने पेट्रोलमा प्रति लिटर चार रुपैयाँ र डिजेलमा प्रति लिटर दुई रुपैयाँ सडक मर्मत तथा सुधार दस्तुर भन्सार बिन्दुमा लगाई असुल गरिनेछ।

**११.** **<u>चलचित्र विकास शुल्कः</u>** नेपालमा चलचित्र घरले प्रदर्शन गर्ने विदेशी चलचित्रको प्रवेश शुल्कमा अनुसूची-३ बमोजिम चलचित्र विकास शुल्क लगाई असुल गरिनेछ।

**१२.** **<u>प्रदूषण नियन्त्रण शुल्कः</u>** (१) नेपालभित्र बिक्री वितरण हुने पेट्रोल तथा डिजेलमा प्रति लिटर एक रुपैयाँ पचास पैसाका दरले प्रदूषण नियन्त्रण शुल्क लगाई असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको शुल्क पैठारीकर्ताले असुल गरी प्रत्येक महिनाको शुल्क अर्को महिनाको पच्चीस गतेभित्र राजस्व खातामा दाखिल गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र शुल्क दाखिल नगरेमा सम्बन्धित पैठारीकर्ताबाट वार्षिक पन्ध्र प्रतिशत ब्याज सहित असुल गरिनेछ।

(४) प्रदूषण नियन्त्रण शुल्कको प्रशासन आन्तरिक राजस्व विभागले निर्धारण गरे बमोजिम हुनेछ।

**१३.** **<u>टेलिफोन स्वामित्व शुल्कः</u>** (१) टेलिफोन जडान गर्ने ग्राहकबाट टेलिफोन स्वामित्व शुल्क बापत पाँच सय रुपैयाँ असुल गरिनेछ। टेलिफोनको स्वामित्व परिवर्तन भएको अवस्थामा टेलिफोनको स्वामित्व प्राप्त गर्ने व्यक्तिबाट समेत त्यस्तो शुल्क असुल गरिनेछ।

तर मोबाइल टेलिफोनको हकमा प्रत्येक सिमकार्ड र रिचार्ज शुल्कको दुई प्रतिशतका दरले टेलिफोन स्वामित्व शुल्क लाग्नेछ।

(२) उपदफा (१) बमोजिमको शुल्क दूरसञ्चार सेवा उपलब्ध गराउने निकायले असुल गरी प्रत्येक महिनाको शुल्क अर्को महिनाको पच्चीस गतेभित्र राजस्व खातामा दाखिल गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र शुल्क दाखिल नगरेमा सम्बन्धित निकायबाट वार्षिक पन्ध्र प्रतिशत ब्याज सहित असुल गरिनेछ।

(४) टेलिफोन स्वामित्व शुल्कको प्रशासन नेपाल दूरसञ्चार प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ।

१४. **दूरसञ्चार सेवा दस्तुरः** (१) टेलिफोन, मोबाइल, इन्टरनेट जस्ता दूरसञ्चार सेवा उपलब्ध गराउने निकायले ग्राहकबाट लिने महसुलको दश प्रतिशत रकम दूरसञ्चार सेवा दस्तुर बापत असुल गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दूरसञ्चार सेवा उपलब्ध गराउने अनुमति प्राप्त निकायबीच एकले अर्कोको नेटवर्क प्रयोग गरे बापत तिर्नु पर्ने शुल्क (इन्टर कनेक्सन चार्ज) र फिक्स ब्रोडब्याण्ड सेवा शुल्कको पचास प्रतिशतसम्मको मर्मत सम्भार शुल्कमा त्यस्तो दस्तुर लाग्ने छैन।

(३) उपदफा (१) बमोजिमको दस्तुर दूरसञ्चार सेवा उपलब्ध गराउने अनुमति प्राप्त व्यक्ति वा निकायले असुल गरी प्रत्येक महिनाको दस्तुर अर्को महिनाको पच्चीस गतेभित्र राजस्व खातामा दाखिल गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र दस्तुर दाखिल नगरेमा सम्बन्धित व्यक्ति वा निकायबाट त्यस्तो बाँकी रकममा मासिक पाँच प्रतिशतका दरले थप दस्तुर असुल गरिनेछ।

(५) दूरसञ्चार सेवा दस्तुरको प्रशासन नेपाल दूरसञ्चार प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ।

१५. **क्यासिनो रोयल्टीः** (१) नेपालमा रहेका क्यासिनो सञ्चालन गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थाले क्यासिनो सञ्चालन गरे बापत वार्षिक पाँच करोड रुपैयाँ र आधुनिक मेशिन वा उपकरणको माध्यमबाट मात्र खेलाइने खेलको लागि वार्षिक एक करोड पचास लाख रुपैयाँ रोयल्टी तिर्नु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि एउटा इजाजतपत्रबाट एक स्थानमा मात्र त्यस्तो खेल सञ्चालन गर्न

पाइनेछ।

(३) उपदफा (१) बमोजिमको रोयल्टी रकम सम्बन्धित क्यासिनो सञ्चालन गर्न इजाजतपत्रप्राप्त व्यक्ति वा संस्थाले पुस मसान्तभित्र चालीस प्रतिशत, चैत मसान्तभित्र सत्तरी प्रतिशत र बाँकी रकम असार मसान्तभित्र पर्यटन विभागमा दाखिल गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र रोयल्टी रकम दाखिल नगर्ने व्यक्ति वा संस्थाबाट सो प्रत्येक अवधि नाघेको तीन महिनासम्मको लागि उक्त रोयल्टी रकमको पन्ध्र प्रतिशतका दरले थप शुल्क र सो अवधिपछि त्यस्तो बाँकी रोयल्टी रकममा तीस प्रतिशतका दरले वार्षिक थप शुल्क लगाई त्यस्तो रकम असुल गरिनेछ।

(५) क्यासिनो रोयल्टीको प्रशासन पर्यटन विभागले निर्धारण गरे बमोजिम हुनेछ।

१६. **विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स):** (१) गैरबासिन्दा व्यक्तिले नेपालमा रहेका प्रयोगकर्तालाई उपलब्ध गराएको विद्युतीय सेवाको कारोबार मूल्य तथा गैरबासिन्दा व्यक्तिले नेपालमा रहेका प्रयोगकर्ताबाट सङ्कलन गरिएको तथ्याङ्क बिक्रीको कारोबार मूल्यमा दुई प्रतिशतका दरले विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स) लगाई असुल गरिनेछ।

तर देहाय बमोजिमको कारोबारमा यस दफा बमोजिमको कर लाग्ने छैनः-

(क) वार्षिक तीस लाख रुपैयाँसम्मको कारोबार,

(ख) नेपालमा रहेका व्यावसायिक प्रयोगकर्तालाई व्यावसायिक प्रयोजनको लागि डिजिटल इन्टरफेस मार्फत गरेको बिक्रीको कारोबार

(२) नेपालमा विद्युतीय सेवा उपलब्ध गराउने गैरबासिन्दा

व्यक्तिले प्रत्येक आर्थिक वर्षको आफ्नो कारोबारको विवरण तथा सो बमोजिम लाग्ने कर आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र आन्तरिक राजस्व विभागबाट निर्धारण गरे बमोजिमको विद्युतीय माध्यम (अनलाईन) बाट दाखिल गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम तोकिएको अवधिभित्र विवरण दाखिल नगरेमा वार्षिक कारोबार रकमको शून्य दशमलव एक प्रतिशत प्रति वर्षको दरले हुने रकम शुल्क लाग्नेछ र कर तिर्नु पर्ने तोकिएको मितिसम्म कर दाखिल नगरेमा वार्षिक पन्ध्र प्रतिशतका दरले ब्याज लाग्नेछ। त्यसरी दाखिल गर्नु पर्ने कर कम दाखिल गरेमा वा लुकाए छिपाएमा त्यसरी कम गरेको कर रकमको पचास प्रतिशत जरिबाना समेत लाग्नेछ।

(४) यस दफा बमोजिम कर दाखिल भएको आयमा आयकर ऐन, २०५८ बमोजिमको कर लाग्ने छैन।

(५) विद्युतीय सेवा करको प्रशासन आन्तरिक राजस्व विभागले निर्धारण गरे बमोजिम हुनेछ।

१७. **<u>विलासिता शुल्कः</u>** (१) नेपालमा उपभोग हुने वस्तु तथा सेवामा अनुसूची ४ बमोजिम विलासिता शुल्क लगाई असुल गरिनेछ।

(२) विलासिता शुल्कको प्रशासन आन्तरिक राजस्व विभागले निर्धारण गरे बमोजिम हुनेछ।

१८. **<u>दर घटाउन, बढाउन वा छुट दिन सक्नेः</u>** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले आवश्यकता अनुसार यो ऐन र प्रचलित अन्य कानून बमोजिम लगाइएका दस्तुर, शुल्क, महसुल वा करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क, महसुल वा कर आंशिक वा पूर्ण रूपमा छुट दिन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, अर्थ मन्त्रालयले मुनाफारहित सार्वजनिक तथा

सामुदायिक संस्था, नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपाल सरकारको स्वामित्व भएका सङ्गठित संस्थालाई यस ऐन बमोजिम लाग्ने दस्तुर, शुल्क, महसुल वा करको दर घटाउन वा त्यस्तो दस्तुर, शुल्क, महसुल वा कर आंशिक वा पूर्ण रूपमा छुट दिन सक्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, अर्थ मन्त्रालयले देहाय बमोजिमका आयोजनाको लागि त्यस्तो आयोजना वा आयोजनाले नियुक्त गरेको ठेकेदारको नाममा पैठारी हुने मालवस्तुको पैठारीमा यस ऐन बमोजिम लाग्ने दस्तुर, शुल्क, महसुल वा करको दर सम्झौतामा उल्लिखित शर्त र अनुसूची-५ को अधीनमा रही घटाउन वा त्यस्तो दस्तुर, शुल्क, महसुल वा कर आंशिक वा पूर्ण रूपमा छुट दिन सक्नेछः-

(क) वैदेशिक ऋण वा अनुदान सहयोगमा सञ्चालन गरिने आयोजना, वा

(ख) नेपाल सरकार वा लगानी बोर्ड नेपालसँग भएको सम्झौता बमोजिमको आयोजना।

(४) उपदफा (१), (२) र (३) बमोजिम दिइएको छुट सुविधाको कसैले दुरूपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधा बमोजिम प्राप्त गरेको वस्तु नेपाल सरकारले स्वीकृति दिएको अवस्थामा बाहेक अन्य कार्यमा प्रयोग गरेमा त्यसरी छुट दिइएको दस्तुर, शुल्क, महसुल वा कर रकम असुल गरी सो रकम बराबर जरिबाना गरी असुल गरिनेछ।

(५) यस दफा बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै दस्तुर, शुल्क, महसुल वा कर आंशिक वा पूर्ण रूपमा छुट दिइएको विवरण प्रत्येक वर्ष नेपाल सरकार, अर्थ मन्त्रालयले सङ्घीय संसदमा पेश गर्नु पर्नेछ।

(६) यस दफा बमोजिम दर घटाइएको, बढाइएको वा छुट

दिइएको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

१९. **<u>प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्ने</u>**ः यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र व्यवस्थामा गम्भीर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपद्को कारणले यस ऐनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा नेपाल सरकार, अर्थ मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ।

२०. **<u>स्वास्थ्य जोखिम कर</u>**ः (१) विदेशबाट पैठारी हुने र नेपालमा उत्पादन हुने अनुसूची-६ बमोजिमका वस्तुमा स्वास्थ्य जोखिम कर लगाई असुल गरिनेछः।

(२) स्वास्थ्य जोखिम करको प्रशासन आन्तरिक राजस्व विभागले निर्धारण गरे बमोजिम हुनेछ।

२१. **<u>जलविद्युत आयोजनाले बैङ्क जमानतमा पैठारी गर्न सक्नेः</u>** (१) जलविद्युत आयोजनाको क्षमता अभिवृद्धि तथा डिजाइन परिवर्तन गर्ने सैद्धान्तिक सहमति लिएको आयोजना, सोको ठेकेदार वा आयोजनाको प्रवर्द्धकले त्यस्तो आयोजनाको उत्पादन, प्रसारण तथा वितरणको लागि आवश्यक पर्ने निर्माण उपकरण, मेशिनरी औजार तथा सोको पार्टपुर्जा, विष्फोटक पदार्थ, पेनस्टक पाइप तथा स्टिल प्लेट पैठारी गर्दा लाग्ने भन्सार महसुल र मूल्य अभिवृद्धि कर बापतको रकम विद्युत विकास विभागको सिफारिसमा बैङ्क जमानत सुविधामा पैठारी गर्न दिन सकिनेछ।

(२) उपदफा (१) बमोजिम क्षमता अभिवृद्धि तथा डिजाइन परिवर्तन स्वीकृत भए पश्चात विद्युत विकास विभागको सिफारिस सहित जलविद्युत आयोजना वा सोको ठेकेदार वा प्रवर्द्धकले सो

उपदफा बमोजिम बैङ्क जमानत फुकुवाको लागि वस्तु पैठारी भएको भन्सार कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम निवेदन प्राप्त भएपछि भन्सार कार्यालयले आवश्यक जाँचबुझ गरी पैठारीका बखत राखेको बैङ्क जमानतबाट एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिई बैङ्क जमानत फुकुवा गर्नेछ।

२२. **<u>ढुवानी साधनको भाडा बापतको खर्च कट्टी सम्बन्धी विशेष व्यवस्था:</u>** ढुवानी सेवा प्रदायक व्यवसायीले आफ्नो व्यवसाय सञ्चालनको लागि आर्थिक वर्ष २०७८/७९, २०७९/८० र २०८०/८१ मा स्थायी लेखा नम्बर नभएको प्राकृतिक व्यक्तिबाट ढुवानीका साधन भाडामा लिई त्यस्तो भाडा बापतको रकम भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (८) बमोजिम अग्रिम कर कट्टी गरी भुक्तानी गरेकोमा स्थायी लेखा नम्बर उल्लेख गरेको बीजक नभए पनि त्यसरी भुक्तानी गरिएको भाडा बापतको रकम सो आय वर्षको करयोग्य आय गणना गर्दा खर्च कट्टी गर्न पाउनेछ।

२३. **<u>अवकाश योगदान बापतको रकम हस्तान्तरण सम्बन्धी विशेष व्यवस्था:</u>** (१) आयकर ऐन, २०५८ बमोजिम साविकमा आन्तरिक राजस्व विभागबाट स्वीकृति प्राप्त अवकाश कोष संवत् २०८३ साल आषाढ मसान्तभित्र कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापित कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष ऐन, २०४७ बमोजिम स्थापित नागरिक लगानी कोष, योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, २०७४ बमोजिम स्थापित सामाजिक सुरक्षा कोषद्वारा सञ्चालित अवकाश कोष वा निवृत्तभरण कोष ऐन, २०७५ बमोजिम स्थापना भएको निवृत्तभरण कोषद्वारा सञ्चालित अवकाश कोषमा अनिबार्य रुपमा आवद्ध हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको आबद्धताको क्रममा साविकको अवकाश कोषमा योगदानकर्ताले जम्मा गरेको अवकाश योगदान तथा सोमा थप भएको एकमुष्ठ रकम सोही अवधिभित्र सो उपदफा बमोजिमको कोषमा हस्तान्तरण भएमा त्यसरी हस्तान्तरण गरिएको रकममा आयकर ऐन, २०५८ बमोजिम अग्रिम करकट्टी गरिने छैन।

२४. **सामाजिक संस्थालाई लाग्ने जरिबाना, थप दस्तुर, शुल्क तथा व्याज मिनाहा सम्बन्धी विशेष व्यवस्था:** संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भएको सामुदायिक अस्पताल वा स्वास्थ्य संस्था वा यातायात सम्बद्ध संघ संस्थालाई सम्बन्धित कर कार्यालयबाट संवत् २०८२ साल जेठ १५ गतेभन्दा अघि मूल्य अभिवृद्धि कर ऐन, २०५२, आयकर ऐन, २०५८ र सालवसाली आर्थिक ऐन बमोजिम लाग्ने कर निर्धारण वा संशोधित कर निर्धारण भई बक्यौता रहेकोमा त्यस्तो करदाताले निर्धारण भएको कर संवत् २०८२ साल पुस मसान्तभित्र दाखिल गरेमा सोमा लागेको ब्याज, शुल्क, थप दस्तुर र जरिबाना मिनाहा हुनेछ।

नेपाल सरकार
अर्थ मन्त्रालय

२५. **मूल्य अभिवृद्धि करको जरिबाना, थप दस्तुर र ब्याज मिनाहा सम्बन्धी विशेष व्यवस्था:** (१) मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम दर्ता भएको करदाताले संवत् २०८१ साल चैत मसान्तसम्मको आफूले बुझाउनु पर्ने मूल्य अभिवृद्धि कर विवरण र कर नबुझाएको भए बुझाउन बाँकी कर विवरण, सो विवरण बमोजिमको कर र व्याजको पच्चीस प्रतिशत रकम संवत् २०८२ साल पुस मसान्तसम्ममा बुझाएमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम लाग्ने जरिबाना, थप दस्तुर र बाँकी व्याज मिनाहा हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम संवत् २०८१ साल चैत मसान्तसम्मको आफूले बुझाउनु पर्ने मूल्य अभिवृद्धि कर विवरण बुझाई कर दाखिल गर्न मात्र बाँकी रहेको करदाताले समेत बक्यौता

कर र व्याज बापतको पच्चीस प्रतिशत रकम संवत् २०८२ साल पुस मसान्तसम्ममा बुझाएमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम लाग्ने जरिबाना, थप दस्तुर र बाँकी व्याज मिनाहा हुनेछ।

२६. **<u>अन्तःशुल्कको जरिबाना र विलम्ब शुल्क मिनाहा सम्बन्धी विशेष व्यवस्थाः</u>** (१) अन्तःशुल्क ऐन, २०५८ को दफा १०क. बमोजिम अन्तःशुल्क निर्धारण र असुल गर्नु पर्ने दायित्व भएको इजाजतपत्रवालाले संवत् २०८१ साल चैत मसान्तसम्मको आफूले बुझाउनुपर्ने अन्तःशुल्क विवरण, सो विवरण बमोजिम बुझाउनु पर्ने अन्तःशुल्क रकम र विलम्ब शुल्कको पचास प्रतिशतले हुने रकम संवत् २०८२ साल पुस मसान्तसम्ममा बुझाएमा अन्तःशुल्क ऐन, २०५८ बमोजिम लाग्ने जरिबाना र बाँकी विलम्ब शुल्क मिनाहा हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्तःशुल्क ऐन, २०५८ बमोजिम संवत् २०८१ साल चैत मसान्तसम्मको आफूले बुझाउनु पर्ने अन्तःशुल्क विवरण बुझाई अन्तःशुल्क दाखिल गर्न मात्र बाँकी रहेको इजाजतपत्रवालाले समेत बक्यौता अन्तःशुल्क र बिलम्ब शुल्क बापतको पचास प्रतिशत रकम संवत् २०८२ साल पुस मसान्तसम्म बुझाएमा अन्तःशुल्क ऐन, २०५८ बमोजिम लाग्ने जरिबाना र बाँकी बिलम्ब शुल्क मिनाहा हुनेछ।

२७. **<u>अन्तर्राष्ट्रिय हवाई यातायात सेवा प्रदायक तथा हवाई टिकट बिक्री गर्ने व्यक्तिलाई मूल्य अभिवृद्धि कर छुट सम्बन्धी व्यवस्थाः</u>** (१) मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम दर्ता हुन बाँकी रहेको अन्तर्राष्ट्रिय हवाई यातायात सेवा प्रदायक मूल्य अभिवृद्धि करमा दर्ता भई संवत् २०८० साल कार्तिक १ गते देखिको कारोबारमा सङ्कलन गर्नु पर्ने वा गरेको मूल्य अभिवृद्धि कर संवत् २०८२ साल असोज मसान्तसम्म दाखिल गरेमा सोमा लाग्ने ब्याज, जरिबाना र थप दस्तुर मिनाहा हुनेछ।

(२) मूल्य अभिवृद्धि करमा दर्ता भएको वा नभएको अन्तर्राष्ट्रिय हवाई टिकट खरिद बिक्रीको कारोबार गर्ने व्यक्तिको हकमा संवत् २०८० साल कार्तिक १ गतेदेखिको कारोबारमा सङ्कलन गर्नु पर्ने वा गरेको मूल्य अभिवृद्धि कर संवत् २०८२ साल असोज मसान्तसम्ममा दाखिल गरेमा लाग्ने ब्याज, जरिबाना, थप दस्तुर बुझाउनु पर्ने छैन। संवत् २०८० साल कार्तिक १ गते अघिको बुझाउनु पर्ने कर, ब्याज, जरिबाना र थप दस्तुर समेत मिनाहा हुनेछ।

२८. <u>**आय विवरण पेश नगरेको अवस्थामा कर निर्धारण भएको करदातालाई छुट दिने सम्बन्धी व्यवस्थाः**</u> (१) आय विवरण पेश नगरेका व्यक्तिलाई आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम विगतमा सम्बन्धित कर कार्यालयबाट कुनै आय वर्षको लागि संशोधित कर निर्धारण गरिएकोमा संशोधित कर निर्धारण पश्चात त्यस्तो व्यक्तिले आफूले बुझाउनु पर्ने सो आय वर्षको आय विवरण दाखिल गरी सो अनुसारको कर रकम बुझाईसकेको भए वा आय विवरण बुझाउन बाँकी रहेको भएमा समेत संवत् २०८२ साल पुस मसान्तभित्र आय विवरण बुझाई सो अनुसारको कर दाखिल गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भइसकेको वा हुने आय विवरणको सम्बन्धमा सम्बन्धित कर कार्यालयबाट संवत् २०८३ साल आषाढ मसान्तभित्र कर परीक्षण गरी पुनः संशोधित कर निर्धारण गर्न सकिनेछ । त्यस्तो अवस्थाको कर निर्धारणमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० को उपदफा (४) र आयकर ऐन, २०५८ को दफा १०१ को उपदफा (३) बमोजिमको हदम्याद लाग्ने छैन।

(३) उपदफा (१) बमोजिम दाखिल भएको कर विवरण सम्बन्धमा उपदफा (२) बमोजिम परीक्षण गरी पुनः संशोधित कर निर्धारण गरिएकोमा बाहेक कार्यालयबाट साबिकमा गरिएको संशोधित

कर निर्धारण आदेश कार्यान्वयन गरिने छैन।

२९. **नेपालमा विद्युतीय सेवा प्रदान गर्ने नेपाल बाहिरको व्यक्तिको सम्बन्धमा विशेष व्यवस्थाः** नेपालमा विद्युतीय सेवा प्रदान गर्ने नेपाल बाहिरको व्यक्तिले आर्थिक ऐन, २०८१ को दफा १६ तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १०ख१. बमोजिम दर्ता भई सो बमोजिम कर परिपालना गर्ने व्यक्तिको हकमा आयकर ऐन, २०५८ को दफा २ को खण्ड (कद) को उपखण्ड (५) को व्यवस्था लागू हुने छैन।

३०. **आयकरको व्याज तथा शुल्क मिनाहा सम्बन्धी विशेष व्यवस्थाः** आयकर ऐन, २०५८ को दफा ५७ को उपदफा (१) बमोजिम स्वामित्व परिवर्तन भई करारोपण भइसकेको बासिन्दा निकायको हित रहेको नेपालको अर्को बासिन्दा निकायलाई सो स्वामित्व परिवर्तनको आधारमा संशोधित कर निर्धारण भई वक्यौता रहेको भएमा त्यस्तो निकायले संवत् २०८२ साल आषाढ मसान्तसम्ममा निर्धारित कर रकम दाखिल गरेमा त्यस्तो संशोधित कर निर्धारण बमोजिमको व्याज र शुल्क मिनाहा हुनेछ।

३१. **सार्वजनिक तथा निजी सवारी साधनको आयकर मिनाहा सम्बन्धी विशेष व्यवस्थाः** बीस वर्ष भन्दा पुरानो वा सञ्चालनमा आउन नसक्ने सार्वजनिक वा निजी सवारी साधनको लगत कट्टा गर्ने प्रयोजनको लागि आर्थिक वर्ष २०८१/८२ र २०८२/८३ को आयकर संवत् २०८२ साल पुस मसान्तभित्रमा बुझाएमा आर्थिक बर्ष २०८१/८२ भन्दा अघिको आयकर तथा ब्याज मिनाहा हुनेछ।

३२. **नगद धरौटी फिर्ता वा बैङ्क जमानत फुकुवा र सिपिङ्ग कन्टेनर फिर्ता सम्बन्धी विशेष व्यवस्थाः** (१) भन्सार महसुल ऐन, २०८१ को अनुसूची-३ को भाग २५, उपशीर्षक २५१५.१२.०० मा उल्लिखित मार्वलको ढिक्का वा उपशीर्षक २५१६.१२.०० मा उल्लिखित ग्रेनाइटको ढिक्कालाई कुनै उद्योगले संवत् २०८१ साल मंसिर ६

गते भन्दा अघि औद्योगिक कच्चापदार्थको रुपमा आयात गर्दा उपशीर्षक २५१५.११.०० अन्तर्गतको कच्चा वा मोटामोटी छाँटेको मार्बल वा उपशीर्षक २५१६.११.०० अन्तर्गतको कच्चा वा मोटामोटी छाँटेको ग्रेनाइट दाबी गरी भन्सार अधिकृतले गरेको वस्तु बर्गीकरण उपर चित्त नबुझाई विवादरहित रकम राजस्व दाखिल गरी विवादित रकम सम्बन्धित भन्सार कार्यालयमा धरौटी राखी वस्तु जाँचपास गराएको र त्यस्तो वस्तु वर्गीकरण पुनरावलोकनको लागि भन्सार विभाग समक्ष निवेदन दिएको वा सो विभागले गरेको वर्गीकरण सम्बन्धी निर्णयमा चित्त नबुझाई अदालतमा पुनरावेदन दिएको रहेछ भने सम्बन्धित उद्योगले संवत् २०८२ साल मंसिर मसान्तभित्र त्यस्तो निवेदन वा पुनरावेदन फिर्ता लिएमा सो बापत राखिएको धरौटी रकम सम्बन्धित उद्योगलाई फिर्ता दिनेछ।

(२) भन्सार सम्बन्धी प्रचलित कानून बमोजिम बण्डेड वेयरहाउसको इजाजत प्राप्त उद्योगले बैङ्क जमानत सुविधामा र बण्डेड वेयरहाउसको इजाजत प्राप्त नगरेको उद्योगले पासबुक सुविधामा पैठारी गरेको कच्चापदार्थबाट तयारी वस्तु बनाई कानून बमोजिमको म्यादभित्र निकासी गरेको तर विविध कारणले नगद धरौटी वा बैङ्क जमानत फुकुवा नभएको उद्योगले आवश्यक प्रमाण तथा कागजात सहित संवत् २०८२ साल मंसिर मसान्तभित्र निवेदन दिएमा पेश गरेको प्रमाणका आधारमा त्यस्तो नगद धरौटी वा बैङ्क जमानत फुकुवा गर्न सकिनेछ।

(३) स्वदेशी वा विदेशी कुनै पनि सिपिङ्ग कम्पनीको स्वामित्वमा रही वस्तु ढुवानीको लागि प्रयोग गरिएको सिपिङ्ग कन्टेनर मध्ये भन्सार सम्बन्धी प्रचलित कानून बमोजिम जफत भएर वा नभएर विगत लामो समयदेखि भन्सार परिसरमा रहेका कन्टेनर सम्बन्धित सिपिङ्ग कम्पनीले फिर्ता लैजान संवत् २०८२ साल मंसिर मसान्तभित्र निवेदन दिएमा कुनै प्रकारको शुल्क वा डेमरेज नलगाई त्यस्तो कन्टेनर सम्बन्धित सिपिङ्ग कम्पनीलाई फिर्ता दिइनेछ।

३३. **घर जग्गा रजिष्ट्रेशन शुल्कको अन्तरिम प्रशासनः** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिमको घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउन प्रदेश वा स्थानीय तहमा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारको सम्बन्धित कार्यालयले प्रदेश वा स्थानीय तहले निर्धारण गरे बमोजिमको दर अनुसारको शुल्क उठाई सोही ऐनले व्यवस्था गरे बमोजिमको शुल्क सम्बन्धित प्रदेश वा स्थानीय सञ्चित कोषमा दाखिल गर्नेछ।

३४. **मदिरा ऐन, २०३१ मा संशोधनः** मदिरा ऐन, २०३१ को,-

(१) दफा २ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) "मदिरा" भन्नाले अन्न, फलफूल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रासायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरिकाबाट तयार पारिएको शून्य दशमलब पाँच प्रतिशतभन्दा बढी अल्कोहल भएको पदार्थ सम्झनु पर्छ र सो शब्दले रक्सी, जाँड, छ्याङ, ह्विस्की, रम, जिन, ब्राण्डी, भोड्का, वियर, वाइन, सेरी, सेम्पेन, साइडर, पेरी, मिड, माल्टन, साके, सोजु, भरमाउथ, मदिरा मिश्रित तयारी पेय, औद्योगिक अल्कोहल, रेक्टिफाइड स्प्रिट, माल्ट स्प्रिट, साइलेन्ट स्प्रिट, डिनेचर्ड स्प्रिट, ई.एन.ए. र हेड्स् स्प्रिटलाई समेत जनाउँछ।"

(२) दफा ५ मा रहेको "उत्पादन, निकासी वा पैठारी वा सञ्चय" भन्ने शब्दहरूको सट्टा "निकासी वा पैठारी" भन्ने शब्दहरू राखिएका छन्।

३५. **मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा संशोधनः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को,-

(१) दफा २ को खण्ड (ट२) को सट्टा देहायको खण्ड (ट२) राखिएको छः-

"(ट२) "विद्युतीय सेवा" भन्नाले प्रयोगकर्तालाई सेवा प्रदान गर्नका लागि सूचना प्रविधि अत्यावश्यक पर्ने र न्यूनतम मानवीय हस्तक्षेपमा स्वचालित रूपमा इन्टरनेट मार्फत प्रदान हुने देहाय बमोजिमका सेवालाई सम्झनु पर्छः-

(क) सशुल्क व्यक्तिगत प्रचार सेवा,

(ख) लक्षित अनलाइन बिज्ञापन सेवा,

<u>स्पष्टीकरणः</u> यस खण्डको प्रयोजनको लागि "लक्षित अनलाइन बिज्ञापन" भन्नाले डिजिटल इन्टरफेससँग प्रयोगकर्ताद्वारा (प्रत्यक्ष वा अप्रत्यक्ष कुनै पनि तरिकाबाट) गरिएका अन्तरक्रियाबाट उत्पन्न वा सङ्कलन गरिएका सूचना वा अवधारणाका कुनै पनि स्वरुपमा रहेका अभिव्यक्तिहरूलाई कुनै उत्पादन (प्रोडक्ट), सेवा वा ब्राण्डको प्रचार गर्न डिजिटल इन्टरफेस (विद्युतीय प्लेटफर्म, वेबसाइट, एप्लिकेशन वा यस्तै प्रकृतिको अन्य माध्यम) मार्फत् लक्षित गरिएको कमर्शियल डिजिटल कम्युनिकेशनको कुनै पनि स्वरुपलाई सम्झनु पर्छ।

(ग) चलचित्र, टेलिभिजन, सङ्गीत, ओभर द टप (ओ.टि.टि.) र सदस्यतामा आधारित यस्तै अन्य सेवा,

(घ) तथ्याङ्क सङ्ग्रह सम्बन्धी सेवा,

(ङ) क्लाउड सेवा,

(च) गेमिङ्ग सेवा,

(छ) मोबाइल एप्लिकेशन सम्बन्धी सेवा,

(ज) इन्टरनेट बजार स्थान सम्बन्धी (अनलाइन मार्केट प्लेस) सेवा र यस मार्फत उपलब्ध गराइने सेवा,

(झ) सफ्टवेयरको आपूर्ति र अद्यावधीकरण,

(ञ) तथ्याङ्क, तस्वीर लगायतका डाउनलोड सेवा,

(ट) परामर्श, सीप विकास तथा तालिम सेवा,

(ठ) खण्ड (क) देखि (ञ) को अतिरिक्त अन्य यस्तै प्रकृतिका सेवा ।"

(२) दफा १७ को उपदफा (८) झिकिएको छ।

(३) दफा २१ को उपदफा (१) को खण्ड (ङ) मा रहेका "सङ्गठित संस्था" भन्ने शब्दहरूको पछि ", प्रदेश सरकार" भन्ने शब्दहरू थपिएका छन्।

(४) दफा २५ को उपदफा (१ख) मा रहेका "निजको बैंक खातामा" भन्ने शब्दहरूको सट्टा "तत्काल" भन्ने शब्द राखिएको छ ।

(५) दफा २५ को उपदफा (१ख) पछि देहायको उपदफा (१ग) थपिएको छः-

"(१ग) दफा ३१क. को उपदफा (६) बमोजिम दाखिल गरेको रकम अदालतबाट फैसला भई फैसला कार्यान्वयनको क्रममा संशोधित कर निर्धारण भए पश्चात बढी भएको रकम करदाताले फिर्ता माग गरेमा फिर्ता गरिनेछ।"

(६) दफा २९ को उपदफा (१) को खण्ड (ञ) पछि देहायको खण्ड (ञ१) थपिएको छः-

“(ञ१) शाखा वा गोदाम प्रमाणित नगरी कारोबार गरेको पाइएमा पटकै पिच्छे दश हजार रुपैयाँ।”

(७) दफा ३० को सट्टा देहायको दफा ३० राखिएको छः-

"३०. **<u>कारोबारको निलम्बनः</u>** (१) दर्ता भएको व्यक्तिले दुई वा दुईभन्दा बढी पटक दफा २९ बमोजिमको कुनै कसुर गरेमा महानिर्देशकले पटकै पिच्छे त्यस्तो व्यक्तिको कारोबारस्थलमा बढीमा सात दिनसम्म कारोबार गर्न नपाउने गरी दर्ता निलम्बन गर्न कर अधिकृतलाई आदेश दिन सक्नेछ।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि लगातार छ महिनासम्म कर विवरण पेश नगर्ने करदाताको नाम सार्वजनिक गरी त्यस्तो करदाताको कर कट्टी गर्नु पर्ने रकम बाँकी भए रोक्का राख्न र निजको दर्ता समेत निलम्बन गर्न सकिनेछ।”

(८) दफा ३३ को उपदफा (२) मा रहेका “पच्चीस प्रतिशत” भन्ने शब्दहरूको सट्टा “एकचौथाई” भन्ने शब्दहरू राखिएका छन्।

(९) अनुसूची-१ मा संशोधनः मूल ऐनको अनुसूची-१ को-

(क) समूह ३ः जीवजन्तु तथा सोको उपज अन्तर्गत शीर्षक ०२.०७ भित्र रहेका देहायका उपशीर्षकहरू थपिएको छः-

| | | |
|---|---|---|
| ०२.०७ | | शीर्षक ०१.०५ का घर पालुवा चराहरू (पोल्ट्री) को ताजा (फ्रेस), चिस्याएको (चिल्ड) वा हिमीकृत (फ्रोजन) मासु र खान हुने अफल मासु। |
| | ०२०७.१२.०० | --टुक्रा नपारिएको (सिङ्गो), हिमीकृत |
| | ०२०७.१४.०० | --टुक्राहरू र अफल मासु, हिमीकृत |
| | ०२०७.२५.०० | --टुक्रा नपारिएको (सिङ्गो), हिमीकृत |
| | ०२०७.२७.०० | --टुक्राहरू र अफल मासु, हिमीकृत |

| | | |
|---|---|---|
| | ०२०७.४२.०० | --टुक्रा नपारिएको (सिङ्गो), हिमीकृत |
| | ०२०७.४५.०० | --अन्य, हिमीकृत |
| | ०२०७.५२.०० | --टुक्रा नपारिएको (सिङ्गो), हिमीकृत (फ्रोजन) |
| | ०२०७.५५.०० | --अन्य हिमीकृत |

(ख) समूह ३ः जीवजन्तु तथा सोको उपज अन्तर्गत शीर्षक ०४.०३ भित्र रहेका देहायका उपशीर्षक थपिएको छः-

| | | |
|---|---|---|
| ०४.०३ | | दही (योगर्ट; मही (बटर मिल्क), दही (कर्डल्ड मिल्क) र तर (क्रिम), केफिर र अन्य कुहाएर (फर्मेन्टेड) वा अम्लीकरण (एसिडीफाइड) गरिएको दूध र तर (क्रिम), जमाइएको वा नजमाइएको वा चिनी वा अन्य गुलियो पदार्थ हालिएको वा नहालिएको वा स्वादिष्ट पारिकएको वा नपारिएको वा फल, सुक्खा फल वा कोको सहित वा रहित । |
| | ०४०३.९०.०० | -अन्य |

(ग) समूह ३ः जीवजन्तु तथा सोको उपज अन्तर्गत शीर्षक ०४.०६ भित्र रहेका देहायका उपशीर्षक थपिएको छः-

| | | |
|---|---|---|
| ०४.०६ | | चीज र दही (कर्ड)। |
| | ०४०६.९०.१० | ---छुर्पी |

(घ) समूह ४ः कृषि सामग्रीहरु अन्तर्गत शीर्षक ३१.०२ भित्र रहेका देहायका उपशीर्षक झिकिएको छः-

| | | |
|---|---|---|
| ३१.०२ | | नाइट्रोजनयुक्त खनिज वा रासायनिक मलखादहरू। |
| | | -जलीय घोलमा भएको वा नभएको युरियाः |
| | ३१०२.१०.१० | ---डिजेल इगजस्ट फ्लुड |

(घ) समूह ४ः कृषि सामग्रीहरु अन्तर्गत शीर्षक ३१.०२ भित्र रहेका देहायका उपशीर्षक थपिएको छः-

| | | |
|---|---|---|
| ३१.०२ | | नाइट्रोजनयुक्त खनिज वा रासायनिक मलखादहरू। |
| | | -जलीय घोलमा भएको वा नभएको युरियाः |

| | | |
|---|---|---|
| | ३१०२.१०.२० | ---टेक्निकल ग्रेड |
| | ३१०२.१०.३० | ---फर्टिलाईजर ग्रेड |
| | ३१०२.१०.९० | ---अन्य |

(ङ) समूह ५ः औषधि उपचार तथा यस्तै स्वास्थ्य सेवाहरू अन्तर्गत शीर्षक ३०.०४ भित्र रहेका देहायका उपशीर्षक थपिएको छः-

| समूह ५ः औषधि उपचार तथा यस्तै स्वास्थ्य सेवाहरू | | |
|---|---|---|
| ३०.०४ | | खुद्रा बिक्रीको लागि परिमित मात्राहरूमा (छालाको माध्यमबाट (ट्रान्सडर्मल) प्रयोग गरिने पद्धतिको रूपमा भएका समेत)) वा स्वरूपमा वा संवेष्टन (प्याकिङ्ग) मा राखिएका उपचारात्मक वा प्रतिकारात्मक प्रयोगका मिश्रित वा अमिश्रित उत्पादनहरू भएका औषधिहरू (शीर्षक ३०.०२, ३०.०५ वा ३०.०६ का वस्तुहरू बाहेक)। |
| | ३००४.५०.०० | -अन्य भिटामिनहरू वा शीर्षक २९.३६ का अन्य उत्पादनहरू भएका |

(च) समूह ५ः औषधि उपचार तथा यस्तै स्वास्थ्य सेवाहरू अन्तर्गत उपशीर्षक ३००४.९०.४१ भित्र रहेका "जीवन दशमुलारिष्ट, अशोकारिष्ट, कल्पसुन्दरी समेतः" भन्ने शब्दहरु झिकिएको छ।

(छ) समूह ५ः औषधि उपचार तथा यस्तै स्वास्थ्य सेवाहरू अन्तर्गत शीर्षक ९०.२१ भित्र रहेका देहायका उपशीर्षक थपिएको छः-

| | | |
|---|---|---|
| ९०.२१ | | हाडजोर्नीको उपचार सम्बन्धी उपकरणहरू, वैशाखी समेत, शल्यचिकित्सा सम्बन्धी पेटी र गद्दादार पेटी (ट्रस) हरू; सिधा गरी अडयाउने (स्प्लिन्ट) र हाड भांचिएकोमा प्रयोग हुने अन्य उपकरणहरू; शरीरका कृत्रिम भागहरू, शरीरका खरावी वा असक्षमता परिपूर्ति गर्नका लागि प्रयोग हुने, श्रवण-शक्ति बढाउने र यस्तै खालका शरीरमा लगाउने, धारण गर्ने वा प्रत्यारोपण गर्ने अन्य उपकरणहरू। |

| | | |
|---|---|---|
| | ९०२१.४०.०० | -श्रवण-शक्ति बढाउने उपकरणहरू, पार्टपुर्जा सहायक सामग्रीहरू बाहेक |

(ज) समूह ५ः औषधि उपचार तथा यस्तै स्वास्थ्य सेवाहरू अन्तर्गत द्रष्टब्यको बुँदा नं. (५) शीर्षक ९०.२१ भित्र "उपशीर्षक ८३०९.९०.०० मा पर्ने आधारभूत धातुका बिर्को" भन्ने शब्दहरु थपिएको छ।

(झ) समूह ५ः औषधि उपचार तथा यस्तै स्वास्थ्य सेवाहरू अन्तर्गत द्रष्टब्यको बुँदा नं. (१०) को सट्टा देहायको बुँदा नं. (१०) राखिएको छः-

"(१०) नेपाल सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थाले पैठारी गर्ने मृगौला उपचारमा प्रयोग हुने उपशीर्षक ९०१८.९०.९० मा पर्ने हेमो डायलाइसिस मेशिन, डाइलासिस रिप्रोसेसर, डायलाइजर र यसको ट्यूविङ्ग; उपशीर्षक ९४०२.९०.२० मा पर्ने डाइलासिस बेड तथा उपशीर्षक ९४०२.९०.९० मा पर्ने कुर्सी; मुटुको रोग निदान तथा उपचारमा प्रयोग हुने उपशीर्षक ९०१८.११.०० मा पर्ने इकोकार्डियोग्राफ; उपशीर्षक ९०१८.९०.९० मा पर्ने भिडियोस्कोप, क्याथल्याब,हर्टलङ्ग मेशिन र डिफ्रीब्रिलेटर; क्यान्सर रोगको निदान तथा उपचारमा प्रयोग हुने उपशीर्षक ९०२२.१२.०० मा पर्ने पोजिट्रोन इमिसन टोमोग्राफी (पेट) स्क्यान मेशिन, कम्प्यूटेड टोमोग्राफी (सी.टी.) स्क्यान मेशिन, मेमोग्राफी; उपशीर्षक ९०२२.२१.०० मा पर्ने ब्रेसीथेरापी र लिनियर एक्सिलरेटर; उपशीर्षक ९०१८.१९.९० मा पर्ने फ्लो साइटोमिटर, नेक्स्ट जेनेरेशन सिक्वेन्सर र प्रोटिन माइक्रोएरी प्लेटफर्म, ९०१८.९०.३० मा पर्ने मल्टिप्लेक्स रियल टाइम पि.सी.आर.उपशीर्षक ९०२७.८९.१० मा पर्ने हेमाटोलोजी एनालाइजर, ब्लड केमेष्ट्री एनालाइजर, क्लिनिकल केमेष्ट्री एनालाइजर र इम्युनोकेमेष्ट्री एनालाइजर; उपशीर्षक ९०१८.१३.०० मा पर्ने म्याग्नेटीक रिजोनेन्स इमेजिङ्ग (एम.आर.आई) मेशिन।"

(ञ) समूह ११ः अन्य वस्तु तथा सेवा खण्ड (अ) मालबस्तुहरु अन्तर्गत शीर्षक १४.०४ भित्र देहायका उपशीर्षक थपिएको छः-

| | | |
|---|---|---|
| १४.०४ | | अन्यत्र उल्लेख वा समावेश नभएका बनस्पति उत्पादनहरू। |

| | | |
|---|---|---|
| | १४०४.९०.५० | ---रूद्राक्षका दानाहरू |

(ट) समूह ११: अन्य वस्तु तथा सेवा खण्ड (अ) मालबस्तुहरु अन्तर्गत शीर्षक ७१.०२, शीर्षक ७१.०३ र शीर्षक ७१.०५ भित्र रहेका देहायका उपशीर्षकहरू झिकिएका छनः-

| | | |
|---|---|---|
| ७१.०२ | | परिष्कार गरिएको वा नगरिएको, तर नजडेको वा सेटमा नराखिएको हीरा। |
| | ७१०२.१०.०० | -किसिम नछुट्याइएको |
| | | -औद्योगिकः |
| | ७१०२.२१.०० | --परिष्कार नगरिएको वा सामान्य चिरेको, फुटाएको वा आकार दिएको |
| | ७१०२.२९.०० | --अन्य |
| | | -गैरऔद्योगिक |
| | ७१०२.३१.०० | --परिष्कार नगरिएको वा सामान्य चिरेको, फुटाएको वा आकार दिएको |
| | ७१०२.३९.०० | --अन्य |
| ७१.०३ | | परिष्कार गरिएको वा नगरिएको वा स्तर छुट्याएको वा नछुट्याएको तर नउनेको, नजडिएको वा सेटमा नराखिएको, बहुमूल्य पत्थर (हीरा बाहेक); परिवहनको सुविधाका लागि अस्थायी रूपमा उनेको, स्तर नछुट्याएको बहुमूल्य पत्थर (हीरा बाहेक) र अर्ध बहुमूल्य पत्थरहरू। |
| | ७१०३.१०.०० | -परिष्कार नगरिएको वा सामान्य रूपमा चिरेको वा खस्रो आकारको |
| | | -अरू किसिमले परिष्कार गरिएको |
| | ७१०३.९१.०० | --लालमणि (रुबी), नीलम (स्याफायर) र पन्ना (इमेरल्ड) |
| | ७१०३.९९.०० | --अन्य |
| ७१.०५ | | प्राकृतिक वा संश्लेषित बहुमूल्य वा अर्ध बहुमूल्य पत्थरको धुलो र चूर्ण। |
| | ७१०५.१०.०० | -हिराको |

| | | |
|---|---|---|
| | ७१०५.९०.०० | -अन्य |
| | | - बहुमूल्य धातुहरू र बहुमूल्य धातुले ढाकिएको धातु (मेटल्स क्ल्याड) |

(ठ) समूह ११ः अन्य वस्तु तथा सेवा खण्ड (अ) मालबस्तुहरु अन्तर्गत शीर्षक ८४.७९, शीर्षक भित्र रहेका देहायका उपशीर्षकहरू थपिएको छः-

| | | |
|---|---|---|
| ८४.७९ | | यस भागको अन्यत्र उल्लेख नभएका वा समावेश नभएका, निर्दिष्ट एकल कार्य (इनडिभिजुअल फङ्क्सन्स) मात्र सम्पादन गर्ने क्षमता भएका यन्त्र र यान्त्रिक उपकरणहरू। |
| | ८४७९.८९.९२ | ---प्राकृतिक तथा प्राङ्गारिक मल उत्पादन गर्ने मेशिनहरू |

(ड) समूह ११ः अन्य वस्तु तथा सेवा खण्ड (आ) अन्य वस्तु तथा सेवाहरु अन्तर्गत बुँदा नं. ४ को सट्टा देहायको बुँदा नं. ४ राखिएको छः-

| |
|---|
| "(४) वित्तीय सेवा, जीवन बीमा सेवा, दुर्घटना बीमा, स्वास्थ्य बीमा, पुनर्बीमा सेवा, कृषि बाली बीमा, फलफूल बीमा, मौरी बीमा, पशु बीमा, पक्षी बीमा, मत्स्य बीमा, लघु बीमा, समाशोधन गृह (क्लियरिङ्ग हाउस) सेवा, मुद्रा हस्तान्तरण (मनि ट्रान्सफर), मुद्रा सटही (मनि एक्सचेञ्ज), स्वीफ्ट सेवा, हायर पर्चेज कारोबार, निक्षेप तथा कर्जा सुरक्षण सेवा, पुँजी बजार व्यवसाय, धितोपत्र व्यवसाय, मर्चेन्ट बैङ्किङ्ग व्यवसाय, कमोडिटी फ्यूचर मार्केट र धितोपत्र तथा कमोडिटी दलाल व्यवसाय।" |

(ढ) समूह ११ः अन्य वस्तु तथा सेवा खण्ड (आ) अन्य वस्तु तथा सेवाहरु अन्तर्गत बुँदा नं. ६ को सट्टा देहायको बुँदा नं. ६ राखिएको छः-

"(६) (क) वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सिफारिसमा पैठारी हुने सौर्य शक्तिबाट विद्युत उत्पादन गर्न प्रयोग हुने वस्तुहरु ।

(ख) सौर्य उर्जाबाट मात्र सञ्चालन हुने तथा सौर्य ताप उर्जा उत्पादनमा प्रयोग हुने निम्न उपशीर्षकमा पर्ने वस्तुहरुः

७४१०.२१.००, ७६०७.१९.००, ८४०३.१०.००, ८४०३.९०.००, ८४१२.८०.००, ८४१९.३४.००, ८५१६.६०.११, ८५१६.६०.१२ र ८५१६.६०.१९

(ग) उपशीर्षक ८५०७.६०.०० मा पर्ने लिथियम आयन ब्याट्री र उपशीर्षक ८५०७.९०.०० मा पर्ने ब्याट्री बक्स, ब्याट्री प्याक र सेपरेटर।

(ण) समूह ११ः अन्य वस्तु तथा सेवा खण्ड (आ) अन्य वस्तु तथा सेवाहरु अन्तर्गत बुँदा नं. ११ को सट्टा देहायको बुँदा नं. ११ राखिएको छः-

"(११) जल, सौर्य तथा वायुबाट विद्युत उत्पादन, वितरण र प्रसारण लाइन आयोजनाको लागि आवश्यक पर्ने निर्माण उपकरण, मेशिनरी औजार, उच्च भण्डारण क्षमताका ब्याट्री र सोसँग सम्बन्धित पार्टपुर्जा तथा त्यस्ता उपकरण निर्माण गर्न आवश्यक पर्ने कच्चा पदार्थ (स्टील सिट) लगानी बोर्डको स्वीकृतिमा सञ्चालन हुनेको हकमा सो बोर्डको, वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको स्वीकृतिमा सञ्चालन हुनेको हकमा सो केन्द्रको र अन्य आयोजनाको हकमा (नेपाल विद्युत प्राधिकरणबाट सञ्चालन हुने आयोजना समेत) विद्युत विकास विभागको सिफारिसमा सम्बन्धित आयोजना वा सोको ठेकेदार वा आयोजनाको प्रवर्द्धकले पैठारी गरी आयोजनालाई आपूर्ति गर्दा मूल्य अभिवृद्धि कर छुट दिइनेछ।"

(त) समूह ११ः अन्य वस्तु तथा सेवा खण्ड (आ) अन्य वस्तु तथा सेवाहरु अन्तर्गत बुँदा नं. १९ पछि देहायका बुँदा नं. २०, बुँदा नं. २१, बुँदा नं. २२, बुँदा नं. २३ र बुँदा नं. २४ थपिएका छन्ः-

"२०. औद्योगिक क्षेत्र वा औद्योगिक ग्राम निर्माण वा स्थापनाका लागि आवश्यक पर्ने उपकरण, मेशिनरी औजार, पाटपुर्जा तथा निर्माण सामाग्री लगानी बोर्डको सिफारिशमा त्यस्तो क्षेत्र वा ग्राम निर्माण वा स्थापना गर्ने व्यक्ति वा सो को ठेकेदारले पैठारी गर्दा मूल्य अभिवृद्धि कर छुट दिइनेछ।

तर यस बुँदा बमोजिम सिफारिश गर्दा औद्योगिक क्षेत्र वा औद्योगिक ग्राम निर्माण वा स्थापनाको विस्तृत इन्जिनियरिङ्ग डिजाइन प्रतिवेदनमा उल्लिखित परिमाण अनुसार सिफारिश गर्नु पर्नेछ ”

२१. विद्युतीय सवारी साधन चार्जिङ्ग मेशिन उत्पादन वा एसेम्बलिङ्ग गर्ने उद्योगले उद्योग विभागको सिफारिसमा पैठारी गर्दा मूल्य अभिवृद्धि कर छुट दिइनेछ।

२२. काठ तथा काठजन्य सामग्रीको सिजनिङ्ग गर्ने उद्योगलाई आवश्यक पर्ने मिल मेशिनरी उद्योग विभागको सिफारिशमा पैठारी गर्दा मूल्य अभिवृद्धि कर छुट दिइनेछ।

२३. फुटबल, क्रिकेट तथा बहुउद्देश्यीय रंगशालाको पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने मेशीन, यन्त्र तथा उपकरण युवा तथा खेलकुद मन्त्रालयको सिफारिसमा पैठारी गर्दा मूल्य अभिवृद्धि कर छुट दिइनेछ।”

२४. ग्रीन हाइड्रोजन उत्पादनको लागि आवश्यक पर्ने मेशिन, यन्त्र तथा उपकरण उर्जा तथा जलस्रोत मन्त्रालयको सिफारिसमा पैठारी गर्दा मूल्य अभिवृद्धि कर छुट दिइनेछ।”

(१०) अनुसूची-२ मा संशोधनः मूल ऐनको अनुसूची-२ को दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः-

"६. देहाय बमोजिमका व्यक्तिको लागि आवश्यक पर्ने मेशिनरी औजारहरु र तिनका पार्टपुर्जा, यन्त्र उपकरणहरू, निर्माण सामग्री, पेनस्टक पाईप वा सो बनाउन प्रयोग हुने फलामे पाता स्थानीय उद्योगबाट उत्पादन हुने भई सोही उद्योगबाट सम्बन्धित व्यक्ति वा सोको ठेकेदारलाई आपूर्ति गर्ने भएमा देहायका निकायको सिफारिसमा विभागले तोकेको प्रक्रिया बमोजिम त्यस्तो उद्योगलाई सो कारोबारमा शून्य दरको सुविधा प्रदान गरिनेछः-

(क) जल, सौर्य तथा वायुबाट सञ्चालित विद्युत आयोजनाका लागि लगानी बोर्ड नेपालको स्वीकृतिमा सञ्चालन हुनेको हकमा सो बोर्डको, वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको स्वीकृतिमा सञ्चालन हुनेको हकमा सो केन्द्रको र अन्य आयोजनाको हकमा विद्युत विकास विभागको सिफारिसमा।

(ख) प्राङ्गारिक तथा प्राकृतिक मल उत्पादन गर्ने उद्योगको हकमा उद्योग विभागको सिफारिसमा।

| | |
|---|---|
| (ग) | औद्योगिक क्षेत्र वा औद्योगिक ग्राम निर्माण वा स्थापना गर्नेको हकमा लगानी बोर्ड नेपालको सिफारिसमा।" |

३६. **<u>अन्तःशुल्क ऐन, २०५८ मा संशोधनः</u>** अन्तःशुल्क ऐन, २०५८ को,-

(१) दफा २ को खण्ड (ण१) को सट्टा देहायको खण्ड (ण१) राखिएको छः-

"(ण१) "मदिरा" भन्नाले अन्न, फलफूल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रासायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरिकाबाट तयार पारिएको शून्य दशमलब पाँच प्रतिशतभन्दा बढी अल्कोहल भएको पदार्थ सम्झनु पर्छ र सो शब्दले रक्सी, जाँड, छ्याङ, ह्विस्की, रम, जिन, ब्राण्डी, भोड्का, वियर, वाइन, सेरी, सेम्पेन, साइडर, पेरी, मिड, माल्टन, साके, सोजु, भरमाउथ, मदिरा मिश्रित तयारी पेय, औद्योगिक अल्कोहल, रेक्टिफाइड स्प्रिट, माल्ट स्प्रिट, साइलेन्ट स्प्रिट, डिनेचर्ड स्प्रिट, ई.एन.ए. र हेड्स् स्प्रिटलाई समेत जनाउँछ।"

(२) दफा ४ग. को उपदफा (२) को खण्ड (क) मा रहेका "स्थानीय निकाय" भन्ने शब्दहरूको सट्टा "स्थानीय तह" भन्ने शब्दहरू राखिएका छन्।

(३) दफा ९ को,-

(क) उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा "रहेका अन्तर्गतका वस्तुहरूको पैठारी, विक्री वा" भन्ने शब्दहरूको सट्टा "अन्तर्गत सुर्तीजन्य वस्तु बाहेकका वस्तुको निकासी, पैठारी, विक्री वा" भन्ने शब्दहरू राखिएका छन्।

(ख) उपदफा (५) मा रहेको "चाहने" शब्द

झिकिएको छ।

(ग) उपदफा (६) मा रहेका "त्यसपछि असार मसान्तसम्मको अवधिको लागि" भन्ने शब्दहरूको सट्टा "त्यसपछि सो आर्थिक वर्षको बाँकी अवधि र इजाजत पत्रको प्रत्येक अवधिको लागि" भन्ने शब्दहरू राखिएका छन्।

(घ) उपदफा (६क) को सट्टा देहायको उपदफा (६क) राखिएको छः-

"(६क) उपदफा (५) बमोजिमको अवधिभित्र नवीकरण नगराउने उत्पादन र पैठारी गर्ने इजाजतपत्रवालाले त्यस्तो अवधि नाघेको पहिलो तीन महिना भित्र नवीकरण दस्तुरको पचास प्रतिशत, त्यसपछिको दोश्रो तीन महिनाभित्र शतप्रतिशत र त्यसपछि सो आर्थिक वर्षको बाँकी अवधि र इजाजतपत्रको प्रत्येक अवधिको लागि दुईसय प्रतिशतका दरले जरिबाना बुझाउनु पर्नेछ।"

(ङ) उपदफा (६ख) झिकिएको छ।

(४) दफा १६ को,-

(क) उपदफा (२) को खण्ड (ग१) पछि देहायको खण्ड (ग२) थपिएको छः-

"(ग२) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली वा विभागले तोकेको शर्त विपरीत मदिरा तथा सुर्तीजन्य वस्तुको उत्पादन, बोतलिङ्ग, बट्टाबन्दी, प्याकिङ्ग तथा बिक्री वितरण गरेमा,"

(ख) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-

“(५) यो ऐन अन्तर्गतको कसूरसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रयोग हुन आएको भाँडावर्तन, वस्तु वा सेवा उत्पादन गर्न प्रयोग गरिएको ज्यावल, मेशिन, उपकरण र सवारी साधन समेत अन्तःशुल्क अधिकृतले जफत गर्नेछ।”

(५) दफा १९ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका “उपदफा (१), (२), (३) र (४)” भन्ने शब्दहरूको सट्टा “उपदफा (१), (२) र (५)” भन्ने शब्दहरू राखिएका छन्।

(६) दफा २५क. को ठाउँ ठाउँमा रहेको "निर्देशिका" शब्द पछि "र मापदण्ड" थपिएको छ।

(७) यो ऐनको ठाउँ ठाउँमा रहेका "दण्ड" भन्ने शब्दको सट्टा "सजाय" भन्ने शब्द राखिएको छ।

(८) मूल ऐनमा रहेको अनुसूचीको सट्टा देहायको अनुसूची राखिएको छः-

## अनुसूची

(दफा ३ सँग सम्बन्धित)

## अन्तःशुल्क दरबन्दी

| शीर्षक | उपशीर्षक | वस्तु वा सेवाको विवरण | अन्तःशुल्क दर अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा |
|---|---|---|---|
| ०२.०७ | | शीर्षक ०१.०५ का घरपालुवा चराहरू (पोल्ट्री) को ताजा (फ्रेस), चिस्याएको (चिल्ड) वा हिमीकृत (फ्रोजन) मासु र खान हुने अफल मासु। | |
| | | -कुखुरा जातका चराहरू (फाउल्स) को: | |
| | ०२०७.१२.०० | --टुक्रा नपारिएको (सिङ्गो), हिमीकृत | १५ |

| | | | |
|---|---|---|---|
| | ०२०७.१४.०० | **--टुक्राहरू र अफल मासु, हिमीकृत** | **१५** |
| | | **-टर्कीहरूकोः** | |
| | ०२०७.२५.०० | **--टुक्रा नपारिएको (सिङ्गो), हिमीकृत** | **१५** |
| | ०२०७.२७.०० | **--टुक्राहरू र अफल मासु, हिमीकृत** | **१५** |
| | | **-हाँस (डक) हरूकोः** | |
| | ०२०७.४२.०० | **--टुक्रा नपारिएको (सिङ्गो), हिमीकृत** | **१५** |
| | ०२०७.४५.०० | **--अन्य, हिमीकृत** | **१५** |
| | | **-हाँस (गीस) हरूकोः** | |
| | ०२०७.५२.०० | **--टुक्रा नपारिएको (सिङ्गो), हिमीकृत (फ्रोजन)** | **१५** |
| | ०२०७.५५.०० | **--अन्य, हिमीकृत** | **१५** |
| ०४.०२ | | गाढा पारिएको वा चिनी वा अन्य गुलियो पदार्थ हालिएको दूध र तर। | |
| | | -तौलमा दुग्धस्नेह (फ्याट) को मात्रा १.५ प्रतिशत भन्दा कम भएको धुलो, दाना वा अन्य ठोस रुपमाः | |
| | ०४०२.१०.१० | ---चिल्लो हटाइएको दूध (स्कीम्ड मिल्क) | ५ |
| | ०४०२.१०.९० | ---अन्य | ५ |
| | | -तौलमा दुग्धस्नेह (फ्याट) को मात्रा १.५ प्रतिशत भन्दा बढी भएको धुलो, दाना वा अन्य ठोस रुपमाः | |
| | ०४०२.२१.०० | --चिनी वा अन्य गुलियो पदार्थ नहालिएको | ५ |
| | | --अन्यः | |
| | ०४०२.२९.९० | ---अन्य | ५ |
| | | -अन्यः | |
| | ०४०२.९१.०० | --चिनी वा अन्य गुलियो पदार्थ नहालिएको | ५ |
| | ०४०२.९९.०० | --अन्य | ५ |
| ०८.०२ | | अन्य काष्ठफलहरु, ताजा वा सुकाएको, खबटा फुटाएको वा नफुटाएको, बोक्रा ताछेको वा नताछेको। | |
| | ०८०२.८०.०० | -सुपारी (अरिका नट) हरु | प्रति कि.ग्रा. रु.१००।- |
| ०८.०३ | | प्लान्टन जातका (तरकारीको रुपमा प्रयोग गरिने) केराहरु लगायत ताजा वा सुकाइएका केराहरु। | |

| | | | |
|---|---|---|---|
| | ०८०३.१०.०० | -प्लान्टन जातका (तरकारीको रुपमा प्रयोग गरिने) केराहरु | ५ |
| | ०८०३.९०.०० | -अन्य | ५ |
| ०८.०४ | | खजूर (छोहोरा), अञ्जिर, भुइँकटहर, एभोकेडो, अम्बा, आँप, म्याङ्गोष्टिन, ताजा वा सुकेको। | |
| | | -अञ्जिरः | |
| | ०८०४.२०.१० | ---ताजा | ५ |
| | ०८०४.२०.९० | ---अन्य | १० |
| | ०८०४.३०.०० | -भुइँकटहर | ५ |
| | ०८०४.४०.०० | -एभोकाडो | ५ |
| | | -अम्बा, आँप र म्याङ्गोष्टिन: | |
| | ०८०४.५०.१० | ---अम्बा | ५ |
| | ०८०४.५०.२० | ---आँप | ५ |
| | ०८०४.५०.३० | ---म्याङ्गोष्टिन | ५ |
| ०८.०९ | | खुर्पानी (एप्रिकोट), चेरी (पैयुँफल), आरु (नेक्टारिन आरुसमेत), आलुबखरा (प्लम) र चुत्रो (स्लो), ताजा। | |
| | ०८०९.१०.०० | -खुर्पानी (एप्रिकोट) | **१०** |
| ०८.१२ | | **अस्थायी रुपमा सुरक्षित गरिएको तर त्यही स्थितिमा तुरुन्त खाना उपयुक्त नहुने खालका फलफूल र काष्ठफलहरू।** | |
| | ०८१२.१०.०० | -पैयुँ (चेरिज) | १० |
| | ०८१२.९०.०० | -अन्य | **१०** |
| ०८.१३ | | **फलहरू, सुकेको, शीर्षक ०८.०१ देखि ०८.०६ सम्मका बाहेक; यस भागका काष्ठफलहरू वा सुकेका फलहरूको मिश्रण।** | |
| | ०८१३.१०.०० | -खुर्पानी (एप्रीकोट्स) | १० |
| | ०८१३.२०.०० | -सुकाएको आरु बखडा (प्रुन्स) | १० |
| | ०८१३.४०.०० | -अन्य फल | १० |
| | ०८१३.५०.०० | -यो भागको काष्ठफलहरु वा सुक्खा फलहरुको मिश्रण | १० |

| | | | |
|---|---|---|---|
| ०९.०४ | | **पाइपर जातको मरिच; क्याप्सिकम वा पिमेन्टा जातका सुकेका वा टुक्र्याइएका वा पिँधेका खुर्सानीहरू।** | |
| | | -मरिचः | |
| | | --नटुक्र्याइएको, नपिँधेकोः | |
| | ०९०४.११.१० | ---पिपला | १५ |
| | ०९०४.११.२० | ---सेतो मरिच | १५ |
| | ०९०४.११.३० | ---कालो मरिच | १५ |
| | ०९०४.११.४० | ---टिमुर (सिचुवान पिपर) | १५ |
| | ०९०४.११.९० | ---अन्य | १५ |
| | | --टुक्र्याइएको वा पिँधेकोः | |
| | ०९०४.१२.१० | ---मरिच | १५ |
| | ०९०४.१२.९० | ---अन्य | १५ |
| | | -क्याप्सिकम वा पिमेन्टा जातका खुर्सानीहरूः | |
| | ०९०४.२१.०० | --सुकेको, नटुक्र्याइएको, नपिँधेको | ५ |
| | ०९०४.२२.०० | -- टुक्र्याइएको वा पिँधेको | ५ |
| ०९.०६ | | दालचिनी र दालचिनीका रुखको फूलहरु। | |
| | | - नटुक्र्याइएको, नपिँधेकोः | |
| | ०९०६.११.०० | --दालचिनी (सिनामोमम जिलानिकम ब्लुम) | १० |
| | ०९०६.१९.०० | --अन्य | १० |
| | ०९०६.२०.०० | -टुक्र्याइएको वा पिँधेको | १० |
| ०९.१० | | अदुवा, केशर, हलेदो (बेसार), तेजपात, पुदिना, तरकारीको (करी) र अन्य मसलाहरु। | |
| | | -अदुवाः | |
| | | --नटुक्र्याइएको वा नपिँधेकोः | |
| | ०९१०.११.१० | ---ताजा | ५ |
| | ०९१०.११.९० | ---अन्य | ५ |
| | ०९१०.१२.०० | --टुक्र्याइएको वा पिँधेको | ५ |
| | ०९१०.२०.०० | -केशर | ५ |
| | | -बेसार (करक्युमा): | |
| | ०९१०.३०.१० | ---ताजा | ५ |
| | ०९१०.३०.२० | ---धुलो वा पिठो | ५ |
| | ०९१०.३०.९० | ---अन्य | ५ |

| | | | |
|---|---|---|---|
| ११.०६ | | **शीर्षक ०७.१३ का सुकेका कोसे वनस्पतिको, सागोको वा शीर्षक ०७.१४ का जरा वा गानाहरूको वा भाग ८ का उत्पादनहरूको मैदा, पीठो र धुलो।** | |
| | ११०६.१०.०० | -शीर्षक ०७.१३ को सुकेका कोसे वनस्पति को | २० |
| | ११०६.२०.०० | -सागोको वा शीर्षक ०७.१४ का जरा वा गानाहरूको | २० |
| | ११०६.३०.०० | -भाग ८ का उत्पादनहरुको | २० |
| **१२.०३** | १२०३.००.०० | **कोप्रा (मानिसले खान अनुपयुक्त सुकाएको नरिवलको गुदी)।** | १५ |
| १२.०७ | | **अन्य तेलयुक्त दानाहरू र तेल आउने फलहरू, फुटाएका वा नफुटाएका।** | |
| | | -अन्यः | |
| | १२०७.९१.०० | --अफिमको दाना | **१५** |
| | १२०७.९९.०० | --अन्य | **१५** |
| १४.०१ | | **मुख्यतया बुन्न वा बाट्न (चोया वा पोयाको रूपमा) प्रयोग गरिने वनस्पति पदार्थहरू (जस्तै बाँस, राटान (लहरे ताड), नर्कट, निंगालो, रश, ओसियर र राफिया, सफा गरेको, चहकिलो पारेको वा रङाएको खाद्यान्नको पराल र लाइमको बोक्रा)** | |
| | १४०१.१०.०० | -बाँस | १० |
| | १४०१.२०.०० | -राटान (लहरे ताड) | १० |
| | १४०१.९०.०० | -अन्य | १० |
| १४.०४ | | **अन्यत्र उल्लेख वा समावेश नभएका वनस्पति उत्पादनहरू।** | |
| | १४०४.२०.०० | -कपासको मसिनो भुवा (लिन्टर्स) | ५ |
| | | -अन्यः | |
| | १४०४.९०.१० | ---अर्धतयारी खयरकत्था (कत्था रस) | प्रति किलो रु.१७।- |
| | १४०४.९०.२० | ---खयर कत्था | प्रति किलो रु.१५५।- |
| | १४०४.९०.३० | ---बिंडी बेर्ने पातहरु | ५ |
| | १४०४.९०.४० | ---पानको पातहरु | १० |

| | | | |
|---|---|---|---|
| | १४०४.९०.५० | ---रुद्राक्षका दानाहरु | १० |
| | १४०४.९०.७० | ---रिट्ठा (सोपनट) | १० |
| | १४०४.९०.८० | ---अम्रिसो | १० |
| | | ---अन्यः | |
| | १४०४.९०.९९ | ---- अन्य | १० |
| १५.१७ | | **मार्गारिन (कृत्रिम नौनी); शीर्षक १५.१६ अन्तरगतका खान हुने बोसो, तेल र तिनका तैलांशबाहेक यस भागका जीवजन्तुजन्य वानस्पतिक वा सूक्ष्मजैविक (माइक्रोबियल) विभिन्न बोसो वा तेल वा तिनका तैलांशहरूको खान हुने मिश्रण वा तयारी वस्तुहरू ।** | |
| | १५१७.९०.०० | -अन्य | १० |
| १६.०१ | १६०१.००.०० | **मासु, अफल मासु, रगत वा किराहरूका ससेज र यस्तै प्रकारका उत्पादनहरू; यी उत्पादनहरूमा आधारित तयारी खाद्य परिकारहरू।** | **१५** |
| १६.०२ | | **अन्य तयार गरिएको वा सुरक्षित गरिएको मासु, अफल मासु, रगत र कीराहरू।** | |
| | | -शीर्षक ०१.०५ का घर पालुवा चराहरूकोः | |
| | १६०२.३१.०० | --टर्कीको | १५ |
| | १६०२.३२.०० | --कुखुरा जातका चरा (फाउल) हरूको | १५ |
| | १६०२.३९.०० | --अन्य | १५ |
| | | -सुँगुरकोः | |
| | १६०२.४१.०० | --फिला र फिलको टुक्रा | १५ |
| | १६०२.४९.०० | --अन्य, मिश्रणशहरु समेतको | १५ |
| १६.०३ | १६०३.००.०० | **मासु, माछा वा झिंगेमाछा जातका जीव, बाहिरी खबटा हुने जीव वा अन्य ढाडमा हाड नहुने जलचरहरूको सार र रस।** | १५ |
| १६.०४ | | तयारी वा सुरक्षित माछा; क्याभिएर र माछाको फुलबाट तयार गरेका क्याभिएरका प्रतिस्थापकहरु। | |
| | | -माछा, सिङ्गो वा टुक्राहरूमा, तर भुजुरी नपारेकोः | |

| | | | |
|---|---|---|---|
| | १६०४.११.०० | --सालमोन | १५ |
| | १६०४.१२.०० | --हिल्सा (हेरिङ्) हरू | १५ |
| | १६०४.१३.०० | --सार्डिनहरू, सार्डिनेला र ब्रिसलिङ वा स्प्राटहरू | १५ |
| | १६०४.१४.०० | --टुनाहरू, स्किपज्याक टुना र बनितो (सार्डा प्रजाति) | १५ |
| | १६०४.१५.०० | --म्याकारल | १५ |
| | १६०४.१६.०० | --एन्कोभिज | १५ |
| | १६०४.१७.०० | --बाम (ईल) हरु | १५ |
| | १६०४.१९.०० | --अन्य | १५ |
| | १६०४.२०.०० | -अन्य तयारी वा सुरक्षित माछा | १५ |
| | | -क्याभिएर र क्याभिएरका प्रतिस्थापकहरुः | |
| | १६०४.३२.०० | --क्याभिएरका प्रतिस्थापकहरु | १५ |
| १६.०५ | | **तयारी वा सुरक्षित झिंगेमाछा जातका जीव, बाहिरी खबटा हुने जीव र अन्य ढाडमा हाड नहुने जलचरहरू।** | |
| | १६०५.१०.०० | -गँगटो | १५ |
| | | -झिँगे माछा (स्रीम्प र प्राउन) हरुः | |
| | १६०५.२१.०० | --हावा नछिर्ने भाँडोमा नराखिएको | १५ |
| | १६०५.२९.०० | --अन्य | १५ |
| | १६०५.३०.०० | -लब्स्टर | १५ |
| | | -बाहिरी खबटा हुने जीवहरुः | |
| | १६०५.५२.०० | --घुँगी (स्कालोप) हरु, रानी घुँगी (क्वीन स्कालोप) हरु समेत | १५ |
| | १६०५.५३.०० | --मसलहरु | १५ |
| | १६०५.५४.०० | --कटल माछा र स्क्विड् | १५ |
| | १६०५.५५.०० | --अक्टोपस | १५ |
| | १६०५.५९.०० | --अन्य | १५ |
| | | -अन्य ढाडमा हाड नहुने जलचरहरुः | |
| | १६०५.६९.०० | --अन्य | १५ |
| १७.०१ | | **ठोस रूपमा भएको उखु वा चुकन्दरको चिनी र रासायनिक तवरबाट शुद्ध गरिएको सुक्रोज।** | |

| | | | |
|---|---|---|---|
| | | -रङ्गाउने वा सुवास (स्वाद) आउने पदार्थ नमिसाएको कच्चा चिनीः | |
| | | --यस भागको उपशीर्षक द्रष्टव्य २ मा उल्लेख गरिएको उखुको चिनीः | |
| | १७०१.१३.१० | ---सख्खर (गुँड र भेलीसमेत), गुँडगट्टा | प्रति क्वीन्टल. रु.१३८।– |
| | | --उखुको अन्य चिनीः | |
| | १७०१.१४.१० | ---सख्खर (गुँड र भेलीसमेत), गुँडगट्टा | प्रति क्वीन्टल. रु.१३८।– |
| **१७.०३** | | **चिनी बनाउँदा निस्कने खुदो (मोलासेज)।** | |
| | १७०३.१०.०० | -उखुको खुदो | प्रति क्वीन्टल. रु.११०।– |
| | १७०३.९०.०० | -अन्य | प्रति क्वीन्टल. रु.११०।– |
| **१७.०४** | | कोका नभएको चिनीको मिठाई (सेतो चक्लेट सहित)। | |
| | १७०४.१०.०० | -चिनीले छोपेको वा नछोपेको वा मीठो लेप लगाएको वा नलगाएको चुइंगम | १५ |
| | १७०४.९०.०० | -अन्य | १५ |
| **१८.०५** | १८०५.००.०० | कोकोको धुलो, चिनी वा गुलियो बनाउने पदार्थ नहालेको। | ५ |
| **१८.०६** | | चक्लेट र अरु कोको मिसिएका खाद्य परिकारहरु। | |
| | १८०६.१०.०० | -कोकोको धुलो, चिनी वा गुलियो पदार्थ हालेको | १५ |
| ८५.१८ | | **माइक्रोफोनहरू र तिनका स्टयान्डहरू; आवरण (इन्क्लोजर) मा जडान गरिएका वा नगरिएका लाउडस्पिकरहरू; माइक्रोफोनसँग संयुक्त भएका वा नभएका हेडफोन र इयरफोनहरू, र माइक्रोफोन तथा एक वा एकभन्दा बढी लाउडस्पिकरहरू भएका सेटहरू; अडियो फ्रिक्वेन्सी इलेक्ट्रिक एम्प्लिफायरहरू; इलेक्ट्रिक साउण्ड एम्प्लीफायरका सेटहरू।** | |
| | ८५१८.१०.०० | -माइक्रोफोन र तिनका स्टयान्डहरू | १५ |

| | | | |
|---|---|---|---|
| | | -आवरण लगाइएका वा नलगाइएका लाउडस्पिकरहरुः | |
| | ८५१८.२१.०० | --आवरण लगाइएका सिङ्गल लाउडस्पिकरहरू | १० |
| | ८५१८.२२.०० | --एउटै आवरणमा भएका मल्टिपल लाउडस्पिकरहरू | १० |
| | ८५१८.२९.०० | --अन्य | १५ |
| | ८५१८.३०.०० | -माइक्रोफोनसँग संयुक्त भएका वा नभएका हेडफोन र इयरफोनहरू, र माइक्रोफोन तथा एक वा एकभन्दा बढी लाउडस्पिकरहरू समावेश भएका सेटहरू | १० |
| | ८५१८.४०.०० | -अडियो फ्रिक्वेन्सी इलेक्ट्रिक एम्प्लिफायर | १० |
| | ८५१८.५०.०० | -इलेक्ट्रिक साउण्ड एम्प्लिफायरका सेटहरू | १० |
| ८५.२३ | | **डिस्कहरू, टेपहरू, सोलिड-स्टेट नन्-भोलाटायल (सुगठित-अवस्थाका विद्युत आपूर्ति नहुँदा पनि संचित डेटा नमेटिने) संचय उपकरणहरू), "स्मार्ट कार्डहरू" र ध्वनि वा अन्य प्रवृत्तिलाई अभिलेखन गर्ने अन्य माध्यम, रेकर्ड गरिएका वा नगरिएका, डिस्क उत्पादनका लागि प्रयोग हुने म्याट्रिसहरू र माष्टरहरू, तर भाग ३७ का उत्पादनहरू बाहेक।** | |
| | | -चुम्वकीय माध्यमहरू (मिडिया): | |
| | ८५२३.२१.०० | --चुम्बकीय पट्टि भएका कार्डहरू | ५ |
| | ८५२३.२९.०० | --अन्य | १० |
| | | -अप्टिकल माध्यमहरू (मिडिया) | |
| | ८५२३.४१.०० | --रेकर्ड नगरिएको | १० |
| | | --अन्यः | |
| | ८५२३.४९.१० | ---सफ्टवेयर भएका | १० |
| | ८५२३.४९.९० | ---अन्य | १० |
| | | -सेमिकन्डक्टर माध्यमहरू (मिडिया) | |
| | ८५२३.५१.०० | --सुगठित अवस्थाका विद्युत आपूर्ति नहुँदा पनि संचित डेटा नमेटिने (सोलिड-स्टेट नन्-भोलाटाइल) संचय उपकरणहरू | १० |

| | | | |
|---|---|---|---|
| | | --"स्मार्ट कार्डहरू:" | |
| | ८५२३.५२.१० | ---सिम कार्ड | १० |
| | ८५२३.५२.२० | ---मेमोरी कार्ड | १० |
| | ८५२३.५२.९० | ---अन्य | १० |
| | ८५२३.५९.०० | --अन्य | ५ |
| | ८५२३.८०.०० | -अन्य | ५ |
| ८५.२५ | | **संग्रहण उपकरण वा ध्वनि अभिलेखन वा पुनरुत्पादन गर्ने उपकरण समाविष्ट भएका वा नभएका, रेडियो-प्रसारण वा टेलिभिजनका लागि संप्रेषण (ट्रान्समिसन) उपकरणहरू; टेलिभिजन क्यामरा, डिजिटल क्यामरा र भिडियो क्यामरा-रिकर्डरहरू।** | |
| | ८५२५.६०.०० | -संग्रहण उपकरण समाविष्ट भएका ट्रान्समिसन उपकरणहरू | ५ |
| | | -टेलिभिजन क्यामरा, डिजिटल क्यामरा र भिडियो क्यामरा रेकर्डरहरू: | |
| | | --यस भागको उपशीर्षक द्रष्टव्य १ मा उल्लेख भएबमोजिमका उच्च गतिका वस्तुहरू: | |
| | ८५२५.८१.१० | ---टेलिभीजन क्यामराहरू | ५ |
| | ८५२५.८१.२० | ---डिजिटल क्यामराहरू | ५ |
| | ८५२५.८१.३० | ---भिडियो क्यामरा रेकर्डरहरू | ५ |
| | ८५२५.८१.४० | ---सि.सि.टि.भि क्यामराहरू | ५ |
| | | --अन्य, यस भागको उपशीर्षक द्रष्टव्य २ मा उल्लेख भए बमोजिमका विकिरणबाट बचाउने (रेडियसन-हार्डेन्ड) वा विकीरण सहिष्णु (रेडिएसन-टोलरेन्ट) वस्तुहरू: | |
| | ८५२५.८२.१० | ---टेलिभीजन क्यामराहरू | ५ |
| | ८५२५.८२.२० | ---डिजिटल क्यामराहरू | ५ |
| | ८५२५.८२.३० | ---भिडियो क्यामरा रेकर्डरहरू | ५ |
| | ८५२५.८२.४० | ---सि.सि.टि.भि क्यामराहरू | ५ |
| | | --अन्य, यस भागको उपशीर्षक द्रष्टव्य ३ मा उल्लेख भएबमोजिमका राति देखिने (नाइट भीजन) वस्तुहरू: | |
| | ८५२५.८३.१० | ---टेलिभीजन क्यामराहरू | ५ |

| | | | |
|---|---|---|---|
| | ८५२५.८३.२० | ---डिजिटल क्यामराहरू | ५ |
| | ८५२५.८३.३० | ---भिडियो क्यामरा रेकर्डरहरू | ५ |
| | ८५२५.८३.४० | ---सि.सि.टि.भि क्यामराहरू | ५ |
| | | --अन्य | |
| | ८५२५.८९.१० | ---टेलिभीजन क्यामराहरू | ५ |
| | ८५२५.८९.२० | ---डिजिटल क्यामराहरू | ५ |
| | ८५२५.८९.३० | ---भिडियो क्यामरा रेकर्डरहरू | ५ |
| | ८५२५.८९.४० | ---सि.सि.टि.भि क्यामराहरू | ५ |
| ८५.२८ | | **टेलिभिजन संग्रहण उपकरणहरू समावेश नभएका मनिटर र प्रोजेक्टरहरू; रेडियो प्रसारण रिसिभर वा ध्वनि वा भिडियो रेकर्ड गर्ने वा पुनरुत्पादन गर्ने उपकरणहरू समावेश भएका वा नभएका टेलिभिजन संग्रहण (रिसेप्सन) उपकरणहरू।** | |
| | | -प्रोजेक्टरहरु: | |
| | ८५२८.६२.०० | --शीर्षक ८४.७१ को स्वचालित डेटा प्रशोधन यन्त्रमा सोझै जोड्न सकिने किसिमका वा सो यन्त्रका साथमा प्रयोग गर्नका लागि डिजाइन गरिएका | १० |
| | | -रेडियो प्रसारण रिसिभर वा ध्वनि वा भिडियो रेकर्ड गर्ने वा पुनरुत्पादन गर्ने उपकरणहरू समावेश भएका वा नभएका टेलिभिजन संग्रहण (रिसेप्सन) उपकरणहरू: | |
| | | --अन्य रङ्गिन: | |
| | | ---अनएसेम्वल्ड अवस्थाको: | |
| | ८५२८.७२.११ | ----४८ इञ्च सम्मका | १० |
| | ८५२८.७२.१९ | ----अन्य | १० |
| | | ---अन्य: | |
| | ८५२८.७२.९१ | ----४८ इञ्च सम्मका | १० |
| | ८५२८.७२.९९ | ----अन्य | १० |
| ८५.२९ | | शीर्षक ८५.२४ देखि ८५.२८ सम्मका उपकरणहरुको लागि पूर्णतया वा मुख्यतया प्रयोगयोग्य पार्टपुर्जाहरु। | |
| | | -अन्य: | |
| | ८५२९.९०.१० | --टेलिभिजन रिसिभरका | १० |

| | | | |
|---|---|---|---|
| ८५.३१ | | **ध्वनि वा दृश्य सूचक विद्युतीय उपकरणहरू (उदाहरणका लागि, घण्टी, साइरन, इन्डिकेटर प्यानल, चोरको सूचना दिने घण्टी (वर्गलर एलार्म) वा आगलागीको सूचना दिने घण्टी (फायर अलार्म)), शीर्षक ८५.१२ वा ८५.३० का बाहेक।** | |
| | ८५३१.२०.०० | -लिक्विड क्रिष्टल डिभाइसहरू (एल.सी.डी.) वा लाइट-इमिटिङ डायोडहरू (एल.इ.डी.) समावेश गरिएका इण्डिकेटर प्यानलहरू | १० |
| | ८५३१.९०.०० | -पार्टपुर्जाहरु | १० |
| ८५.३२ | | **स्थिर, परिवर्तनीय वा समायोज्य विद्युतीय क्यापासिटरहरू (प्रि-सेट)।** | |
| | ८५३२.१०.०० | -५०/६० हर्ज सर्किटको प्रयोगको लागि तयार गरिएको र ०.५ के.भार भन्दा कम नभएको प्रतिक्रियात्मक शक्ति संचालन गर्ने क्षमतायुक्त स्थिर क्यापासिटर (पावर क्यापासिटर) हरू | १० |
| | | --अन्य स्थिर क्यापासिटरहरू: | |
| | ८५३२.२१.०० | --ट्यान्टालम | १० |
| | ८५३२.२२.०० | --आल्मुनियम इलेक्ट्रोलाइटिक | १० |
| | ८५३२.२३.०० | --सेरामिक डाईईलेक्ट्रिक, सिङ्गल लेयर | १० |
| | ८५३२.२४.०० | --सेरामिक डाईईलेक्ट्रिक, मल्टिलेयर | १० |
| | ८५३२.२५.०० | --कागज वा प्लाष्टिकको डाईईलेक्ट्रिक | १० |
| | ८५३२.२९.०० | --अन्य | १० |
| | ८५३२.३०.०० | -परिवर्तनीय वा समायोज्य (प्रि-सेट) क्यापासिटरहरू | १० |
| | ८५३२.९०.०० | -पार्टपुर्जाहरु | १० |
| ८५.३३ | | **विद्युतीय प्रतिरोधक (रेसिष्टर) हरू (रियोस्ट्याट् र पोटेन्सियोयोमिटरहरू समेत), ताप प्रतिरोधक (हिटिङ रेसिष्टर) हरू बाहेक।** | |
| | ८५३३.१०.०० | -स्थिर कार्बन प्रतिरोधकहरु, कम्पोजिसन वा फिल्म प्रकारका | १० |
| | | -अन्य स्थिर प्रतिरोधकहरु: | |

| | | | |
|---|---|---|---|
| | ८५३३.२१.०० | --२० वाट सम्मको शक्ति सञ्चालन क्षमताका लागि | १० |
| | ८५३३.२९.०० | --अन्य | १० |
| | | -तार बेरिएका परिवर्तनीय (भ्यारिएबल) प्रतिरोधकहरू, रियोस्टयाट र पोटेन्सियोयोमिटरहरूः | |
| | ८५३३.३१.०० | --२० वाट सम्मको शक्ति सञ्चालन क्षमताका लागि | १० |
| | ८५३३.३९.०० | --अन्य | १० |
| | ८५३३.४०.०० | -अन्य परिवर्तनीय (भ्यारिएबल) प्रतिरोधकहरू, रियोस्टयाट र पोटेन्सियोयोमिटरहरू समेत | १० |
| | ८५३३.९०.०० | -पार्टपुर्जाहरु | १० |
| ८५.३४ | ८५३४.००.०० | **मुद्रित परिपथ (प्रिन्टेड सर्किट) हरू।** | १० |
| ८५.३६ | | **१,००० भोल्ट ननाघ्ने भोल्टेजको लागि विद्युतीय सर्किटहरूलाई स्विच गर्न वा संरक्षण गर्नका लागि, वा विद्युतीय सर्किटहरूमा सम्पर्क बनाउनका लागि प्रयोग हुने विद्युतीय उपकरणहरू (जस्तै, स्वीच, रिले, फ्यूज, सर्ज सप्रेसर, प्लग, सकेट, ल्याम्प-होल्डर र अन्य कनेक्टरहरू, जक्सन बक्सहरू); अप्टिकल फाइबर, अप्टिकल फाइबरका बन्डल वा केबुलहरूका कनेक्टरहरू।** | |
| | ८५३६.५०.०० | -अन्य स्वीचहरु | १५ |
| | | -ल्याम्प होल्डर, प्लग र सकेटहरुः | |
| | ८५३६.६९.०० | --अन्य | १५ |
| | ८५३६.९०.०० | -अन्य उपकरणहरु | १५ |
| ८५.४० | | **थर्मियोनिक, कोल्ड क्याथोड वा फोटो-क्याथोड भल्भ र ट्युबहरू (जस्तै-भ्याकुम वा भेपोर वा ग्यााँस भरिएका भल्भ र ट्युबहरू, मर्करी आर्क रेक्टीफाइङ भल्भ र ट्युबहरू, क्याथोड-रे ट्युबहरू, टेलिभिजन क्यामराका ट्युबहरू)।** | |

| | | | |
|---|---|---|---|
| | | -क्याथोड-रे, टेलिभिजन पिक्चर ट्यूब, भिडियो मनिटर क्याथोड-रे ट्यूब समेतः | |
| | ८५४०.११.०० | --रङ्गीन | ५ |
| **८५.४३** | | **यो भागको अन्यत्र नपरेको निर्दिष्ट एकल कार्य (इनडिभिजुअल फङ्क्सन्स) मात्र सम्पादन गर्ने क्षमता भएका विद्युतीय औजार र उपकरणहरू।** | |
| | ८५४३.४०.०० | -इलेक्ट्रोनिक चुरोटहरू र यस्तै प्रकारका व्यक्तिगत विद्युतीय भाप निकाल्ने (भेपोराइजिङ) साधनहरू | ६० |
| | ८५४३.७०.०० | - अन्य यन्त्रहरु र उपकरणहरु | ५ |
| | | -पार्टपुर्जाहरुः | |
| | ८५४३.९०.१० | ---इलेक्ट्रोनिक चुरोटहरू (सिगरेट्स) र यस्तै प्रकारका व्यक्तिगत विद्युतीय वाष्पीकरण (भेपोराइजिङ) गर्ने साधनहरूका पार्टपुर्जा | ६० |
| | ८५४३.९०.९० | ---अन्य | ५ |
| ८५.४४ | | **इन्सुलेटेड (इनामेल्ड वा एनोडाइज्ड समेत), तार, केबुल (को-एक्सियल केबुल समेत) र अन्य इन्सुलेटेड विद्युतीय कन्डक्टरहरू, कनेक्टरसँग जोडिएका वा नजोडिएका; अलग अलग मोहोरिएका फाइबरहरूबाट बनेका अप्टिकल फाइबर केबुलहरू, विद्युतीय कण्डक्टरहरूसँग संयोजन गरिएका वा नगरिएका वा कनेक्टरहरू जडान गरिएका वा नगरिएका।** | |
| | | -१००० भोल्ट ननाघ्ने भोल्टेजका लागि अन्य विद्युतीय कण्डक्टरहरुः | |
| | ८५४४.४२.०० | --कनेक्टरसँग जोडिएका | १५ |
| | ८५४४.४९.०० | --अन्य | १५ |
| | ८५४४.७०.०० | -अप्टिकल फाइवर केबुलहरु | १५ |
| ८७.०२ | | ड्राइभर समेत १० वा सोभन्दा बढी यात्रुहरु बोक्ने मोटर गाडीहरु। | |

| | | | |
|---|---|---|---|
| | | -कम्प्रेसन-इग्निसन इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन (डिजेल वा अर्ध डिजेल) मात्र भएकाः | |
| | ८७०२.१०.१० | --बसहरु (२५ भन्दा बढी सिट भएको) | ५ |
| | ८७०२.१०.२० | --मिनिबसहरु (१५ देखि २५ सम्म सीट भएको) | ३५ |
| | ८७०२.१०.३० | --माइक्रो बसहरु (११ देखि १४ सम्म सीट भएको) | ५५ |
| | | ---अन्य मोटर गाडीहरूः | |
| | ८७०२.१०.४१ | ----अनएसेम्वल्ड अवस्थाका | ६० |
| | ८७०२.१०.४९ | ----अन्य | ६० |
| | | -कम्प्रेसन-इग्निसन इन्टरनल कम्बसन पिष्टोन इञ्जिन (डिजेल वा अर्द्ध डिजेल) र धक्का दिने विद्युतिय मोटर दुवै भएकोः | |
| | ८७०२.२०.१० | --बसहरु (२५ भन्दा बढी सीट भएको) | ५ |
| | ८७०२.२०.२० | --मिनिबसहरु (१५ देखि २५ सम्म सीट भएको) | ३५ |
| | ८७०२.२०.३० | --माइक्रो बसहरु (११ देखि १४ सम्म सीट भएको) | ४० |
| | | ---अन्य मोटर गाडीहरूः | |
| | ८७०२.२०.४१ | ----अनएसेम्वल्ड अवस्थाका | ४० |
| | ८७०२.२०.४९ | ----अन्य | ४० |
| | | -स्पार्क इग्निसन इन्टरनल कम्वसन प्रिष्टोन इञ्जिन र धक्का दिने विद्युतिय मोटर दुवै भएकोः | |
| | ८७०२.३०.१० | --बसहरु (२५ भन्दा बढी सीट भएको) | ५ |
| | ८७०२.३०.२० | --मिनिबसहरु (१५ देखि २५ सम्म सीट भएको) | ३५ |
| | ८७०२.३०.३० | ---माइक्रो बसहरु (११ देखि १४ सम्म सीट भएका) | ४० |
| | | ---अन्य मोटर गाडीहरूः | |
| | ८७०२.३०.४१ | ----अनएसेम्वल्ड अवस्थाका | ४० |
| | ८७०२.३०.४९ | ----अन्य | ४० |
| | | -अन्यः | |
| | ८७०२.९०.१० | ---बसहरु (२५ भन्दा बढी सीट भएको) | ५ |

| | | | |
|---|---|---|---|
| | ८७०२.९०.२० | ---मिनिबसहरु (१५ देखि २५ सम्म सीट भएको) | ३५ |
| | ८७०२.९०.३० | ---माइक्रो बसहरु (११ देखि १४ सम्म सीट भएको) | ५५ |
| | | ---अन्य मोटर गाडीहरूः | |
| | ८७०२.९०.४१ | ----अनएसेम्वल्ड अवस्थाका | ६० |
| | ८७०२.९०.४९ | ----अन्य | ६० |
| | | -धक्का दिने विद्युतीय मोटर मात्र भएकाः | |
| | | ---अन्य मोटर गाडीहरूः | |
| | ८७०२.४०.४१ | ----अनएसेम्बल्ड अवस्थाका | ५ |
| | ८७०२.४०.४९ | ----अन्य | ५ |
| ८७.०३ | | मूलतः मानिसको यातायातको लागि बनेका मोटर कारहरु र अन्य मोटर गाडीहरु (शीर्षक ८७.०२ बाहेकका), स्टेसन वागेन र रेसीङ कार समेत। | |
| | | -मूलतः हिउँमा यात्रा गर्नका लागि बनेका गाडीहरु गल्फ कार र यस्तै गाडीहरुः | |
| | ८७०३.१०.१० | ---मूलतः हिउँमा यात्रा गर्नका लागि बनेका गाडीहरु | ६० |
| | ८७०३.१०.९० | ---अन्य | ६० |
| | | -अन्य गाडीहरू, स्पार्क-इग्निसन इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन मात्र भएकाः | |
| | | --सिलिण्डर क्षमता १००० सी.सी. ननाघ्नेः | |
| | | ---तीनपाङ्ग्रे गाडीहरु (अटोरिक्सा): | |
| | ८७०३.२१.११ | ----अनएसेम्वल्ड अवस्थाका | ५५ |
| | ८७०३.२१.१९ | ----अन्य | ५५ |
| | | ---अन्यः | |
| | ८७०३.२१.९१ | ----अनएसेम्वल्ड अवस्थाका | ६० |
| | ८७०३.२१.९९ | ----अन्य | ६० |
| | | --सिलिण्डर क्षमता १,००० सी.सी. नाघ्ने तर १,५०० सी.सी. ननाघ्नेः | |
| | ८७०३.२२.१० | ---अनएसेम्वल्ड अवस्थाका | ६५ |
| | ८७०३.२२.९० | ---अन्य | ६५ |

| | | | |
|---|---|---|---|
| | | --सिलिण्डर क्षमता १,५०० सी.सी. नाघ्ने तर ३,००० सी.सी. ननाघ्नेः | |
| | | ---सिलिण्डर क्षमता १,५०० सी.सी. नाघ्ने तर २,००० सी.सी. ननाघ्नेः | |
| | ८७०३.२३.११ | ----अनएसेम्वल्ड अवस्थाका | ७५ |
| | ८७०३.२३.१९ | ----अन्य | ७५ |
| | | --सिलिण्डर क्षमता २,००० सी.सी. नाघ्ने तर २,५०० सी.सी. ननाघ्नेः | |
| | ८७०३.२३.२१ | ----अनएसेम्वल्ड अवस्थाका | ८५ |
| | ८७०३.२३.२९ | ----अन्य | ८५ |
| | | ---सिलिण्डर क्षमता २,५०० सी.सी. नाघ्ने तर ३,००० सी.सी. ननाघ्नेः | |
| | ८७०३.२३.३१ | ----अनएसेम्वल्ड अवस्थाका | ९५ |
| | ८७०३.२३.३९ | ----अन्य | ९५ |
| | | --सिलिण्डर क्षमता ३,००० सी.सी. नाघ्नेः | |
| | ८७०३.२४.१० | ---अनएसेम्वल्ड अवस्थाका | १०५ |
| | ८७०३.२४.९० | ---अन्य | १०५ |
| | | -अन्य गाडीहरू, कम्प्रेसन-इग्निसन इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन (डिजेल वा अर्ध डिजेल) मात्र भएकाः | |
| | | --सिलिण्डर क्षमता १,५०० सी.सी. ननाघ्नेः | |
| | ८७०३.३१.१० | ---अनएसेम्वल्ड अवस्थाका | ६० |
| | ८७०३.३१.९० | ---अन्य | ६० |
| | | --सिलिण्डर क्षमता १,५०० सी.सी. नाघ्ने तर २,५०० सी.सी. ननाघ्नेः | |
| | | ---सिलिण्डर क्षमता १,५०० सी.सी. नाघ्ने तर २,००० सी.सी. ननाघ्नेः | |
| | ८७०३.३२.११ | ----अनएसेम्वल्ड अवस्थाका | ७५ |
| | ८७०३.३२.१९ | ----अन्य | ७५ |
| | | ---सिलिण्डर क्षमता २,००० सी.सी. नाघ्ने तर २,५०० सी.सी. ननाघ्नेः | |
| | ८७०३.३२.२१ | ----अनएसेम्वल्ड अवस्थाका | ९० |
| | ८७०३.३२.२९ | ----अन्य | ९० |

| | | | |
|---|---|---|---|
| | | --सिलिण्डर क्षमता २,५०० सी.सी. नाघ्नेः | |
| | ८७०३.३३.१० | ---अनएसेम्वल्ड अवस्थाका | १०५ |
| | ८७०३.३३.९० | ---अन्य | १०५ |
| | | -अन्य गाडीहरू, स्पार्क-इग्निसन इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन र धक्का दिने विद्युतीय मोटर दुवै भएका, विद्युत शक्तिको वाह्य स्रोतमा प्लग जोडेर चार्ज हुन सक्ने किसिमका बाहेकः | |
| | ८७०३.४०.१० | ---अनएसेम्वल्ड अवस्थाका | ६० |
| | ८७०३.४०.९० | ---अन्य | ६० |
| | | -अन्य गाडीहरू, कम्प्रेसन-इग्निसन इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन (डिजेल वा अर्ध डिजेल) र धक्का दिने विद्युतीय मोटर दुवै भएका, विद्युत शक्तिको वाह्य स्रोतमा प्लग जोडेर चार्ज हुन सक्ने किसिमका बाहेकः | |
| | ८७०३.५०.१० | ---अनएसेम्वल्ड अवस्थाका | ६० |
| | ८७०३.५०.९० | ---अन्य | ६० |
| | | -अन्य गाडीहरू, स्पार्क-इग्निसन इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन र धक्का दिने विद्युतीय मोटर दुवै भएका, विद्युत शक्तिको वाह्य स्रोतमा प्लग जोडेर चार्ज हुन सक्ने किसिमकाः | |
| | ८७०३.६०.१० | ---अनएसेम्वल्ड अवस्थाका | ६० |
| | ८७०३.६०.९० | ---अन्य | ६० |
| | | -अन्य गाडीहरू, कम्प्रेसन-इग्निसन इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन (डिजेल वा अर्ध डिजेल) र धक्का दिने विद्युतीय मोटर दुवै भएका, विद्युत शक्तिको वाह्य स्रोतमा प्लग जोडेर चार्ज हुन सक्ने किसिमकाः | |
| | ८७०३.७०.१० | ---अनएसेम्वल्ड अवस्थाका | ६० |
| | ८७०३.७०.९० | ---अन्य | ६० |
| | | -अन्य गाडीहरू, धक्का दिने विद्युतीय मोटर मात्र भएकाः | |
| | | ---अन्य, मोटरको पिकपावर ५० किलोवाट ननाघ्नेः | |

| | | | |
|---|---|---|---|
| | ८७०३.८०.२१ | ----अनएसेम्बल्ड अवस्थाका | ५ |
| | ८७०३.८०.२९ | ----अन्य | ५ |
| | | ---अन्य, मोटरको पिकपावर ५० किलोवाट नाघ्ने तर १०० किलोवाट ननाघ्नेः | |
| | ८७०३.८०.५१ | ----अनएसेम्बल्ड अवस्थाका | १५ |
| | ८७०३.८०.५९ | ----अन्य | १५ |
| | | ---अन्य, मोटरको पिकपावर १०० किलोवाट नाघ्ने तर २०० किलोवाट ननाघ्नेः | |
| | ८७०३.८०.६१ | ----अनएसेम्बल अवस्थाको | २० |
| | ८७०३.८०.६९ | ----अन्य | २० |
| | | ---अन्य, मोटरको पिकपावर २०० किलोवाट नाघ्ने तर ३०० किलोवाट ननाघ्नेः | |
| | ८७०३.८०.७१ | ----अनएसेम्बल्ड अवस्थाका | ३५ |
| | ८७०३.८०.७९ | ----अन्य | ३५ |
| | | ---अन्य, मोटरको पिकपावर ३०० किलोवाट नाघ्नेः | |
| | ८७०३.८०.८१ | ----अनएसेम्बल्ड अवस्थाका | ५० |
| | ८७०३.८०.८९ | ----अन्य | ५० |
| | | ---अन्यः | |
| | ८७०३.८०.९१ | ----अनएसेम्बल्ड अवस्थाका | ६० |
| | ८७०३.८०.९९ | ----अन्य | ६० |
| | | -अन्यः | |
| | ८७०३.९०.१० | ---अनएसेम्वल्ड अवस्थाको | ६० |
| | ८७०३.९०.९० | ---अन्य | ६० |
| ८७.०४ | | **सामान ढुवानी गर्ने अन्य मोटर गाडीहरू।** | |
| | ८७०४.१०.०० | -राजमार्गभन्दा बाहिरको प्रयोगका लागि अभिकल्पित डम्परहरू | ५ |
| | | -अन्य, कम्प्रेसन-इग्निसन इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन (डिजेल वा अर्ध डिजेल) मात्र भएका: | |
| | | --गाडीको कुल तौल ५ टन ननाघ्नेः | |

| | | | |
|---|---|---|---|
| | ८७०४.२१.१० | ---मूलतः सामानको ओसारपसार गर्ने र ड्राइभरसहित २ जनाभन्दा बढी मानिस बोक्ने सुविधा भएका डबल क्याब पिकअप गाडी | ६० |
| | ८७०४.२१.२० | ---मूलतः सामानको ओसारपसार र गर्ने ड्राइभरसहित २ जना मात्र मानिस बोक्ने सुविधा भएका सिंगल क्याब पिकअप गाडी | ५० |
| | ८७०४.२१.३० | ---डेलिभरी भ्यान | ३० |
| | ८७०४.२१.४० | ---तीनपाङ्ग्रे गाडी | ५ |
| | ८७०४.२१.५० | ---प्रशितक प्रणाली (रेफ्रिजरेटिङ्ग सिष्टम) जडान गरिएका भ्यानहरु | ५ |
| | ८७०४.२१.६० | ---कम्प्याक्टर (कम्प्रेसिङ्ग डिभाइस) सहितका फोहर (गार्वेज) सङ्कलन तथा ढुवानी गर्ने गाडीहरू | ५ |
| | ८७०४.२१.९० | ---अन्य | ५ |
| | | --गाडीको कुल तौल ५ टन नाघ्ने तर २० टन ननाघ्नेः | |
| | ८७०४.२२.१० | ---मूलतः सामानको ओसारपसार गर्ने र ड्राइभरसहित २ जनाभन्दा बढी मानिस बोक्ने सुविधा भएका डबल क्याब पिकअप गाडी | ६० |
| | ८७०४.२२.२० | ---दूध ढुवानीका लागि विशेष किसिमले तयार गरिएका ट्याङ्करहरू | ५ |
| | ८७०४.२२.३० | ---कन्टेनर जोडिएका ट्रकहरू | ५ |
| | ८७०४.२२.४० | ---तरल पेट्रोलियम ग्याँस ढुवानीका लागि विशेष किसिमले तयार गरिएको बुलेट ट्याङ्कर ट्रकहरू | ५ |
| | ८७०४.२२.५० | ---कम्प्याक्टर (कम्प्रेसिङ्ग डिभाइस) सहितका फोहर (गार्वेज) सङ्कलन तथा ढुवानी गर्ने गाडीहरू | ५ |
| | ८७०४.२२.६० | ---सिमेन्ट बल्कर | ५ |
| | ८७०४.२२.७० | ---प्रशितक प्रणाली (रेफ्रिजिरेटिङ्ग सिष्टम) जडान गरिएका भ्यानहरू | ५ |
| | ८७०४.२२.९० | ---अन्य | ५ |
| | | --गाडीको कुल तौल २० टन नाघ्नेः | |

| | | | |
|---|---|---|---|
| | ८७०४.२३.१० | ---प्रशितक प्रणाली (रेफ्रिजिरेटिङ्ग सिष्टम) जडान गरिएका भ्यानहरू | ५ |
| | ८७०४.२३.२० | ---दूध ढुवानीका लागि विशेष किसिमले तयार गरिएको टयाङ्करहरू | ५ |
| | ८७०४.२३.३० | ---कम्प्याक्टर (कम्प्रेसिङ्ग डिभाइस) सहितका फोहर (गार्वेज) सङ्कलन तथा ढुवानी गर्ने गाडीहरू | ५ |
| | ८७०४.२३.४० | ---कन्टेनर जोडिएका ट्रकहरू | ५ |
| | ८७०४.२३.५० | ---सिमेन्ट बल्कर | ५ |
| | ८७०४.२३.६० | ---तरल पेट्रोलियम ग्याँस ढुवानीका लागि विशेष किसिमले तयार गरिएको बुलेट टयाङ्कर ट्रकहरू | ५ |
| | ८७०४.२३.९० | ---अन्य | ५ |
| | | -अन्य, स्पार्क-इग्निसन इन्टर्नल कम्बष्टन पिष्टोन इञ्जिन मात्र भएकाः | |
| | | --गाडीको कुल तौल ५ टन ननाघ्नेः | |
| | ८७०४.३१.१० | ---मूलतः सामानको ओसारपसार गर्ने र ड्राइभरसहित २ जनाभन्दा बढी मानिस बोक्ने सुविधा भएका डबल क्याब पिकअप गाडी | ६० |
| | ८७०४.३१.२० | ---मूलतः सामानको ओसारपसार र गर्ने ड्राइभरसहित २ जना मात्र मानिस बोक्ने सुविधा भएका सिंगल क्याब पिकअप गाडी | ५० |
| | ८७०४.३१.३० | ---डेलिभरी भ्यान | ३० |
| | ८७०४.३१.४० | ---तीनपाङ्ग्रे गाडी | ३० |
| | ८७०४.३१.५० | ---प्रशितक प्रणाली (रेफ्रिजिरेटिङ्ग सिस्टम) जडान गरिएका भ्यानहरू | ५ |
| | ८७०४.३१.६० | ---कम्प्याक्टर (कम्प्रेसिङ्ग डिभाइस) सहितका फोहर (गार्वेज) सङ्कलन तथा ढुवानी गर्ने गाडीहरू | ५ |
| | ८७०४.३१.९० | ---अन्य | ३० |
| | | --गाडीको कुल तौल ५ टन नाघ्नेः | |

| | | | |
|---|---|---|---|
| | ८७०४.३२.१० | ---मूलतः सामानको ओसारपसार गर्ने र ड्राइभरसहित २ जनाभन्दा बढी मानिस बोक्ने सुविधा भएका डबल क्याब पिकअप गाडी | ६० |
| | ८७०४.३२.२० | ---दूध ढुवानीका लागि विशेष किसिमले तयार गरिएको ट्याङ्करहरू | ५ |
| | ८७०४.३२.३० | ---कन्टेनर जोडिएका ट्रकहरू | ५ |
| | ८७०४.३२.४० | ---तरल पेट्रोलियम ग्याँस ढुवानीका लागि विशेष किसिमले तयार गरिएको बुलेट ट्याङ्कर ट्रकहरू | ५ |
| | ८७०४.३२.५० | ---कम्प्याक्टर (कम्प्रेसिङ्ग डिभाइस) सहितका फोहर (गार्वेज) सङ्कलन तथा ढुवानी गर्ने गाडीहरू | ५ |
| | ८७०४.३२.६० | ---सिमेन्ट बल्कर | ५ |
| | ८७०४.३२.७० | ---प्रशितक प्रणाली (रेफ्रिजिरेटिङ्ग सिस्टम) जडान गरिएका भ्यानहरू | ५ |
| | ८७०४.३२.९० | ---अन्य | ५ |
| | | -अन्य, कम्प्रेसन-इग्निसन इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन (डिजेल वा अर्ध डिजेल) र धक्का दिने विद्युतीय मोटर दुवै भएका: | |
| | | --गाडीको कुल तौल ५ टन ननाघ्ने: | |
| | ८७०४.४१.१० | ---मूलतः सामानको ओसारपसार गर्ने र ड्राइभरसहित २ जनाभन्दा बढी मानिस बोक्ने सुविधा भएका डबल क्याब पिकअप गाडी | ६० |
| | ८७०४.४१.२० | ---मूलतः सामानको ओसारपसार र गर्ने ड्राइभरसहित २ जना मात्र मानिस बोक्ने सुविधा भएका सिंगल क्याब पिकअप गाडी | ५० |
| | ८७०४.४१.३० | ---डेलिभरी भ्यान | ३० |
| | ८७०४.४१.४० | ---तीनपाङ्ग्रे गाडी | ३० |
| | ८७०४.४१.५० | ---प्रशितक प्रणाली (रेफ्रिजिरेटिङ्ग सिस्टम) जडान गरिएका भ्यानहरू | ५ |

| | | | |
|---|---|---|---|
| | ८७०४.४१.६० | ---कम्प्याक्टर (कम्प्रेसिङ्ग डिभाइस) सहितका फोहर (गार्वेज) सङ्कलन तथा ढुवानी गर्ने गाडीहरू | ५ |
| | ८७०४.४१.९० | ---अन्य | ३० |
| | | --गाडीको कुल तौल ५ टन नाघ्ने तर २० टन ननाघ्नेः | |
| | ८७०४.४२.१० | ---मूलतः सामानको ओसारपसार गर्ने र ड्राइभरसहित २ जनाभन्दा बढी मानिस बोक्ने सुविधा भएका डबल क्याब पिकअप गाडी | ६० |
| | ८७०४.४२.२० | ---दूध ढुवानीका लागि विशेष किसिमले तयार गरिएको ट्याङ्करहरू | ५ |
| | ८७०४.४२.३० | ---कन्टेनर जोडिएका ट्रकहरू | ५ |
| | ८७०४.४२.४० | ---तरल पेट्रोलियम ग्याँस ढुवानीका लागि विशेष किसिमले तयार गरिएको बुलेट ट्याङ्कर ट्रकहरू | ५ |
| | ८७०४.४२.५० | ---कम्प्याक्टर (कम्प्रेसिङ्ग डिभाइस) सहितका फोहर (गार्वेज) सङ्कलन तथा ढुवानी गर्ने गाडीहरू | ५ |
| | ८७०४.४२.६० | ---सिमेन्ट बल्कर | ५ |
| | ८७०४.४२.७० | ---प्रशितक प्रणाली (रेफ्रिजिरेटिङ्ग सिष्टम) जडान गरिएका भ्यानहरू | ५ |
| | ८७०४.४२.९० | ---अन्य | ५ |
| | | --गाडीको कुल तौल २० टन नाघ्नेः | |
| | ८७०४.४३.१० | ---प्रशितक प्रणाली (रेफ्रिजिरेटिङ्ग सिष्टम) जडान गरिएका भ्यानहरू | ५ |
| | ८७०४.४३.२० | ---दूध ढुवानीका लागि विशेष किसिमले तयार गरिएको ट्याङ्करहरू | ५ |
| | ८७०४.४३.३० | ---कम्प्याक्टर (कम्प्रेसिङ्ग डिभाइस) सहितका फोहर (गार्वेज) सङ्कलन तथा ढुवानी गर्ने गाडीहरू | ५ |
| | ८७०४.४३.४० | ---कन्टेनर जोडिएका ट्रकहरू | ५ |
| | ८७०४.४३.५० | ---सिमेन्ट बल्कर | ५ |

| | | | |
|---|---|---|---|
| | ८७०४.४३.६० | ---तरल पेट्रोलियम ग्यास ढुवानीका लागि विशेष किसिमले तयार गरिएको बुलेट ट्याङ्कर ट्रकहरू | ५ |
| | ८७०४.४३.९० | ---अन्य | ५ |
| | | -अन्य, स्पार्क-इग्निसन इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन र धक्का दिने विद्युतीय मोटर दुवै भएकाः | |
| | | --गाडीको कुल तौल (जी.भी. डब्ल्यू) ५ टन ननाघ्नेः | |
| | ८७०४.५१.१० | ---मूलतः सामानको ओसारपसार गर्ने र ड्राइभरसहित २ जनाभन्दा बढी मानिस बोक्ने सुविधा भएका डबल क्याब पिकअप गाडी | ६० |
| | ८७०४.५१.२० | ---मूलतः सामानको ओसारपसार र गर्ने ड्राइभरसहित २ जना मात्र मानिस बोक्ने सुविधा भएका सिंगल क्याब पिकअप गाडी | ५० |
| | ८७०४.५१.३० | ---डेलिभरी भ्यान | ३० |
| | ८७०४.५१.४० | ---तीनपाङ्ग्रे गाडी | ३० |
| | ८७०४.५१.५० | ---प्रशितक प्रणाली (रेफ्रिजिरेटिङ्ग सिस्टम) जडान गरिएका भ्यानहरू | ५ |
| | ८७०४.५१.६० | ---कम्प्याक्टर (कम्प्रेसिङ्ग डिभाइस) सहितका फोहर (गार्वेज) सङ्कलन तथा ढुवानी गर्ने गाडीहरू | ५ |
| | ८७०४.५१.९० | ---अन्य | ५ |
| | | --गाडीको कुल तौल (जी.भी. डब्ल्यू) ५ टन नाघ्नेः | |
| | ८७०४.५२.१० | ---मूलतः सामानको ओसारपसार गर्ने र ड्राइभरसहित २ जनाभन्दा बढी मानिस बोक्ने सुविधा भएका डबल क्याब पिकअप गाडी | ६० |
| | ८७०४.५२.२० | ---दूध ढुवानीका लागि विशेष किसिमले तयार गरिएको ट्याङ्करहरू | ५ |
| | ८७०४.५२.३० | ---कन्टेनर जोडिएका ट्रकहरू | ५ |

| | | | |
|---|---|---|---|
| | ८७०४.५२.४० | ---तरल पेट्रोलियम ग्याँस ढुवानीका लागि विशेष किसिमले तयार गरिएको बुलेट ट्याङ्कर ट्रकहरू | ५ |
| | ८७०४.५२.५० | ---कम्प्याक्टर (कम्प्रेसिङ्ग डिभाइस) सहितका फोहर (गार्वेज) सङ्कलन तथा ढुवानी गर्ने गाडीहरू | ५ |
| | ८७०४.५२.६० | ---सिमेन्ट बल्कर | ५ |
| | ८७०४.५२.७० | ---प्रशितक प्रणाली (रेफ्रिजिरेटिङ्ग सिष्टम) जडान गरिएका भ्यानहरू | ५ |
| | ८७०४.५२.९० | ---अन्य | ५ |
| | | -अन्य, धक्का दिने विद्युतीय मोटर मात्र भएकाः | |
| | | ---मूलतः सामानको ओसारपसार गर्ने पिकअप गाडीहरूः | |
| | ८७०४.६०.३१ | ----मूलतः सामानको ओसारपसार गर्ने र ड्राइभर सहित २ जना मात्र मानिस बोक्ने सुविधा भएका सिङ्गल क्याब पिकअप गाडी | ५ |
| | ८७०४.६०.३२ | ----मूलतः सामानको ओसारपसार गर्ने र ड्राइभर सहित २ जना भन्दा बढी मानिस बोक्ने सुविधा भएका डबल क्याब पिकअप गाडी | १० |
| | | ---मूलतः सामानको ओसारपसार गर्ने ढुवानीका साधनहरूः | |
| | ८७०४.६०.४१ | ----लरी, ट्रक, टिपर, डम्पर र यस्तै अन्य ढुवानीका साधनहरू | ५ |
| | ८७०४.६०.४२ | ----कन्टेनर जोडिएका ट्रकहरू | ५ |
| | ८७०४.६०.४९ | ----अन्य | ५ |
| | ८७०४.६०.५० | ---कम्प्याक्टर (कम्प्रेसिङ्ग डिभाइस) सहितका फोहोर (गार्बेज) सङ्कलन तथा ढुवानी गर्ने गाडीहरू | ५ |
| | | ---ट्याङ्करहरूः | |
| | ८७०४.६०.६१ | ----दूध ढुवानीका लागि विशेष किसिमले तयार गरिएका ट्याङ्करहरू | ५ |

| | | | |
|---|---|---|---|
| | ८७०४.६०.६२ | ----तरल पेट्रोलियम ग्याँस ढुवानीका लागि विशेष किसिमले तयार गरिएको बुलेट ट्याङ्कर-ट्रकहरू | ५ |
| | ८७०४.६०.६९ | ----अन्य | ५ |
| | ८७०४.६०.७० | ---डेलिभरी भ्यान | ५ |
| | ८७०४.६०.९० | ---अन्य | ५ |
| | ८७०४.९०.०० | -अन्य | ५ |
| ८७.०६ | | **शीर्षक ८७.०१ देखि ८७.०५ सम्मका मोटर गाडीहरूका लागि इञ्जिन जडान गरिएका च्यासिस।** | |
| | ८७०६.००.२० | -मिनिबसहरु (१५ देखि २५ सम्म सिट भएको) का | ३५ |
| | ८७०६.००.३० | -माइक्रोबसहरु (११ देखि १४ सम्म सिट भएको) का | ५५ |
| | ८७०६.००.४० | -जीप कार र भ्यानहरुका | ६० |
| | ८७०६.००.५० | -तिन पाङ्ग्रे गाडीहरु(अटोरिक्सा) का | ५५ |
| | | ---पिकअप गाडीहरुका: | |
| | ८७०६.००.६१ | ----डबल क्याबको | ६० |
| | ८७०६.००.६२ | ----सिङ्गल क्याबको | ५० |
| | ८७०६.००.६३ | ----डेलिभरी भ्यानको | ३० |
| | ८७०६.००.७० | -राजमार्ग बाहिरको प्रयोगका लागि निर्मित डम्परहरुका | ५ |
| | ८७०६.००.८० | -बस, ट्रकहरुका | ५ |
| | ८७०६.००.९० | -अन्य | ५ |
| ८७.०७ | | शीर्षक ८७.०१ देखि ८७.०५ सम्मको मोटर गाडीका मुख्य भाग बडी (क्याब समेत)। | |
| | ८७०७.१०.०० | -शीर्षक ८७.०३ का गाडीका लागि | ५ |
| | ८७०७.९०.०० | -अन्य | ५ |
| ८७.११ | | **मोटरसाइकलहरू (मोपेड समेत) र साइड-कार भएका वा नभएका, सहायक मोटर जडान गरिएका साइकलहरू; साइड-कारहरू।** | |
| | ८७११.१०.०० | -सिलिण्डर क्षमता ५० सी.सी. ननाघ्ने इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन भएको | ४० |

| | | | |
|---|---|---|---|
| | | -सिलिण्डर क्षमता ५० सी.सी. नाघ्ने तर २५० सी.सी. ननाघ्ने इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन भएको: | |
| | | --अनएसेम्वल्ड अवस्थाका: | |
| | ८७११.२०.११ | ----५० सी.सी. नाघ्ने तर १२५ सी.सी. ननाघ्ने | ४० |
| | ८७११.२०.१२ | ----१२५ सी.सी. नाघ्ने तर २०० सी.सी. ननाघ्ने | ४० |
| | ८७११.२०.१९ | ----२०० सी.सी. नाघ्ने तर २५० सी.सी. ननाघ्ने | ६० |
| | | ---अन्य: | |
| | ८७११.२०.९१ | ----५० सी.सी. नाघ्ने तर १२५ सी.सी. ननाघ्ने | ४० |
| | ८७११.२०.९२ | ----१२५ सी.सी. नाघ्ने तर २०० सी.सी. ननाघ्ने | ५० |
| | ८७११.२०.९९ | ----२०० सी.सी. नाघ्ने तर २५० सी.सी. ननाघ्ने | ६० |
| | | -सिलिण्डर क्षमता २५० सी.सी. नाघ्ने तर ५०० सी.सी. ननाघ्ने इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन भएका: | |
| | | ---सिलिण्डर क्षमता २५० सी.सी. नाघ्ने तर ४०० सी.सी. ननाघ्ने इन्टरनल कम्बसन पिष्टोन इञ्जिन भएका: | |
| | ८७११.३०.११ | ----अनएसेम्वल्ड अवस्थाका | ६० |
| | ८७११.३०.१९ | ----अन्य | ६० |
| | | ---सिलिण्डर क्षमता ४०० सी.सी. नाघ्ने तर ५०० सी.सी. ननाघ्ने इन्टरनल कम्बसन पिष्टोन इञ्जिन भएका: | |
| | ८७११.३०.९१ | ----अनएसेम्वल्ड अवस्थाका | ६० |
| | ८७११.३०.९९ | ----अन्य | ८० |
| | ८७११.४०.०० | -सिलिण्डर क्षमता ५०० सी.सी. नाघ्ने तर ८०० सी.सी. ननाघ्ने इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन भएको | १०० |
| | ८७११.५०.०० | -सिलिण्डर क्षमता ८०० सी.सी. नाघ्ने इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन भएको | १०० |

| | | | |
|---|---|---|---|
| | ८७११.९०.०० | -अन्य | ४० |
| ९०.१० | | **यस भागमा अन्यत्र उल्लेख वा समावेश नभएका, तस्विर सम्बन्धी (चलचित्र सम्बन्धी समेत) प्रयोगशालामा प्रयोग हुने उपकरण र औजारहरू; नेगेटिभ छवि हेर्ने साधन (नेगेटोस्कोप) हरू; प्रोजेक्सन स्क्रीनहरू।** | |
| | ९०१०.९०.०० | -पार्टपुर्जा र सहायक सामानहरु | १० |
| ९०.११ | | **कम्पाउण्ड अप्टिकल माइक्रोस्कोपहरू, फोटोमाइक्रोग्राफी, सिनेफोटोमाइक्रोग्राफी वा माइक्रोप्रोजेक्सनका लागि प्रयोग हुने खालका समेत।** | |
| | ९०११.१०.०० | -स्टेरियोस्कोपिक (त्रिआयामिक छवि हेर्न मिल्ने) माइक्रोस्कोपहरू | ५ |
| | ९०११.२०.०० | -फोटोमाइक्रोग्राफी, सिनेफोटोमाइक्रोग्राफी वा माइक्रो प्रोजेक्सनका लागि अन्य माइक्रोस्कोपहरू | ५ |
| | ९०११.९०.०० | -पार्टपुर्जाहरु र सहायक सामानहरु | ५ |
| ९०.१२ | | **अप्टिकल माइक्रोस्कोप बाहेकका माइक्रोस्कोपहरू; डिफ्रयाक्सन उपकरणहरू।** | |
| | ९०१२.१०.०० | -अप्टिकल माइक्रोस्कोप बाहेकका माइक्रोस्कोपहरू; डिफ्रयाक्सन (विवर्तन) उपकरणहरू | ५ |
| | ९०१२.९०.०० | -पार्टपुर्जाहरु र सहायक सामग्रीहरु | ५ |
| ९०.१७ | | **रेखाङ्कन गर्ने, चिनो लगाउने, वा गणितीय हिसाब गर्ने औजारहरू (उदाहरणका लागि, ड्राफ्टिङ मेशिन, प्यान्टोग्राफ, प्रोट्र्याक्टर, ड्रइङ सेट, स्लाइड रुल, डिस्क क्याल्कुलेटर); यस भागमा अन्यत्र उल्लेख वा समावेश नगरिएका, हातले समातेर प्रयोग गरिने लम्बाई नाप्ने औजारहरू (उदाहरणका लागि, नाप्ने डण्डी र फित्ता वा माइक्रोमिटर, क्यालिपर)।** | |
| | ९०१७.२०.०० | -अन्य रेखाङ्कन गर्ने, चिनो लगाउने र गणितीय हिसाब गर्ने औजारहरू | ५ |

| | | | |
|---|---|---|---|
| | ९०१७.९०.०० | -पार्टपुर्जाहरु र सहायक सामग्रीहरु | ५ |
| ९०.२६ | | **तरलपदार्थ वा ग्याँसको प्रवाह, तह, दवाव वा अन्य चर (भेरियवल) हरू नाप्ने वा परीक्षण गर्ने औजार र उपकरणहरू (उदाहरणका लागि, फ्लो मिटर, लेभल गेज, म्यानोमिटर, हिट मिटर), शीर्षक ९०.१४, ९०.१५, ९०.२८ वा ९०.३२ का औजार र उपकरणहरू बाहेक।** | |
| | ९०२६.१०.०० | -तरलपदार्थको प्रवाह वा लेभल मापन वा जाँच गर्नका लागि | ५ |
| | ९०२६.२०.०० | -दवाव मापन वा जाँच गर्नको लागि | ५ |
| | | -अन्य औजारहरु र उपकरणहरुः | |
| | ९०२६.८०.९० | ---अन्य | ५ |
| | ९०२६.९०.०० | -पार्टपुर्जाहरु र सहायक सामग्रीहरु | ५ |
| ९०.३० | | **ओसीलोस्कोप, स्पेक्ट्रम एनालाइजर र शीर्षक ९०.२८ का मिटरहरू बाहेकका विद्युतको मात्रा नाप्ने वा जाँच गर्ने अन्य औजार र उपकरणहरू; अल्फा, बिटा, गामा, एक्स-रे, कस्मिक वा अन्य आयोनाइजिङ विकीरण नाप्ने वा पत्ता लगाउने औजार र उपकरणहरू।** | |
| | ९०३०.४०.०० | -विशेषतः दूरसंचारको लागि डिजाइन गरिएका औजार र उपकरणहरू (उदाहरणका लागि, क्रस-टक मिटर, गेन मिजरिङ उपकरण, डिस्टोर्सन फ्याक्टर मिटर, सोफोमिटर) | ५ |
| | ९०३०.९०.०० | -पार्टपुर्जाहरु र सहायक सामग्रीहरु | ५ |
| ९४.०१ | | **सिट (आसन) हरू (शीर्षक ९४.०२ का बाहेक), बिछ्यौनाको रूपमा परिवर्तन गर्न सकिने वा नसकिने, र तिनका पार्टपुर्जाहरू।** | |
| | ९४०१.२०.०० | -मोटरगाडीहरुमा प्रयोग हुने आसनहरु | १० |
| | | -उचाइ समायोजन गर्न सकिने घुम्ने आसनहरूः | |
| | ९४०१.३१.०० | --काठका | १० |

| | | | |
|---|---|---|---|
| | ९४०१.३९.०० | --अन्य | १० |
| | | -बगैंचाको आसन वा क्याम्पिङ उपकरण बाहेकका बिछ्यौनाको रुपमा परिवर्तन हुने आसनहरू: | |
| | ९४०१.४१.०० | --काठका | १० |
| | ९४०१.४९.०० | --अन्य | १० |
| | | -वेत, ओजियर, बाँस वा यस्तै पदार्थका आसनहरु: | |
| | ९४०१.५२.०० | --बाँसको | १० |
| | ९४०१.५३.०० | --लहरेताड (र्‍याटन) को | १० |
| | ९४०१.५९.०० | --अन्य | १० |
| | | -काठको फ्रेम भएको आसन: | |
| | ९४०१.६१.०० | --गद्दादार आवरणयुक्त (अपहोलस्टर्ड) | १० |
| | ९४०१.६९.०० | --अन्य | १० |
| | | -धातुको फ्रेमसहितको अन्य आसनहरु: | |
| | ९४०१.७१.०० | --गद्दादार आवरणयुक्त (अपहोलस्टर्ड) | १० |
| | ९४०१.७९.०० | --अन्य | १० |
| | | -अन्य आसनहरु: | |
| | ९४०१.८०.९० | ---अन्य | १० |
| ९४.०३ | | अन्य फर्निचर र तिनका पार्टपुर्जाहरु। | |
| | ९४०३.१०.०० | -कार्यालयमा प्रयोग हुने धातुका फर्निचर | १० |
| | | -अन्य धातुका फर्निचर: | |
| | ९४०३.२०.९० | ---अन्य | १० |
| | ९४०३.३०.०० | -कार्यालयमा प्रयोग हुने खालका काठका फर्निचर | १० |
| | ९४०३.४०.०० | -भान्छामा प्रयोग हुने खालका काठका फर्निचर | १० |
| | ९४०३.५०.०० | -सुत्ने कोठामा प्रयोग हुने खालका काठका फर्निचर | १० |
| | ९४०३.६०.०० | -अन्य काठका फर्निचर | १० |
| | | -प्लाष्टिकका फर्निचर: | |
| | ९४०३.७०.२० | ---वेवी वाकर | १० |
| | ९४०३.७०.९० | ---अन्य | १० |

| | | | |
|---|---|---|---|
| | | -अन्य पदार्थका फर्निचर, बेत, ओसियर, बाँस वा यस्तै पदार्थहरुको समेतः | |
| | ९४०३.८२.०० | --बाँसको | १० |
| | ९४०३.८३.०० | --लहरेताड (र्‍याटन) को | १० |
| | ९४०३.८९.०० | --अन्य | १० |
| ९४.०४ | | **खाट वा पलङ्हरू; ओछ्यानका सामानहरू र यस्तै फर्निसिङ्ग (सजावट) का सामानहरू (उदाहरणका लागि, डसना (मेट्रेस), सिरक, भुवा कोचेको दोलाइ, चक्ला, गद्दादार स्टुल र तकियाहरू), स्प्रिङ्ग जडान गरिएका वा पुष्ट पारिएका वा भित्रपट्टि कुनै पदार्थ वा कोषीय रबर वा प्लाष्टिक हालेका,, खोल हालिएका वा नहालिएका।** | |
| | | -डसना (मेट्रेस) हरुः | |
| | ९४०४.२१.०० | --खोल भएका वा नभएका, कोषीय रबर वा प्लाष्टिकका | १० |
| | ९४०४.२९.०० | --अन्य पदार्थहरूका | १० |
| | ९४०४.९०.०० | -अन्य | १० |
| ९४.०६ | | **पूर्वविरचित भवनहरू।** | |
| | | -काठकोः | |
| | ९४०६.१०.९० | ---अन्य | १० |
| | | -अन्यः | |
| | ९४०६.२०.०० | -इस्पातका, मोड्यूलर बिल्डिङ् युनिटहरू | १० |
| | ९४०६.९०.९० | ---अन्य | १० |
| ९५.०३ | ९५०३.००.०० | **ट्राइसाइकल, स्कुटर, पेडल कार र यस्तै पाङ्ग्रा भएका खेलौनाहरू; पुतलीको वाहन; पुतली; अन्य खेलौना; आकार घटाइएका ("स्केल") नमूना र यस्तै मनोरञ्जनात्मक नमूनाहरू, चल्ने वा नचल्ने; सवै प्रकारका चातुर्य परीक्षण गर्ने खेलौना (पजल) हरू।** | १० |

| | | | |
|---|---|---|---|
| ९५.०४ | | **भिडियो गेमका कन्सोल र यन्त्रहरू, टेबल वा पार्लर गेमहरू, पिन्टेबलहरू, बिलियार्डहरू, क्यासिनो खेलहरू र स्वचालित बलिङ उपकरणहरूका लागि विशेष टेबुलहरू समेत, सिक्का, बैङ्कनोट, बैङ्क कार्ड, टोकन वा भुक्तानीका अन्य कुनै माध्यमद्वारा संचालित मनोरञ्जनका यन्त्रहरू।** | |
| | ९५०४.२०.०० | -सबै प्रकारका विलियार्ड खेलका सामानहरु र सहायक सामानहरु | १० |
| | ९५०४.३०.०० | -सिक्का, बैङ्कनोट, बैङ्क कार्ड, टोकन वा भुक्तानीका अन्य कुनै माध्यमद्वारा संचालित अन्य खेल (गेम) हरू, स्वचालित बाउलिङ् एली उपकरण बाहेक | १० |
| | ९५०४.४०.०० | -खेल्ने तासहरु | १० |
| | ९५०४.५०.०० | -उपशीर्षक ९५०४.३० का बाहेकका भिडियो गेमका कन्सोल र यन्त्रहरु | १० |
| | ९५०४.९०.०० | -अन्य | १० |
| ९५.०५ | | **आनन्दोत्सवका वा अन्य मनोरञ्जनका सामानहरू, चटक, नवीनतम हास्य (नोभल्टी जोक) समेत।** | |
| | | -क्रिसमस उत्सवका सामानहरुः | |
| | ९५०५.१०.१० | ---जमोठ (फेल्ट) को | १० |
| | ९५०५.१०.९० | ---अन्य | १० |
| | ९५०५.९०.०० | -अन्य | १० |
| ९५.०८ | | **घुम्ती सर्कस र घुम्ती सर्कसका जनावरहरू (म्यानेजरी); मनोरञ्जन उद्यानका सवारीहरू र जल उद्यानका मनोरञ्जनका साधनहरू; मेला क्षेत्र (फेयरग्राउण्ड) का मनोरञ्जनका साधनहरू, शूटिंग ग्यालरीहरू समेत; घुम्ती रङ्गमञ्चहरू।** | |
| | ९५०८.१०.०० | -घुम्ती सर्कस, घुम्ती सर्कसका जनावरहरू (म्यानेजरी) | १० |
| | | -मनोरञ्जन उद्यानका सवारीहरू तथा जल उद्यानका मनोरञ्जनका साधनहरूः | |

| | | | |
|---|---|---|---|
| | ९५०८.२१.०० | --रोलर कोस्टरहरू | १० |
| | ९५०८.२२.०० | --क्यारोसेलहरू, पिङहरू र राउन्डएबाउटहरू | १० |
| | ९५०८.२३.०० | --डजिम कारहरू | १० |
| | ९५०८.२४.०० | --मोसन सिम्युलेटरहरू र मूभिङ थियटरहरू | १० |
| | ९५०८.२५.०० | --जल सवारीहरू | १० |
| | ९५०८.२६.०० | --जल उद्यानका मनोरञ्जनका साधनहरू | १० |
| | ९५०८.२९.०० | --अन्य | १० |
| | ९५०८.३०.०० | -मेलास्थलका मनोरञ्जनका साधनहरू | १० |
| | ९५०८.४०.०० | -घुम्ती रङ्गमञ्च (ट्राभलिङ थियटर) हरू | १० |
| ९६.१४ | ९६१४.००.०० | **धूमपान गर्ने पाइपहरू (पाइप बाउलहरू समेत) र सिगार वा चुरोट होल्डरहरू र तिनका पार्टपुर्जाहरू।** | १५ |
| ९६.१६ | | **अत्तरका पचका (सेन्ट स्प्रे) हरू र यस्तै सफाइका पचका (ट्वाइलेट स्प्रे) हरू र तिनका जडान (माउण्ट) र हेडहरू; श्रृङ्गारिक वा सफाइका सामग्री प्रयोग गर्ने पाउडर-पफ र प्याडहरू।** | |
| | ९६१६.१०.०० | -अत्तरका पचकाहरू र यस्तै सफाइका पचका (ट्वाइलेट स्प्रे) हरू र तिनका जडान (माउण्ट) र हेडहरू | १० |
| | ९६१६.२०.०० | -श्रृङ्गारिक वा सफाइका सामग्री प्रयोग गर्ने पाउडर-पफ र प्याडहरू | १० |
| ९६.१७ | | **तयारी भ्याकुम फ्ल्यास्क र अन्य भ्याकुम पात्र (भ्याकुम भेसल) हरू; भित्री काँच बाहेकका तिनका पार्टपुर्जाहरू।** | |
| | ९६१७.००.१० | ---तयारी भ्याक्युम फ्लाक्स | ५ |
| | ९६१७.००.२० | ---भ्याकुम भएका अन्य तयारी भाँडाहरू (भ्याकुम भेसेल्स) | ५ |

| | | | |
|---|---|---|---|
| ९६.१८ | ९६१८.००.०० | सूचीकारका मानवीय ढाँचा (डमी) र अन्य मानव आकृति (ले फिगर) हरू; पसलका झ्यालहरू सजाउनका लागि प्रयोग गरिने मानव वा जीवजन्तुका चलायमान नमुनायुक्त उपकरणहरू (अटोमाटा) र अन्य सजीव-सदृश प्रदर्शन (एनिमेटेड डिस्प्ले) हरू। | १५ |

<u>द्रष्टव्यः-</u>

(१) मदिराको अन्तःशुल्क गणना गर्दा प्रति एल.पि. लिटर वा प्रति लिटरमध्ये जुन बढी हुन्छ सोही दरमा गणना गरी असुल गरिनेछ।

(२) कुनै पनि मदिराको कक्टेल गरेमा उपशीर्षक २२०६.००.४० बमोजिमको दरबन्दी लाग्नेछ।

(३) एम्बुलेन्स, शव वाहन, अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाइएका १५५ सीसी सम्मका स्कुटर र ब्याट्रीबाट चल्ने टेम्पोको चेसिसमा अन्तःशुल्क लाग्ने छैन। अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने स्कुटर पैठारी गर्दा लाग्ने अन्तःशुल्क नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसमा सम्वन्धित भन्सार कार्यालयमा छुट हुनेछ साथै स्थानीय खरिद गर्दा तिरेको अन्तःशुल्क त्यस्तो स्कुटर यातायात व्यवस्था कार्यालयमा निजको नाममा दर्ता भएपछि नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसमा विभागबाट फिर्ता गरिनेछ।

(४) घरेलु प्रविधिबाट उत्पादन गरिने सिन्के चाउचाउ (Ready to eat नभएको) मा अन्तःशुल्क लाग्ने छैन।

(५) यात्रुले ल्याउन र लैजान पाउने निजी प्रयोगका मालवस्तु सम्बन्धी सूचना बमोजिम प्राप्त सुविधा अन्तर्गत भन्सार महसुल छुटमा पैठारी गरिएको व्यक्तिगत प्रयोजनका वस्तुहरूमा अन्तःशुल्क लाग्ने छैन।

(६) चालीस वा सोभन्दा बढी सीट क्षमताका कम्तीमा पाँच वटा बस

सार्वजनिक यातायातमा सञ्चालन गर्ने गरी दर्ता भएका सहकारी संस्था वा सङ्घ तथा कम्पनीले उल्लिखित प्रयोजनको लागि पैठारी गर्ने उक्त क्षमताका तयारी बस एवं तिनका चेसिसमा अन्तःशुल्क छुट हुनेछ। त्यसरी पैठारी गरेका सवारी साधनहरू पैठारी गरेको मितिले दश वर्ष नपुगी बिक्री वितरण, नामसारी वा कुनै किसिमले हक हस्तान्तरण गर्न पाइने छैन। दश वर्ष नपुगी नामसारी, बिक्री वितरण वा कुनै किसिमले हक हस्तान्तरण गर्नु परेमा प्रचलित कानून बमोजिम लाग्ने पूरै अन्तःशुल्क लाग्नेछ।

(७) नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सिफारिसमा सामुदायिक शिक्षण संस्थाले विद्यार्थी ओसारपसार गर्ने प्रयोजनको लागि ३० सीट वा सोभन्दा बढी क्षमताको दुई थान बस आयात गर्दा लाग्ने अन्तःशुल्क छुट हुनेछ। यसरी सुविधामा आयात गरिएको सवारी साधन दश वर्ष नपुगी बिक्री वितरण, नामसारी वा कुनै किसिमले हक हस्तान्तरण गर्न पाइने छैन। दश वर्ष नपुगी बिक्री वितरण, नामसारी वा कुनै किसिमले हक हस्तान्तरण गर्नु परेमा प्रचलित कानून बमोजिम पूरै अन्तःशुल्क लाग्नेछ।

(८) औद्योगिक व्यवसाय ऐन, २०७६ को अनुसूची-१० मा उल्लेख भएका अति अविकसित क्षेत्रमा स्थापित स्थानीय फलफूलमा आधारित उद्योगबाट उत्पादित ब्राण्डी, वाइन र साइडरको उत्पादनमा यस अन्तःशुल्क दरबन्दी अनुसार लाग्ने अन्तःशुल्कमा असी प्रतिशत छुट हुनेछ।

(९) स्वदेशमा उत्पादन हुने शीर्षक २२.०४, २२.०५ मा पर्ने वाइन र अङ्गुर बाहेकका अन्य फलफूल (किसमिस लगायतका सुख्खा फल, ग्रेप जुस कन्सेन्ट्रेट,वा फ्रुट जुस कन्सेन्ट्रेट बाहेक) बाट उत्पादन हुने उपशीर्षक २२०६.००.९० मा पर्ने वाइनमा लाग्ने अन्तःशुल्कमा पैतिस प्रतिशत छुट हुनेछ।

(१०) एसेम्बल गरी सवारी साधन उत्पादन गर्ने उद्योगले अनएसेम्बल्ड अवस्थाका शीर्षक ८७.०२, ८७.०३ र ८७.११ मा पर्ने सवारी साधन पैठारी गर्दा लाग्ने अन्तःशुल्क र त्यस्ता उद्योगले उत्पादन गरेको तयारी

साधन बिक्री गर्दा लाग्ने अन्तःशुल्कमा पचास प्रतिशत छुट हुनेछ।

(११) शीर्षक ०२.०७, ०४.०२, ०८.०३, ०८.०४, ०८.०६, ०८.०९, ०८.१२, ०८.१३, ०९.०४, ०९.०६, ०९.१०, ११.०६, १२.०७, १४.०१, १४.०४, १६.०१, १६.०२, १६.०३, १६.०४, १६.०५, २०.०१, २०.०२, २०.०३, २०.०४, २०.०६, २०.०७, २०.०८, २१.०५, २४.०१, २५.१५, २५.१६, ३९.१७, ३९.१८, ४४.०१, ४४.०२, ४४.०३, ४४.०४, ४४.०५, ४४.०६, ४४.०७, ४४.०९, ४४.१०, ४४.११ ४४.१२, ४४.१३, ४४.१४, ४४.१८, ४४.१९, ४४.२०, ४४.२१, ४८.०३, ४८.१४, ६८.०२, ६८.०८, ६८.०९, ६८.१०, ६८.११, ६८.१३, ६९.०७, ७०.१०, ७२.०९, ७२.१०, ७२.११, ७२.१६, ७२.२३, ७२.२५, ७२.२९, ७३.०७, ७३.०८, ७३.०९, ७३.१२, ७३.१३, ७३.१४, ७३.१५, ७३.१७, ७६.०४, ७६.१०, ८४.१९, ८५.२५, ९४.०१, ९४.०३, ९४.०४ र ९४.०६ तथा उपशीर्षक ०८०२.८०.००, १५१७.९०.००, १७०१.१३.१०, १७०१.१४.१०, १७०४.१०.००, १७०४.९०.००, १९०४.१०.१०, १९०४.१०.९१, १९०४.१०.९९, १९०४.२०.००, १९०४.३०.००, १९०४.९०.९०, १९०५.१०.००, १९०५.२०.००, १९०५.३१.००, १९०५.३२.००, १९०५.४०.००, १९०५.९०.१०, १९०५.९०.३०, १९०५.९०.५०, १९०५.९०.६०, १९०५.९०.७०, २००५.१०.००, २००५.२०.९०, २००५.४०.००, २००५.५१.००, २००५.५९.००, २००५.६०.००, २००५.७०.००, २००५.८०.००, २००५.९१.००, २००५.९९.००, २१०१.११.००, २१०१.१२.००, २१०१.२०.००, २१०१.३०.००, २१०६.९०.१०, २२०२.९९.३०, ३३०७.४१.००, ३५०६.१०.००, ३५०६.९१.००, ३५०६.९९.००, ३८२४.४०.००, ३८२४.५०.००, ३९२१.९०.११, ३९२१.९०.९२, ३९२३.१०.२०, ३९२४.१०.१०,

४८१८.१०.००, ४८१८.२०.००, ४८१८.३०.००, ४८१८.५०.००, ४८१८.९०.००, ४८२३.६१.००, ४८२३.६९.००, ४८२३.७०.००, ६४०४.११.१०, ६४०५.२०.१०, ७३११.००.२०, ७३११.००.९०, ७३२०.१०.९०, ८५०७.१०.००, ८५०७.२०.००, ८५०७.३०.००, ८५०७.५०.००, ८५०७.६०.००, ८५०७.८०.१०, ८५०७.८०.९०, ८५४४.७०.००, मा पर्ने वस्तुको आन्तरिक उत्पादनमा अन्तःशुल्क लाग्ने छैन।

(१२) शीर्षक २१.०६ को उपशीर्षक २१०६.९०.२०, २१०६.९०.६० र भन्सार शीर्षक २४.०३ को उपशीर्षक २४०३.९९.१०, २४०३.९९.२०, २४०३.९९.३० र भन्सार शीर्षक २४.०४ को उपशीर्षक २४०४.११.००, २४०४.१२.०० र २४०४.१९.०० का वस्तुमा कुल तौल प्रति किलोग्राममा अन्तःशुल्क लाग्नेछ।

(१३) शीर्षक १८.०६, ३३.०३, ३३.०४, ३३.०५, ३३.०६ र उपशीर्षक ३३०७.१०.००, ३३०७.२०.००, ३३०७.३०.००, ३३०७.४९.००, ३३०७.९०.००, ८५२३.५२, ८५३६.५०.०० अन्तर्गतका सबै उपशीर्षकका स्वदेशी उत्पादनमा पाँच प्रतिशत लाग्नेछ।

(१४) मदिरा, वियर र चुरोटको उत्पादक, पैठारीकर्ता वा सोको बिक्रेताले त्यस्तो वस्तुको बिक्री गर्ने खुद्रा मूल्य आर्थिक वर्षको सुरुमा र मूल्य परिवर्तन भएको अवस्थामा परिवर्तन हुनासाथ सार्वजनिक सूचना प्रकाशन गरी जानकारी गराउनु पर्नेछ।

(१५) अन्तःशुल्क दरबन्दी प्रयोजनको लागि निर्धारित आठ अङ्कको भन्सार उपशीर्षकलाई तथ्याङ्क प्रयोजनको लागि महानिर्देशकले अङ्क थप गर्न सक्नेछ।

(१६) अन्तःशुल्क लाग्न सक्ने वस्तुको व्याख्या तथा हार्मोनाइज्ड कोड तोक्ने काम आवश्यकता अनुसार भन्सार विभागसँग परामर्श लिई विभागले गर्न सक्नेछ।

(१७) सेनेटरी प्याड उत्पादन गर्ने उद्योगले उपशीर्षक ३९२०.४९.९० को

कच्चा पदार्थ पि.ई.फिल्म स्यानिटरी प्याड र ३९२१.१९.९० को कच्चा पदार्थ पर्फोरेटेड पि.ई. फिल्म पैठारी गर्दा अन्तःशुल्क लाग्ने छैन।

(१८) शीर्षक ७२.१३, ७२.१४ र ७२.१५ अन्तर्गतका स्वदेशी उत्पादनमा लाग्ने अन्तःशुल्कमा साठी प्रतिशत र शीर्षक ७२.१७ अन्तर्गतका स्वदेशी उत्पादनमा लाग्ने अन्तःशुल्कमा पचास प्रतिशत छुट हुनेछ।

(१९) जल, सौर्य तथा वायुबाट विद्युत उत्पादन, वितरण र प्रसारण लाइन आयोजनाको लागि आवश्यक पर्ने निर्माण उपकरण, मेशिनरी औजार, उच्च भण्डारण क्षमताका ब्याट्री र सोसँग सम्बन्धित पार्टपुर्जा तथा त्यस्ता उपकरण निर्माण गर्न आवश्यक पर्ने कच्चा पदार्थ (स्टील सिट) लगानी बोर्डको स्वीकृतिमा सञ्चालन हुनेको हकमा सो बोर्डको, वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको स्वीकृतिमा सञ्चालन हुनेको हकमा सो केन्द्रको र अन्य आयोजनाको हकमा (नेपाल विद्युत प्राधिकरणबाट सञ्चालन हुने आयोजना समेत) विद्युत विकास विभागको सिफारिसमा सम्बन्धित आयोजना वा सोको ठेकेदार वा आयोजनाको प्रवर्द्धकले पैठारी गरी आयोजनालाई आपूर्ति गर्दा अन्तःशुल्क छुट दिइनेछ।"

अर्थ मन्त्रालय

(२०) औद्योगिक क्षेत्र वा औद्योगिक ग्राम निर्माण वा स्थापनाका लागि आवश्यक पर्ने उपकरण, मेशिनरी औजार, पाटपुर्जा तथा निर्माण सामाग्री लगानी बोर्डको सिफारिशमा त्यस्तो क्षेत्र वा ग्राम निर्माण वा स्थापना गर्ने व्यक्ति वा सो को ठेकेदारले पैठारी गर्दा अन्तःशुल्क छूट दिइनेछ।

तर यस बुँदा बमोजिम सिफारिश गर्दा औद्योगिक क्षेत्र वा औद्योगिक ग्राम निर्माण वा स्थापनाको विस्तृत इन्जिनियरिङ्ग डिजाइन प्रतिवेदनमा उल्लिखित परिमाण अनुसार सिफारिश गर्नु पर्नेछ ।"

(२१) विद्युतिय सवारी साधन चार्जिङ्ग मेशिन उत्पादन वा एसेम्बलिङ्ग गर्ने उद्योगले उद्योग विभागको सिफारिसमा पैठारी गर्दा अन्तःशुल्क छूट दिइनेछ।"

(२२) काठ तथा काठजन्य सामग्रीको सिजनिङ्ग गर्ने उद्योगलाई आवश्यक पर्ने

मिल मेशिनरी उद्योग विभागको सिफारिशमा पैठारी गर्दा अन्तःशुल्क छूट दिइनेछ।"

(२३) फुटबल, क्रिकेट तथा बहुउद्देश्यीय रंगशालाको पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने मेशीन, यन्त्र तथा उपकरण युवा तथा खेलकुद मन्त्रालयको सिफारिसमा पैठारी गर्दा अन्तःशुल्क छूट दिइनेछ।"

(२४) ग्रिन हाइड्रोजन उत्पादनको लागि आवश्यक पर्ने मेशीन, यन्त्र तथा उपकरण उर्जा तथा जलस्रोत मन्त्रालयको सिफारिसमा पैठारी गर्दा अन्तःशुल्क छूट दिइनेछ।"

**३७. <u>आयकर ऐन, २०५८ मा संशोधनः</u>** आयकर ऐन, २०५८ को,-

(१) दफा २ को,-

(क) खण्ड (भ) को उपखण्ड (२) मा रहेका "गाउँपालिका, नगरपालिका वा" भन्ने शब्दहरू झिकिएका छन्।

(ख) खण्ड (त्र१) को सट्टा देहायको खण्ड (त्र१) राखिएको छः-

"(त्र१)"योगदानमा आधारित अवकाश भुक्तानी" भन्नाले प्राकृतिक व्यक्तिको आयमा समावेश भई सो मध्येबाट स्वीकृत अवकाश कोषमा जम्मा गरिएको रकम र सो रकममा वृद्धि भएको रकम समेतको भुक्तानी सम्झनु पर्छ।"

(ग) खण्ड (कद) को उपखण्ड (५) झिकिएको छ।

(२) दफा ४ को उपदफा (४क) पछि देहायको उपदफा (४ख) थपिएको छः-

"(४ख) "उपदफा (४) र (४क)" मा जुनसुकै कुरा लेखिएको भए तापनि सो व्यक्तिले सो आय वर्षमा यो व्यवस्था लागू हुने गरी छनौट गरेको हुनु पर्नेछ।"

(३) दफा १० को खण्ड (ङ) मा रहेको "प्रदेश" भन्ने शब्दको सट्टा "प्रदेश सरकार" भन्ने शब्दहरू राखिएको छ।

(४) दफा ११ को,-

(क) उपदफा (२ख) मा रहेका "विशेष उद्योग" भन्ने शब्दहरू पछि ", होटल, रिसोर्ट र सूचना प्रविधि उद्योग" भन्ने शब्दहरू थपिएका छन्।

(ख) उपदफा (३) मा रहेका "विशेष उद्योग" भन्ने शब्दहरू पछि ", होटल, रिसोर्ट" भन्ने शब्दहरू थपिएका छन्।

(ग) उपदफा (३ग) मा रहेका "पचास प्रतिशत" भन्ने शब्दहरूको सट्टा "पचहत्तर प्रतिशत" भन्ने शब्दहरू राखिएका छन्।

(घ) उपदफा (३ठ) मा रहेको स्पष्टीकरण झिकिएको छ।

(ङ) उपदफा (३न) मा रहेका "वार्षिक एक करोडसम्म" भन्ने शब्दहरूको सट्टा "वार्षिक दश करोड रुपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन्।

(च) उपदफा (३म) पछि देहायको उपदफा (३य), (३र) र (३ल) थपिएका छन्:-

"(३य) ग्रीन हाइड्रोजन उत्पादन गर्ने उद्योगलाई कारोबार शुरु गरेको मितिले पाँच वर्षसम्म आयकर छुट हुनेछ।

(३र) विद्युतीय उर्जाबाट सञ्चालित सवारी साधन चार्जिङ्ग मेशिन उत्पादन तथा एसेम्बल गर्ने उद्योगलाई कारोबार शुरु गरेको मितिले पाँच वर्षसम्म आयकर छुट हुनेछ।

(३ल) औद्योगिक क्षेत्र वा औद्योगिक ग्राम निर्माण वा

स्थापना गरी सञ्चालन गर्ने व्यक्तिलाई कारोबार शुरु गरेको मितिले पहिलो दश वर्षसम्म पूरै र सो पश्चात पाँच वर्षसम्म पचास प्रतिशत आयकर छुट हुनेछ।"

(छ) उपदफा (६) को स्पष्टीकरणको खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छः-

"(ङ) "सूचना प्रविधि उद्योग" भन्नाले टेक्नोलोजी पार्क, सूचना प्रविधि पार्क, बायोटेक पार्क, सफ्टवेयर विकास, तथ्याङ्क प्रशोधन, डिजिटल म्यापिङ्ग, बिजनेस प्रोसेस आउटसोर्सिङ्ग, डाटा माइनिङ्ग, क्लाउड कम्प्युटिङ्ग सम्बन्धी उद्योग सम्झनु पर्छ।"

(५) दफा २१ को उपदफा (१) को

(क) खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "दफा ९५क. को उपदफा (७) बमोजिम असुल भई उक्त आय वर्षमा मिलान हुन नसकेको कर," भन्ने शब्दहरू झिकिएका छन्।

(ख) खण्ड (च) मा रहेका "खण्ड (क), (ख), (ग), (घ), (ङ)" भन्ने शब्दहरूको सट्टा "खण्ड (क), (ख), (ग), (घ), (घ१), (घ२), (ङ) र (ङ१)" भन्ने शब्दहरू राखिएका छन्।

(६) दफा ३३ को दफा शीर्षकमा रहेका "मूल्य हस्तान्तरण" भन्ने शब्दहरूको सट्टा "हस्तान्तरण मूल्य" भन्ने शब्दहरू राखिएका छन्।

(७) दफा ६३ को,-

(क) दफा शीर्षकमा रहेका "अवकाश कोषको स्वीकृति" भन्ने शब्दहरूको सट्टा "अवकाश कोष" भन्ने शब्दहरू

राखिएका छन्।

(ख) उपदफा (१) झिकिएको छ।

(ग) उपदफा (२) मा देहायको स्पष्टीकरण थपिएको छः-

"स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "स्वीकृत अवकाश कोष" भन्नाले कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापित कर्मचारी सञ्चय कोष; नागरिक लगानी कोष ऐन, २०४७ बमोजिम स्थापित नागरिक लगानी कोष; योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, २०७४ बमोजिम स्थापित सामाजिक सुरक्षा कोषद्वारा सञ्चालित अवकाश कोष र निवृत्तभरण कोष ऐन, २०७५ बमोजिम स्थापना भएको निवृत्तभरण कोषद्वारा सञ्चालित अवकाश कोष सम्झिनु पर्छ।"

(८) दफा ६७ को स्पष्टीकरणको खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ।

"(ख) "नेपालमा बहन गर्नु पर्ने दायित्व" भन्नाले नेपालमा सञ्चालित क्रियाकलापबाट बासिन्दा व्यक्तिको सिर्जना भएको दायित्व सम्झनु पर्छ।"

(९) दफा ९२ को उपदफा (१) को खण्ड (ट) को सट्टा देहायको खण्ड (ट) राखिएको छः-

"(ट) अनुसूची-१ को दफा १ को उपदफा (१३) बमोजिम कर दाखिल गर्ने प्राकृतिक व्यक्तिको सवारी वा ढुवानी साधनको भाडा वा ढुवानी सेवा बापतको भुक्तानी।"

(१०) दफा ९५क. को,-

(क) उपदफा (७) झिकिएको छ।

(ख) उपदफा (८) को सट्टा देहायको उपदफा (८) राखिएको

छः-

"(८) उपदफा (१), (२), (५), (६), (६क), (६ख), (६ग), (६घ) र (६ङ) बमोजिम अग्रिम कर असुल गर्नु पर्ने व्यक्ति वा निकायले अग्रिम कर असुल नगरेको भए तापनि असुल हुनु पर्ने समयमा सो कर असुल गरेको मानिनेछ।"

(११) दफा ९६ को उपदफा (२) को खण्ड (ग) को उपखण्ड (३) पछि देहायको उपखण्ड (३क) थपिएको छः-

"(३क) दफा ४ को उपदफा (४ख) बमोजिम छनौट गरिएको भए सोको जानकारी,"

(१२) दफा ९७ को उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "तर" भन्ने शब्द पछि "अवकाश भुक्तानी," भन्ने शब्दहरू थपिएका छन्।

(१३) दफा ११३ को उपदफा (८) झिकिएको छ।

(१४) दफा ११७ को उपदफा (१) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छः-

"(घ) दफा ९७ को उपदफा (२) बमोजिम कुनै आय वर्षको आय विवरण पेश नगरेमा त्यस्तो व्यक्तिको निर्धारणयोग्य आयमा अन्तिम रुपमा करकट्टी हुने आय घटाई हुन आउने रकमको शून्य दशमलव एक प्रतिशत प्रति वर्षका दरले हुने रकम वा प्रति विवरण बाह्र सय रुपैयाँ तथा एक वर्षभन्दा कम अवधि भएमा प्रतिमहिना एक सय रुपैयाँका दरले हुने रकममध्ये जुन बढी हुन्छ त्यस्तो रकम।"

(१५) अनुसूची-१ को दफा १ को उपदफा (१७) मा रहेका "दफा ४क." भन्ने शब्दहरूको सट्टा "दफा ४" भन्ने शब्दहरू

राखिएका छन्।"

(१६) अनुसूची-२ को दफा ३ को उपदफा (२) मा रहेका "उपदफा (२ख), (३च), (३थ) र अनुसूची-१ को दफा २ को उपदफा (३)" भन्ने शब्दहरूको सट्टा "उपदफा (२ख), (३च) र (३थ)" भन्ने शब्दहरू राखिएका छन् ।

३८. **<u>भन्सार महसुल ऐन, २०८१ मा संशोधनः</u>** भन्सार महसुल ऐन, २०८१ को,-

(१) दफा २ को खण्ड (ढ) को सट्टा देहायको खण्ड (ढ) राखिएको छः-

"(ढ) "महसुल" भन्नाले निकासी वा पैठारी गरिने वस्तुमा प्रचलित कानून बमोजिम लाग्ने सबै प्रकारको कर, शुल्क वा दस्तुर सम्झनु पर्छ र सो शब्दले भन्सार महसुललाई समेत जनाउँछ।"

(२) दफा ४ को उपदफा (५) मा रहेका "वर्गीकरणको शीर्षक वा उपशीर्कको" भन्ने शब्दहरूको सट्टा "वर्गीकरण उपशीर्षकको सुरु छ अङ्क पछिको अन्य" भन्ने शब्दहरू राखिएका छन्।

(३) दफा १० को सट्टा देहायको दफा १० राखिएको छः-

"१०. **<u>निकासी भएको वस्तु पुनः पैठारी गरेमा महसुल लाग्नेः</u>** (१) नेपालमा उत्पादन वा तयार भई निकासी भएको वस्तु पुनः पैठारी गर्दा त्यस्तो वस्तुमा विदेशी मुलुकमा उत्पादन वा तयार भएको त्यस्तै प्रकारको वा त्यति नै मूल्य पर्ने वस्तु पैठारी गरेसरह महसुल लाग्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निकासी भएको कुनै वस्तु देहाय बमोजिम पुनः पैठारी भएकोमा त्यस्तो वस्तुमा भन्सार महसुल छुट दिई

निकासी गर्दा तिरेको भन्सार महसुल तोकिए बमोजिम फिर्ता दिइनेछः-

(क) हुलाकमार्फत पुलिन्दाबाट निकासी भएको तर सम्बन्धित व्यक्तिलाई बुझाउन नसकी फिर्ता आएको,

(ख) भन्सार कार्यालयबाट जाँचपास भइसकेपछि वा विदेशमा पुगिसकेपछि सम्बन्धित व्यक्तिले लिन अस्वीकार गरी फिर्ता आएको,

(ग) दुर्घटना वा प्राकृतिक विपद्को कारण गुणस्तर कायम रहन नसकी फिर्ता आएको, वा

(घ) वस्तु खराब भएको वा निकासीकर्ता र पैठारीकर्ता बीच भएको सम्झौतामा उल्लिखित विवरण अनुसार नभएको।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्था भएमा त्यस्तो वस्तुमा भन्सार महसुल छुट वा निकासी गर्दा तिरेको भन्सार महसुल फिर्ता दिइने छैनः-

(क) वस्तु खराब भएमा वा सम्झौतामा उल्लिखित विवरण अनुसार भए वा नभएको पत्ता लगाउन नगरी नहुने कार्य बाहेक अन्य कुनै किसिमको मर्मत वा प्रयोग गरेको,

(ख) निकासी भएकै वस्तु पैठारी भएको हो भनी यकिन नभएको, र

(ग) निकासी भएको एक सय असी दिनभित्र पुनः पैठारी नभएको।

(४) उपदफा (३) को खण्ड (ग) बमोजिमको अवधिभित्र पुनः पैठारी गर्न नसकिने भई पैठारीकर्ताले कारण खुलाई म्याद थपको लागि लिखित अनुरोध गरेमा भन्सार अधिकृतले नब्बे दिनसम्मको म्याद थप गर्न सक्नेछ।

(५) उपदफा (१) बमोजिम पुनः पैठारी भएको वस्तु पैठारीकर्ताले कार्यालयमा छाड्ने गरी निवेदन दिन सक्नेछ। त्यसरी छाडिएको वस्तु लिलाम बिक्री हुन नसक्ने अवस्थाको भएमा भन्सार अधिकृतले पैठारीकर्ताको खर्चमा भन्सारको कर्मचारीको रोहबरमा व्यापारिक रूपमा मूल्यहीन बनाउन वा नष्ट गर्न स्वीकृति दिन सक्नेछ।

(६) उपदफा (१) बमोजिम पुनः पैठारी भएको वस्तुको उत्पादनमा प्रयोग भएको कच्चापदार्थ पैठारी गर्दा महसुल नतिरी पैठारी भएको रहेछ भने त्यस्तो कच्चापदार्थमा लाग्ने महसुल असुल गरिनेछ।"

(४) दफा १२ को खण्ड (ग) मा रहेका "भन्सार मूल्यमा" भन्ने शब्दहरू पछि "खण्ड (क) र (ख) बमोजिम लाग्ने सम्पूर्ण रकम जोड्दा आउने रकममा" भन्ने शब्दहरू थपिएका छन्।

(५) दफा १४ को,-

(क) उपदफा (३) मा रहेका "भन्सार महसुलमा" भन्ने शब्दहरूको सट्टा "महसुल र भन्सार महसुल वा कृषि सुधार शुल्कको" भन्ने शब्दहरू राखिएका छन्।

(ख) उपदफा (६) मा रहेका "भन्सार महसुलको" भन्ने शब्दहरूको सट्टा "महसुल र भन्सार महसुल वा कृषि सुधार शुल्कको" भन्ने शब्दहरू राखिएका छन्।

(ग) उपदफा (७) मा रहेका “भन्सार महसुलको” भन्ने शब्दको सट्टा “महसुलको” भन्ने शब्द राखिएको छ।

(६) दफा १५ को,-

(क) उपदफा (१) मा रहेको “महसुल” भन्ने शब्दको सट्टा “भन्सार महसुल वा कृषि सुधार शुल्क” भन्ने शब्दहरू राखिएका छन्।

(ख) उपदफा (३) मा रहेका “भन्सार महसुलको” भन्ने शब्दहरूको सट्टा “भन्सार महसुल वा कृषि सुधार शुल्कको” भन्ने शब्दहरू राखिएका छन्।

(७) दफा १९ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

“(२) उपदफा (१) बमोजिम छाडिएको वस्तु नेपाल सरकारले आफैं उपयोग गर्न वा भन्सार सम्बन्धी प्रचलित कानून बमोजिम लिलाम बिक्री गर्न सक्नेछ। त्यसरी उपयोग गर्न वा लिलाम बिक्री गर्न नसकिने भएमा भन्सार अधिकृतले सम्बन्धित पैठारीकर्तालाई सो वस्तु फिर्ता लैजान आदेश दिन वा निजकै खर्चमा नष्ट गर्न वा गराउन सक्नेछ।”

(८) दफा २० को उपदफा (२) मा रहेका “र त्यसरी ब्याज तिर्नुपर्ने अवधि महसुल निर्धारण भएको मितिले तीस दिनभन्दा बढी हुने छैन” भन्ने शब्दहरू झिकिएका छन्।

(९) दफा २४ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

“(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा त्यस्तो महसुल फिर्ता हुने छैनः-

(क) वस्तु छुटाएको साठी दिनभित्र त्यस्तो महसुल फिर्ता लिन सम्बन्धित भन्सार कार्यालयमा निवेदन नदिएमा,

(ख) फिर्ताको लागि दाबी गरिएको रकम पाँच सय रुपैयाँभन्दा कम भएमा, वा

(ग) वस्तुको घोषणा गर्दा दाबी नगरिएको महसुल छुट सुविधा पछि दाबी गरेमा।"

(१०) अनुसूची-१ को नियम ६ मा रहेका "सन्दर्भले अन्यथा निर्दिष्ट गरेकोमा बाहेक यस नियमको प्रयोजनको लागि सम्बन्धित परिच्छेद तथा भागका द्रष्टव्य पनि लागू हुनेछन्" भन्ने शब्दहरू झिकिएका छन्।

(११) अनुसूची-२ का शीर्षक, उपशीर्षक, वस्तुको विवरण र अन्य व्यवस्थाहरूमा देहाय बमोजिम संशोधन र थप गरी निकासी भन्सार महसुल दर लगाइएको छ। यसमा उल्लिखित संशोधन र थप बाहेकका शीर्षक, उपशीर्षक, वस्तुको विवरण र निकासी भन्सार महसुल दर साविक बमोजिम नै हुनेछ।

| शीर्षक | उपशीर्षक | वस्तुको विवरण | निकासी भन्सार महसुल दर |
|---|---|---|---|
| १ | २ | ३ | ४ |
| १४.०४ | | **अन्यत्र उल्लेख वा समावेश नभएका वनस्पति उत्पादनहरू।** | |
| | | ---अन्यः | |
| | १४०४.९०.९२ | ----बोधिचित्तको दानाहरू | प्रति कि.ग्रा. रु.१००० |
| ४४.०३ | | **बोक्रा वा काठको बाहिरी नरम भाग ताछेको वा नताछेको वा मोटा मोटी ढङ्गले चारपाटे पारेको अपरिमार्जित काठ।** | |

| | | | |
|---|---|---|---|
| | | -रङ्गलेप (पेन्ट) वर्णक रङ्ग (स्टेन), क्रिओसोट वा अन्य परिरक्षक (प्रिजर्भेटिभ) हरूद्वारा उपचार गरिएको: | |
| | ४४०३.११.०० | --कोणधारी (कोनिफेरस) | १००% |
| | ४४०३.१२.०० | --गैरकोणधारी (नन्-कोनिफेरस) | १००% |
| | | -अन्य, कोणधारी (कोनिफेरस): | |
| | ४४०३.२१.०० | --सल्लाको (पाइनस प्रजातिहरू), सबैभन्दा सानो तिर्यक-छेदन आयाम (क्रस-सेक्सनल डाइमेनसन) १५ सेन्टिमिटर वा बढी भएको | १००% |
| | ४४०३.२२.०० | --सल्लाको (पाइनस जातहरू), अन्य | १००% |
| | ४४०३.२३.०० | --देवदारू (एबिस प्रजातिहरू) र सरल (पिसिया प्रजातिहरू) को, कुनै पनि तिर्यक-छेदन आयाम (क्रस-सेक्सनल डाइमेनसन) १५ सेन्टिमिटर वा बढी भएको | १००% |
| | ४४०३.२४.०० | --देवदारू (एबिस प्रजातिहरू) र स्प्रुस (पिसिया प्रजातिहरू) को, अन्य | १००% |
| | ४४०३.२५.०० | --अन्य, सबैभन्दा सानो तिर्यक-छेदन आयाम (क्रस-सेक्सनल डाइमेनसन) १५ सेन्टिमिटर वा बढी भएको | १००% |
| | ४४०३.२६.०० | --अन्य | १००% |
| | | -अन्य, उष्णप्रदेशीय (ट्रपिकल) काठको: | |
| | ४४०३.४१.०० | --गाढा रातो मेरान्ती, हलुका रातो मेरान्ती र मेरान्ती बकाउ | १००% |
| | ४४०३.४२.०० | --टिक | १००% |
| | ४४०३.४९.०० | --अन्य | १००% |
| | | -अन्य: | |
| | ४४०३.९१.०० | --ओकको (क्वेरकस् प्रजातिहरू) | १००% |
| | ४४०३.९३.०० | --बीच (फागस प्रजातिहरु) को, सबैभन्दा सानो तिर्यक-छेदन आयाम (क्रस सेक्सनल डाइमेन्सन) १५ से.मि. वा बढी भएको | १००% |
| | ४४०३.९४.०० | --बीच (फागस प्रजातिहरू) को, अन्य | १००% |

| | | | |
|---|---|---|---|
| | ४४०३.९५.०० | --भोजपत्र (बर्च) (बेटुला प्रजातिहरू) को, सबैभन्दा सानो तिर्यक-छेदन आयाम (क्रस सेक्सनल डाइमेन्सन) १५ से.मि. वा बढी भएको | १००% |
| | ४४०३.९६.०० | --भोजपत्र (बर्च) (बेटुला प्रजातिहरू) को, अन्य | १००% |
| | ४४०३.९७.०० | --लहरे पिपल (पप्लर) र आस्पेन (पोपुलस प्रजातिहरू) को | १००% |
| | ४४०३.९८.०० | --मसला (युकलिप्टस प्रजातिहरू) को | १००% |
| | | --अन्य: | |
| | ४४०३.९९.१० | ---५ इन्च वा सोभन्दा कम मोटाइमा लम्बाइमा चिरेको | १००% |
| | ४४०३.९९.९० | ---अन्य | १००% |
| ४४.०४ | | **हुपको काठ; काठको चिरेको खम्बा (पोल); तिखारेको तर लम्बाइमा नचिरेको काठको घोचा (पाइल), काठको किलो (पिकेट) र एकापट्टि तिखारिएको घोचो (स्टेक); साधारण रूपले काँटछाँट गरेको तर नदोब्र्याएको, नबङ्ग्याएको, अरूथोक नबनाएको टेक्ने लठ्ठी, छाताको डण्डी, औजारको डण्डी वा त्यस्तै सामान बनाउन उपयुक्त हुने खालको काठको छडी; चोइटाचोइटी काठ (चिपऊड) र यस्तै।** | |
| | ४४०४.१०.०० | -कोणधारी (कोनिफेरस) | १००% |
| | ४४०४.२०.०० | -गैरकोणधारी (नन-कोनिफेरस) | १००% |
| ४४.०५ | ४४०५.००.०० | **काठको ऊन; काठको पिठो।** | १००% |
| ४४.०६ | | **रेल वा ट्रामको काठका पटरीहरू (स्लिपर) (क्रस-टाइज)।** | |
| | | -असंसिक्त (नट इम्प्रिग्नेटेड) | |
| | ४४०६.११.०० | --कोणधारी (कोनिफेरस) | १००% |
| | ४४०६.१२.०० | --गैरकोणधारी (नन्-कोनिफेरस) | १००% |
| | | -अन्य: | |
| | ४४०६.९१.०० | --कोणधारी (कोनिफेरस) | १००% |
| | ४४०६.९२.०० | --गैरकोणधारी (नन्-कोनिफेरस) | १००% |

| | | | |
|---|---|---|---|
| ४४.०७ | | **लम्बाइमा चिरेको वा काटेको (चिप्ड), ताछेको (स्लाइस्ड) वा बोक्रा हटाएको (पिल्ड) रन्डा लगाएको वा नलगाएको, अपघर्षक लगाई चिल्याएको वा नचिल्याएको वा छेउमा जोड (इन्ड ज्वाइन्टेड) गरिएको वा नगरिएको ६ एम.एम. भन्दा बढी मोटाइको काठ।** | |
| | | -कोणधारी (कोनिफेरस): | |
| | ४४०७.११.०० | --सल्ला (पाइन्स प्रजातिहरू) को | १००% |
| | ४४०७.१२.०० | --देवदारु (एबिस प्रजातिहरू) र स्प्रुस (पिसिया प्रजातिहरू) को | १००% |
| | ४४०७.१३.०० | --एस-पी-एफ (सरल (पिसिया प्रजातिहरू), सल्लो (पाइनस प्रजातिहरू) र देवदारू (एबिस प्रजातिहरू)) को | १००% |
| | ४४०७.१४.०० | --हेम-फर (पश्चिमी हेमलक (सुगा हेटेरो फिल्ला) र देवदारू (एबिस प्रजातिहरू) को | १००% |
| | ४४०७.१९.०० | --अन्य | १००% |
| | | -उष्णप्रदेशीय (ट्रपिकल) काठको: | |
| | ४४०७.२१.०० | --महोगनी (स्वीटेनिया प्रजातिहरू) | १००% |
| | ४४०७.२२.०० | --भिरोला, इम्बुइया र वाल्सा | १००% |
| | ४४०७.२३.०० | --टिक | १००% |
| | ४४०७.२५.०० | --गाढा रातो मेरान्ती, हलुका रातो मेरान्ती र मेरान्ती बकाउ | १००% |
| | ४४०७.२६.०० | --सेतो लौआन, सेतो मेरान्ती, सेतो सेराया, पहेंलो मेरान्ती र एलान | १००% |
| | ४४०७.२९.०० | --अन्य | १००% |
| | | -अन्य: | |
| | ४४०७.९१.०० | --ओकको (क्वेरकस् प्रजातिहरू) | १००% |
| | ४४०७.९२.०० | --बीचको (फागस प्रजातिहरू) | १००% |
| | ४४०७.९६.०० | --भोजपत्र (बर्च) (बेटुला प्रजातिहरू) को | १००% |
| | ४४०७.९७.०० | --लहरे पिपल (पप्लर) र आस्पेन (पोपुलस प्रजातिहरू) को | १००% |
| | ४४०७.९९.०० | --अन्य | १००% |

| | | | |
|---|---|---|---|
| ७०.०१ | ७००१.००.०० | **शीर्षक ८५.४९ को क्याथोड रे ट्युव वा अन्य सक्रिय पारिएको काँचका बाहेक टुटेफुटेको वा अवशिष्ट काँच र काँचको अन्य अवशेष र पत्रुहरू; खास प्रयोजनका लागि नबनाइएका काँचका ढिक्काहरू (ग्लास इन द मास)।** | प्रति कि.ग्रा. रु.५ |
| ७२.०४ | | **लौहिक अवशेष र पत्रु (फेरोस वेष्ट र स्क्राप); फलाम वा इस्पातको पुनः पगालिने पत्रुको इन्गट।** | |
| | ७२०४.१०.०० | -ढालेको फलाम (काष्ट आइरन) को अवशेष र पत्रु | प्रति कि.ग्रा. रु.१।- |
| | | -मिश्रित इस्पात (एल्वाय स्टिल) का अवशेष र पत्रुः | |
| | ७२०४.२१.०० | --खिया नलाग्ने इस्पात (स्टेनलेस स्टिल) को | प्रति कि.ग्रा. रु.१।- |
| | ७२०४.२९.०० | --अन्य | प्रति कि.ग्रा. रु.१।- |
| | ७२०४.३०.०० | -टिनयुक्त फलाम वा इस्पातका अवशेष र पत्रु | प्रति कि.ग्रा. रु.१।- |
| | | -अन्य अवशेष र पत्रुः | |
| | ७२०४.४१.०० | --गठ्ठा (बण्डल) मा भए वा नभएका, धातुको काम गर्दा अवशेषका रुपमा निस्किएका टर्निङ्ग, शेभिङ्ग, चिप्स, मिलिङ्ग वेष्ट, स-डस्ट, फाइलिङ्गस्, ट्रिमिङ्गस् र स्टैम्पिङ्ग | प्रति कि.ग्रा. रु.१।- |
| | ७२०४.४९.०० | --अन्य | प्रति कि.ग्रा. रु.१।- |
| | ७२०४.५०.०० | -पुनः पगालिने पत्रुको इन्गट | प्रति कि.ग्रा. रु.१।- |

(१२) अनुसूची-३ का शीर्षक, उपशीर्षक, वस्तुको विवरण र अन्य व्यवस्थाहरूमा देहाय बमोजिम संशोधन र थप गरी पैठारी भन्सार महसुल दर लगाइएको छ। यसमा उल्लिखित संशोधन र थप बाहेकका शीर्षक, उपशीर्षक, वस्तुको विवरण र पैठारी भन्सार महसुल दर साविक बमोजिम नै हुनेछ।

| | | | पैठारी महसुल दर |
|---|---|---|---|

| शीर्षक | उपशीर्षक | वस्तुको विवरण | सार्क मुलुकबाट | अन्य मुलुकबाट |
|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ |
| ०८.०६ | | **ताजा वा सुकेको अङ्गुर।** | | |
| | ०८०६.२०.०० | -सुकेको | ६ | १० |
| १४.०४ | | **अन्यत्र उल्लेख वा समावेश नभएका वनस्पति उत्पादनहरू।** | | |
| | | (१) उपशीर्षक १४०४.९०.९१ पछि देहायको उपशीर्षक राखिएको छः- | | |
| | १४०४.९०.९२ | ----बोधिचित्तका दानाहरू | ६ | १० |
| १७.०१ | | **ठोस रूपमा भएको उखु वा चुकन्दरको चिनी र रासायनिक तवरबाट शुद्ध गरिएको सुक्रोज।** | | |
| | | -रङ्गाउने वा सुवास (स्वाद) आउने पदार्थ नमिसाएको कच्चा चिनीः | | |
| | १७०१.१२.०० | --चुकुन्दरको चिनी | ६ | १५ |
| | | --यस भागको उपशीर्षक द्रष्टव्य २ मा उल्लेख गरिएको उखुको चिनी | | |
| | १७०१.१३.१० | ---सखर (गुँड र भेली समेत), गुँडगट्टा | १५ | १५ |
| | १७०१.१३.२० | ---खाँडसारी चिनी | १५ | १५ |
| | १७०१.१३.९० | ---अन्य | १५ | १५ |
| | | --उखुको अन्य चिनीः | | |
| | १७०१.१४.१० | ---सखर (गुँड र भेली समेत), गुँडगट्टा | १५ | १५ |
| | १७०१.१४.२० | --- खाँडसारी चिनी | १५ | १५ |
| | १७०१.१४.९० | ---अन्य | १५ | १५ |
| | | --अन्यः | | |
| | १७०१.९९.१० | ---मिश्री | १५ | १५ |
| | १७०१.९९.९० | ---अन्य | १५ | १५ |
| २०.०८ | | **अन्य तरिकाले तयार वा सुरक्षित गरिएका फल, काष्ठफल र अन्य बोट बिरुवाको खान हुने अङ्गहरू,** | | |

| | | | | |
|---|---|---|---|---|
| | | **चिनी वा अन्य गुलियो बनाउने पदार्थ वा स्पिरिट राखिएका वा नराखिएका, अन्यत्र उल्लेख वा समावेश नभएका।** | | |
| | | --अन्यः | | |
| | २००८.९९.१० | ---फ्रुटपल्प | १५ | १५ |
| **२१.०४** | | **सूपहरू र सुरुवाहरू र सोको लागि चाहिने परिकारहरू; समरुपी मिश्रित खाद्य परिकारहरू।** | | |
| | २१०४.१०.०० | -सूपहरू र सुरुवाहरू र सोको लागि चाहिने परिकारहरू | ३० | ३० |
| | २१०४.२०.०० | -समरुपी मिश्रित खाद्य परिकारहरू | ३० | ३० |
| **२१.०६** | | **अन्यत्र उल्लेख वा समावेश नभएका खाद्य परिकारहरू।** | | |
| | | -अन्यः | | |
| | २१०६.९०.६० | ---सुर्ती रहित सुगन्धित सुपारी | ४० | ४० |
| **२२.०२** | | **पानी, खनिजपानी र वायु प्रवाहित पानी (एरेटेड वाटर) समेत, चिनी वा अन्य गुलियो पार्ने पदार्थ हालेको वा स्वादिष्ट बनाइएको, र अन्य अल्कोहल रहित पेय पदार्थहरू, शीर्षक २०.०९ को फल, काष्ठफल वा वनस्पतिको रस बाहेक।** | | |
| | | --अन्यः | | |
| | २२०२.९९.१० | ---इनर्जी ड्रिङ्क्स् | ४० | ४० |
| | २२०२.९९.२० | ---हल्का पेयपदार्थ | ४० | ४० |
| | २२०२.९९.३० | ---बास्नायुक्त दूधका पेय पदार्थ | ४० | ४० |
| **२२.०३** | | **माल्टबाट बनाइएको बियरः** | | |
| | २२०३.००.१० | ---५ प्रतिशतसम्म अल्कोहल भएको | प्रति लि. रु.२०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी | प्रति लि. रु.२०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी |
| | २२०३.००.२० | ---५ प्रतिशत भन्दा बढी अल्कोहल भएको | प्रति लि. रु.२०० वा मूल्यको ८० | प्रति लि. रु.२०० वा मूल्यको ८० |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रतिशत मध्येको बढी | प्रतिशत मध्येको बढी |
| २२.०४ | | **ताजा अङ्गुरको वाइन र अल्कोहल हाली सुरक्षित गरिएको (फोर्टिफाइड) वाइन समेत; शीर्षक २०.०९ को बाहेक अङ्गुरको काँचो रस (ग्रेपमस्ट)।** | | |
| | | -स्पार्कलिङ्ग वाइन | | |
| | २२०४.१०.१० | ---१२ प्रतिशतसम्म अल्कोहल भएको | प्रति लि. रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी | प्रति लि.रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी |
| | २२०४.१०.२० | ---१२ प्रतिशतभन्दा बढी १७ प्रतिशतसम्म अल्कोहल भएको | प्रति लि. रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी | प्रति लि.रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी |
| | २२०४.१०.३० | ---१७ प्रतिशतभन्दा बढी अल्कोहल भएको | प्रति लि. रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी | प्रति लि.रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी |
| | | -अन्य वाइन; अल्कोहल हालेर खमिरीकरण हुन नदिइएको को वा रोकिएको अङ्गुरको काँचो रसः | | |
| | | --२ लिटर वा कम जाने भाँडोमा रहेकोः | | |
| | २२०४.२१.१० | ---१२ प्रतिशतसम्म अल्कोहल भएको | प्रति लि. रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी | प्रति लि.रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी |
| | २२०४.२१.२० | ---१२ प्रतिशतभन्दा बढी १७ प्रतिशतसम्म अल्कोहल भएको | प्रति लि. रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी | प्रति लि.रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी |
| | २२०४.२१.३० | ---१७ प्रतिशतभन्दा बढी अल्कोहल भएको | प्रति लि. रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी | प्रति लि.रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी |
| | | --२ लिटरभन्दा बढी तर १० लि. ननाघ्ने भाँडोमा रहेकोः | | |

| | | | | |
|---|---|---|---|---|
| | २२०४.२२.१० | ---१२ प्रतिशतसम्म अल्कोहल भएको | प्रति लि. रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी | प्रति लि.रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी |
| | २२०४.२२.२० | ---१२ प्रतिशतभन्दा बढी १७ प्रतिशतसम्म अल्कोहल भएको | प्रति लि. रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी | प्रति लि.रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी |
| | २२०४.२२.३० | ---१७ प्रतिशतभन्दा बढी अल्कोहल भएको | प्रति लि. रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी | प्रति लि.रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी |
| | | --अन्य: | | |
| | २२०४.२९.१० | ---१२ प्रतिशतसम्म अल्कोहल भएको | प्रति लि. रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी | प्रति लि.रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी |
| | २२०४.२९.२० | ---१२ प्रतिशतभन्दा बढी १७ प्रतिशतसम्म अल्कोहल भएको | प्रति लि. रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी | प्रति लि.रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी |
| | २२०४.२९.३० | ---१७ प्रतिशतभन्दा बढी अल्कोहल भएको | प्रति लि. रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी | प्रति लि.रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी |
| | | -अन्य अङ्गुरको काँचो रस (ग्रेप मस्ट): | | |
| | २२०४.३०.१० | ---१२ प्रतिशतसम्म अल्कोहल भएको | प्रति लि. रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी | प्रति लि.रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी |
| | २२०४.३०.२० | ---१२ प्रतिशतभन्दा बढी १७ प्रतिशतसम्म अल्कोहल भएको | प्रति लि. रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी | प्रति लि.रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी |
| | २२०४.३०.३० | ---१७ प्रतिशतभन्दा बढी अल्कोहल भएको | प्रति लि. रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी | प्रति लि.रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी |
| **२२.०५** | | **भरमाउथ र बिरुवा वा अन्य वास्नायुक्त तत्त्वहरूबाट स्वादिष्ठ** | | |

नेपाल सरकार
अर्थ मन्त्रालय

| | | | | |
|---|---|---|---|---|
| | | **बनाइएको ताजा अङ्गुरको अन्य वाइन।** | | |
| | | -२ लिटर वा कम जाने भाडामा रहेको: | | |
| | २२०५.१०.१० | ---१२ प्रतिशतसम्म अल्कोहल भएको | प्रति लि. रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी | प्रति लि. रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी |
| | २२०५.१०.२० | ---१२ प्रतिशतभन्दा बढी १७ प्रतिशतसम्म अल्कोहल भएको | प्रति लि. रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी | प्रति लि. रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी |
| | २२०५.१०.३० | ---१७ प्रतिशतभन्दा बढी अल्कोहल भएको | प्रति लि. रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी | प्रति लि. रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी |
| | | -अन्य: | | |
| | २२०५.९०.१० | ---१२ प्रतिशतसम्म अल्कोहल भएको | प्रति लि. रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी | प्रति लि. रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी |
| | २२०५.९०.२० | ---१२ प्रतिशतभन्दा बढी १७ प्रतिशतसम्म अल्कोहल भएको | प्रति लि. रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी | प्रति लि. रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी |
| | २२०५.९०.३० | ---१७ प्रतिशतभन्दा बढी अल्कोहल भएको | प्रति लि. रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी | प्रति लि. रु.३०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी |
| २२.०६ | | **अन्य खमिरीकृत (फर्मेण्टेड) पेय पदार्थहरू (उदाहरणको लागि, साइडर, पेरी, मिड, साके); खमिरीकृत पेय पदार्थका मिश्रणहरू र खमिरीकृत पेय पदार्थ र अलकोहल रहित पेय पदार्थका मिश्रणहरू, अन्यत्र उल्लेख वा समावेश नभएका।** | | |
| | २२०६.००.१० | ---छ्याङ्ग (कन्ट्री बियर) | ८० | ८० |
| | २२०६.००.२० | ---सेम्पेन, सेरी, मिड, पेरी, साइडर | ८० | ८० |

| | | | | |
|---|---|---|---|---|
| | २२०६.००.३० | ---साके | ८० | ८० |
| | २२०६.००.४० | ---१७ प्रतिशतभन्दा बढी अल्कोहल भएको जडिबुटी मिश्रित मदिरा, कक्टेल (अल्कोहलिक र अल्कोहलिक/नन्अल्कोहलिक मिश्रण) तथा अन्य फर्मेण्टेड मदिराहरू | ८० | ८० |
| | २२०६.००.९० | ---अन्य | ८० | ८० |
| २२.०७ | | **आयतनको हिसाबले ८० प्रतिशत वा सोभन्दा उच्च अल्कोहल शक्ति भएको अविकृत (अन्डिनेचर्ड) इथाइल अल्कोहल; जुनसुकै अल्कोहल शक्ति भएको विकृत (डिनेचर्ड) इथाइल अल्कोहल र अन्य स्पिरिट।** | | |
| | | -आयतनको हिसाबले ८० प्रतिशत वा सोभन्दा उच्च अल्कोहल शक्ति भएको अविकृत (अन्डिनेचर्ड) इथाइल अल्कोहल: | | |
| | २२०७.१०.१० | ---अविकृत (अन्डिनेचर्ड) इथाइल अल्कोहल | प्रति लि. रु.६० वा मूल्यको ३० प्रतिशत मध्येको बढी | प्रति लि. रु.६० वा मूल्यको ३० प्रतिशत मध्येको बढी |
| | २२०७.१०.२० | ---मदिराको कच्चा पदार्थको रूपमा प्रयोग हुने रेक्टिफाइड स्पिरिट | प्रति लि. रु.६० वा मूल्यको ३० प्रतिशत मध्येको बढी | प्रति लि. रु.६० वा मूल्यको ३० प्रतिशत मध्येको बढी |
| | २२०७.१०.३० | ---ई.एन.ए. (एक्स्ट्रा न्युट्रल अल्कोहल) | प्रति लि. रु.६० वा मूल्यको ३० प्रतिशत मध्येको बढी | प्रति लि. रु.६० वा मूल्यको ३० प्रतिशत मध्येको बढी |
| | २२०७.१०.४० | ---एनहाइड्रस इथानोल (९९ प्रतिशतभन्दा बढी अल्कोहल भएको) | प्रति लि. रु.६० वा मूल्यको ३० प्रतिशत मध्येको बढी | प्रति लि. रु.६० वा मूल्यको ३० प्रतिशत मध्येको बढी |
| | २२०७.१०.९० | ---अन्य | प्रति लि. रु.६० वा मूल्यको ३० | प्रति लि. रु.६० वा मूल्यको ३० प्रतिशत मध्येको बढी |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रतिशत मध्येको बढी | |
| | | -जतिसुकै अल्कोहल शक्ति भएको विकृत (डिनेचर्ड) इथाइल अल्कोहल र अन्य स्पिरिटः | | |
| | २२०७.२०.१० | ---विकृत (डिनेचर्ड) स्पिरिट (८० देखि ९९ प्रतिशतसम्म अल्कोहल भएको) | प्रति लि. रु.६० वा मूल्यको ३० प्रतिशत मध्येको बढी | प्रति लि. रु.६० वा मूल्यको ३० प्रतिशत मध्येको बढी |
| | २२०७.२०.९० | ---अन्य | प्रति लि. रु.६० वा मूल्यको ३० प्रतिशत मध्येको बढी | प्रति लि. रु.६० वा मूल्यको ३० प्रतिशत मध्येको बढी |
| २२.०८ | | **आयतनको हिसाबले ८० प्रतिशतभन्दा कम अल्कोहल शक्ति भएको अविकृत (अन्डिनेचर्ड) इथाइल अल्कोहल; स्पिरिटहरू, लिकरहरू र अन्य स्पिरिटयुक्त पेय पदार्थहरू।** | | |
| | | -अङ्गुरको वाइन वा अङ्गुरको मार्कलाई आसवन (डिस्टिलिङ्ग) गरी निकालिएका स्पिरिटहरूः | | |
| | २२०८.२०.१० | ---ब्राण्डीको कच्चा पदार्थको रूपमा प्रयोग हुने सबै प्रकारका मादक द्रवहरू (स्पिरिट समेत) | प्रति लि. रु.१५०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी | प्रति लि. रु.१५०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी |
| | | ---अन्यः | | |
| | २२०८.२०.९१ | ----१५ यु.पी. शक्तिको (४८.५ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी ब्राण्डी | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी |
| | २२०८.२०.९२ | ----२५ यु.पी. शक्तिको (४२.८ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी ब्राण्डी | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी |
| | २२०८.२०.९३ | ----३० यु.पी. शक्तिको (३९.९४ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी ब्राण्डी | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी |

| | | | | |
|---|---|---|---|---|
| | २२०८.२०.९९ | ----अन्य | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी |
| | | -ह्वीस्कीहरूः | | |
| | २२०८.३०.१० | ---ह्वीस्कीको कच्चा पदार्थको रूपमा प्रयोग हुने मादक द्रवहरू (स्पिरिट समेत) | प्रति लि. रु.१५०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी | प्रति लि. रु.१५०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी |
| | | ---अन्यः | | |
| | २२०८.३०.९१ | ----१५ यु.पी. शक्तिको (४८.५ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी ह्विस्की | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी |
| | २२०८.३०.९२ | ----२५ यु.पी. शक्तिको (४२.८ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी ह्विस्की | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी |
| | २२०८.३०.९३ | ----३० यु.पी. शक्तिको (३९.९४ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी ह्विस्की | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी |
| | २२०८.३०.९९ | ----अन्य | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी |
| | | -उखुको खमिरीकृत (फर्मेन्टेड) उत्पादनहरूलाई आसवन (डिस्टिलिङ्ग) गरी निकालिएको रम र अन्य स्पिरिटहरूः | | |
| | २२०८.४०.१० | ---रम र अन्य स्पिरिटहरूको कच्चा पदार्थको रूपमा प्रयोग हुने स्पिरिट समेतका मादक द्रवहरू | प्रति लि. रु.१५०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी | प्रति लि. रु.१५०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी |
| | | ---अन्यः | | |
| | २२०८.४०.९१ | ----१५ यु.पी. शक्तिको (४८.५ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी रम र अन्य तयारी स्पिरिटहरू | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी |

नेपाल सरकार अर्थ मन्त्रालय

| | | | | |
|---|---|---|---|---|
| | २२०८.४०.९२ | ----२५ यु.पी. शक्तिको (४२.८ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी रम र अन्य तयारी स्पिरिटहरू | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी |
| | २२०८.४०.९३ | ----३० यु.पी. शक्तिको (३९.९४ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी रम र अन्य तयारी स्पिरिटहरू | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी |
| | २२०८.४०.९९ | ----अन्य | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी |
| | | -जीन र जनिभाः | | |
| | २२०८.५०.१० | ---जीन र जनिभाको कच्चा पदार्थको रूपमा प्रयोग हुने मादक द्रवहरू (स्पिरिट समेत) | प्रति लि. रु.१५०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी | प्रति लि. रु.१५०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी |
| | | ---अन्यः | | |
| | २२०८.५०.९१ | ----१५ यु.पी. शक्तिको (४८.५ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी जीन र जनिभा | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी |
| | २२०८.५०.९२ | ----२५ यु.पी. शक्तिको (४२.८ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी जीन र जनिभा | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी |
| | २२०८.५०.९३ | ----३० यु.पी. शक्तिको (३९.९४ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी जीन र जनिभा | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी |
| | २२०८.५०.९९ | ----अन्य | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी |
| | | -भोड्काः | | |
| | २२०८.६०.१० | ---भोड्काको कच्चा पदार्थको रूपमा प्रयोग हुने मादक द्रवहरू (स्पिरिट समेत) | प्रति लि. रु.१५०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी | प्रति लि. रु.१५०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी |

| | | | | |
|---|---|---|---|---|
| | | ---अन्य: | | |
| | २२०८.६०.९१ | ----१५ यु.पी. शक्तिको (४८.५ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी भोड्का | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी |
| | २२०८.६०.९२ | ----२५ यु.पी. शक्तिको (४२.८ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी भोड्का | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी |
| | २२०८.६०.९३ | ----३० यु.पी. शक्तिको (३९.९४ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी भोड्का | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी |
| | २२०८.६०.९९ | ----अन्य | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी |
| | | -लिकर्स र कर्डियलहरू: | | |
| | २२०८.७०.१० | ---लिकर्स र कर्डियलहरूको कच्चा पदार्थको रूपमा प्रयोग हुने मादक द्रवहरू (स्पिरिट समेत) | प्रति लि. रु.१५०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी | प्रति लि. रु.१५०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी |
| | २२०८.७०.२० | ---मदिरा मिश्रित तयारी पेय (५ प्रतिशतसम्म अल्कोहलको मात्रा भएको) | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी |
| | | ---अन्य: | | |
| | २२०८.७०.९१ | ----१५ यु.पी. शक्तिको (४८.५ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी लिकर्स र कर्डियल | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी |
| | २२०८.७०.९२ | ----२५ यु.पी. शक्तिको (४२.८ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी लिकर्स र कर्डियल | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी |
| | २२०८.७०.९३ | ----३० यु.पी. शक्तिको (३९.९४ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी लिकर्स र कर्डियल | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी |
| | २२०८.७०.९९ | ----अन्य | प्रति लि. रु.२००० वा | प्रति लि. रु.२००० वा |

| | | | | |
|---|---|---|---|---|
| | | | मूल्यको १०० प्रतिशत मध्येको बढी | मूल्यको १०० प्रतिशत मध्येको बढी |
| | | -अन्यः | | |
| | २२०८.९०.१० | ---अन्य मदिराको कच्चा पदार्थको रूपमा प्रयोग हुने मादक द्रवहरू (स्पिरिट समेत) | प्रति लि. रु.१५०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी | प्रति लि. रु.१५०० वा मूल्यको ८० प्रतिशत मध्येको बढी |
| | | ---अन्यः | | |
| | २२०८.९०.९१ | ----१५ यु.पी. शक्तिको (४८.५ प्रतिशत अल्कोहलको मात्रा भएको) | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी |
| | २२०८.९०.९२ | ----२५ यु.पी. शक्तिको (४२.८ प्रतिशत अल्कोहलको मात्रा भएको) | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी |
| | २२०८.९०.९३ | ----३० यु.पी. शक्तिको (३९.९४ प्रतिशत अल्कोहलको मात्रा भएको) | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी |
| | २२०८.९०.९४ | ----४० यु.पी. शक्तिको (३४.२३ प्रतिशत अल्कोहलको मात्रा भएको) | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी |
| | २२०८.९०.९५ | ----५० यु.पी. शक्तिको (२८.५३ प्रतिशत अल्कोहलको मात्रा भएको) | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी |
| | २२०८.९०.९६ | ----७० यु.पी. शक्तिको (१७.१२ प्रतिशत अल्कोहलको मात्रा भएको) | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी |
| | २२०८.९०.९९ | ----अन्य | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी | प्रति लि. रु.२००० वा मूल्यको १०० प्रतिशत मध्येको बढी |
| २४.०२ | | **सुर्ती वा सुर्तीको प्रतिस्थापकबाट बनेका सिगार, सेरूट, सानो सिगार (सिगारिलो) र चुरोट।** | | |

नेपाल सरकार अर्थ मन्त्रालय

| | | | | |
|---|---|---|---|---|
| | २४०२.१०.०० | -सुर्ती भएका सिगार, सेरूट र सानो सिगार (सिगारिलो) | प्र.हजार खिल्ली रु. ११००० | प्र.हजार खिल्ली रु. ११००० |
| | | -सुर्ती भएको चुरोट (सिगरेट) | | |
| | २४०२.२०.१० | ---फिल्टर नभएको | प्र.हजार खिल्ली रु.५५०० | प्र.हजार खिल्ली रु.५५०० |
| | | ---फिल्टर भएकोः | | |
| | २४०२.२०.२१ | ----७० मि.मि. सम्मको लम्बाइको | प्र.हजार खिल्ली रु.५५०० | प्र.हजार खिल्ली रु.५५०० |
| | २४०२.२०.२२ | ----७० भन्दा बढी ७५ मि.मि. सम्म लम्बाइको | प्र.हजार खिल्ली रु.५५०० | प्र.हजार खिल्ली रु.५५०० |
| | २४०२.२०.२३ | ----७५ भन्दा बढी ८५ मि.मि. सम्म लम्बाइको | प्र.हजार खिल्ली रु.५५०० | प्र.हजार खिल्ली रु.५५०० |
| | २४०२.२०.२४ | ----८५ मि.मि. भन्दा बढी लम्बाइको | प्र.हजार खिल्ली रु.५५०० | प्र.हजार खिल्ली रु.५५०० |
| | | -अन्यः | | |
| | २४०२.९०.१० | ---तयारी बिंडी | प्र.हजार खिल्ली रु.५५०० | प्र.हजार खिल्ली रु.५५०० |
| | २४०२.९०.२० | ---सबै प्रकारका सिगार | प्र.हजार खिल्ली रु. ११००० | प्र.हजार खिल्ली रु. ११००० |
| | २४०२.९०.९० | ---अन्य | प्र.हजार खिल्ली रु. ११००० | प्र.हजार खिल्ली रु. ११००० |
| २४.०३ | | **अन्य निर्मित (म्यानुफ्याक्चर्ड) सुर्ती र निर्मित (म्यानुफ्याक्चर्ड) सुर्तीका प्रतिस्थापकहरू; "समरुपी (होमाजिनाइज्ड)" वा "पुनर्निर्मित (रिकन्स्टिचूएटेड)" सुर्ती; सुर्तीको सार र सत्त्वहरू।** | | |
| | | -कुनै पनि अनुपातमा सुर्तीको प्रतिस्थापक भएको वा नभएको धूम्रपान गर्ने सुर्तीः | | |
| | | --अन्यः | | |
| | २४०३.१९.२० | ---चुरोट तथा बिंडीका लागि प्रशोधित सुर्ती | ६० | ६० |
| | २४०३.१९.९० | ---अन्य | ६० | ६० |
| | | -अन्यः | | |
| | २४०३.९१.०० | --समरुपी (होमाजिनाइज्ड) वा पुनर्निर्मित (रिकन्स्टिचूएटेड) सुर्ती | ६० | ६० |
| | | --अन्यः | | |

| | | | | |
|---|---|---|---|---|
| | २४०३.९९.२० | ---खुद्रा बिक्रीका लागि नराखिएको काटिएको सुर्ती (कट् टोबाको); धुलो सुर्ती (डस्ट टोबाको) | ६० | ६० |
| | | (२) उपशीर्षक २५१५.१२.०० को सट्टा देहाएका उपशीर्षकहरू राखिएका छन्ः- | | |
| | | --करौंतीद्वारा वा अरू किसिमले आयताकार (वर्गाकार समेत) स्वरुपमा ढिक्का वा पाताका रुपमा केवल काटेकोः | | |
| | २५१५.१२.१० | ---ढिक्का (ब्लक) | १० | १० |
| | २५१५.१२.२० | ---पाता (स्ल्याब) | २० | २० |
| | २५१५.१२.९० | ---अन्य | २० | २० |
| | २५१५.२०.०० | –इकोजिन वा अन्य चून मिश्रित स्मारक वा भवन बनाउने ढुङ्गा र एलावाष्टर (स्फटिक ढुङ्गा) | २० | २० |
| | | (३) उपशीर्षक २५१६.१२.०० को सट्टा देहाएका उपशीर्षकहरू राखिएका छन्ः- | | |
| | | --करौंतीद्वारा वा अरू किसिमले आयताकार (वर्गाकार समेत) स्वरूपमा ढिक्का वा पाताका रूपमा केवल काटेकोः | | |
| | २५१६.१२.१० | ---ढिक्का (ब्लक) | १० | १० |
| | २५१६.१२.२० | ---पाता (स्ल्याब) | २० | २० |
| | २५१६.१२.९० | ---अन्य | २० | २० |
| २९.४० | २९४०.००.०० | **सुक्रोज, ल्याक्टोज, माल्टोज, ग्लुकोज र फ्रुक्टोज बाहेकका रासायनिक तवरले शुद्ध चिनीहरू; शीर्षक २९.३७, २९.३८ वा २९.३९ का उत्पादनहरू बाहेक चिनीका इथरहरू, चिनीका एसिटलहरू, चिनीका एस्टरहरू र तिनका लवणहरू।** | ५ | ५ |

| | | | | |
|---|---|---|---|---|
| | | (४) उपशीर्षकहरू ३००२.९०.१० र ३००२.९०.९० सट्टा देहायको उपशीर्षक राखिएको छः- | | |
| | ३००२.९०.०० | -अन्य | ६ | १० |
| | | (५) उपशीर्षक ३००३.९०.४० को सट्टा देहाएका उपशीर्षकहरू राखिएका छन्ः- | | |
| | ३००३.९०.४१ | ----बत्तीसा, द्राक्षासव, त्रिफला, कब्जहर र केशरी जीवन | ९ | १० |
| | ३००३.९०.४९ | ----च्यवनप्रास, दशमुलारिष्ट, अशोकारिष्ट, कल्पसुन्दरी, अभ्यरिष्ट, अर्जुनारिष्ट, अस्वगन्धारिष्ट, महामन्जीसठाडी, खरिदारिष्ट, पुटजारिष्ट, विडँगासव, कुमार्यासव, उसीरासव, लोहसव, प्रदरसुधा, पुनर्नवारिष्ट, अरविन्दासव, सरस्वतारिष्ट, पत्राँगासव र यस्तै प्रकारको उत्पादनहरू | ९ | १० |
| | | (६) उपशीर्षक ३००३.९०.४० पछि देहायको उपशीर्षक थप गरिएको छः | | |
| | ३००३.९०.५० | ---मेन्थल वा कपुरयुक्त औषधीय बाम र यस्तै उत्पादनहरू | ९ | १० |
| | | (७) उपशीर्षक ३००४.९०.४१ को सट्टा देहायको उपशीर्षक राखिएको छः- | | |
| | ३००४.९०.४१ | ---बत्तीसा, द्राक्षासव, त्रिफला, कब्जहर र केशरी जीवन | ९ | १० |
| **३१.०२** | | **नाइट्रोजनयुक्त खनिज वा रासायनिक मलखादहरू।** | | |
| | | -जलीय घोलमा भएको वा नभएको युरियाः | | |
| | ३१०२.१०.१० | ---डिजेल इगजस्ट फ्लुड | ९.५ | १० |

| | | | | |
|---|---|---|---|---|
| | | (८) उपशीर्षक ३१०२.१०.९१ र ३१०२.१०.९९ को सट्टा देहायका उपशीर्षकहरू राखिएका छन्:- | | |
| | ३१०२.१०.२० | ---टेक्निकल ग्रेड | ५ | ५ |
| | ३१०२.१०.३० | ---फर्टिलाइजर ग्रेड | माफी | माफी |
| | ३१०२.१०.९० | ---अन्य | माफी | माफी |
| ४३.०२ | | **प्रशोधित वा परिष्कृत (ट्याण्ड वा ड्रेस्ड) भुवादार छालाहरू (टाउको, पुच्छर, पञ्जा र अन्य टुक्रा वा काटिएका टुक्राहरू समेत), संयोजन गरिएका (एसेम्बल्ड) (अन्य पदार्थहरू नथपीकन) वा नगरिएका (अनएसेम्बल्ड), शीर्षक ४३.०३ का बाहेक।** | | |
| | | -टाउको, पुच्छर वा पञ्जाहरू सहित वा रहित, संयोजन नगरिएका (नट एसेम्बल्ड) सिङ्गो छाला (स्किन) हरू: | | |
| | | (९) उपशीर्षकहरू ४३०२.११.००, ४३०२.१९.००, ४३०२.२०.०० र ४३०२.३०.०० को सट्टा देहायका उपशीर्षकहरू राखिएको छन्:- | | |
| | ४३०२.११.०० | --मिन्कको | ७.२५ | १० |
| | ४३०२.१९.०० | --अन्य | ७.२५ | १० |
| | ४३०२.२०.०० | -जोडेर नबनाइएका (नट एसेम्बल्ड) टाउकाहरू, पुच्छरहरू, पञ्जाहरू र अन्य टुक्रा (पिस वा कटिङ्ग) हरू | ७.२५ | १० |
| | ४३०२.३०.०० | -जोडेर बनाइएका (एसेम्बल्ड) सिङ्गो छाला (स्किन) हरू र | ७.२५ | १० |

| | | | | |
|---|---|---|---|---|
| | | तिनका टुक्रा (पिस वा कटिङ्ग) हरू | | |
| | | (१०) उपशीर्षक ४४०१.१९.०० को सट्टा देहायको उपशीर्षक राखिएको छः- | | |
| | ४४०१.१२.०० | --गैरकोणधारी (नन-कोनिफेरस) | ५ | ५ |
| **४४.२१** | | **काठका अन्य सामग्रीहरू।** | | |
| | | -अन्यः | | |
| | | --बाँसकोः | | |
| | ४४२१.९१.२० | ---मसला नहालेको सलाईको काँटी (मैच स्प्लिण्ट्स) | ५ | ५ |
| | | --अन्यः | | |
| | ४४२१.९९.२० | ---मसला नहालेको सलाईको काँटी (मैच स्प्लिण्ट्स) | ५ | ५ |
| **४८.१४** | | **भित्ते कागत (वालपेपर) र यस्तै भित्ता ढाक्ने वस्तुहरू; कागतका विण्डो ट्रान्सप्यारेन्सीहरू (वातायन पारदर्शक)।** | | |
| | ४८१४.२०.०० | -मोहडातर्फ (फेस् साइड्) दानादार, उत्थितालङ्कृत (एमबोस्ड), रङ्गिन, नमुना मुद्रित, वा अन्य किसिमले सजावट गरिएको प्लाष्टिकको पत्रले लेपन गरिएको वा ढाकिएको कागतले बनेको भित्ते कागत (वालपेपर) र यस्तै भित्ता ढाक्ने वस्तुहरू | ७.२५ | २० |
| | ४८१४.९०.०० | -अन्य | ७.२५ | २० |
| **५९.०५** | ५९०५.००.०० | **कपडा पदार्थका भित्ताका आवरण (वाल कभरिङ्ग) हरू।** | ७.२५ | २० |
| **६५.०६** | | **भित्री (अस्तर) हालेको वा नहालेको, शोभोकरण (ट्रिमिङ्ग) भएको वा नभएको अन्य शिरपोश।** | | |
| | ६५०६.१०.०० | -सुरक्षात्मक शिरपोश | २० | २० |

| | | | | |
|---|---|---|---|---|
| | | -अन्यः | | |
| | ६५०६.९१.०० | --रबर वा प्लास्टिकको | ७.२५ | २० |
| | ६५०६.९९.०० | --अन्य पदार्थहरूको | ७.२५ | २० |
| ६८.०८ | | **सिमेन्ट, प्लाष्टर वा अन्य खनिज पदार्थका बन्धक (बाइण्डर) द्वारा एकत्रित गरिएका वानस्पतिक रेशाका, परालका, काठका छ्याकन, चिप्स, मसिना टुक्रा, धुलो र अन्य अवशेषका प्यानल, बोर्ड, टायल, ब्लक र यस्तै वस्तुहरू।** | | |
| | ६८०८.००.१० | ---काठको धुलो, सिमेन्ट र विभिन्न वाइण्डिङ्ग केमिकल्स मिश्रण गरी बनेको विभिन्न मोटाइका बोर्डहरू | ६ | १५ |
| | ६८०८.००.९० | ---अन्य | ७.२५ | १५ |
| ६८.०९ | | **प्लास्टरका सामानहरू वा प्लास्टरको मिश्रणमा आधारित सामानहरू।** | | |
| | | -अलंकृत नगरिएका बोर्डहरू, शीटहरू, प्यानलहरू, टायलहरू र यस्तै सामानहरुः | | |
| | ६८०९.११.०० | --कागत वा कागतगाता मात्रले मोहडा बनाइएको (फेस्ड) वा मजबूत गरिएको (रिइनफोर्स्ड) | ७.२५ | १५ |
| | ६८०९.१९.०० | --अन्य | ७.२५ | १५ |
| | ६८०९.९०.०० | -अन्य सामानहरू | ७.२५ | १५ |
| ६८.१० | | **मजबूत गरिएका वा नगरिएका सिमेन्टका, कङ्क्रिटका वा कृत्रिम पत्थरका सामानहरू।** | | |
| | | -टायलहरू, फ्ल्यागस्टोनहरू, इँटाहरू यस्तै सामानहरुः | | |
| | | --निर्माणका ब्लकहरू र इँटाहरुः | | |
| | ६८१०.११.१० | ---अटोक्लेभ्ड एरेटेड कङ्क्रिट चौकोस (ए. ए. सी. ब्लक) | ७.२५ | १५ |

| | | | | |
|---|---|---|---|---|
| | ६८१०.११.९० | ---अन्य | ७.२५ | १५ |
| | | --अन्यः | | |
| | ६८१०.१९.९० | ---अन्य | ६ | १० |
| | | -अन्य सामानहरूः | | |
| | ६८१०.९१.०० | --निर्माण वा सिभिल इञ्जिनियरिङ्गका लागि पूर्वनिर्मित संरचनात्मक अवयवहरू | ६ | १० |
| | ६८१०.९९.०० | --अन्य | ६ | १० |
| ६८.११ | | **अस्बेष्टस-सिमेन्टका, सेलुलोज फाइबर-सिमेन्टका वा यस्तै वस्तुका सामानहरू।** | | |
| | ६८११.४०.०० | -अस्बेष्टस भएको | ६ | १० |
| | | -अस्बेष्टस नभएकोः | | |
| | ६८११.८१.०० | --कर्कट पाताहरू (कोरुगेटेड सिट्स) | ६ | १० |
| | ६८११.८२.०० | --अन्य पाताहरू, प्यानेलहरू, टायलहरू र यस्तै सामानहरू | ६ | १० |
| | ६८११.८९.०० | --अन्य सामानहरू | ६ | १० |
| ६८.१३ | | **कपडा वा अन्य पदार्थकासाथ संयोजित भएका वा नभएका, एस्बेष्टस, अन्य खनिज तत्त्वहरू वा सेल्यूलोजमा आधारित, ब्रेक, क्लच र यस्तै प्रयोजनका, जडान नभएका, घर्षण पदार्थ वा तिनका सामानहरू (जस्तै, शीटहरू, रोलहरू, स्ट्रिपहरू, खण्ड (सेग्मेण्ट) हरू, चक्काहरू, वासरहरू, प्याडहरू)।** | | |
| | | -एस्बेष्टस भएका | | |
| | ६८१३.२०.१० | ---ब्रेक लाइनिङ्ग र प्याडहरू | ६ | १० |
| | ६८१३.२०.९० | ---अन्य | ६ | १० |
| | | -एस्बेष्टस नभएकाः | | |
| | ६८१३.८१.०० | --ब्रेक लाइनिङ्ग र प्याडहरू | ६ | १० |
| | ६८१३.८९.०० | --अन्य | ६ | १० |

| | | | | |
|---|---|---|---|---|
| ६९.१० | | **सेरामिकका सिङ्कहरू, वास बेसिनहरू, वास बेसिनका आधार (पेडिस्टल) हरू, स्नानागार (वाथ) हरू, गुप्ताङ्गप्रक्षालन पात्र (बिडेट) हरू, दिसा गर्ने प्यानहरू, दिसा पिसाव पखाल्ने सिष्टर्नहरू, मूत्र पात्र (यूरिनल) हरू र त्यस्तै सरसफाइ सम्बन्धी जडानहरू।** | | |
| | ६९१०.१०.०० | -पोर्सिलिन वा चाइनाका | २० | २० |
| | ६९१०.९०.०० | -अन्य | २० | २० |
| ६९.१३ | | **स-साना मूर्ति (स्टयाच्युट) हरू र सेरामिकका अन्य आलङ्कारिक सामानहरू।** | | |
| | ६९१३.१०.०० | -पोर्सिलिन वा चाइनाका | २० | २० |
| | ६९१३.९०.०० | -अन्य | २० | २० |
| ६९.१४ | | **सेरामिकका अन्य सामानहरू।** | | |
| | ६९१४.१०.०० | -पोर्सिलिन वा चाइनाका | ७.२५ | २० |
| | ६९१४.९०.०० | -अन्य | ७.२५ | २० |
| ७०.१० | | **वस्तुको ओसारपसार वा प्याकिङ्ग गर्नमा प्रयोग हुने किसिमका काँचका कारब्वाय, बोतल, फ्ल्यास्क, जार, भाँडाकुँडा, साना सिसी (फायल), एम्पुल र अन्य कन्टेनरहरू; काँचका संरक्षण गर्ने (प्रिजर्भिङ्) जारहरू; काँचका ठेडी, बुजो, ढक्कन र बन्द गर्ने अन्य बिर्कोहरू।** | | |
| | ७०१०.२०.०० | -ठेडी, बुजो, ढक्कन र बन्द गर्ने अन्य बिर्कोहरू | ६ | १० |
| | ७०१०.९०.०० | -अन्य | ६ | १० |
| ७१.०६ | | **अपरिष्कृत (अनरुट) वा अर्ध निर्मित स्वरूपको वा धुलो स्वरूपको चाँदी (सुनको वा प्लाटिनमको जलप लगाइएको चाँदी समेत)।** | | |

| | | | | |
|---|---|---|---|---|
| | ७१०६.१०.०० | - धुलो | १० | १० |
| | | -अन्य: | | |
| | ७१०६.९१.०० | --अपरिष्कृत | १० | १० |
| | ७१०६.९२.०० | --अर्ध निर्मित | १० | १० |
| **७१.०८** | | **अपरिष्कृत वा अर्ध निर्मित रूपका वा धुलो रूपका सुन (प्लाटिनमको जलप लगाएको सुन समेत)।** | | |
| | | -अमौद्रिक: | | |
| | ७१०८.११.०० | --धुलो | १० | १० |
| | ७१०८.१२.०० | --अन्य अपरिष्कृत रूपको | १० | १० |
| | ७१०८.१३.०० | --अन्य अर्धनिर्मित रूपको | १० | १० |
| | ७१०८.२०.०० | -मौद्रिक | १० | १० |
| **७२.१०** | | **फलाम वा अमिश्रित इस्पातका फ्ल्याट-रोल्ड उत्पादनहरू, ६०० मि.मि. वा सोभन्दा बढी चौडाइ भएको, आच्छादन, जलप वा लेपन गरिएको।** | | |
| | | -टिनको जलप वा लेप लगाइएको: | | |
| | ७२१०.११.०० | --०.५ मि.मि. वा बढी मोटाइको | १० | १० |
| | ७२१०.१२.०० | --०.५ मि.मि. भन्दा कम मोटाइको | १० | १० |
| **७२.१३** | | **फलाम वा अमिश्रित इस्पातका डण्डी र छडहरू (बार्स एण्ड रड्स), तापबेलित, अनियमित रूपले बेह्रिएको कुण्डली (क्वायल) हरू।** | | |
| | | -अन्य: | | |
| | | --१४ मि.मि. भन्दा कम नापको ब्यास भएको वृत्ताकार तिर्यकच्छेद (क्रस सेक्सन) को: | | |
| | ७२१३.९१.१० | ---८ मि.मि. ननाघेको | १० | १० |
| **७३.०३** | ७३०३.००.०० | **ढालेको फलाम (काष्ट आइरन) का नलीहरू, पाइपहरू र खोक्रो प्रोफायलहरू।** | ७.२५ | २० |

| | | | | |
|---|---|---|---|---|
| ८४.३० | | **जमीन (अर्थ), खनिज पदार्थ वा धाउहरूलाई स्थानान्तरण गर्ने वा हटाउने (मुभिङ्ग), वर्गीकरण गर्ने वा तल सन्तुलित गर्ने (ग्रेडिङ्ग), सम्याउने (लेभेलिङ्ग), ताछ्ने (स्क्रेपिङ्ग), उत्खनन गर्ने (एक्सक्याभेटिङ्ग), भर्ने (ट्याम्पिङ्ग) सुसंहत गर्ने (कम्प्याक्टिङ्ग), निष्कर्षण गर्ने (एक्सट्र्याक्टिङ्ग) वा प्वाल पार्ने (बोरिङ्ग) यन्त्रावली।** | | |
| | | -कोइला (कोल) वा चट्टान (रक) काट्ने उपकरण र सुरुङ्ग खन्ने (टनेलिङ्ग) यन्त्रावलीः | | |
| | ८४३०.३१.०० | --स्वयं प्रणोदित (सेल्फ प्रोपेल्ड) | १ | १ |
| | ८४३०.३९.०० | --अन्य | १ | १ |
| | | (११) उपशीर्षक ८४७४.२०.०० को सट्टा देहायको उपशीर्षक राखिएको छः- | | |
| | ८४७४.२०.०० | -धुल्याउने वा पिँध्ने यन्त्रहरु | ५ | ५ |
| | | (१२) उपशीर्षक ८४७९.८९.९१ पछि देहायको उपशीर्षक थप गरिएको छः- | | |
| | ८४७९.८९.९२ | ----प्राकृतिक तथा प्राङ्गारिक मल उत्पादन गर्ने मेशिन | माफी | माफी |
| | | (१३) उपशीर्षक ८५२५.८१.३० पछि देहायको उपशीर्षक थप गरिएको छः- | | |
| | ८५२५.८१.४० | ---सि.सि.टि.भि. क्यामराहरू | माफी | माफी |
| | | (१४) उपशीर्षक ८५२५.८२.३० पछि देहायको उपशीर्षक थप गरिएको छः- | | |
| | ८५२५.८२.४० | ---सि.सि.टि.भि. क्यामराहरू | माफी | माफी |

| | | | | |
|---|---|---|---|---|
| | | (१५) उपशीर्षक ८५२५.८३.३० पछि देहायको उपशीर्षक थप गरिएको छः- | | |
| | ८५२५.८३.४० | ---सि.सि.टि.भि. क्यामराहरू | माफी | माफी |
| | | (१६) उपशीर्षक ८५२५.८९.३० पछि देहायको उपशीर्षक थप गरिएको छः- | | |
| | ८५२५.८९.४० | ---सि.सि.टि.भि. क्यामराहरू | माफी | माफी |
| **८५.४३** | | **यो भागको अन्यत्र नपरेको निर्दिष्ट एकल कार्य (इनडिभिजुअल फङ्क्सन्स) मात्र सम्पादन गर्ने क्षमता भएका विद्युतीय औजार र उपकरणहरू।** | | |
| | ८५४३.४०.०० | -इलेक्ट्रोनिक चुरोटहरू र यस्तै प्रकारका व्यक्तिगत विद्युतीय भाप निकाल्ने (भेपोराइजिङ्ग) साधनहरू | ५ | २० |
| | | -पार्टपुर्जाहरूः | | |
| | ८५४३.९०.१० | ---इलेक्ट्रोनिक चुरोटहरू (सिगरेट्स) र यस्तै प्रकारका व्यक्तिगत विद्युतीय वाष्पीकरण (भेपोराइजिङ्ग) गर्ने साधनहरूका पार्टपुर्जा | ५ | १० |
| | | (१७) उपशीर्षक ८७०२.१०.४० को उपशीर्षक पाठको सट्टा देहायको उपशीर्षक पाठ राखिएको छः- | | |
| | | ---अन्य मोटर गाडीहरू | | |
| | | (१८) उपशीर्षक ८७०२.२०.४० को उपशीर्षक पाठको सट्टा देहायको उपशीर्षक पाठ राखिएको छः- | | |
| | | ---अन्य मोटर गाडीहरू | | |
| | | (१९) उपशीर्षक ८७०२.३०.४० को उपशीर्षक | | |

| | | | | |
|---|---|---|---|---|
| | | पाठको सट्टा देहायको उपशीर्षक पाठ राखिएको छः- | | |
| | | ---अन्य मोटर गाडीहरू | | |
| | | (२०) उपशीर्षक ८७०२.४०.४० को उपशीर्षक पाठको सट्टा देहायको उपशीर्षक पाठ राखिएको छ। | | |
| | | ---अन्य मोटर गाडीहरू | | |
| | | (२१) उपशीर्षक ८७०२.९०.४० को शीर्षक पाठको सट्टा देहायको शीर्षक पाठ राखिएको छ। | | |
| | | ---अन्य मोटर गाडीहरू | | |
| ८७.०४ | | **सामान ढुवानी गर्ने अन्य मोटर गाडीहरू।** | | |
| | | (२२) उपशीर्षक ८७०४.६०.२० पछि देहायका उपशीर्षकहरू थपिएका छन्:- | | |
| | | ---मूलतः सामानको ओसारपसार गर्ने पिकअप गाडीहरू: | | |
| | ८७०४.६०.३१ | ----मूलतः सामानको ओसारपसार गर्ने र ड्राइभर सहित २ जना मात्र मानिस बोक्ने सुविधा भएका सिङ्गल क्याब पिकअप गाडी | १५ | १५ |
| | ८७०४.६०.३२ | ----मूलतः सामानको ओसारपसार गर्ने र ड्राइभर सहित २ जना भन्दा बढी मानिस बोक्ने सुविधा भएका डबल क्याब पिकअप गाडी | २० | २० |
| | | ---मूलतः सामानको ओसारपसार गर्ने ढुवानीका साधनहरू: | | |
| | ८७०४.६०.४१ | ----लरी, ट्रक, टिपर, डम्पर र यस्तै अन्य ढुवानीका साधनहरू | १५ | १५ |
| | ८७०४.६०.४२ | ----कन्टेनर जोडिएका ट्रकहरू | १५ | १५ |

| | | | | |
|---|---|---|---|---|
| | ८७०४.६०.४९ | ----अन्य | १५ | १५ |
| | ८७०४.६०.५० | ---कम्प्याक्टर (कम्प्रेसिङ्ग डिभाइस) सहितका फोहोर (गार्बेज) सङ्कलन तथा ढुवानी गर्ने गाडीहरू | १० | १० |
| | | ---ट्याङ्करहरू: | | |
| | ८७०४.६०.६१ | ----दूध ढुवानीका लागि विशेष किसिमले तयार गरिएका ट्याङ्करहरू | १ | १ |
| | ८७०४.६०.६२ | ----तरल पेट्रोलियम ग्याँस ढुवानीका लागि विशेष किसिमले तयार गरिएको बुलेट ट्याङ्कर-ट्रकहरू | १० | १० |
| | ८७०४.६०.६९ | ----अन्य | १५ | १५ |
| | ८७०४.६०.७० | ---डेलिभरी भ्यान | १५ | १५ |
| | ८७०४.६०.९० | ---अन्य | २० | २० |
| | | (२३) उपशीर्षक ८७११.६०.१० पछि देहायका उपशीर्षकहरू थप गरिएका छन्:- | | |
| | ८७११.६०.२० | ---मोटरसाइकलहरू | १० | १० |
| | | ---स्कुटरहरू: | | |
| | ८७११.६०.३१ | ----पेडल सहितका मोपेड स्कुटरहरू | १० | १० |
| | ८७११.६०.३२ | ----पेडल नभएका मोपेड स्कुटरहरू | १० | १० |
| | ८७११.६०.३९ | ----अन्य | १० | १० |
| | | (२४) उपशीर्षक ९४०४.१०.०० को सट्टा देहायको उपशीर्षक राखिएको छ:- | | |
| | ९४०४.१०.०० | -मेट्रेस सपोर्टहरू | ११.२५ | ३० |

(१३) अनुसूची-४ को सट्टा देहायको अनुसूची-४ राखिएको छ:-

## अनुसूची-४

(दफा ७ को उपदफा (४) सँग सम्बन्धित)

## पैठारी सम्बन्धी विशेष व्यवस्था

१. **यात्रुले ल्याउने वस्तु सम्बन्धमा:** यात्रुले महसुल छुटमा ल्याउन पाउने वस्तु बाहेक यात्रुले ल्याउन र लैजान पाउने निजी प्रयोगका वस्तु सम्बन्धी सूचना अनुसार विदेशबाट आफूसँग ल्याएको (एकम्पनिड) वा आफू आउनुभन्दा अघि वा पछि ल्याएको (अनएकम्पनिड) वस्तुमा दफा ७ र ९ बमोजिम महसुल लाग्नेछ।

तर,

(१) विदेशबाट फर्केका यात्रुले आफ्नो साथमा ल्याएको सुन तथा सुनका गहनामा देहाय बमोजिम महसुल लाग्नेछः-

(क) सुनको हकमा,-

(अ) पहिलो पचास ग्रामसम्म प्रचलित दर अनुसार लाग्ने महसुल।

(आ) पचास ग्रामभन्दा बढी थप पचास ग्रामसम्म प्रचलित दर अनुसार लाग्ने महसुलको अतिरिक्त थप तीन प्रतिशत।

(ख) सुनको गहनाको हकमा,-

(अ) पुरुषको हकमा पच्चीस ग्राम र महिलाको हकमा पचास ग्रामसम्म सुनका गहनामा कुनै महसुल लाग्ने छैन।

(आ) उपखण्ड (अ) मा उल्लेख भएको परिमाणभन्दा बढी थप पचास ग्रामसम्म सुनका गहनामा प्रचलित दर अनुसार महसुल लाग्नेछ।

(इ) उपखण्ड (आ) मा उल्लेख भएको परिमाणभन्दा बढी थप पचास ग्रामसम्म सुनका गहनामा

प्रचलित दर अनुसार लाग्ने महसुलको अतिरिक्त थप तीन प्रतिशत महसुल लाग्नेछ।

तर सामान्य गहनाको आकार मात्रै दिएर बनाइएका बेरुवा औँठी, बाला, सिक्री जस्ता वस्तुलाई उपखण्ड (अ), (आ) वा (इ) को प्रयोजनका लागि गहनाको रुपमा मान्यता दिइने छैन।

(२) बुँदा (१) को खण्ड (क) वा (ख) मा उल्लेख भएका बढी परिमाणमा सुन तथा सुनका गहना पैठारी गरेमा बढी भएको परिमाण जति जफत गरिनेछ।

(३) यात्रुले ल्याउने सुन तथा सुनका गहनामा महसुल लिने प्रयोजनको लागि मूल्य कायम गर्दा भन्सार अधिकृतले सुनको अन्तर्राष्ट्रिय बजार मूल्य समेतलाई आधार लिई भन्सार मूल्य कायम गर्न सक्नेछ।

(४) विदेशी यात्रुले आफ्नो साथमा ल्याउन पाउने पुरुषको हकमा पच्चीस ग्राम र महिलाको हकमा पचास ग्रामसम्म सुनको गहना र एक सय ग्रामसम्म चाँदीका गहनाभन्दा बढी निजी प्रयोगका सुन तथा चाँदीका गहना पछि फिर्ता लैजाने गरी भन्सार कार्यालयमा घोषणा गरेमा त्यस्तो गहना परीक्षण गरी सो गहनाको मूल्यको बीस प्रतिशत रकम धरौटी राखी ल्याउन दिइनेछ। त्यसरी ल्याएको गहना निज यात्रु फर्कँदा भन्सार कार्यालयमा परीक्षण गराई त्यस्तो गहना ल्याउँदा राखेको धरौटी रकम फिर्ता लैजान सक्नेछ। त्यसरी परीक्षण गर्दा घोषणा गरेभन्दा फरक गुणस्तर तथा परिमाण भएको प्रमाणित भएमा भन्सार सम्बन्धी प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

तर भारतबाट विवाह लगायतका सामाजिक कार्यमा आउने यात्रुले आफ्नो स्वःप्रयोजनका लागि ल्याउने गहना

आफू फर्कँदा फिर्ता लैजाने शर्तमा भन्सार कार्यालयमा घोषणा गरी ल्याउन सक्नेछ।

(५) कुनै विदेशी यात्रुले तोकिएको परिमाणभन्दा बढी सुन तथा चाँदीका गहनाहरु ल्याई भन्सार कार्यालयमा ट्राञ्जिटमा डिपोजिट राख्न घोषणा गरेमा भन्सार कार्यालयले त्यस्ता गहना सुरक्षित साथ राखी सोको निस्सा सम्बन्धित यात्रुलाई दिनु पर्नेछ। त्यस्तो यात्रु नेपालबाट फिर्ता जाँदा निजले डिपोजिट राखेको गहना भन्सार कार्यालयले फिर्ता दिनु पर्नेछ।

(६) श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गई फर्केका नेपाली नागरिकले ल्याउन र लैजान पाउने निजी प्रयोगका वस्तु सम्बन्धमा नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिमको देहायका वस्तुमा महसुल छुट दिइनेछः -

(क) लगातार कम्तीमा छ महिना विदेशमा बसी फर्केको यात्रुले ल्याएको आफूले प्रयोग गरिरहेको बाहेक अर्को सेलुलर मोबाइल फोन एक थान।

(ख) लगातार कम्तीमा बाह्र महिना विदेशमा बसी फर्केको र सामाजिक सुरक्षा कोषमा सूचीकृत भएको यात्रुले ल्याएको जुनसुकै आकार वा प्रकारको र त्यस्तो कोषमा सूचीकृत नभएको यात्रुले ल्याएको बत्तीस इञ्चसम्मको टेलिभिजन एक थान।

तर यस खण्ड बमोजिमको सुविधा अभिलेख रहने गरी एक पटकको लागि मात्र दिइनेछ।

२. **पुराना सवारी साधन र यन्त्र उपकरणमा ह्रासकट्टी सम्बन्धी व्यवस्थाः** (१) कूटनीतिक सुविधा वा महसुल सुविधामा पैठारी भएका वा आयोजना वा आयोजनाको ठेकेदार वा परामर्शदाताका नाममा पछि फिर्ता लैजाने शर्तमा पूर्ण वा आंशिक महसुल सुविधामा

वा लाग्ने महसुल बापत बैङ्क जमानत वा नगद धरौटी राखी पैठारी भएका वा अन्य सङ्घ, संस्थाको नाममा पूर्ण वा आंशिक महसुल छुटमा पैठारी भएका सवारी साधन तथा यन्त्र उपकरण नेपालभित्र कसैलाई उपहार दिएमा वा बिक्री गरेमा वा पैठारी गर्नेले आफ्नै प्रयोजनको लागि राख्ने भएमा त्यस्ता सवारी साधन तथा यन्त्र उपकरणको महसुल लिने प्रयोजनको लागि भन्सार अधिकृतले पैठारी हुँदाको अवस्थामा कायम भएको मूल्यमा वार्षिक दश प्रतिशतको दरबाट प्रत्येक वर्षको अवशिष्ट मूल्यमा अधिकतम पाँच वर्षको ह्रासकट्टी गरी मूल्य कायम गर्नेछ।

तर एक वर्षभन्दा कम हुन आउने अवधिलाई ह्रासकट्टी प्रयोजनका लागि गणना गरिने छैन।

(२) बुँदा (१) बाहेक निजी प्रयोगका लागि आंशिक महसुल छुटमा व्यक्तिगत रूपमा पैठारी भएका सवारी साधन अन्य व्यक्तिलाई बिक्री गर्ने वा हक हस्तान्तरण गर्ने भएमा महसुल लिने प्रयोजनको लागि मूल्य कायम गर्दा वार्षिक दश प्रतिशतका दरले प्रत्येक वर्षको अवशिष्ट मूल्यमा अधिकतम पाँच वर्षको ह्रासकट्टी गरी मूल्य कायम गरिनेछ।

तर एक वर्षभन्दा कम हुन आउने अवधिलाई ह्रासकट्टी प्रयोजनका लागि गणना गरिने छैन।

(३) बुँदा (१) वा (२) बमोजिम पैठारी भएको सवारी साधनको पैठारीका अवस्थामा कायम भएको मूल्य अन्य त्यस्तै सवारी साधनको मूल्यभन्दा अस्वाभाविक रूपमा कम भएको अवस्थामा बाहेक सामान्यतः पैठारी गर्दा कायम गरेको विदेशी मुद्रालाई आधार मानी बुँदा (१) वा (२) बमोजिम मूल्य कायम गरिनेछ।

(४) बुँदा (१) वा (२) बमोजिम सवारी साधनमा ह्रासकट्टी गर्दा उक्त सवारी साधनको उत्पादन मितिदेखि गणना गरिनेछ र

पैठारी हुनुपूर्व विदेशमा व्यतित भएको अवधि कटाई बाँकी अवधिको मात्र ह्रासकट्टी गरिनेछ।

(५) यस प्रकरणमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कूटनीतिक निकायबाट गरेको सवारी साधनको बिक्रीलाई लिलाम गरे सरह मानिनेछ।

३. **सवारी वा ढुवानीका साधन पैठारी सम्बन्धी विशेष व्यवस्थाः** (१) सवारी वा ढुवानीका साधन पैठारी गर्दा देहायका शर्तहरू पालना गर्नु पर्नेछः-

(क) निर्माता कम्पनी वा निजको आधिकारिक बिक्रेताबाट खरिद गरिएका नयाँ सवारी वा ढुवानीका साधन नेपालस्थित आधिकारिक बिक्रेताले मात्र पैठारी गर्न पाउनेछ।

(ख) रिकण्डिसन्ड, प्रयोग भइसकेको वा प्रचलित नेपाल सवारी प्रदूषण मापदण्डभित्र नपर्ने सवारी वा ढुवानीका साधन पैठारी गर्न पाइने छैन। त्यस्तो साधन कसैले पैठारी गरेमा जफत हुनेछ।

(ग) बिक्री गर्ने प्रयोजनको लागि खण्ड (क) बमोजिम पैठारी गरेका सवारी वा ढुवानीका साधनको पैठारीकर्ताले चौमासिक रूपमा एक वर्षमा तीन पटक त्यस्ता साधनको अधिकतम खुद्रा बिक्री मूल्य (एम.आर.पी.) राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित गर्नु पर्नेछ।

(घ) पैठारी भएका सवारी वा ढुवानीका साधनको खण्ड (ग) बमोजिम अधिकतम खुद्रा बिक्री मूल्य (एम.आर.पी.) प्रकाशित नगर्ने पैठारीकर्ताको पैठारी तथा बिक्री कारोबार रोक्का राखी विभागले छानबिन गर्न सक्नेछ।

(ङ) विद्युतीय सवारी तथा ढुवानी साधन वा त्यस्तो साधनमा प्रयोग हुने ब्याट्रीको पैठारीकर्ताले आफूले पैठारी

गरेको साधनमा प्रयोग भएको वा आफूले बिक्री गरेको ब्याट्री क्रेताबाट फिर्ता लिने तथा त्यस्तो ब्याट्रीको व्यवस्थापनसँग सम्बन्धित उपयुक्त योजना वर्षको एक पटक भन्सार कार्यालयमा पेस गरी सम्बन्धित पैठारीकर्ताको वेबसाइटमा समेत राख्नु पर्नेछ। त्यस्तो योजना पेस नगर्ने पैठारीकर्ताले विद्युतीय सवारी तथा ढुवानीको साधन पैठारी गर्न पाउने छैन।

(च) खण्ड (क) मा उल्लिखित शर्त उल्लङ्घन गरी सवारी वा ढुवानी साधन पैठारी गरेमा त्यस्ता सवारी तथा ढुवानी साधन जफत गर्नु पर्नेछ।

तर,

(अ) सरकारी निकाय, कूटनीतिक वा महसुल सुविधाप्राप्त व्यक्ति वा निकाय, ऋण तथा सहायतामा सञ्चालित सरकारी आयोजनाले पैठारी गर्ने सवारी तथा ढुवानीका साधन तथा अपाङ्गता भएका व्यक्तिले आफ्नो प्रयोजनको लागि पैठारी गर्ने स्कुटरमा यस बुँदाको खण्ड (क) को व्यवस्था लागू हुने छैन।

(आ) दमकल (बारुणयन्त्र) पैठारी गर्दा यस बुँदाको खण्ड (क) तथा (ख) को व्यवस्था लागू हुने छैन।

(इ) एक वर्षभन्दा बढी विदेशस्थित नेपालको कूटनीतिक नियोगमा काम गरेको नेपाली नागरिक आफ्नो कार्यकाल समाप्त भई नेपाल फर्कंदा निजले विदेशमा आफ्नो नाममा दर्ता गरी आफैंले प्रयोग गरेको सवारी साधन नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयको सिफारिसमा पैठारी गर्न सक्नेछ। त्यसरी पैठारी भएको सवारी

साधनमा यस अनुसूचीको प्रकरण २ बमोजिमको ह्रासकट्टी गरिने छैन।

(ई) नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तोकेको मापदण्ड बमोजिमको एम्बुलेन्स, शीर्षक ८७.०१ मा पर्ने ट्याक्टर र शीर्षक ८७.०५ मा पर्ने मोटरगाडी पैठारी गर्दा यस बुँदाको खण्ड (क) को व्यवस्था लागू हुने छैन।

(उ) नेपालले आयोजना गर्ने अन्तर्राष्ट्रिय वा क्षेत्रीय महत्वको सभा सम्मेलनको प्रयोजनको लागि नेपाल सरकार, मन्त्रिपरिषद्ले निर्णय गरी पैठारी गर्ने प्रचलित नेपाल सवारी प्रदूषण मापदण्डभित्र पर्ने सवारी साधनको हकमा यस बुँदाको खण्ड (क) को व्यवस्था लागू हुने छैन।

(ऊ) नेपालस्थित विदेशी कूटनीतिक नियोगमा कार्यरत कूटनीतिक पदाधिकारीले प्रयोग भइसकेका सवारी साधन पैठारी गर्न चाहेमा पारस्परिकताको आधारमा पैठारी गर्न दिन नेपाल सरकार, परराष्ट्र मन्त्रालयले सिफारिस गरेको अवस्थामा प्रचलित नेपाल सवारी प्रदूषण मापदण्डभित्र पर्ने सवारी साधन पछि आफ्नो कार्य अवधि समाप्त भएपछि फिर्ता लैजाने शर्तमा पैठारी गर्न दिन सकिनेछ।

(ए) यस अनुसूची बमोजिम वा नेपाल सरकारको निर्णयद्वारा भन्सार महसुल पूर्ण वा आंशिक छुट दिइएको व्यक्ति वा संस्था वा निकायले निर्माता कम्पनी वा निजको आधिकारिक बिक्रेताबाट सवारी साधन खरिद गरी पैठारी गर्दा यस बुँदाको खण्ड (क) को व्यवस्था लागू हुने छैन।

(२) भाग ८७ को गाडी र तिनका चेसिस पैठारी भएकोमा जुन किसिमको सवारी साधनको चेसिस वा जुन किसिमको गाडी भनी महसुल बुझाएको छ सोही किसिमको सवारी साधनमा दर्ता गर्नु पर्नेछ। अर्को किसिमको सवारी साधनमा दर्ता गरी प्रयोग गर्नु परेमा भन्सार कार्यालयले महसुल अपुग हुने भए सो रकम असुल गरी स्वीकृति दिएको अवस्थामा मात्र अर्को किसिमको सवारी साधनमा दर्ता गरी प्रयोग गर्न सकिनेछ र स्वीकृति नलिई यस बुँदा विपरीत दर्ता गरेको वा प्रयोगमा ल्याएको सवारी साधन जफत गरिनेछ।

(३) शीर्षक ८७.०२ को प्रयोजनका लागि सिट सङ्ख्या गणना गर्नु पर्दा सवारी तथा यातायात व्यवस्था सम्बन्धी प्रचलित नेपाल कानूनले यात्रुबाहक सवारी साधनको लागि तोकेको मापदण्ड अनुरुपका नियमित सिट र ड्राइभर सिट गणना गरिनेछ।

तर कण्डक्टर सिट र अन्य अतिरिक्त सिट तथा फोल्डिङ्ग सिटलाई गणना गरिने छैन।

(४) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपाल सरकारको पूर्ण स्वामित्व रहेको संस्थाले महसुल सुविधामा पैठारी गरेको पाँच वर्षभन्दा पुरानो गाडी र यन्त्र उपकरण लिलाम बिक्री गर्दा त्यसमा भन्सार महसुल लाग्ने छैन।

तर भन्सार सम्बन्धी प्रचलित कानून बमोजिम जफत भई नेपाल सरकारको निर्णय अनुसार नेपाल सरकारको स्वामित्वमा रहेको सवारी साधन लिलाम गर्दा पाँच वर्षको बन्देज लागू हुने छैन।

४. **भन्सार महसुल सुविधामा पैठारी भएको वस्तु सम्बन्धी विशेष व्यवस्थाः** (१) कूटनीतिक सुविधाप्राप्त व्यक्ति वा निकायले कूटनीतिक वा महसुल सुविधामा पैठारी गरेका सवारी साधन, यन्त्र उपकरण तथा वस्तु पैठारी गरेको मितिले पाँच वर्ष पुगेपछि बिक्री गरेमा वा उपहार दिएमा अनुसूची-३ बमोजिम लाग्ने भन्सार

महसुलको साठी प्रतिशत छुट हुनेछ। कूटनीतिक सुविधा वा महसुल सुविधामा पैठारी भएका त्यस्ता सवारी साधन, यन्त्र उपकरण तथा वस्तुको हकमा कुनै व्यक्तिलाई सो सुविधा दिँदा निजको नेपालमा पदाधिकार रहेको अवधिभर एक पटक मात्र दिइनेछ।

(२) नेपालभित्रका आयोजना सञ्चालनार्थ ती आयोजना वा ठेकेदारको नाममा पैठारी हुने वस्तुका सम्बन्धमा देहाय बमोजिम हुनेछः-

(क) सवारी र ढुवानीका साधन, निर्माणका यन्त्र उपकरण समेतको सम्बन्धमा,-

(अ) नेपाल सरकारसँग भएको सम्झौता वा नेपाल सरकारको निर्णयको अधिनमा रही सरकारी वा निजी क्षेत्रबाट सञ्चालित आयोजना वा सम्बन्धित ठेकेदारको नाममा पैठारी हुने निर्माणका यन्त्र उपकरण तथा सरकारी आयोजना वा सोसँग सम्बन्धित विदेशी ठेकेदार वा विदेशी ठेकेदार र नेपाली ठेकेदारको संयुक्त उपक्रमका नाममा पैठारी हुने सवारी तथा निर्माणका यन्त्र उपकरण र ढुवानी साधनमा लाग्ने महसुल बापतको रकम बैङ्क जमानत लिई मन्त्रालयले अस्थायी पैठारी गर्न दिन सक्नेछ। त्यसरी बैङ्क जमानत लिई अस्थायी पैठारी गर्न दिइने आयोजनाको लागि नभई नहुने वस्तुको विवरण भएको मास्टरलिस्ट सम्बन्धित निकायको राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृत वा लगानी बोर्ड नेपालको प्रमुख कार्यकारी

अधिकृतबाट स्वीकृत गरी सिफारिस गरेको हुनु पर्नेछ।

तर वैदेशिक सहायतामा सञ्चालित आयोजनाको हकमा सम्झौतामा उल्लिखित शर्तको अधीनमा रही सम्बन्धित मन्त्रालयको सचिव वा विकास साझेदारबाट भएको सिफारिसका आधारमा आयोजनाको लागि आवश्यक निर्माण यन्त्र उपकरण र सवारी तथा ढुवानी साधन आयोजनाको समाप्तिपछि अनिवार्य रुपमा फिर्ता लैजाने गरी मन्त्रालयले लगतमा राखी अस्थायी पैठारी गर्न अनुमति दिन सक्नेछ। त्यसरी पैठारी भएको वस्तु नेपालमा कसैलाई बिक्री, दान वा हस्तान्तरण गर्न पाइने छैन।

(आ) उपखण्ड (अ) बमोजिम पैठारी हुने सवारी र ढुवानी साधन, निर्माण यन्त्र उपकरण पैठारी गर्दा प्रज्ञापनपत्रमा नेपालभित्र रहने अवधि उल्लेख गरी जाँचपास गर्नु पर्नेछ। निर्धारित अवधिमा आयोजना सम्पन्न नभएको कारणले प्रज्ञापनपत्रमा उल्लिखित अवधिभन्दा बढी अवधिसम्म नेपालभित्र राख्नु पर्ने भएमा सम्बन्धित निकायबाट स्वीकृति लिई आयोजनाको अवधि थप भएको जानकारी विभागलाई दिनु पर्नेछ। सो आधारमा विभागले सम्बन्धित भन्सार कार्यालय तथा सम्बन्धित निकायलाई जानकारी गराउनेछ।

(इ) उपखण्ड (अ) बमोजिम पैठारी हुने सवारी र ढुवानी साधनको सवारी दर्ता गर्दा छुट्टै पहिचान

हुने किसिमले दर्ता गर्नु पर्नेछ र परियोजना अवधि समाप्त भएपछि त्यस्तो साधनको नवीकरण गरिने छैन। पैठारीकर्ताले त्यसरी दर्ता भएको सवारी तथा ढुवानी साधनको दर्ता प्रमाणपत्रको प्रतिलिपि सहितको जानकारी दर्ता भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित भन्सार कार्यालयलाई दिनु पर्नेछ।

(ई) नेपाल सरकारले म्याद थप दिएकोमा बाहेक आयोजना सम्पन्न भएको मितिले वा करार सम्झौता (ठेक्का सम्झौता) रद्द भएको मितिले तीन महिनाभित्र यस खण्ड बमोजिमका वस्तु फिर्ता लगिसक्नु पर्नेछ।

**स्पष्टीकरणः** यस प्रकरणको प्रयोजनको लागि "आयोजना सम्पन्न भएको मिति" भन्नाले सम्झौतामा उल्लेख भए अनुसारको डिफेक्ट लायाविलिटी पिरियड वा मर्मत अवधि (मेन्टिनेन्स पिरियड) सम्झनु पर्छ।

(उ) उपखण्ड (अ) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम वैदेशिक सहायतामा सञ्चालित आयोजनाले लगतमा राखी अस्थायी पैठारी गरेका निर्माण उपकरण, यन्त्र, सवारी तथा ढुवानी साधन बाहेक उपखण्ड (ई) बमोजिम वस्तु फिर्ता नलगी आफैंले उपयोग गरेमा, कसैलाई उपहार दिएमा वा बिक्री गरेमा उल्लिखित अवधिभित्रै प्रचलित कानून बमोजिम लाग्ने महसुल बुझाउनु पर्नेछ। त्यसरी तोकिएको अवधिभित्र फिर्ता नलगेका वा महसुल नबुझाएका सवारी र ढुवानी साधन,

निर्माण यन्त्र तथा उपकरण जफत गरिनेछ र अस्थायी पैठारी गर्दा राखेको बैङ्क जमानतबाट लाग्ने महसुल बराबरको रकम समेत राजस्वमा आम्दानी बाँधिनेछ।

(ऊ) सम्बन्धित ठेकेदारले एउटा परियोजनाको नाममा पैठारी गरेको वस्तु फिर्ता नलगेसम्म वा त्यस्तो वस्तुको महसुल नतिरेसम्म सोही ठेकेदारले अर्को परियोजनाको लागि त्यस्तै सवारी साधन, यन्त्र उपकरण तथा वस्तुहरू पैठारी गर्न पाउने छैन।

(ख) आयोजनामा खपत हुने वस्तुका सम्बन्धमा,-

वैदेशिक ऋण वा सहायतामा सञ्चालित तथा लगानी बोर्ड नेपालले स्वीकृत गरेको आयोजनामा खपत हुने वस्तुमा लाग्ने महसुल छुटको लागि मन्त्रालयमा सिफारिस गर्दा देहायका विषय सहित त्यस्ता वस्तुको विवरण भएको मास्टरलिस्ट सम्बन्धित निकायको राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृत वा लगानी बोर्ड नेपालको प्रमुख कार्यकारी अधिकृतले स्वीकृत गरी सिफारिस गरेको हुनु पर्नेछ,-

(अ) वैदेशिक ऋण वा सहायता वा लगानी बोर्ड नेपालबाट स्वीकृत लगानी सम्बन्धी सम्झौतामा भएको कर छुटको प्रावधान स्पष्ट खुलेको हुनु पर्ने,

(आ) आयोजनाको दर विश्लेषण तथा लागत अनुमानमा मास्टरलिस्टमा समावेश भएको वस्तुको कर बाहेकको मूल्य खुलेको हुनु पर्ने,

(इ) सम्झौता अङ्कको कति मूल्यको वस्तु पैठारी हुने हो सो खुलेको हुनु पर्ने,

(ई) मास्टरलिस्टमा उल्लिखित वस्तुमध्ये कुन नेपालमा खरिद गर्ने हो र कुन पैठारी गर्ने हो सो स्पष्ट रुपमा खुलाउनु पर्ने,

(उ) स्वीकृत मास्टरलिस्ट संशोधन भए संशोधन गर्नु पर्नाको आधार र कारण खुलाउनु पर्ने।

(ग) खण्ड (क) र (ख) मा उल्लिखित मास्टरलिस्टमा वस्तुको नाम, एकाइ, प्रतिएकाइ मूल्य, जम्मा मूल्य (सि.आई.एफ., सि.आई.पी., एफ.ओ.वि., एक्स वर्कस् डब्लु वा अन्य), मुद्रा, वस्तु वर्गीकरणको उपशीर्षक, उत्पत्तिको मुलुक, आयोजना तथा पैठारीकर्ताको नाम र आयोजना सम्पन्न हुने मिति समेत स्पष्ट रुपमा खुलाइएको हुनु पर्नेछ।

(घ) खण्ड (क) र (ख) मा उल्लिखित स्वीकृत मास्टर लिस्टमा पर्ने वस्तुको प्रतिएकाइ मूल्य सो मास्टर लिस्टमा उल्लेख भएको भन्दा पच्चीस प्रतिशतसम्म घटी भएमा समेत सो मूल्यलाई मान्यता दिइनेछ। वस्तुको प्रतिएकाइ मूल्य पच्चीस प्रतिशतभन्दा बढी घट्न गएमा मास्टर लिस्ट संशोधन गरी त्यस्तो मूल्य समायोजन गर्नु पर्नेछ।

(३) बुँदा (२) बमोजिम सुविधामा पैठारी भएको वस्तु जुन आयोजनाको लागि पैठारी भएको हो सोही आयोजनामा मात्र प्रयोग गर्न पाइनेछ। नेपाल सरकारले स्वीकृति दिएको अवस्थामा बाहेक तोकेको आयोजनाभन्दा अन्यत्र प्रयोग भएको पाइएमा खपत हुने वस्तुको हकमा त्यस्तो वस्तुमा लाग्ने महसुल र सो महसुल बराबर जरिबाना हुनेछ। खपत नहुने सवारी साधन, मेशिनरी यन्त्र

उपकरण लगायतका वस्तुको हकमा त्यस्ता वस्तु जफत गरिनेछ र महसुल बापत बैङ्क जमानत राखेको भए त्यस्तो बैङ्क जमानतबाट लाग्ने महसुल बराबरको रकम राजस्वमा आम्दानी बाँधिनेछ।

(४) संवत् २०८० साल साउन १ गतेपछि वैदेशिक सहायतामा सञ्चालन हुने कुनै पनि आयोजनासँग सम्बन्धित सम्झौता गर्दा त्यस्तो आयोजनामा खपत हुने भाग २५ मा पर्ने सिमेन्ट, भाग ७३ मा पर्ने फलामे डण्डी, फलामे पाइप तथा भाग ३९ मा पर्ने प्लाष्टिकका पाइप, भाग ७२ मा पर्ने जस्तापाता, शीर्षक ८५.४४ मा पर्ने विद्युतीय केबुल जस्ता वस्तुको पैठारीमा लाग्ने महसुल छुट गर्ने गरी सम्झौता गर्न पाइने छैन। यस बुँदामा उल्लेख भएका स्वदेशी उत्पादन सम्बन्धित आयोजनाले खरिद गर्दा लाग्ने मूल्य अभिवृद्धि कर र अन्तःशुल्क त्यस्ता आयोजनालाई मन्त्रालयले छुट दिन सक्नेछ।

(५) संवत् २०८० साल साउन १ गतेपछि मन्त्रालयको पूर्व सहमति नलिई सम्बद्ध निकायले आयोजनाको महसुल छुट सम्बन्धी सम्झौता गरेको भएमा त्यस्तो सम्झौताको हकमा महसुल छुट दिइने छैन।

(६) बुँदा (२) बमोजिम महसुल नबुझाएका वा सो बुँदामा उल्लिखित अवधिभित्र फिर्ता नलगेका सवारी तथा ढुवानीका साधन, निर्माण यन्त्र र उपकरणको यथार्थ सूचना दिई कब्जा गर्न सहयोग गर्ने व्यक्तिलाई त्यस्तो वस्तु लिलाम गरी प्राप्त हुने रकमको दश प्रतिशत पुरस्कार स्वरूप दिइनेछ।

५. <u>देहायका वस्तुमा देहाय बमोजिम भन्सार महसुल छुट हुनेछः-</u>

(१) **भन्सार महसुल पूर्ण छुट हुनेः**

(क) जुट उद्योगले पैठारी गर्ने उपशीर्षक ५३०३.१०.०० र ५३०३.९०.०० मा पर्ने कच्चा जुट,

(ख) नेपाल सरकारले पैठारी गर्ने उपशीर्षक ४९०७.००.२० को हुलाक टिकट; उपशीर्षक ४९०७.००.३० को हवाईपत्र; उपशीर्षक ४९०७.००.४० को राहदानी; उपशीर्षक ४९०७.००.५० को अन्तःशुल्क टिकट र उपशीर्षक ४९०९.००.०० को पोष्टकार्ड,

(ग) निजी प्रयोगको लागि आंशिक भन्सार महसुल सुविधामा पैठारी भई सवारी साधनका धनीको मृत्यु भएको कारणले निजको हकवाला पति वा पत्नीको नाममा नामसारी हुने सवारी साधन,

(घ) भारतमा उत्पादन भई भारतबाटै पैठारी हुने देहायका उपशीर्षकका वस्तुः

| | | | |
|---|---|---|---|
| भाग-२५ | | | |
| २५०२.००.०० | २५०४.१०.०० | २५०४.९०.०० | २५१०.१०.०० |
| २५११.१०.०० | २५११.२०.०० | २५१३.१०.०० | २५१३.२०.०० |
| २५१९.९०.०० | २५२१.००.०० | २५२५.१०.०० | २५२८.००.०० |
| भाग-२६ | | | |
| २६०१.११.०० | २६०१.१२.०० | २६०१.२०.०० | २६०२.००.०० |
| २६०३.००.०० | २६०४.००.०० | २६०५.००.०० | २६०६.००.०० |
| २६०७.००.०० | २६०८.००.०० | २६०९.००.०० | २६१०.००.०० |
| २६११.००.०० | २६१२.१०.०० | २६१२.२०.०० | २६१३.१०.०० |
| २६१३.९०.०० | २६१४.००.०० | २६१५.१०.०० | २६१५.९०.०० |
| २६१६.१०.०० | २६१६.९०.०० | २६१७.१०.०० | २६१७.९०.०० |
| भाग-४४ | | | |
| ४४०१.११.०० | ४४०१.१९.०० | ४४०१.२१.०० | ४४०१.२२.०० |
| ४४०१.३१.०० | ४४०१.३२.०० | ४४०१.३९.०० | ४४०२.१०.०० |
| ४४०२.२०.०० | ४४०२.९०.१० | ४४०२.९०.९० | ४४०३.११.०० |
| ४४०३.१२.०० | ४४०३.२१.०० | ४४०३.२२.०० | ४४०३.२३.०० |

| | | | |
|---|---|---|---|
| ४४०३.२४.०० | ४४०३.२५.०० | ४४०३.२६.०० | ४४०३.४२.०० |
| ४४०३.४१.०० | ४४०३.४९.०० | ४४०३.९१.०० | ४४०३.९३.०० |
| ४४०३.९४.०० | ४४०३.९५.०० | ४४०३.९६.०० | ४४०३.९७.०० |
| ४४०३.९८.०० | ४४०३.९९.१० | ४४०३.९९.९० | |

(ङ) मूल्य अभिवृद्धि करमा दर्ता भएको धागो उद्योगले पैठारी गर्ने उपशीर्षक ५४०२.४६.०० को आंशिक चहकिलो पारिएको धागो (पि.ओ.वाई) र उपशीर्षक ५५०३.११.००, ५५०३.१९.००, ५५०३.२०.००, ५५०३.३०.००, ५५०३.४०.००, ५५०३.९०.००, ५५०४.१०.००, ५५०४.९०.००, ५५०६.१०.००, ५५०६.२०.००, ५५०६.३०.००, ५५०६.४०.००, ५५०६.९०.०० र उपशीर्षक ५५०७.००.०० मा पर्ने मानव निर्मित स्टेपुल फाइबर,

(च) रक्त सञ्चार सेवाको लागि आवश्यक पर्ने उपशीर्षक ९०१८.९०.२० मा पर्ने रगत राख्ने प्लाष्टिकका थैला तथा सोही प्रयोजनका लागि नेपाल रेडक्रस सोसाइटीले पैठारी गर्ने उपशीर्षक ९०१८.९०.९० मा पर्ने ट्रान्सफ्यूजन सेट र उपशीर्षक ३८२२.११.००, ३८२२.१२.००, ३८२२.१३.००, ३८२२.१९.००, ३८२२.९०.०० मा पर्ने रिएजेण्ट,

(छ) दृष्टिविहीनहरूले प्रयोग गर्ने उपशीर्षक ८४४३.३१.००, ८४४३.३२.०० र ८४४३.३९.०० मा पर्ने ब्रेलो (ब्रेल प्रिन्टर); उपशीर्षक ८५३१.८०.०० मा पर्ने रङ्गसूचक, पानीसूचक र प्रकाशसूचक यन्त्रहरू; उपशीर्षक ९०२५.१९.९० मा पर्ने आवाज दिने थर्मामिटर;

उपशीर्षक ९१०२.९९.०० मा पर्ने ब्रेल घडी; उपशीर्षक ९०१३.८०.०० मा पर्ने मेग्नीफाइङ्ग ग्लास; उपशीर्षक ९०१४.१०.०० मा पर्ने ब्रेल कम्पास; उपशीर्षक ४९०१.९१.०० र ४९०१.९९.०० मा पर्ने ब्रेल पुस्तक; उपशीर्षक ८४४३.३९.०० मा पर्ने ब्रेल इम्वोसर; उपशीर्षक ८४७२.१०.०० मा पर्ने ब्रेल स्टेनसिल मेशिन,

(ज) नेपाल राष्ट्र बैङ्कको नाममा पैठारी हुने भाग २८, २९, र ३८ मा पर्ने रसायन; भाग ४८ मा पर्ने टकमरीको निमित्त आवश्यक पर्ने कागज; उपशीर्षक ४९०७.००.६० मा पर्ने चेक फर्म तथा चेकबुक; भाग ७१ मा पर्ने सिक्का; शीर्षक ७१.०६, ७१.०८ र ७१.१३ मा पर्ने चाँदी, सुन तथा सोका गहना; भाग ७४ को धातु; शीर्षक ८४.७२ मा पर्ने भन्सार महसुल माफी भएका बाहेकका कार्यालय यन्त्र तथा यस्तै प्रकृतिका अन्य वस्तु,

(झ) विदेशी प्रकाशकद्वारा प्रकाशित शीर्षक ४९.०१, ४९.०३ र ४९.०४ मा पर्ने पुस्तक तथा पत्रिका,

(ञ) उद्योगले पैठारी गर्ने शीर्षक ४७.०७, ७६.०१ र ७९.०१ मा पर्ने वस्तु,

(ट) जुट उद्योगले आफ्नो उद्योगको लागि पैठारी गर्ने उपशीर्षक ८४०९.९९.९०, शीर्षक ८४.४८, उपशीर्षक ८४५२.९०.००, शीर्षक ८४.५५, शीर्षक ८४.८२ र उपशीर्षक ८४८३.९०.०० मा पर्ने स्पेयर पार्टहरू।

(२) **भन्सार महसुल एक प्रतिशत मात्र लाग्नेः-**

(क) हवाई सेवा प्रदायक संस्थाले वा नागरिक उड्डयन प्राधिकरणबाट इजाजत प्राप्त गरेका कम्पनीले पैठारी गर्ने उपशीर्षक ८८०२.२०.००, ८८०२.३०.००, ८८०२.४०.०० र ८८०६.१०.०० मा पर्ने हवाईजहाज; उपशीर्षक ८८०२.११.०० र ८८०२.१२.०० मा पर्ने हेलिकोप्टर; उपशीर्षक ८४८३.४०.०० मा पर्ने गेयर बक्स; उपशीर्षक ८४०७.१०.०० मा पर्ने इञ्जिन; उपशीर्षक ८४११.११.००, ८४११.१२.००, ८४११.२१.०० र ८४११.२२.०० मा पर्ने टर्बो जेट इञ्जिन र टर्बो प्रोपेलर; उपशीर्षक ४०११.३०.०० मा पर्ने टायर; उपशीर्षक ४०१३.९०.३० मा पर्ने ट्युब; उपशीर्षक ८५०७.१०.०० मा पर्ने ब्याट्री; उपशीर्षक ७३१८.१६.००, ७३१८.१९.०० र ७३१८.२३.०० मा पर्ने नट, बोल्ट र रिभेट; उपशीर्षक ८८०७.१०.०० मा पर्ने प्रोपेलर, रोटर र ब्लेड; उपशीर्षक ८४०९.१०.०० मा पर्ने पिष्टन; उपशीर्षक ८८०७.३०.१० मा पर्ने हवाईजहाज वा हेलिकोप्टरका अन्य पार्टपुर्जा; उपशीर्षक ८८०५.१०.०० मा पर्ने ल्याण्डिङ्ग गियर; उपशीर्षक ७००७.११.०० र ७००७.२१.०० मा पर्ने विण्डशिल्ड,

तर लिजमा पैठारी भएका हवाईजहाज, हेलिकोप्टर वा तिनका इञ्जिन पैठारी गरेको मितिले तीन वर्षभित्र फिर्ता गरेमा वा नेपालमा दुर्घटना भई पुनः सञ्चालन गर्न नसक्ने भएमा तथा सोही कारण

फिर्ता लैजान समेत नसकेमा पैठारी हुँदा तिरेको भन्सार महसुल फिर्ता दिइनेछ।

(ख) दाना तथा पशुपन्छी उद्योगले स्वदेशमा प्रयोग गर्ने गरी पैठारी गर्ने उपशीर्षक ०५११.९१.०० मा पर्ने माछाका टुक्राटाक्री वा धुलो र सिपीको टुक्रा; उपशीर्षक २३०१.१०.०० र २३०१.२०.०० मा पर्ने फिड सप्लिमेन्टको कच्चापदार्थ; उपशीर्षक २३०३.१०.०० मा पर्ने मकैको ग्लुटेन; उपशीर्षक २५२१.००.०० मा पर्ने चुन ढुङ्गाको धुलो र उपशीर्षक ३५०७.९०.०० मा पर्ने इन्जाइम,

(ग) कपडा तथा कार्पेट उद्योगले पैठारी गर्ने शीर्षक ५२.०५ र उपशीर्षक ५२०७.१०.०० मा पर्ने धागो,

(घ) उद्योगले पैठारी गर्ने उपशीर्षक ९०२७.१०.००, ९०२७.३०.०० र ९०२७.९०.१० मा पर्ने यन्त्र, उपकरण तथा ९०२७.९०.९० मा पर्ने तिनका पार्टपुर्जा,

(ङ) टायर उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादनको प्रयोजनको लागि पैठारी गर्ने शीर्षक ३९.०९ र ३९.११ का रेजिन, शीर्षक ४०.०१ का प्राथमिक रबर; शीर्षक ४०.०२ का सिन्थेटिक रबर; शीर्षक ४०.०३ का पुनर्निर्मित रबर; उपशीर्षक २७१०.१९.९४ मा पर्ने रबर प्रोसेसिङ्ग आयल; उपशीर्षक २८०३.००.०० मा पर्ने कार्बन व्ल्याक; उपशीर्षक २८१७.००.०० मा पर्ने जिङ्क अक्साइड; उपशीर्षक २८३६.५०.०० मा पर्ने क्याल्सियम कार्बोनेट; उपशीर्षक ३८१२.१०.०० मा पर्ने तयारी रबर एक्सिलेटर; उपशीर्षक २९१५.७०.०० र

३८२३.११.०० मा पर्ने स्टेरिड एसिड; उपशीर्षक ४०१६.९५.०० मा पर्ने ब्लाडर; उपशीर्षक ५९०२.१०.०० मा पर्ने टायर कर्ड फेब्रिक्स र उपशीर्षक ७२२९.२०.०० मा पर्ने सिलिको-म्यागनिज इस्पातको तार,

(च) लघु, घरेलु तथा साना उद्योगले आफ्नो उत्पादन प्रयोजनको लागि पैठारी गर्ने भाग ८४ अन्तर्गत पर्ने घरायसी प्रयोग हुन सक्ने बाहेकका मिल-मेशिनरी,

(छ) बालीनालीमा प्रयोग हुने जैविक विषादि उत्पादन गर्ने उद्योगले जैविक विषादि उत्पादन गर्नका लागि पैठारी गर्ने भाग ८४ मा पर्ने भन्सार महसुल माफी भएका बाहेकका मेशिनरी तथा यन्त्र उपकरण,

(ज) धागो तथा कपडा उद्योगले आफ्नो उत्पादन प्रयोजनका लागि पैठारी गर्ने शीर्षक ८४.०२, ८४.२०, ८४.४४, ८४.४५, ८४.४६, ८४.४७, ८४.४८; उपशीर्षक ८४२१.१२.००, ८४५१.२९.००, ८४५१.३०.००, ८४५१.४०.००, ८४५१.५०.०० मा पर्ने मेशिनरी तथा उपकरण, सोका स्पेयर्स पार्टहरू; शीर्षक २८.१५, २८.३०, २८.३६, २८.४७, २९.१५, ३२.०४, ३४.०३, ३८.०९, ३९.०५, ३९.०६, मा पर्ने केमिकल, डाइज र पोलिमर,

(झ) तयारी पोशाक निर्यात गर्ने उद्योगहरूले पैठारी गर्ने उपशीर्षक ९४०३.२०.९० र ९४०३.६०.०० मा पर्ने भ्याकुम आइरनिङ्ग टेबुल र उपशीर्षक ८५१६.४०.०० मा पर्ने स्टीम आइरन,

(ञ) कृषि तथा पशुजन्य उद्योगमा प्रयोग हुने उपशीर्षक ८४२१.११.०० मा पर्ने सेपरेटर; उपशीर्षक ७३०९.००.०० र ७६११.००.०० मा पर्ने मिल्क चिलिङ्ग भ्याट; उपशीर्षक २८०४.३०.०० मा पर्ने लिक्विड नाइट्रोजन; उपशीर्षक ८४१८.१०.०० मा पर्ने औद्योगिक रेफ्रिजरेटर र उपशीर्षक ७६१३.००.२० मा पर्ने लिक्विड नाइट्रोजन राख्ने कन्टेनर। त्यस्ता यन्त्र उपकरणहरू सि.के.डि. वा एस.के.डि. रूपमा पैठारी हुँदा द्विविधा पर्न गएमा पैठारी गर्दाकै अवस्थामा एक प्रतिशत भन्सार महसुल लिई बाँकी महसुल बापतको बैङ्क जमानत लिइने र उक्त यन्त्र, उपकरण जडान भइसकेपछि मेशिन ठहरिएमा उक्त बैङ्क जमानत फुकुवा गरिने,

(ट) भाग ८४ का पाँच प्रतिशत भन्सार महसुल लाग्ने घरायसी प्रयोग हुन सक्ने बाहेकका मेशिनरी, यन्त्र उपकरण र उद्योग विभागको स्वीकृत स्किम बमोजिम सि.के.डि. वा एस.के.डि. अवस्थामा पटक पटक पैठारी हुने मेशिनरीका मुख्य अवयव तथा तिनका पहिचानयोग्य पार्टपुर्जा तथा सहायक सामग्री,

तर शीर्षक ७३.०९, ७३.१० मा पर्ने मेकानिकल संयन्त्र जडान नगरिएका भण्डारण ट्याङ्की; उपशीर्षक ७३२६.११.०० मा पर्ने पेषण गुटिका (ग्राइण्डिङ्ग बल); शीर्षक ७३.०३, ७३.०४, ७३.०५ र ७३.०६ मा पर्ने फलाम वा स्पातका पाइप; भाग ६९ मा पर्ने ताप सहन गर्न सक्ने ईंट; शीर्षक ८५.०४ अन्तर्गत पर्ने विद्युतीय प्रसारण लाइनमा जडान गरिने ट्रान्सफरमर; शीर्षक ८५.४४ मा पर्ने केबुल तथा वायर; उपशीर्षक ८४२८.१०.०० मा पर्ने लिफ्ट;

उपशीर्षक ८४२८.२०.०० मा पर्ने एलिभेटर र कन्भेयरहरु; उपशीर्षक ८४७४.३१.०० मा पर्ने कंक्रिट वा मोटार मिक्सरहरु; शीर्षक ८४.७६ मा पर्ने भेण्डिङ्ग मेशिन र मनी चेञ्जिङ्ग मेशिन; शीर्षक ८४.२९ मा पर्ने वस्तु र पुराना वा प्रयोग भइसकेका मिल, मेशिनरी, यन्त्र, उपकरणमा यस बुँदा बमोजिमको छुट दिइने छैन।

(ठ) चिया उद्योगले पैठारी गर्ने शीर्षक ६०.०५ मा पर्ने वेदरिङ्ग नेट; उपशीर्षक ८४०२.२०.०० मा पर्ने बोइलर; उपशीर्षक ८४१४.५९.०० मा पर्ने ट्रफ फ्यान; शीर्षक ८४.२३ मा पर्ने वेइङ्ग ब्रिज; शीर्षक ८४.५९ मा पर्ने रोलर सार्पनिङ्ग मेशिन; उपशीर्षक ८२०१.६०.०० मा पर्ने प्लकिङ्ग शियर; उपशीर्षक ८२०८.४०.०० मा पर्ने कटिङ्ग ब्लेड; उपशीर्षक ३५०६.९९.०० मा पर्ने किरा टाँसिने गम; उपशीर्षक ८४३८.८०.९० मा पर्ने टी प्रोसेसिङ्ग मेशिन, रोलिङ्ग टेबुल, टी व्लेण्डिङ्ग मेशिन, प्लकिङ्ग मेशिन; शीर्षक ८४.८२ मा पर्ने वियरिङ्ग; उपशीर्षक ८४३८.९०.०० मा पर्ने पार्टपुर्जा; उपशीर्षक ४८२३.२०.१० मा पर्ने टी व्याग फिल्टर पेपर; उपशीर्षक ७६०७.११.०० मा पर्ने अलुमिनियम फ्वाइल; चिया प्याकिङ्गको लागि उद्योगको नाम छपाइ गरी पैठारी गर्ने शीर्षक ४८.१९ अन्तर्गतका सबै उपशीर्षकमा पर्ने प्याकिङ्ग मेटेरियल; उपशीर्षक ४८२१.१०.०० मा पर्ने प्रिन्टिङ्ग लेबल र उपशीर्षक ३९२३.१०.९०, ३९२३.२१.००, ३९२३.२९.००, ३९२३.९०.९०, ४४१५.१०.०० र ७६१२.९०.०० मा पर्ने प्याकिङ्ग मेटेरियल,

(ड) दर्ता भएका मत्स्य फार्मले पैठारी गर्ने उपशीर्षक ५६०८.११.०० मा पर्ने तयारी जाल; उपशीर्षक ५६०७.५०.०० मा पर्ने जाल बनाउन प्रयोग गरिने नाइलनको धागो र उपशीर्षक ७३१४.४९.०० मा पर्ने माछा पाल्ने तयारी केज; उपशीर्षक ८४१३.८१.०० मा पर्ने पम्प सेट; उपशीर्षक ८४१४.५९.०० मा पर्ने एरेटर; उपशीर्षक ३८०८.९१.९० मा पर्ने मत्स्य विष तथा मत्स्य प्रजनन्का लागि आवश्यक उपशीर्षक २९३७.१९.०० र २९३७.२९.०० मा पर्ने हर्मोन,

(ढ) धागो उद्योगले पैठारी गर्ने शीर्षक ५२.०१ र ५२.०३ मा पर्ने कपास,

(ण) मौरी पालन उद्योगले पैठारी गर्ने मौरी पालनको लागि आवश्यक पर्ने उपशीर्षक ७३१०.१०.०० र ७३१०.२९.०० मा पर्ने मेटल व्यारल; उपशीर्षक ७३२६.९०.०० मा पर्ने आधार चाका रोलर, व्हील प्लेट र रानी छेक्ने पाता; उपशीर्षक ८४१३.८१.०० मा पर्ने गियर पम्प; उपशीर्षक ९०३१.८०.०० मा पर्ने महको गुणस्तर परीक्षण गर्ने उपकरण र उपशीर्षक ९६०३.९०.०० मा पर्ने मौरी ब्रुस,

(त) कृषि कार्यमा प्रयोग हुने उपशीर्षक ३९२६.९०.९३ र ८५१६.७९.१० मा पर्ने किरा मार्ने ट्र्याप (इन्सेक्ट ट्र्याप); शीर्षक ३५.०६ मा पर्ने मुसा टाँसिने गम (ग्लु),

(थ) सामान्य भाँडाबर्तन बाहेक कुखुरालाई दाना तथा पानी खुवाउने उपशीर्षक ३९२४.९०.१०, ७३२३.९३.००, ७३२३.९४.०० र

७३२३.९९.०० मा पर्ने विशेष किसिमका भाँडा; उपशीर्षक ३९२६.९०.९९ मा पर्ने बिउ उमार्न तथा रोप्न प्रयोग हुने ट्रे,

(द) औषधि उत्पादन गर्ने उद्योगले पैठारी गर्ने उपशीर्षक ९०१६.००.०० मा पर्ने तराजु,

(ध) ग्याँस सिलिण्डरको भल्भ बनाउने उद्योगले आफ्नो उत्पादन प्रयोजनको निमित्त पैठारी गर्ने उपशीर्षक ७४०७.२१.०० मा पर्ने पित्तलको डण्डी,

(न) डिस्पोजेबल डाइपर, बेबी वाइप र सेनेटरी प्याड उत्पादन गर्ने उद्योगले त्यस्ता वस्तु उत्पादन गर्न पैठारी गर्ने उपशीर्षक ३५०६.९१.०० मा पर्ने ग्लु (हटमेल्ट); उपशीर्षक ३९०६.९०.०० मा पर्ने सुपर एब्जरवेन्ट पोलिमर; उपशीर्षक ३९२०.४९.१०, ३९२०.४९.९० मा पर्ने पी.ई. फिल्म; उपशीर्षक ३९२१.१९.१० र ३९२१.१९.९० मा पर्ने पी.पी.ई. फिल्म; उपशीर्षक ४७०३.२१.०० मा पर्ने फ्लफ पल्प; उपशीर्षक ४८०३.००.०० मा पर्ने टिस्यु पेपर; उपशीर्षक ४८११.९०.९० मा पर्ने रिलिज पेपर र उपशीर्षक ५६०३.९१.०० मा पर्ने नबुनिएका कपडा,

(प) उद्योगले पैठारी गर्ने शीर्षक ७२.०१, ७२.०२, ७२.०३ र ७२.०४ मा पर्ने वस्तुहरू,

(फ) भारतमा उत्पादन भई भारतबाटै पैठारी भएको उपशीर्षक २७०९.००.०० मा पर्ने कच्चा पेट्रोलियम तेल र बिटुमिन खनिजबाट प्राप्त कच्चा तेल,

(ब) विद्युत, सोलार वा ब्याट्रीबाट मात्र चल्ने दुईपाङ्ग्रे, तीनपाङ्ग्रे वा चारपाङ्ग्रे सवारी वा ढुवानी साधन उत्पादन गर्ने गरी दर्ता भएका उद्योगले आफूले

उत्पादन गर्ने सवारी वा ढुवानी साधनको उत्पादनमा प्रयोग गर्ने उपशीर्षक ८७०६.००.४० र ८७०६.००.५० मा पर्ने चेसिस; उपशीर्षक ८५०१.१०.००, ८५०१.२०.००, ८५०१.३१.००, ८५०१.३२.००, ८५०१.३३.००, ८५०१.३४.००, ८५०१.४०.००, ८५०१.५१.००, ८५०१.५२.००, ८५०१.५३.०० ८५०१.६१.००, ८५०१.६२.००, ८५०१.६३.००, ८५०१.६४.०० मा पर्ने मोटर; उपशीर्षक ८५०४.४०.१० मा पर्ने ब्याट्री चार्जर र दुईपाङ्ग्रे सवारीको चेसिस तथा फ्रेम बनाउन आवश्यक पर्ने शीर्षक ७२.२५ को स्टिल सिट मेटल; शीर्षक ७३.०६ मा पर्ने स्टिल ट्यूब; उपशीर्षक ७४०७.२१.०० मा पर्ने ब्रास मेटल; उपशीर्षक ७६०४.१०.९० मा पर्ने अल्मुनियम रड र उपशीर्षक ७६०६.११.०० मा पर्ने अल्मुनियम सिट मेटल,

(भ) विद्युतीय इन्डक्सन वा इन्फ्रारेड चुल्हो उत्पादन गर्ने उद्योगले पैठारी गर्ने उपशीर्षक ३५०६.१०.०० मा पर्ने सिलिकन ग्लु; उपशीर्षक ७००८.००.०० मा पर्ने ग्लास टप; शीर्षक ७४.०८ मा पर्ने कपर वायर; उपशीर्षक ८४१४.५९.०० मा पर्ने पङ्खा; उपशीर्षक ८५०१.१०.०० मा पर्ने मोटर; उपशीर्षक ८५१६.९०.०० मा पर्ने मदर बोर्ड र अपरेटिङ्ग बोर्ड, हिटिङ्ग क्वायल तथा सेन्सर।

**(३) भन्सार महसुल आंशिक रूपमा छुट हुनेः-**

(क) कार्पेट उद्योगले पैठारी गर्ने उपशीर्षक ५५०३.११.००, ५५०३.१९.००,

५५०३.२०.००, ५५०३.३०.००, ५५०३.४०.००, ५५०३.९०.००, ५५०४.१०.००, ५५०४.९०.००, ५५०६.१०.००, ५५०६.२०.००, ५५०६.३०.००, ५५०६.४०.००, ५५०६.९०.००, ५५०७.००.०० मा पर्ने स्टेपुल फाइवरमा लाग्ने भन्सार महसुलमा नब्बे प्रतिशत छुट दिइने,

(ख) भाग ३० मा पर्ने (उपशीर्षक ३००२.१२.००, ३००२.१३.००, ३००२.१४.००, ३००२.१५.००, ३००२.४१.००, ३००२.४२.०० ३००२.४९.००, ३००२.५१.००, ३००२.५९.००, ३००३.९०.४१, ३००३.९०.४९, ३००३.९०.५० ३००४.९०.४१, ३००४.९०.४९ र ३००४.९०.५० बाहेक) औषधिमा पाँच प्रतिशत भन्सार महसुल लाग्ने,

(ग) जुट उद्योगले आफ्नो उत्पादनका लागि पैठारी गर्ने उपशीर्षक २७१०.१९.७० मा पर्ने जुट ब्लिचिङ्ग आयलमा दश प्रतिशत भन्सार महसुल लाग्ने,

(घ) कर्न फ्लेक्स, ओट्स, मुस्ली, पोरिज, ह्वीट फ्लेक्स जस्ता ब्रेक फास्ट सेरियल्स उत्पादन गर्ने उद्योगले पैठारी गर्ने उपशीर्षक १००४.९०.०० मा पर्ने भुस सहितको ओट्स पैठारी गरेमा पाँच प्रतिशत भन्सार महसुल लाग्ने,

(ङ) मूल्य अभिवृद्धि करमा दर्ता भएका पोलिकोटिङ्ग पेपर र प्रिन्टेड लेमिनेशन फिल्म उत्पादन गर्ने उद्योगले

पोलिकोटिङ्ग पेपर वा प्रिन्टेड लेमिनेशन फिल्म उत्पादन गर्न आवश्यक पर्ने परिमाणसम्मको उपशीर्षक ३९१९.९०.०० तथा शीर्षक ३९.२० र ३९.२१ का सबै उपशीर्षकमा पर्ने पोलिष्टर फिल्म, वि.ओ.पी.पी. फिल्म, मेटालाइज्ड सी.पी.पी. फिल्म र मिल्की सी.पी.पी. फिल्म पैठारी गर्दा पन्ध्र प्रतिशत भन्सार महसुल लाग्ने,

(च) कुखुरापालन व्यवसायको लागि आवश्यक पर्ने उपशीर्षक ०४०७.११.०० र ०४०७.१९.०० मा पर्ने चल्ला कोरल्नका लागि निषेचित फुलको पैठारीमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुने,

(छ) उपशीर्षक ६२११.३२.२०, ६२११.३३.२०, ६२११.४३.२०, ६२११.४९.९०, ६२११.४२.२० मा पर्ने साडी, लुङ्गी र धोतीमा दश प्रतिशत भन्सार महसुल लाग्ने,

(ज) वाणिज्य बैङ्कले सर्वसाधारण जनतालाई बिक्री गर्न आफ्नो लोगो अङ्कित स-साना परिमाणका उपशीर्षक ७११३.१९.१० र ७११३.१९.९० मा पर्ने सिक्का पैठारी गरेमा सो सिक्कामा उपशीर्षक ७१०८.१३.०० बमोजिमको दरमा भन्सार महसुल लाग्ने,

(झ) नेपालमा केबुलकार सञ्चालन गर्ने उद्देश्यले दर्ता भएका उद्योगले पैठारी गर्ने उपशीर्षक ७३१२.१०.०० मा पर्ने केवुल (लठ्ठा) र उपशीर्षक ८४३१.३९.०० मा पर्ने तयारी क्याव वा क्याव निर्माण गर्न आवश्यक पर्ने उपशीर्षक ७२१०.९०.०० मा पर्ने स्टिल पाता पैठारी गर्दा चार प्रतिशत भन्सार महसुल लाग्ने,

(ञ) शीर्षक ३९.२० अन्तर्गतका सबै उपशीर्षकमा पर्ने फिलर मास्टर ब्याचमा दश प्रतिशत भन्सार महसुल लाग्ने,

(ट) अगरबत्ती उत्पादन गर्ने उद्योगले उपशीर्षक २९१७.३४.०० मा पर्ने डी.ई.पी; शीर्षक ४४.२१ मा पर्ने सिन्काहरु र उपशीर्षक ३३०२.९०.०० मा पर्ने अगरबत्ती कम्पाउण्ड पैठारी गर्दा पाँच प्रतिशत तथा उपशीर्षक २७१०.१९.९५ मा पर्ने लिक्विड प्याराफिन आयल र उपशीर्षक २७१०.१९.९६ मा पर्ने व्हाइट आयल पैठारी गर्दा दश प्रतिशत भन्सार महसुल लाग्ने,

(ठ) वस्तु चिस्यानमा राखी ढुवानी गर्न प्रयोग हुने गरी रेफ्रिजिरेटिङ्ग प्रणाली जडान गर्न आवश्यक पर्ने शीर्षक ८७.०६ अन्तर्गतका चेसिस र उक्त चेसिसमा जडान हुने बक्स र सोसँग सम्बन्धित मेशिनरी उपकरण सहितको चेसिस (रेफ्रिजिरेसन सिष्टम) पैठारी गरेमा नियम अनुसार लाग्ने पूरै महसुल धरौटीमा राखी पछि वस्तु चिस्यानमा राखी ढुवानी गर्न प्रयोग हुने गरी पूर्णरुपले रेफ्रिजिरेसन जडान भएको ढुवानीको साधन बनाई यातायात व्यवस्था कार्यालयमा दर्ता गरेको प्रमाण भन्सार कार्यालयमा पेस गरेपछि महसुल बापत एक प्रतिशत रकम असुल गरी बाँकी धरौटी रकम फिर्ता गरिने,

तर त्यसरी सुविधा प्राप्त गर्नका लागि त्यस्तो ढुवानी साधन अरू प्रयोजनमा प्रयोग हुन नसक्ने, चालकले ड्यासबोर्डबाट नै सबै कुराको नियन्त्रण गर्न सक्ने गरी स्थायी किसिमबाट आवश्यक संयन्त्र जडान गरी तयार भएको हुनु पर्नेछ। सामान्य ढुवानी साधनमा

अस्थायी तवरबाट अन्य संयन्त्र जडान गरिएको अवस्थामा त्यस्तो सुविधा प्रदान गरिने छैन। उपशीर्षक ८७०४.२१.५०, ८७०४.२२.७०, ८७०४.२३.१०, ८७०४.३१.५०, ८७०४.३२.७०, ८७०४.४१.५०, ८७०४.४२.७०, ८७०४.४३.१०, ८७०४.५१.५०, ८७०४.५२.७० र ८७०४.६०.१० मा पर्ने प्रशितक प्रणाली (रेफ्रिजिरेटिङ्ग सिष्टम) जडान गरिएको तयारी ढुवानी साधनको हकमा समेत त्यस्तो व्यवस्था लागू हुनेछ।

(ड) स्पिलिटिङ्ग तथा डिस्टिलेशन प्लान्ट राखी डिस्टिल्ड फेट्टी एसिड उत्पादन गर्ने उद्योगले पैठारी गर्ने उपशीर्षक १५०३.००.०० मा पर्ने टेलो आयल; उपशीर्षक ३८२३.११.०० र ३८२३.१२.०० मा पर्ने पाम एसिड आयल र एसिड आयल तथा उपशीर्षक ३८२३.१३.०० मा पर्ने पाम फेट्टी एसिडमा लाग्ने भन्सार महसुलमा पचहत्तर प्रतिशत छुट हुने,

(ढ) हार्डवेयरमा पहिले नै लोड भई आएका (प्रि-लोडेड वा इनबिल्ट) सफ्टवेयर पैठारी हुँदा जुन हार्डवेयरमा लोड भई आएको हो सोही हार्डवेयरमै वर्गीकरण गरी महसुल लिइनेछ र सफ्टवेयरको छुट्टै वर्गीकरण गर्नु नपर्ने,

(ण) रङ (पेन्ट) उत्पादन गर्ने उद्योगले कच्चापदार्थको रुपमा पैठारी गर्ने उपशीर्षक ३२०९.१०.१० मा पर्ने एक्रेलिक इमल्सनमा बीस प्रतिशत र उपशीर्षक २८२१.१०.०० मा पर्ने आइरन अक्साइड र उपशीर्षक २८२३.००.०० मा पर्ने टिटानियम डाइअक्साइडमा पाँच प्रतिशत भन्सार महसुल लाग्ने,

(त) कम्तीमा एक हेक्टर क्षेत्रफलमा माछा पालन गरेका मत्स्य फर्मले जीवित माछा तथा माछाका भुरा ढुवानी गर्ने गरी तयार गरेका अक्सिजन संयन्त्र जडित डबल क्याब पिकअप बाहेकका शीर्षक ८७.०४ अन्तर्गत सबै उपशीर्षकमा पर्ने ढुवानी साधनमा दश प्रतिशत भन्सार महसुल लाग्ने,

तर त्यसरी सुविधा प्राप्त गर्नका लागि त्यस्तो ढुवानी साधन उत्पादक कम्पनीबाट अरू प्रयोजनमा प्रयोग हुन नसक्ने, चालकले ड्यासबोर्डबाट सबै कुराको नियन्त्रण गर्न सक्ने गरी स्थायी किसिमबाट आवश्यक संयन्त्र जडान गरी तयार भएको हुनु पर्नेछ। सामान्य ढुवानी साधनमा अस्थायी तबरबाट अन्य संयन्त्र जडान गरी ल्याएको अवस्थामा त्यस्तो सुविधा प्रदान गरिने छैन।

(थ) चालीस वा सोभन्दा बढी सिट क्षमताका कम्तीमा पाँच वटा बस सार्वजनिक यातायातमा सञ्चालन गर्ने गरी दर्ता भएका सहकारी संस्था तथा कम्पनीले उल्लिखित प्रयोजनका लागि पैठारी गर्ने उक्त क्षमताका उपशीर्षक ८७०२.१०.१० मा पर्ने तयारी बस र उपशीर्षक ८७०६.००.८० मा पर्ने चेसिसमा पाँच प्रतिशत भन्सार महसुल लाग्नेछ। त्यसरी पैठारी गरेका सवारी साधन पैठारी गरेको मितिले दश वर्ष नपुगी सार्वजनिक यातायात सञ्चालन गर्ने उद्देश्यले दर्ता भएका सहकारी संस्था वा कम्पनी बाहेक अरुलाई बिक्री वितरण, नामसारी वा कुनै किसिमले हक हस्तान्तरण गर्न पाइने छैन। दश वर्ष नपुगी नामसारी, बिक्री वा कुनै किसिमले हक हस्तान्तरण गरेमा प्रचलित कानून बमोजिम पूरै महसुल लाग्ने,

(द) ग्रिज र लुब्रिकेटिङ्ग आयल उत्पादन गर्ने उद्देश्यले दर्ता भएका उद्योगले पैठारी गर्ने उपशीर्षक २७१०.१९.६० मा पर्ने बेस आयलमा पन्ध्र प्रतिशत भन्सार महसुल लाग्ने,

(ध) झोला उत्पादन गर्ने उद्योगले पैठारी गर्ने उपशीर्षक ५६०३.१२.००, ५६०३.१३.०० र ५६०३.१४.०० मा पर्ने नबुनिएका कपडा पैठारी गर्दा दश प्रतिशत भन्सार महसुल लाग्ने,

(न) विद्युतीय मोटरसाइकल वा स्कुटर उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादन प्रयोजनका निमित्त पैठारी गर्ने विद्युतीय मोटरसाइकल वा स्कुटरमा प्रयोग हुने शीर्षक ८७.१४ अन्तर्गतका पार्टपुर्जा तथा सहायक सामग्री र विद्युतीय रिक्सा उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादन प्रयोजनका निमित्त पैठारी गर्ने विद्युतीय रिक्सामा प्रयोग हुने शीर्षक ८७.०८ अन्तर्गत पर्ने पार्टपुर्जा तथा सहायक सामग्री पैठारी गर्दा लाग्ने भन्सार महसुलमा पचहत्तर प्रतिशत छुट हुने,

(प) तेल उत्पादन गर्ने उद्योगले उपशीर्षक १२०१.९०.०० मा पर्ने भटमासको गेडा; उपशीर्षक १२०५.१०.०० मा पर्ने तोरी, रायो र क्यानोला (रेप्सिड) को गेडा; उपशीर्षक १२०६.००.०० मा पर्ने सूर्यमुखीको गेडा र उपशीर्षक १२०७.५०.०० मा पर्ने सर्स्युँको गेडा पैठारी गर्दा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुने,

(फ) दाना तथा पशुपन्छी उद्योगले पैठारी गर्ने उपशीर्षक २३०४.००.०० मा पर्ने भटमासको पिनामा लाग्ने भन्सार महसुलमा दश प्रतिशत छुट हुने,

(ब) एसेम्बल गरी सवारी साधन उत्पादन गर्ने उद्योगले अनएसेम्बल्ड अवस्थाका शीर्षक ८७.०२ र ८७.०३ मा पर्ने सवारी साधन पैठारी गर्दा लाग्ने भन्सार महसुलमा पच्चीस प्रतिशत छुट हुने,

(भ) एडेसिभ उत्पादन गर्ने उद्योगले उपशीर्षक २९०५.१३.०० मा पर्ने नर्मल वुटाइल अल्कोहल; उपशीर्षक २९१५.३१.०० मा पर्ने इथायल एसेटेट; उपशीर्षक २९१५.३२.०० मा पर्ने भिनायल एसेटेट मोनोमर र उपशीर्षक ३९०५.३०.०० मा पर्ने पोलिभिनाइल अल्कोहल पैठारी गर्दा पाँच प्रतिशत भन्सार महसुल लाग्ने,

(म) औषधि उत्पादन गर्ने उद्योगले औषधि उत्पादन तथा गुणस्तर कायम गर्न आवश्यक पर्ने उपशीर्षक ८४१५.८३.१० मा पर्ने एयर ह्याण्डलिङ्ग युनिट पैठारी गर्दा पाँच प्रतिशत भन्सार महसुल लाग्ने,

(य) सिपिङ्ग कम्पनीले शीर्षक ८६.०९ मा पर्ने सिपिङ्ग कन्टेनर पैठारी गर्दा पाँच प्रतिशत भन्सार महसुल लाग्ने,

(र) शीर्षक ३९.२० मा पर्ने प्लाष्टिकजन्य कार्डियोग्राफ पेपर र अल्ट्रासोनोग्राफ पेपरको पैठारीमा पन्ध्र प्रतिशत भन्सार महसुल लाग्ने,

(ल) उद्योगले आफ्नो उद्योगको प्रयोजनको लागि पैठारी गर्ने शीर्षक ३९.२१ अन्तर्गत पर्ने प्लाष्टिक बेस भएका मिश्रित फेब्रिक पैठारी गर्दा पन्ध्र प्रतिशत भन्सार महसुल लाग्ने,

(व) मसी बनाउने उद्योगले पैठारी गर्ने उपशीर्षक २८२१.१०.०० मा पर्ने आइरन अक्साइड; उपशीर्षक २९०५.३२.०० मा पर्ने प्रोपिलिन ग्लाइकोल; शीर्षक ३२.०४ र ३२.०६ मा पर्ने वर्णक (पिगमेण्ट); उपशीर्षक ३८१४.००.०० मा पर्ने सोलभेन्ट; शीर्षक ३८.२४ मा पर्ने रसायन र भाग ३९ मा पर्ने पोलिमरमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुने,

(श) सवारी तथा ढुवानीका साधनको स्प्रिङपत्ता बनाउने उद्योगले आफ्नो उत्पादन प्रयोजनको लागि पैठारी गर्ने उपशीर्षक ७२२६.९९.००, ७२२८.१०.०० र ७२२८.२०.०० मा पर्ने स्पातका लाप्सा र डण्डीको पैठारीमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुने,

(ष) मास्क बनाउने उद्योगले सर्जिकल मास्क बनाउनका लागि कच्चापदार्थको रुपमा पैठारी गर्ने उपशीर्षक ५६०३.११.०० र ५६०३.९१.०० मा पर्ने नबुनिएका कपडा; उपशीर्षक ५६०४.१०.०० मा पर्ने इलाष्टिक डोरी र शीर्षक ७२.२६ मा पर्ने खिया नलाग्ने स्पातको स्ट्रीप पैठारी गर्दा पाँच प्रतिशत भन्सार महसुल लाग्ने,

(स) साबुन तथा डिटरजेन्ट उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादन प्रयोजनको लागि कच्चापदार्थको रुपमा पैठारी गर्ने उपशीर्षक २८२३.००.०० मा पर्ने टिटानियम अक्साइड; उपशीर्षक २८३३.१९.०० मा पर्ने सोडियम सल्फेट; उपशीर्षक २८३३.२१.०० मा पर्ने म्याग्नेसियम सल्फेट; उपशीर्षक २८३९.९०.९० मा

पर्ने म्याग्नसियम सिलिकेट र उपशीर्षक २८३९.१९.०० मा पर्ने लिक्विड सोडियम सिलिकेटको पैठारी गर्दा दश प्रतिशत भन्सार महसुल लाग्ने,

(ह) हेलमेट उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादन प्रयोजनको लागि औद्योगिक कच्चापदार्थको रुपमा उपशीर्षक ३२०८.१०.०० तथा उपशीर्षक ३२०८.२०.०० मा पर्ने पेन्ट र शीर्षक ३९.२० मा पर्ने प्लाष्टिकका सिटको पैठारी गर्दा दश प्रतिशत भन्सार महसुल लाग्ने,

(क्ष) अप्टिकल फाइबर केबुल उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादन प्रयोजनको लागि कच्चापदार्थको रुपमा उपशीर्षक ७२१७.१०.०० मा पर्ने स्प्रिङ्ग स्टिल वायर र उपशीर्षक ७३१२.१०.०० मा पर्ने ट्वीस्टेड स्टिल वायर पैठारी गर्दा दश प्रतिशत भन्सार महसुल लाग्ने,

(त्र) शीर्षक ८५.२३ मा पर्ने चिप्स जडित स्मार्ट कार्डको उत्पादन तथा छपाइ गर्ने उद्योगले आफ्नो उत्पादन प्रयोजनको लागि पैठारी गर्ने शीर्षक ३९.२० मा पर्ने प्लाष्टिकका सिटको पैठारी गर्दा पाँच प्रतिशत भन्सार महसुल लाग्ने,

(ज्ञ) जुत्ता, चप्पल उद्योगले आफ्नो उत्पादन प्रयोजनको लागि कच्चापदार्थको रुपमा शीर्षक ३९.२० र ३९.२१ मा पर्ने स्टिफनर सिट र टीपीयु सेन्थेटिक सिटको पैठारी गर्दा पन्ध्र प्रतिशत भन्सार महसुल लाग्नेछ।

६. **<u>नेपाल सरकारको सम्बन्धित निकायको सिफारिसमा भन्सार महसुल छुट हुनेः-</u>**

(१) **भन्सार महसुल पूर्ण छुट हुनेः-**

(क) कूटनीतिक नियोग, कूटनीतिक व्यक्ति, परियोजना र अन्य निकाय (सरकारी तथा गैरसरकारी सङ्घ संस्था) ले महसुल सुविधामा पैठारी गरेका सुरु उत्पादन वर्षले दश वर्ष नाघेका वा कूटनीतिक नियोग र कूटनीतिक व्यक्तिले प्रयोग गरेका तर दश वर्ष व्यतीत नभई दुर्घटना वा प्राविधिक कारणले सञ्चालन हुन नसक्ने पुराना सवारी साधन मन्त्रालयको स्वीकृति लिई पुनः प्रयोग हुन नसक्ने गरी स्क्र्याप गरी रजिष्ट्रेशन रद्द गर्न चाहेमा त्यस्तो सवारी साधन,

(ख) नेपाल सरकार, रक्षा मन्त्रालयको सिफारिसमा नेपाली सेनाका नाममा पैठारी हुने देहाय बमोजिमका वस्तुः-

(अ) सैनिक प्रयोगका खरखजाना, हातहतियार, गोली गठ्ठा, बारूद र तिनका स्पेयर पार्ट, विशेष प्रकारको तेल र टल्लीहरू, एक्सेसरिज, विष्फोटक पदार्थ, सैनिक सामग्री उत्पादन गर्न आवश्यक पर्ने कच्चापदार्थ तथा सुरक्षाको निमित्त प्रयोग गर्ने मेशिनरी औजार र पार्टपुर्जा,

(आ) सैनिक जवान तथा घोडा खच्चड र कुकुरको स्वास्थ्य उपचारको लागि आवश्यक पर्ने औजार, उपकरण, औषधि र तत्सम्बन्धी वस्तु,

(इ) नेपाली सेनाले उपयोग गर्ने सञ्चारका उपकरण र सोको सञ्चालनको लागि आवश्यक वस्तु,

(ई) इञ्जिनियरिङ्ग सर्भे र निर्माण कार्यमा प्रयोग हुने हेभी अर्थमुभिङ्ग प्लाण्ट, औजार र सो सम्बन्धी पार्टस, अप्टिकल इक्विपमेण्ट तथा नेपाल सरकार, रक्षा मन्त्रालयद्वारा तोकिए बमोजिमको डिफेन्स स्टोरका वस्तु,

(उ) क्याम्पिङ्ग इक्विपमेण्टस तथा स्पेशल फोर्स र प्यारा ट्रुपरलाई आवश्यक पर्ने वस्तु,

(ऊ) सैनिक अस्पतालको लागि आवश्यक पर्ने फर्निचर तथा वस्तु, औषधि, मेडिकल औजार र उपकरण,

(ए) नेपाली सेनाको नाममा पैठारी हुने हवाईजहाज, हेलिकोप्टर र तिनका पार्टपुर्जा, प्यारासुट (व्याग समेत) टुल्स, तथा ग्राउण्ड इक्विपमेण्ट,

(ऐ) विपद् उद्धार कार्यमा प्रयोग हुने वस्तु,

(ओ) संयुक्त राष्ट्र सङ्घको अनुरोधमा शान्ति स्थापनार्थ खटिने सैनिक डफ्फाको प्रयोगका लागि पैठारी गर्ने तथा लगतमा राखी लगेका आर्मर्ड पर्सनल क्यारियर, सवारी साधन, हातहतियार लगायत सबै प्रकारका वस्तु।

(ग) नेपाल सरकार, गृह मन्त्रालयको सिफारिसमा सशस्त्र प्रहरी बल नेपालको नाममा पैठारी हुने देहाय बमोजिमका वस्तुः-

(अ) शान्ति सुरक्षा कायम गर्न आवश्यक पर्ने मेशिनरी औजार,

(आ) हातहतियार,

(इ) भिड नियन्त्रणका वस्तु,

(ई) अस्पताल सञ्चालनका लागि आवश्यक पर्ने उपकरण तथा औजार,

(उ) सशस्त्र प्रहरीले प्रयोग गर्ने सञ्चार सम्बन्धी वस्तु (नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सिफारिस बमोजिम),

(ऊ) अपराध अनुसन्धानको लागि आवश्यक उपकरण तथा अन्य वस्तु,

(ए) विष्फोटक सम्बन्धी सशस्त्र प्रहरीलाई आवश्यक पर्ने वस्तु,

(ऐ) वैज्ञानिक प्रयोगशालाको लागि चाहिने वस्तु,

(ओ) विपद् उद्धार कार्यमा प्रयोग हुने वस्तु,

(औ) संयुक्त राष्ट्र सङ्घको अनुरोधमा शान्ति स्थापनार्थ खटिने सशस्त्र प्रहरीको प्रयोगका लागि पैठारी गर्ने तथा लगतमा राखी लगेका आर्मर्ड पर्सनल क्यारियर, सवारी साधन, हातहतियार लगायत सबै प्रकारका वस्तु।

(घ) नेपाल सरकार, गृह मन्त्रालयको सिफारिसमा नेपाल प्रहरीको नाममा पैठारी हुने देहायका वस्तुः-

(अ) शान्ति सुरक्षा कायम राख्न आवश्यक मेशिनरी तथा औजार,

(आ) हातहतियार,

(इ) भिड नियन्त्रणको लागि आवश्यक वस्तु,

(ई) अस्पताल सञ्चालनको लागि आवश्यक पर्ने उपकरण तथा औजार,

(उ) प्रहरीले प्रयोग गर्ने सञ्चार सम्बन्धी वस्तु (नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सिफारिस बमोजिम),

(ऊ) ट्राफिक सम्बन्धी वस्तु,

(ए) फिङ्गर प्रिन्ट्स र सो सम्बन्धी आवश्यक वस्तु,

(ऐ) अपराध अनुसन्धानको लागि चाहिने उपकरण तथा अन्य वस्तु,

(ओ) विष्फोटक सम्बन्धी प्रहरीलाई आवश्यक पर्ने वस्तु,

(औ) वैज्ञानिक प्रयोगशालाको लागि चाहिने वस्तु,

(अं) विपद् उद्धार कार्यमा प्रयोग हुने वस्तु,

(अः) संयुक्त राष्ट्र सङ्घको अनुरोधमा शान्ति स्थापनार्थ खटिने नेपाल प्रहरीको प्रयोगका लागि पैठारी गर्ने तथा लगतमा राखी लगेका आर्मर्ड पर्सनल क्यारियर, सवारी साधन, हातहतियार लगायत सबै प्रकारका वस्तु।

(ङ) वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागको सिफारिसमा पर्वतारोहण दलले ट्रान्जिटको रूपमा नेपालको बाटो गरी निकासी वा पैठारी गर्ने वस्तु,

(च) नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सिफारिसमा पैठारी हुने देहाय बमोजिमका वस्तुः-

(अ) चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पताल, त्रि.वि. शिक्षण अस्पताल, वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र र मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेण्टरको नाममा पैठारी हुने निर्माण तथा अस्पताल सञ्चालनको लागि आवश्यक निर्माण सामग्री, चिकित्सा सम्बन्धी उपकरण र औजार,

(आ) क्यान्सरका बिरामीलाई निःशुल्क वितरण गर्ने प्रयोजनको लागि सरकारी वा सामुदायिक अस्पतालले पैठारी गर्ने क्यान्सर निरोधक औषधि।

(छ) चलचित्र विकास बोर्डको सिफारिसमा पैठारी गर्ने विदेशमा रहेका पुराना ऐतिहासिक नेपाली चलचित्र तथा वृत्तचित्रका डिजिटल प्रति, टेप, क्यासेट वा रिल,

(ज) नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सिफारिसमा स्थानीय तहले पैठारी गर्ने शीर्षक ८७.०४ मा पर्ने एक थान कृषि एम्बुलेन्स वा ढुवानी साधन। त्यस्तो कृषि एम्बुलेन्स वा ढुवानी साधन पैठारी गरेका मितिले सात वर्षसम्म बिक्री वितरण वा नामसारी गर्न नपाइने,

(झ) उद्योग विभागको सिफारिसमा अपाङ्गता भएको व्यक्तिले प्रयोग गर्ने सामग्री उत्पादन गर्ने उद्योगलाई आवश्यक पर्ने सम्पूर्ण कच्चा पदार्थ,

(ठ) उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको सिफारिसमा ग्रीन हाइड्रोजन उत्पादन गर्ने उद्योगले पैठारी गर्ने उपशीर्षक ७३११.००.९० मा पर्ने हाइड्रोजन भण्डारणको लागि हाइ प्रेसर सिलिण्डर; उपशीर्षक ८४१४.८०.०० मा पर्ने हाइड्रोजन कम्प्रेशर; उपशीर्षक ८५४३.३०.०० मा पर्ने इलेक्ट्रोलाईजर, उपशीर्षक ८४२१.३९.९० मा पर्ने ग्यााँस शुद्धीकरण उपकरण; उपशीर्षक ९०२५.८०.०० मा पर्ने हाइड्रोजन ग्यााँसको आद्रता नाप्ने उपकरण; उपशीर्षक ९०२६.८०.९० मा पर्ने लिक डिटेक्टर र उपशीर्षक ९०२७.१०.०० मा पर्ने ग्यााँस विश्लेषण गर्ने उपकरण।

**(२) भन्सार महसुल एक प्रतिशत मात्र लाग्नेः-**

(क) स्वीकृतिप्राप्त निजी वा सामुदायिक अस्पताल तथा स्थानीय तहले नेपाल सरकार, स्वास्थ्य तथा

जनसङ्ख्या मन्त्रालयको सिफारिसमा सो मन्त्रालयले तोकेको मापदण्ड अनुसारको देहाय बमोजिमको शर्त अनुसार पैठारी गर्ने देहाय बमोजिमको परिमाणसम्मको एम्बुलेन्स तथा यस अनुसूचीको प्रकरण ३ को बुँदा (१) को खण्ड (क) को अधीनमा रही पैठारी गर्ने देहाय बमोजिमको परिमाणसम्मको शववाहनः-

(अ) एक सयभन्दा कम शय्या भएको निजी वा सामुदायिक अस्पतालका लागि एउटा एम्बुलेन्स र एउटा शववाहन तथा एक सय वा सोभन्दा बढी शय्या भएको अस्पतालका लागि दुई वटासम्म एम्बुलेन्स र एउटा शववाहन; गाउँपालिकाको लागि दुई वटा, नगरपालिकाको लागि तीन वटा र उपमहानगरपालिका तथा महानगरपालिकाको लागि चार वटा एम्बुलेन्स।

यस उपखण्ड बमोजिम सिफारिस गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले उक्त संस्था वा निकायले त्यसभन्दा अघि त्यस्तो सुविधा उपभोग नगरेको व्यहोरा उक्त सिफारिसपत्रमा खुलाउनु पर्नेछ।

त्यसरी सुविधामा पैठारी भएको एम्बुलेन्स र शववाहन दश वर्ष पुरानो भई वा दुर्घटना वा अन्य कुनै कारणले प्रयोग गर्न नसक्ने भएमा सम्बन्धित यातायात व्यवस्था कार्यालयबाट त्यसलाई पत्रु (स्क्रयाप) गरी दर्ता खारेज गराई सोको प्रमाण भन्सार कार्यालयमा पेस गरेपछि सोको सट्टा अर्को एम्बुलेन्स र शववाहन पैठारी गर्दा त्यस्तो सुविधा दिइनेछ।

(आ) यस खण्डको उपखण्ड (अ) बमोजिम एम्बुलेन्स वा शववाहन पैठारी गर्दा निम्न बमोजिमको शर्त समेत पालना गर्नु पर्नेछः-

(१) एम्बुलेन्स वा शववाहन पैठारी गर्दा पैठारीकै अवस्थामा त्यस्तो एम्बुलेन्स वा शववाहनको अगाडि पछाडि टाढैबाट देखिने गरी ठूला-ठूला अक्षरमा एम्बुलेन्स वा शववाहन भनी लेखिएको हुनु पर्नेछ,

(२) एम्बुलेन्समा साइरन, इमर्जेन्सी बत्ती, स्ट्रेचरका अतिरिक्त अन्य आवश्यक औजारहरू फिट गरिएको हुनु पर्नेछ,

(३) एम्बुलेन्स वा शववाहनमा चालकको पछाडिपट्टि कुनै पनि सिट राखिएको हुनु हुँदैन,

(४) एम्बुलेन्सलाई बिरामीको सेवा बाहेक अन्यत्र प्रयोग गर्न र शववाहनलाई शवको ओसारपसार गर्न बाहेक अन्य प्रयोजनमा प्रयोग गर्न पाइने छैन,

(५) एम्बुलेन्स वा शववाहन नेपाल सरकारको सवारी प्रदूषण मापदण्डभित्र रहेर सञ्चालन गर्नु पर्नेछ,

(६) पैठारी भएको एम्बुलेन्स वा शववाहनको सवारी दर्ता गर्दा एम्बुलेन्स वा शववाहन भनी सवारी दर्ता प्रमाणपत्रमा स्पष्ट उल्लेख गर्नु पर्नेछ,

(७) एम्बुलेन्समा टाढैबाट देखिने गरी ठूला ठूला अक्षरमा "नेपाल सरकारबाट राजस्व छुट सुविधाप्राप्त" भन्ने लेखिएको हुनु पर्नेछ,

(८) एम्बुलेन्सले बिरामी ओसारपसार लगायतका सेवा प्रदान गरे बापत लिने भाडादर नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

(इ) उपखण्ड (आ) मा उल्लिखित शर्त उल्लङ्घन गरेको पाइएमा त्यस्तो एम्बुलेन्स वा शववाहन जफत गरी बिगो बमोजिम जरिबाना गरिनेछ।

(ख) सरकारी, सामुदायिक तथा निजी क्षेत्रका अस्पताल बाहेक कानून बमोजिम दर्ता भएका अन्य सङ्घ, संस्था, कम्पनी वा उद्योगले नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सिफारिसमा सो मन्त्रालयले तोकेको मापदण्ड अनुसारको खण्ड (क) को उपखण्ड (आ) बमोजिमको शर्तका अधीनमा रही पैठारी गर्ने एम्बुलेन्स र शववाहन एक एक थान।

त्यसरी सुविधामा पैठारी भएको एम्बुलेन्स र शववाहन दश वर्ष पुरानो भई वा दुर्घटना वा अन्य कुनै कारणले प्रयोग गर्न नसक्ने भएमा सम्बन्धित यातायात व्यवस्था कार्यालयबाट त्यसलाई पत्रु (स्क्रयाप) गरी दर्ता खारेज गराई सोको प्रमाण पेस गरेमा सोको सट्टा अर्को एम्बुलेन्स र शववाहन पैठारी गर्दा समेत यो सुविधा दिइनेछ।

यस खण्ड बमोजिम सिफारिस गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले उक्त संस्थाले त्यसभन्दा अघि त्यस्तो सुविधा उपभोग नगरेको वा गरेको भए सो सुविधामा पैठारी गरेको

एम्बुलेन्स र शववाहन पत्रु (स्क्रयाप) गरी दर्ता खारेज गरेको व्यहोरा त्यस्तो सिफारिसपत्रमा खुलाउनु पर्नेछ।

(ग) सरकारी अस्पतालले नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सिफारिसमा पैठारी गर्ने सो मन्त्रालयले तोकेको मापदण्ड अनुसारको एम्बुलेन्स र शववाहन,

(घ) औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम कुनै उद्योगलाई रूग्ण उद्योग घोषणा गरी सोही सूचनामा तोकिएको निकायको सिफारिसमा त्यस्तो रूग्ण उद्योगको पुनर्स्थापनाको लागि पैठारी गर्ने भाग ८४ अन्तर्गत पर्ने औद्योगिक मेशिनरी र पार्टपुर्जा,

(ङ) पशु सेवा विभागको सिफारिसमा पैठारी हुने देहाय बमोजिमका वस्तुः-

(अ) दाना तथा पशुपन्छी उद्योग र फिड सप्लिमेन्ट उत्पादन गर्ने उद्योगले पैठारी गर्ने भाग २८ र २९ मा पर्ने कच्चापदार्थ, सहायक कच्चापदार्थ तथा शीर्षक ३९.२३, ४८.१९, ६३.०५ र उपशीर्षक ८३०९.९०.०० मा पर्ने प्याकिङ्ग मेटेरियल,

त्यसरी सिफारिस गर्दा एक आर्थिक वर्षमा खपत हुन सक्ने परिमाण एकैपटक सिफारिस गर्न सकिनेछ। त्यस्तो सुविधा अन्तर्गत पैठारी गर्ने कच्चापदार्थ, सहायक कच्चापदार्थ तथा उद्योगको ट्रेडमार्क अङ्कित प्याकिङ्ग मेटेरियलको सिफारिस गर्दा पशु सेवा विभागले खपत अनुपात र बिक्री तथा विदेश निकासी भएको परिमाणको आधारमा गर्नु पर्नेछ।

(आ) नश्ल सुधारको लागि विदेशबाट पैठारी गरिने उपशीर्षक ०५११.१०.०० मा पर्ने उन्नत जातका चौपायाको वीर्य (सिमेन) र पशुको भ्रुण,

(इ) दैनिक १००० लिटर भन्दा बढी दुध उत्पादन गर्ने कृषि तथा दुग्ध उत्पादन फर्महरुले पैठारी गर्ने उपशीर्षक ७३१०.१०.००, ७३१०.२१.०० र ७३१०.२९.०० मा पर्ने स्टिलको मिल्क क्यान।

(च) कृषि यन्त्र तथा उपकरण निर्माण गर्ने गरी दर्ता भएका उद्योगले उद्योग विभागको सिफारिसमा पैठारी गर्ने कृषि यन्त्र तथा उपकरण निर्माण गर्न आवश्यक पर्ने वस्तु,

यस खण्ड बमोजिम वस्तुको सिफारिस गर्दा उद्योगको वार्षिक निर्माण क्षमताका आधारमा रही गर्नु पर्नेछ।

(छ) वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सिफारिसमा पैठारी हुने देहाय बमोजिमका वस्तुः-

(अ) वैकल्पिक उर्जाको स्रोत, जस्तै हावाबाट विद्युत उत्पादन गर्ने उपशीर्षक ८५०२.३१.०० मा पर्ने हावा मिल र उपशीर्षक ८५०३.००.१० मा पर्ने हावा मिलका एसेसरिज र पार्टपुर्जा,

(आ) भन्सार महसुल दर माफी भएका बाहेकका सौर्य शक्तिबाट विद्युत उत्पादन गर्न प्रयोग हुने निम्न उपकरणः-

(१) उपशीर्षक ८५०४.४०.९० मा पर्ने सोलार चार्ज कन्ट्रोलर,

(२) उपशीर्षक ७८०१.९१.०० मा पर्ने एण्टिमोनियल लिड एल्वाय इन्गट;

उपशीर्षक ७८०१.१०.०० र ७८०१.९९.०० मा पर्ने लिड; उपशीर्षक ८५०७.९०.०० मा पर्ने ब्याट्री बक्स, सेपरेटर र ट्यूबलर व्याग,

(३) उपशीर्षक ८४१३.७०.९९ मा पर्ने ब्याट्रीबाट चल्ने पानी तान्ने पम्प (डी.सी. पम्प),

(४) असी प्रतिशतभन्दा बढी क्षमता भएको उपशीर्षक ८५०४.४०.९० मा पर्ने सोलार इन्भर्टर,

(५) सौर्य टुकीमा प्रयोग हुने १२ भन्दा कम भोल्ट र १० भन्दा कम एम्पीयर क्षमताका उपशीर्षक ८५०७.६०.०० मा पर्ने लिथियम आयन ब्याट्री।

(इ) गोबर ग्याँस लगायत बायोग्याँसका लागि आवश्यक पर्ने उपशीर्षक ८४८१.१०.०० मा पर्ने मेन ग्याँस भल्भ तथा बायोग्याँसमा प्रयोग हुने अन्य भल्भ र उपशीर्षक ७३०७.२३.०० मा पर्ने तिनका फिटिङ्ग; उपशीर्षक ७३०७.२२.०० र ७३०७.९२.०० मा पर्ने एल्बो; उपशीर्षक ३९१७.३९.०० मा पर्ने ग्याँस पाइप; उपशीर्षक ९०२८.१०.०० मा पर्ने ग्याँस मिटर; उपशीर्षक ७३२१.११.०० मा पर्ने गोबरग्याँस चुल्हो र उपशीर्षक ७३२१.९०.०० मा पर्ने तिनका पार्टपुर्जा र उपशीर्षक ४००९.३१.०० मा पर्ने रबर होज पाइप,

(ई) गोबरबाट विद्युत उत्पादन गर्नका लागि ब्याट्री बनाउने उद्योगले पैठारी गर्ने सो ब्याट्री बनाउन चाहिने आवश्यक कच्चापदार्थ भनी उद्योग विभाग वा लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रबाट सिफारिस भई आएका उद्योगको वार्षिक क्षमता र स्वीकृत स्कीममा तोकिएको परिमाणसम्मका कच्चापदार्थ,

(उ) बायो उर्जामा आधारित उपशीर्षक ७३२१.१९.०० मा पर्ने बायो स्टोभ (राइस हस्क स्टोभ); उपशीर्षक ७३२१.९०.०० मा पर्ने वेकेलाइट हेन्डल र उपशीर्षक ८४१४.५९.०० मा पर्ने हाईस्पिड डी.सी. पङ्खा,

(ऊ) जैविक इन्धन (ठोस, तरल तथा ग्याँस) उत्पादनको प्रयोजनको लागि पैठारी हुने उपशीर्षक ८४१९.३९.०० मा पर्ने ड्रायर,; उपशीर्षक ८४१७.८०.०० मा पर्ने कार्बोनाइजेशन फर्नेश; उपशीर्षक ८४७९.८९.७० मा पर्ने ब्रिकेट मेशिन लगायतका जैविक इन्धन उत्पादन गर्ने मेशिनरी; उपशीर्षक ८४७९.८२.०० मा पर्ने मिक्सर मेशिन; उपशीर्षक ८४१६.२०.०० मा पर्ने उड पेलेट बर्नर; उपशीर्षक ८४१९.११.०० मा पर्ने बायोमास ग्यासिफायर तथा तिनका पार्टपुर्जा र भाग २८, २९ र ३८ मा पर्ने रसायन,

(ए) सौर्य ऊर्जाबाट मात्र सञ्चालन हुने तथा सौर्य ताप उर्जा उत्पादनमा प्रयोग हुने निम्न उपशीर्षकमा पर्ने वस्तुः-

७४१०.२१.००, ७६०७.१९.००,
८४०३.१०.००, ८४०३.९०.००,
८४१२.८०.००, ८४१९.३४.००,
८५१६.६०.११, ८५१६.६०.१२,
८५१६.६०.१९, ८५१६.६०.२०,
८५१६.६०.३० र ८५१६.६०.९०।

(ज) नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सिफारिसमा सरकारी, सामुदायिक तथा मुनाफा वितरण नगर्ने अस्पतालले पैठारी गर्ने मृगौला उपचारमा प्रयोग हुने उपशीर्षक ९०१८.९०.९० मा पर्ने हेमो डायलाइसिस मेशिन, डाइलासिस रिप्रोसेसर, डायलाइजर र यसको ट्यूबिङ्ग; उपशीर्षक ९४०२.९०.२० मा पर्ने डाइलासिस बेड तथा उपशीर्षक ९४०२.९०.९० मा पर्ने कुर्सी; मुटुको रोग निदान तथा उपचारमा प्रयोग हुने उपशीर्षक ९०१८.११.०० मा पर्ने इकोकार्डियोग्राफ; उपशीर्षक ९०१८.१९.९० मा पर्ने भिडियो स्कोप, क्याथल्याब, हर्ट लङ्ग मेशिन र डिफ्रीब्रिलेटर; क्यान्सर रोगको निदान तथा उपचारमा प्रयोग हुने उपशीर्षक ९०२२.१२.०० मा पर्ने पोजिट्रोन इमिशन टोमोग्राफी (पेट) स्क्यान मेशिन, कम्प्युटेड टोमोग्राफी (सि.टी.) स्क्यान मेशिन, मेमोग्राफी; उपशीर्षक ९०२२.२१.०० मा पर्ने ब्रेसीथेरापी र लिनियर एक्सिलरेटर; रोग निदानमा प्रयोग हुने उपशीर्षक ९०१८.१९.९० मा पर्ने फ्लो साइटोमिटर, नेक्स्ट जेनेरेशन सिक्वेन्सर, प्रोटिन माइक्रोएरी प्लेटफर्म; उपशीर्षक ९०१८.९०.३० मा पर्ने मल्टिप्लेक्स रियल टाइम पि.सि.आर. र उपशीर्षक ९०१८.१३.०० मा पर्ने

म्याग्नेटिक रिजोनेन्स इमेजिङ्ग (एम.आर.आई.) मेशिन।

(झ) नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सिफारिसमा पशुपन्छी पालन उद्योग, कृषि फर्म तथा कम्पनी तथा कृषि सहकारी संस्थाले पैठारी गर्ने कृषिजन्य उत्पादन, सुरक्षित गर्न निर्माण गरिने शीत भण्डारको लागि आवश्यक पर्ने उपशीर्षक ८४१४.३०.०० मा पर्ने कम्प्रेसर; उपशीर्षक ८४१५.८३.१० मा पर्ने एयर ह्याण्डलिङ्ग यूनिट; उपशीर्षक ८४१८.६९.१० मा पर्ने चिलर; उपशीर्षक ८४१९.५०.०० मा पर्ने ताप विनिमय एकाइ; उपशीर्षक ८४८१.८०.९० मा पर्ने भल्भ; उपशीर्षक ३९२१.९०.९१ मा पर्ने थर्मोकोल; शीर्षक ३९.२० र ३९.२१ मा पर्ने कुखुरा पालनको लागि आवश्यक पर्ने विशेष प्रकारको प्लाष्टिक सिट; उपशीर्षक ४८१९.१०.१० र ३९२३.१०.२० मा पर्ने अण्डा राख्ने क्रेट र च्याउको बिउ उत्पादनमा प्रयोग हुने उपशीर्षक ९४०३.२०.९० मा पर्ने बिउ राख्ने एस.एस. वाल टेबुल,

(ञ) प्लाण्ट क्वारेन्टिन तथा विषादि व्यवस्थापन केन्द्रको सिफारिसमा पैठारी हुने बालीनालीको लागि मात्र प्रयोग हुने उपशीर्षक ३८०८.९१.९० मा पर्ने कीटनाशक; उपशीर्षक ३८०८.९२.०० मा पर्ने ढुसीनाशक; उपशीर्षक ३८०८.९३.१० मा पर्ने झारपातनाशक; उपशीर्षक ३८०८.९९.११ मा पर्ने मुसानाशक विषादि तथा उल्लिखित वस्तु उत्पादन गर्ने उद्योगले उक्त केन्द्रको परिमाण र अवधि खोलिएको सिफारिसका आधारमा पैठारी गर्ने कच्चापदार्थ र पशु सेवा विभागको

सिफारिसमा पशुपन्छीको जैविक सुरक्षाका लागि आवश्यक पर्ने उपशीर्षक ३८०८.९४.९० मा पर्ने निसङ्क्रामक (डिस्ईन्फेक्टेन्ट), पानी सफा गर्ने (वाटर सेनिटाइजर), पानी अम्लीकरण गर्ने (वाटर एसिडीफायर),

(ट) नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सिफारिसमा पैठारी हुने देहाय बमोजिमका वस्तुः-

(अ) सरकारी, सरकारी सहायता प्राप्त तथा सामुदायिक अस्पताललले पैठारी गर्ने भाग ८४ र ९० मा पर्ने औषधीय तथा शल्यचिकित्सा सम्बन्धी यन्त्र, उपकरण र औजार; मुटुभित्र प्रत्यारोपण गरिने उपशीर्षक ९०२१.९०.३० मा पर्ने भल्भ र स्टेण्टहरू; उपशीर्षक ९०२१.५०.०० मा पर्ने पेस मेकर र पेस मेकरका पार्टपुर्जा; मुटु तथा मानव शरीर प्रत्यारोपणमा प्रयोग हुने उपशीर्षक ९०२१.९०.९० मा पर्ने आर्टिएल सेप्टल डिफेक्ट (एसडी), पाटेन्ट डक्टटस आर्टेरूसस (पिडीए), भेन्ट्रिकुलर सेप्टल डिफेक्ट (भिसडी), एलएलए डिभाइसेस भास्कुलर प्लग,

तर त्यसरी पैठारी गरेका वस्तु वारेण्टी वा ग्यारेण्टीको अवधिमा पैठारी गरेको मितिले एक वर्षभित्र मर्मत गर्न लैजाँदा वा मर्मत गरी ल्याउँदा वा सोको सट्टा सोही प्रकारको अर्को वस्तु पैठारी गर्दा त्यसमा भन्सार महसुल पूर्ण छुट हुनेछ।

(आ) सरकारी, सरकारी सहायताप्राप्त, सामुदायिक तथा गैरसरकारी अस्पताललले पैठारी गर्ने आँखा उपचारको प्रयोगमा आउने इण्ट्राओकुलर लेन्स उत्पादन गर्न आवश्यक पर्ने उपशीर्षक

३९२६.९०.३९, ३९२६.९०.९९, ९००१.१०.००, ९००१.२०.०० र ९००१.९०.०० मा पर्ने कच्चापदार्थ र तिनका सहायक सामग्री, यन्त्र उपकरण र तिनका पार्टपुर्जा।

(ठ) नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयको सिफारिसमा फुटवल, क्रिकेट तथा बहुउद्देश्यीय रङ्गशाला निर्माण र सञ्चालनको लागि आवश्यक पर्ने शीर्षक ५६.०७ मा पर्ने साइड स्क्रिन बाउण्ड्री रोप; उपशीर्षक ८४२४.१०.०० मा पर्ने फायर एक्सटिङिग्वशर; शीर्षक ८५३१.२०.०० मा पर्ने डिजिटल स्कोर बोर्ड; उपशीर्षक ८४३२.८०.०० मा पर्ने टर्फ रोलर, उपशीर्षक ८४३३.११.०० मा पर्ने घाँस काट्ने मेशिन; उपशीर्षक ८४७९.८९.४० मा पर्ने गार्बेज कम्प्याक्टर मेशिन; ९४०१.९९.०० मा पर्ने प्रि फ्याब्रिकेटेड सिट र शीर्षक ९४.०५ मा पर्ने फ्लड लाईट,

(ड) सम्बन्धित स्थानीय तहको सिफारिसमा फोहोरमैला सङ्कलन गरी पुनः उत्पादन गर्ने उद्योगले पैठारी गर्ने उपशीर्षक ७३०९.००.०० मा पर्ने गार्बेज कन्टेनर,

(ढ) विदेशी नियोग तथा दातृ संस्थाले कूटनीतिक सुविधा वा महसुल सुविधामा पैठारी गरी कुनै आयोजनाको स्वीकृत वार्षिक कार्यक्रम अनुरूप आयोजनालाई नै हस्तान्तरण गरी सरकारी नम्बर प्लेटमा परिवर्तन गर्ने वा कुनै आयोजनाको नाममा पूर्ण वा आंशिक महसुल सुविधामा (लगत वा बैङ्क जमानतमा पैठारी भएको बाहेक) पैठारी भएका र आयोजना समाप्तिपछि मन्त्रालयको स्वीकृति लिई सरकारी नम्बर प्लेटमा

परिवर्तन गर्ने गरी सरकारी निकायलाई हस्तान्तरण गर्ने वा कम्तीमा पन्ध्र शय्याभन्दा बढी क्षमताका स्वीकृति प्राप्त गैरनाफामुखी सामुदायिक अस्पताललाई हस्तान्तरण गर्ने सवारी साधन।

तर उत्पादन मितिले दश वर्ष नाघेका सवारी साधनलाई यो सुविधा दिइने छैन।

(ण) औषधि व्यवस्था विभागको सिफारिसमा औषधि उद्योगले पैठारी गर्ने भाग २८, २९ र ३८ मा पर्ने कच्चापदार्थ, सहायक कच्चापदार्थ र रासायनिक पदार्थ; शीर्षक ११.०८ का सबै उपशीर्षकमा पर्ने माड (स्वेतसार); उपशीर्षक १३०२.१९.०० मा पर्ने जडिबुटीका सार; शीर्षक १५.२१ मा पर्ने मौरीको मैन, वनस्पति मैन तथा अन्य मैन; उपशीर्षक १७०१.१४.९० मा पर्ने उखुको चिनी; उपशीर्षक १७०२.११.०० मा पर्ने ल्याक्टोज; उपशीर्षक १७०२.३०.१० र १७०२.३०.२० मा पर्ने ग्लुकोज; उपशीर्षक १७०२.३०.३० मा पर्ने डेक्स्ट्रोज; उपशीर्षक १७०२.९०.९० मा पर्ने फ्रुक्टोज वा अन्य चिनी; उपशीर्षक १९०५.९०.४० मा पर्ने औषधि भर्न हुने खाली क्याप्सुल (एम्प्टी क्यासे); उपशीर्षक २२०७.१०.१० र २२०७.२०.९० मा पर्ने इथानोल; उपशीर्षक २२०७.१०.२० र २२०७.२०.१० मा पर्ने रेक्टिफाइड स्प्रिट; उपशीर्षक २५१९.९०.०० मा पर्ने म्याग्नेसियम अक्साइड; शीर्षक २७.१२ मा पर्ने ह्वाइट सफ्ट प्याराफिन र पेट्रोलियम जेली; शीर्षक ३२.०३ र ३२.०४ का सबै उपशीर्षकमा पर्ने रङ; शीर्षक ३२.०५ मा पर्ने कोटिङ्ग मेटेरियल; उपशीर्षक

३३०१.९०.०० मा पर्ने एसेन्सियल आयल; उपशीर्षक ३३०२.९०.०० मा पर्ने सुगन्धयुक्त तत्त्व; शीर्षक ३४.०२ मा पर्ने टिवइन ८० सोडियम लौरेल सल्फेट; उपशीर्षक ३४०४.२०.०० र ३४०४.९०.०० मा पर्ने मैन; उपशीर्षक ३५०१.९०.०० मा पर्ने सोडियम केसिनेट; उपशीर्षक ३५०७.९०.०० मा पर्ने इन्जाइम; उपशीर्षक ३९०५.९९.०० मा पर्ने पोलिभिनायल पिरालोडोन (भिनायल एसिटेड) एसिटेड; उपशीर्षक ३९०६.९०.०० मा पर्ने कारबोमर; उपशीर्षक ३९१०.००.०० मा पर्ने प्राथमिक रुपका सिलिकन; शीर्षक ३९.१२ मा पर्ने माइक्रोक्रिस्टिलाइन सेलुलोज; शीर्षक ३९.१४ मा पर्ने को-पोलिमर टेष्ट मेकिङ्ग; उपशीर्षक ४०१४.९०.०० मा पर्ने रबर स्टोपर; उपशीर्षक ४८२१.१०.०० मा पर्ने लेबल; उपशीर्षक ७०१०.१०.०० मा पर्ने एम्पुल; उपशीर्षक ७६१२.१०.०० मा पर्ने आल्मोनियमका लचकदार ट्युब; शीर्षक ३९.२०, ३९.२१ र ४८.१९ का सबै उपशीर्षक तथा उपशीर्षक ३९२३.१०.१०, ३९२३.१०.९०, ३९२३.३०.९०, ३९२३.५०.००, ७०१०.९०.००, ७६०७.११.००, ७६०७.१९.००, ७६०७.२०.०० र ९६०२.००.०० मा पर्ने प्याकिङ्ग मेटेरियल तथा उपशीर्षक ३९२६.९०.९९ मा पर्ने १५ एम.एल. सम्म क्षमताका मेजरिङ्ग कप; उपशीर्षक ८३०९.९०.०० अन्तर्गतका आधारभूत धातुका बिर्कोहरु र उपशीर्षक २५०१.००.१० मा पर्ने नुन।

त्यस्तो सिफारिस गर्दा औषधि व्यवस्था विभागले कच्चापदार्थको खपत अनुपात, स्वदेशमा हुने उपभोग

र विदेशमा भएको निकासीको आधारमा एक आर्थिक वर्षको लागि चाहिने परिमाण एकैपटक सिफारिस गर्न सक्नेछ।

(त) लगानी बोर्ड नेपालबाट स्वीकृत हुने जल, सौर्य वा वायु उर्जामा आधारित विद्युत उत्पादन आयोजना वा प्रसारण लाईन आयोजनाको हकमा सो बोर्डको र नेपाल विद्युत प्राधिकरणबाट सञ्चालित आयोजना लगायत अन्य जलविद्युत आयोजना वा प्रसारण लाईन आयोजनाको हकमा विद्युत विकास विभागको सिफारिसमा सम्बन्धित आयोजना वा सोको ठेकेदार वा आयोजनाको प्रवर्द्धकले पैठारी गर्ने विद्युत उत्पादन, सञ्चय, प्रसारण तथा वितरणका लागि आवश्यक पर्ने निर्माण उपकरण, मेशिनरी, औजार तथा तिनका पार्टपुर्जा र उच्च भण्डारण क्षमताका व्याट्रि एवम् अन्य सम्बन्धित वस्तु र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको सिफारिसमा सौर्य तथा वायु उर्जाबाट विद्युत उत्पादन, सञ्चय, प्रसारण तथा वितरणका लागि आवश्यक पर्ने निर्माण उपकरण, मेशिनरी, औजार र तिनका पार्टपुर्जा तथा अन्य सम्बन्धित वस्तु,

यस खण्ड बमोजिम सिफारिस गर्दा आयोजनाको विस्तृत इञ्जिनियरिङ्ग डिजाइन प्रतिवेदनमा उल्लिखित परिमाण अनुसारको वस्तु मात्र सिफारिस गर्नु पर्नेछ।

(थ) बिउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको सिफारिसमा पैठारी हुने उपशीर्षक १००१.११.०० र १००१.९१.०० मा पर्ने गहुँको बिउ; उपशीर्षक १००५.१०.०० मा पर्ने मकैको बिउ; उपशीर्षक १००६.१०.१० मा पर्ने धानको बिउ; उपशीर्षक १२०९.९१.१०, १२०९.९१.२०,

१२०९.९१.३०, १२०९.९१.४०, १२०९.९१.५० र १२०९.९१.९० मा पर्ने तरकारीको बिउ तथा उपशीर्षक १२०९.२१.००, १२०९.२२.००, १२०९.२३.००, १२०९.२४.००, १२०९.२५.०० र १२०९.२९.०० मा पर्ने विभिन्न उन्नत जातका घाँसको बिउ,

(द) वातावरण विभागको सिफारिसमा पैठारी हुने सफा टेम्पोमा प्रयोग गरिने उपशीर्षक ८५०७.२०.०० मा पर्ने डिप साइकल लिड एसिड ब्याट्री र काठमाडौं उपत्यकामा सञ्चालित सफा टेम्पोमा प्रयोग हुने उपशीर्षक ८५०७.६०.०० मा पर्ने लिथियन आयन ब्याट्री,

(ध) पत्रपत्रिका प्रकाशन गर्न स्वीकृति प्राप्त सञ्चार गृहले नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सिफारिसमा पैठारी गर्ने उपशीर्षक ४८०१.००.०० मा पर्ने अखबारी कागज,

(न) नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सिफारिसमा कृषि, बागवानी तथा पुष्प फार्मले पैठारी गर्ने उपशीर्षक ९४०६.१०.१० र ९४०६.९०.१० मा पर्ने ग्रीन हाउस र सिँचाइमा प्रयोग हुने शीर्षक ३९.१७ र ७३.०६ मा पर्ने पाइप; शीर्षक ३९.१७ र ७३.०७ मा पर्ने पाइप जडान; उपशीर्षक ८४१३.७०.१९, ८४१३.७०.९१, ८४१३.७०.९२ र ८४१३.७०.९९ तथा ८४१३.८१.०० मा पर्ने पानी तान्ने पम्प,

(प) सम्बन्धित स्थानीय तहको सिफारिसमा फलफूल, पुष्प तथा तरकारी खेती गर्ने कृषि तथा नर्सरी फर्मले पैठारी गर्ने शीर्षक ३९.२० र ३९.२१ मा पर्ने यूभी प्लाष्टिक फिल्म; उपशीर्षक ३९२६.९०.९९ र ६३०७.९०.९० मा पर्ने इन्सेक्ट नेट; उपशीर्षक ३९२६.९०.९९ मा पर्ने हेल नेट (असिना छेक्ने जाली) र टनेल प्लास्टिक; उपशीर्षक १४०४.९०.९१ मा पर्ने कोकोपिट; उपशीर्षक ६००५.३५.०० मा पर्ने थर्मल स्क्रिन सेट; ग्रीन हाउसमा प्रयोग हुने शीर्षक ६०.०५ मा पर्ने एग्रोनेट र उपशीर्षक ९४०६.१०.१० र ९४०६.९०.१० मा पर्ने ग्रीन हाउस,

(फ) औषधि व्यवस्था विभागको सिफारिसमा आयुर्वेदिक औषधि उत्पादन गर्ने उद्योगले आयुर्वेदिक औषधि उत्पादन गर्न पैठारी गर्ने कच्चापदार्थ,

(ब) काठमाडौं उपत्यकाभित्र सञ्चालित उद्योग काठमाडौं उपत्यका बाहिर स्थानान्तरण गरी पुनः सञ्चालन गर्न चाहने उद्योगले उद्योग विभागको सिफारिसमा पैठारी गर्ने भाग ८४ मा पर्ने औद्योगिक मेशिनरी, उपकरण तथा पार्टपुर्जा,

(भ) संवत् २०८२ सालसम्म सञ्चालनमा आउने गरी निर्माणाधीन होटेल तथा रिसोर्टमध्ये नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सिफारिसमा एक अर्ब रुपैयाँदेखि दुई अर्ब रुपैयाँसम्म लगानी गरेका होटेल तथा रिसोर्टले पैठारी गर्ने दुई वटा सवारी साधन; दुई अर्ब रुपैयाँदेखि पाँच अर्ब रुपैयाँसम्म लगानी गरेका होटेल तथा रिसोर्टले पैठारी

गर्ने पाँच वटा सवारी साधन र पाँच अर्ब रुपैयाँभन्दा बढी लगानी गरेका होटेल तथा रिसोर्टले पैठारी गर्ने दश वटा सवारी साधन।

तर त्यसरी पैठारी हुने सवारी साधन पैठारी भएको दश वर्षसम्म निजी सवारीको रूपमा दर्ता गर्न वा नामसारी गर्न नपाइने र त्यसरी पैठारी भएका सवारी साधनमा बाहिरपट्टि त्यस्ता होटल तथा रिसोर्टको नाम लेखिएको हुनु पर्नेछ। त्यस्तो सवारी साधन दश वर्ष नपुगी नामसारी गरेमा नियम अनुसार पूरै भन्सार महसुल लाग्नेछ र दश वर्षपछि नामसारी भएमा भन्सार महसुल लाग्ने छैन। एक पटक त्यस्तो सुविधा उपभोग गरिसकेको दश वर्ष व्यतित गरिसकेपछि मात्र पुनः त्यस्तो सुविधा प्रदान गरिनेछ।

(म) सम्बन्धित स्थानीय तहको सिफारिसमा पशुपालन फर्म तथा उद्योगले पैठारी गर्ने उपशीर्षक ४०१६.९१.०० मा पर्ने पशु चौपायाका लागि ओछ्याउने म्याट,

(य) प्रविधिजन्य स्वास्थ्य सामग्री जस्तै प्लाष्टिकका सिरिञ्ज, क्यानुला, अक्सिजन मास्क, भेन्टिलेटर मास्क, अक्सिजन कनेक्टर तथा ट्यूबिङ्ग, ब्लड कलेक्सन कन्टेनर वा ब्याग, युरिन ब्याग, हेमोडाइलासिस कन्टेनर तथा ट्यूबिङ्ग जस्ता वस्तु उत्पादन गर्ने उद्योगले औषधि व्यवस्था विभागको सिफारिसमा उद्योगको उत्पादन क्षमता र वार्षिक खपत परिमाणको आधारमा शीर्षक ३९.०२ मा पर्ने प्लाष्टिकका दाना; उपशीर्षक ३९२३.५०.०० मा पर्ने प्लाष्टिक क्याप; शीर्षक ३९२६.९०.३९ मा पर्ने पेट ट्यूब तथा शीर्षक ४०१६.९३.९० मा पर्ने रबरका बिर्को र सिरिञ्ज ग्यासकेट,

(र) उद्योगको उत्पादन क्षमता र वार्षिक खपत परिमाणको आधारमा औषधि व्यवस्था विभागको सिफारिसमा औषधि उद्योगमा मात्र प्रयोग हुने पेट बोतल (पोलीइथाइलिन), एचडीपीई (हाइडेन्सिटी पोलीइथाइलिन) बोतल तथा बिर्को र मेजरमेन्ट क्याप उत्पादन गर्ने उद्योगले पैठारी गर्ने उपशीर्षक ३९०१.१०.००, ३९०१.२०.०० र ३९०७.६१.०० मा पर्ने प्लाष्टिक दाना,

(ल) लगानी बोर्ड नेपालबाट स्वीकृत हुने निजी लगानीका औद्योगिक क्षेत्र विकास आयोजनाको हकमा सो बोर्डको सिफारिसमा सम्बन्धित आयोजना वा सोको ठेकेदार वा आयोजनाको प्रवर्द्धकले पैठारी गर्ने औद्योगिक क्षेत्र निर्माणका लागि आवश्यक पर्ने निर्माण उपकरण, मेशिनरी, औजार तथा अन्य सम्बद्ध निर्माण सामग्री,

यस खण्ड बमोजिम सिफारिस गर्दा आयोजनाको विस्तृत इञ्जिनियरिङ्ग डिजाइन प्रतिवेदनमा उल्लिखित परिमाण अनुसारको वस्तु मात्र सिफारिस गर्नु पर्नेछ।

(व) उद्योग विभागको सिफारिसमा काठ सिजनिङ्ग गर्ने उद्योगले पैठारी गर्ने शीर्षक ८४.०२ मा पर्ने बोइलर; उपशीर्षक ८४१४.५९.०० मा पर्ने एयर फ्यान; उपशीर्षक ८४१९.३५.०० मा पर्ने काठ सुकाउने यन्त्र (ड्रायर); उपशीर्षक ८४२२.४०.०० मा पर्ने प्याकिङ्ग गर्ने मेशिन; शीर्षक ८४.२५ मा पर्ने स्किप होइष्टहरू; शीर्षक ८४.६५ मा पर्ने काठको बोक्रा छिल्ने मेशिन; उपशीर्षक ८४६५.९१.०० मा पर्ने काठ चिर्ने यन्त्र (सइङ्ग मेशिन); उपशीर्षक

८४६५.९२.०० मा पर्ने रन्दा र उपशीर्षक ९०२५.८०.०० मा पर्ने मोइश्चर मापन गर्ने यन्त्र,

(श) उद्योग विभागको सिफारिसमा विद्युतीय सवारी साधनको चार्जिङ्ग मेशिन उत्पादन तथा एसेम्बलिङ्ग गर्ने उद्योगले पैठारी गर्ने उपशीर्षक ८४२४.१०.०० मा पर्ने फायर एक्सटिङ्गिवशर; उपशीर्षक ८५३७.२०.०० मा पर्ने प्यानल; शीर्षक ८५.४४ मा पर्ने चार्जिङ्ग केवल तथा कनेक्टर; उपशीर्षक ९०२८.३०.०० मा पर्ने स्मार्ट इलेक्ट्रिक मिटर र उपशीर्षक ९०३२.८९.०० मा पर्ने कन्ट्रोलर।

(३) **भन्सार महसुल आंशिक छुट हुनेः-**

(क) नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सिफारिसमा स्वदेशी मुद्रण (प्रेस) उद्योगले आफ्नो उद्योगको प्रयोगको लागि पैठारी गर्ने उपशीर्षक ३२१५.१९.०० मा पर्ने मसीमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुने,

(ख) पर्यटन विभागको सिफारिसमा ट्रेकिङ्ग एजेन्सीले आफ्नो प्रयोजनको लागि पैठारी गर्ने उपशीर्षक ६३०६.२२.०० र ६३०६.२९.०० मा पर्ने पाल; उपशीर्षक ५६०७.५०.०० मा पर्ने क्लाइम्बिङ्ग रोप, क्लाइम्बिङ्गमा मात्र प्रयोग हुने वस्तु, विशेष प्रकारका क्याम्पिङ्ग क्रोकरी; उपशीर्षक ८२१५.२०.०० र ८२१५.९९.०० मा पर्ने कटलरी र उपशीर्षक ४२०२.९१.००, ४२०२.९२.००, ४२०२.९९.१० र ४२०२.९९.९० मा पर्ने रूकस्याक, क्याम्पन र पिटन पहिलो पटक पैठारी गर्दा पाँच प्रतिशत मात्र भन्सार महसुल लाग्ने,

त्यस्तो एजेन्सीले नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सिफारिसमा पैठारी गर्ने सञ्चार उपकरणमा समेत लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ। त्यसरी पैठारी हुने वस्तुमध्ये क्याम्पिङ्ग क्रोकरी र कटलरीमा ट्रेकिङ्ग एजेन्सीको नाम र चिन्ह अङ्कित भएको हुनु पर्नेछ।

(ग) पर्यटन विभागको सिफारिसमा जलयात्राको व्यवसाय गर्ने राफ्टिङ्ग सेवा सञ्चालन गर्ने व्यवसायीले आफ्नो व्यवसाय सञ्चालनको लागि उपशीर्षक ६५०६.१०.०० मा पर्ने हेलमेट एक सय थान र उपशीर्षक ३९२३.१०.९० मा पर्ने वाटरप्रुफ क्यामरा कण्टेनर दश थान पहिलो पटक पैठारी गर्दा भन्सार महसुल पाँच प्रतिशत लाग्ने,

(घ) नेपालमा छायाङ्कन गरिएको शीर्षक ३७.०६ मा पर्ने फिल्म डेभलप गर्न वा प्रशोधन गर्न वा प्रदर्शन गर्न अस्थायी निकासी गर्नु परेमा चलचित्र विकास बोर्डको सिफारिसमा भन्सार महसुल नलिई लगतमा राखी निकासी गर्न दिइनेछ। त्यस्तो सिनेमा पुनः पैठारी गर्दा प्रति सिनेमा पाँच हजार रुपैयाँ भन्सार महसुल लाग्नेछ। विदेशमा प्रदर्शनका लागि लगिएको सिनेमा फिर्ता ल्याउँदा भने भन्सार महसुल लाग्ने छैन।

तर विदेशी चलचित्र नेपालमा प्रदर्शनको लागि पैठारी गर्दा प्रति चलचित्रको मूल्यमा सम्झौता मूल्यको एक प्रतिशत भन्सार महसुल लाग्नेछ। नेपालमा चलचित्र छायाङ्कन गर्नको लागि विदेशी नागरिकले आफूसँग ल्याउने तथा नेपाली नागरिकले विदेशमा चलचित्र छायाङ्कन गर्नको लागि आफूसँग लैजाने चलचित्र सम्बन्धी यन्त्र उपकरण र सोसँग सम्बन्धित

वस्तु चलचित्र विकास बोर्डको सिफारिसमा पछि फिर्ता लैजाने वा फिर्ता ल्याउने शर्तमा भन्सार महसुल नलिई लगतमा राखी पैठारी वा निकासी गर्न दिन सकिनेछ।

(ङ) स्थायी स्वीकृतिप्राप्त ट्राभल एजेन्सी, ट्रेकिङ्ग एजेन्सी, राफ्टिङ्ग एजेन्सी र तारे तथा रिसोर्ट होटलले नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सिफारिसमा पैठारी गर्ने उपशीर्षक ८७०२.१०.१०, ८७०२.२०.१०, ८७०२.३०.१० र ८७०२.९०.१० मा पर्ने लक्जरी कोच; उपशीर्षक ८७०२.१०.३०, ८७०२.२०.३०, ८७०२.३०.३० र ८७०२.९०.३० मा पर्ने माइक्रोबस; र उपशीर्षक ८७०२.१०.२०, ८७०२.२०.२०, ८७०२.३०.२० र ८७०२.९०.२० मा पर्ने मिनिबसमध्ये जम्मा दुई थानमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुने,

तर त्यसरी पैठारी हुने सवारी साधन पैठारी भएको दश वर्षसम्म निजी सवारीको रूपमा दर्ता वा नामसारी गर्न नपाइने र सवारी साधनमा बाहिरपट्टि त्यस्ता एजेन्सी वा होटलको नाम लेखिएको हुनु पर्नेछ। त्यस्तो सवारी साधन दश वर्ष नपुगी नामसारी गरेमा प्रचलित कानून बमोजिमको पूरै भन्सार महसुल लाग्नेछ र दश वर्षपछि नामसारी भएमा भन्सार महसुल लाग्ने छैन। एक पटक त्यस्तो सुविधा उपभोग गरिसकेको दश वर्ष व्यतित गरिसकेपछि मात्र पुनः त्यस्तो सुविधा प्रदान गरिनेछ।

(च) तारे होटल वा रिसोर्टले स्वीकृत योजना अनुसार होटेलको निर्माणका लागि पर्यटन विभागको

सिफारिसमा पहिलो पटक पैठारी गर्दा निम्न उपशीर्षकमा पर्ने वस्तुमा पाँच प्रतिशत भन्सार महसुल लाग्नेछः-

उपशीर्षक ९४०३.१०.००, ९४०३.२०.९०, ९४०३.४०.००, ९४०३.५०.००, ९४०३.६०.००, ९४०३.७०.९०, ९४०३.८२.००, ९४०३.८३.००, ९४०३.८९.००, ९४०४.१०.०० मा पर्ने फर्निचर तथा फिक्चर्स; उपशीर्षक ९४०६.९०.९० मा पर्ने पुनर्निर्मित भवन; शीर्षक ३२.०८, ३२.०९ र ३२.१० अन्तर्गतका सबै उपशीर्षकमा पर्ने रङ; उपशीर्षक ५७०२.३२.००, ५७०२.३९.००, ५७०२.४२.००, ५७०२.४९.९०, ५७०२.५०.००, ५७०२.९२.००, ५७०२.९९.००, ५७०३.२१.००, ५७०३.२९.००, ५७०३.३१.००, ५७०३.३९.००, ५७०३.९०.१० र ५७०३.९०.९० मा पर्ने कार्पेट; उपशीर्षक ७००७.१९.०० मा पर्ने काँच र काँचका सामान; उपशीर्षक ८५३६.१०.००, ८५३६.२०.००, ८५३६.३०.००, ८५३६.४९.००, ८५३६.६१.००, ८५३९.१०.००, ८५३९.२१.००, ८५३९.२२.००, ८५३९.२९.००, ८५३९.३१.००, ८५३९.३२.००, ८५३९.३९.००, ८५३९.४१.००, ८५३९.४९.००, ८५३९.९०.०० मा पर्ने इलेक्ट्रिक इन्स्टलेशन; उपशीर्षक ८४५१.१०.०० मा पर्ने ड्राइक्लिनिङ्ग मेशिन; उपशीर्षक ६३०२.३१.१०,

६३०२.३१.९०, ६३०२.३२.१०, ६३०२.३२.९०, ६३०२.३९.१०, ६३०२.३९.९०, ६३०२.९१.००, ६३०२.९३.००, ६३०२.९९.०० मा पर्ने हाउसकिपिङ्गका वस्तु; उपशीर्षक ८४१४.३०.००, ८४१४.४०.०० मा पर्ने कम्प्रेशर; उपशीर्षक ८४१४.१०.०० मा पर्ने भ्याकुम पम्प; उपशीर्षक ८३०१.४०.०० मा पर्ने डोर लक्स; उपशीर्षक ८५०४.३३.०० मा पर्ने ट्रान्सफर्मर; उपशीर्षक ८५०२.१२.००, ८५०२.१३.००, ८५०२.२०.०० मा पर्ने जेनेरेटर; उपशीर्षक ८२१४.९०.००, ८२१५.१०.००, ८२१५.२०.००, ८२१५.९१.००, ८२१५.९९.०० मा पर्ने क्रकरी तथा कटलरी; उपशीर्षक ७०१३.१०.००, ७०१३.२२.००, ७०१३.२८.००, ७०१३.३३.००, ७०१३.३७.००, ७०१३.४१.००, ७०१३.४२.००, ७०१३.४९.००, ७०१३.९१.००, ७०१३.९९.०० मा पर्ने ग्लासवेयर; उपशीर्षक ७३२३.९३.०० मा पर्ने टेबुलवेयर; उपशीर्षक ६९१०.१०.०० र ८४८१.८०.९० मा पर्ने सेनिटरी फिटिङ्ग,

माथि उल्लिखित वस्तुमध्ये क्रकरी, ग्लासवेयर, कट्लरी, टेबुलवेयर, सेनेटरी फिटिङ्ग र लिनेनमा होटलको नाम र चिन्ह अङ्कित भएको हुनु पर्नेछ।

(छ) नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सिफारिसमा सरकारी, सामुदायिक वा मुनाफा वितरण नगर्ने अस्पतालले पैठारी गर्ने उपशीर्षक

८७०२.१०.३०, ८७०२.२०.३०, ८७०२.३०.३० र ८७०२.९०.३० मा पर्ने माइक्रोबस तथा उपशीर्षक ८७०२.१०.२०, ८७०२.२०.२०, ८७०२.३०.२० र ८७०२.९०.२० मा पर्ने मिनिबसमा देहाय बमोजिम भन्सार महसुल छुट दिइनेछः-

(अ) न्यूनतम पन्ध्र शय्यादेखि पचास शय्यासम्म भएको अस्पतालको लागि माइक्रोबस वा मिनिबसमध्ये एउटा र पचास शय्याभन्दा बढी भएको अस्पतालको लागि माइक्रोबस वा मिनिबसमध्ये जम्मा दुई वटा सवारी साधनमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट दिइनेछ,

(आ) उपखण्ड (अ) बमोजिम सुविधामा पैठारी भएको माइक्रोबस वा मिनिबस पुरानो भई प्रयोग गर्न नसकिने भएमा त्यसलाई स्क्रयाप गरी सोको प्रमाण भन्सार कार्यालयमा पेस गरेपछि सोही प्रकारको अर्को सवारी साधन पैठारी गर्दा समेत यो सुविधा दिइनेछ।

(ज) चलचित्र धुलाई गर्ने, ध्वनि भर्ने वा निर्माण गर्ने उद्देश्यले दर्ता भएका उद्योग वा कम्पनीले चलचित्र विकास बोर्डको सिफारिसमा पैठारी गर्ने देहायको उपखण्ड (अ) मा उल्लिखित वस्तु र चलचित्र प्रदर्शन गर्ने उद्देश्यले दर्ता भएका उद्योग वा कम्पनीले उपखण्ड (आ) मा उल्लिखित वस्तु पहिलो पटक पैठारी गर्दा दुई दशमलव पाँच प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल छुट दिइनेछ। त्यसरी सिफारिस गर्दा चलचित्र विकास बोर्डले सम्बन्धित उद्योग वा

कम्पनीको क्षमता र प्रयोगको आधारमा परिमाण किटान गरेर सिफारिस गर्नु पर्नेछः-

(अ) उपशीर्षक ९०१०.१०.०० मा पर्ने नेगेटिभ प्रोसेसिङ्ग मेशिन र फाइनल नेगेटिभ अल्ट्राक्लिनिङ्ग मेशिन; उपशीर्षक ९०१०.५०.०० मा पर्ने कम्प्युटराइज्ड प्रिभ्यूएबल, भिडियो एसिष्ट सहित कलर एनालाइजिङ्ग (करेक्सन) मेशिन सेट, फाइनल प्रिन्टिङ्ग तथा फाइनल प्रोसेसिङ्ग मेशिन, प्रोसेसर तथा प्रिन्टर, एनालाइजर, स्टेनवेक, साउण्ड रिडर, सिक्रोमिटर, डवर, मिक्सचर, अडियो मिक्सिङ्ग कन्सोल, स्पालाइजर, रिवाइण्डर, कलर करेक्सन समेतको टेलिसिने मेशिन, साउण्ड अप्टिकल ट्रान्सफरिङ्ग मेशिन सेट, रिफ्लेक्टर, वेवी, सुपर मल्टी-१०, मल्टी-२० सोलार, एच.एम.आई, रेक्टिफाईस, प्रोजेक्ट कन्सोल, डिजिटल फिल्म सर्वर, सवउफर्स, फिल्म प्लाटर्स, फिल्म अटोमेशन इक्विपमेण्ट्स, टेलिसिने सम्बन्धी उपकरण; उपशीर्षक ८५२८.४९.०० मा पर्ने मनिटर; उपशीर्षक ९००७.२०.०० मा पर्ने प्रोजेक्टर र उपशीर्षक ९००२.११.०० मा पर्ने प्रोजेक्टर लेन्स, साउण्ड अप्टिकल क्यामराको लेन्स र लेन्स; उपशीर्षक ८४४१.१०.०० मा पर्ने नेगेटिभ कटिङ्ग मेशिन सेट र उपशीर्षक ८५२१.१०.०० र ८५२१.९०.०० मा पर्ने एच.डी. टेप रेकर्डर, वेटा-एस.पी. भिडियो रेकर्डर र पी२ रेकर्डर; उपशीर्षक ८५२८.५९.०० मा पर्ने एच.डी. मोनिटर; उपशीर्षक

८५१८.४०.०० र ८५१८.५०.०० मा पर्ने एम्प्लिफायर; उपशीर्षक ८५१८.२१.०० र ८५१८.२२.०० मा पर्ने स्पीकर; र उपशीर्षक ८५२८.६९.०० मा पर्ने प्रिन्ट प्रिभ्यू प्रोजेक्टर, उपशीर्षक ९००६.५३.०० र ९००६.५९.०० मा पर्ने क्यामरा; उपशीर्षक ९००२.२०.०० मा पर्ने फिल्टर; उपशीर्षक ९००७.९१.०० मा पर्ने क्यामरा स्टेण्ड; उपशीर्षक ८५०४.४०.९० मा पर्ने ब्याट्री चार्जर; उपशीर्षक ८७१६.८०.०० मा पर्ने ट्रली; उपशीर्षक ८४२६.११.०० मा पर्ने क्रेन पहिलो पटक पैठारी गर्दा दुई दशमलव पाँच प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल छुट दिइने,

(आ) उपशीर्षक ९४०१.८०.९० मा पर्ने लक्जरी सिट; उपशीर्षक ८४१५.१०.०० मा पर्ने ४ टनभन्दा बढी क्षमताको एयर कण्डिस्नर; उपशीर्षक ८५३९.२९.०० मा पर्ने प्रोजेक्टर ल्याम्प र जेनन बल्ब; उपशीर्षक ९००७.२०.०० मा पर्ने प्रोजेक्टर; उपशीर्षक ९०१०.६०.०० मा पर्ने प्रोजेक्सन स्क्रिन, उपशीर्षक ८५१८.४०.०० र ८५१८.५०.०० मा पर्ने एम्प्लिफायर।

(झ) नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सिफारिसमा पर्वतारोहण दलले नेपालका हिमाल आरोहण गर्नको निमित्त पैठारी गर्ने नेपालमा खपत हुने मदिरा तथा चुरोट बाहेकका वस्तुमा दश प्रतिशतभन्दा बढी भन्सार महसुल लाग्ने भएमा दश प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ। त्यस्तो दलले

पैठारी गर्ने नेपालमा खपत नहुने वस्तुको हकमा लाग्ने महसुल धरौटीमा लिई वस्तु फिर्ता गरेपछि धरौटी रकम फिर्ता दिइनेछ,

(ञ) उद्योग विभागको सिफारिसमा संश्लेषित तन्तुको धागो (सेन्थेटिक यार्न) उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादन प्रयोजनको लागि आवश्यक उपशीर्षक ३९०२.१०.०० मा पर्ने पी.पी. ग्रेनुयल्सको पैठारीमा दुई दशमलव पाँच प्रतिशत भन्सार महसुल लाग्नेछ,

(ट) सिरिञ्ज उत्पादन गर्ने उद्योग र स्लाइन पानी उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादन प्रयोजनको लागि आवश्यक पर्ने परिमाणसम्मको भाग ३९ मा पर्ने प्लाष्टिक दानामा उद्योग विभागको सिफारिसमा पैठारी गर्दा दुई दशमलव पाँच प्रतिशत भन्सार महसुल लाग्नेछ। उद्योग विभागले त्यसरी सिफारिस गर्दा उद्योगले उत्पादन तथा बिक्री गरेको सिरिञ्ज वा स्लाइन बोतलको परिमाण, त्यस्तो वस्तु उत्पादन गर्दा लाग्ने प्लाष्टिक दानाको परिमाण र खपत अनुपात समेतका आधारमा एक आर्थिक वर्षको लागि आवश्यक पर्ने प्लाष्टिक दानाको परिमाण एकैपटक सिफारिस गर्नु पर्नेछ,

(ठ) मुटुको शल्यक्रिया गर्दा प्रयोग हुने उपशीर्षक ९०१८.९०.९० मा पर्ने कष्टम ट्यूबिङ्ग प्याक (सी.टि.पी.) उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादनको लागि आवश्यक पर्ने परिमाणसम्मको उपशीर्षक ३९१७.३९.०० मा पर्ने मेडिकल पी.भि.सी. ट्यूब र सोको सहायक सामग्री उद्योग विभागको सिफारिसमा पैठारी गर्दा दश प्रतिशत भन्सार महसुल लाग्ने,

(ड) एक सय वटाभन्दा बढी दुधालु गाई वा भैंसी पाल्ने पशु फार्म र कृषि सहकारीले आफ्नो प्रयोजनको निमित्त नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सिफारिसमा पैठारी गर्ने शीर्षक ८७.०४ मा पर्ने जुनसुकै एउटा ढुवानीको साधनमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ। त्यस्तो ढुवानीका साधन पैठारी गरेको मितिले सात वर्षसम्म बिक्री वितरण वा नामसारी गर्न पाइने छैन,

(ढ) चिया उद्योगले चिया ढुवानी गर्ने प्रयोजनको निमित्त उपशीर्षक ८७०४.२१.२० मा पर्ने पिकअप वा उपशीर्षक ८७०४.३२.९० मा पर्ने मिनि ट्रक नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सिफारिसमा पैठारी गरेमा सात वर्षसम्म बिक्री वितरण वा नामसारी गर्न नपाउने गरी एक पटकका लागि देहाय बमोजिमको संङ्ख्यामा भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछः-

(अ) दश बिगाहादेखि तीस बिगाहासम्म क्षेत्रफलमा चिया खेती गरी चिया उत्पादन गर्ने उद्योगलाई एउटा,

(आ) तीस बिगाहाभन्दा बढी क्षेत्रफलमा चिया खेती गरी चिया उत्पादन गर्ने उद्योगलाई दुई वटा।

(ण) नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सिफारिसमा पशुपन्छी पालन उद्योग, कृषि फर्म तथा कम्पनी र कृषि सहकारी संस्थाले पैठारी गर्ने कृषिजन्य उत्पादन सुरक्षित गर्न निर्माण गरिने शीत भण्डारको लागि आवश्यक पर्ने उपशीर्षक

३९२५.९०.२० मा पर्ने पफ स्याण्डविच वाल एण्ड रुफ प्यानलमा दश प्रतिशत भन्सार महसुल लाग्ने,

(त) नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सिफारिसमा सामुदायिक शिक्षण संस्थाले विद्यार्थी ल्याउने लैजाने प्रयोजनका लागि तीस सिटभन्दा बढी क्षमताको उपशीर्षक ८७०२.१०.१०, ८७०२.२०.१०, ८७०२.३०.१०, ८७०२.४०.१०, ८७०२.९०.१० मा पर्ने बसमा पाँच सय विद्यार्थीसम्म अध्ययनरत भएका शिक्षण संस्थालाई एउटा र सोभन्दा बढी विद्यार्थी अध्ययनरत शिक्षण संस्थालाई थप एउटा बस पैठारी गर्दा लाग्ने भन्सार महसुलमा पचहत्तर प्रतिशत छुट दिइनेछ।

त्यसरी पैठारी गरेको बस पैठारी गरेको मितिले दश वर्षसम्म अरु कसैलाई बिक्री वितरण वा नामसारी वा कुनै किसिमले हक हस्तान्तरण गर्न पाइने छैन। दश वर्ष नपुगी बिक्री वितरण वा नामसारी वा कुनै किसिमले हक हस्तान्तरण गरेमा प्रचलित कानून बमोजिम पूरै महसुल लाग्ने।

(थ) नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सिफारिसमा नेपाल सरकारबाट स्वीकृति प्राप्त निजी स्वास्थ्य संस्थाले पैठारी गर्ने मृगौला उपचारमा प्रयोग हुने उपशीर्षक ९०१८.९०.९० मा पर्ने हेमो डायलाइसिस मेशिन, डाइलासिस रिप्रोसेसर, डायलाइजर र यसको ट्यूबिङ्ग; उपशीर्षक ९४०२.९०.२० मा पर्ने डाइलासिस बेड तथा उपशीर्षक ९४०२.९०.९० मा पर्ने कुर्सी; मुटुको रोग निदान तथा उपचारमा प्रयोग हुने उपशीर्षक ९०१८.११.०० मा पर्ने इकोकार्डियोग्राफ; उपशीर्षक

९०१८.९०.९० मा पर्ने भिडियो स्कोप, क्याथल्याब, हर्ट लङ्ग मेशिन र डिफ्रीब्रिलेटर; क्यान्सर रोगको निदान तथा उपचारमा प्रयोग हुने उपशीर्षक ९०२२.१२.०० मा पर्ने पोजिट्रोन इमिशन टोमोग्राफी (पेट) स्क्यान मेशिन, कम्प्युटेड टोमोग्राफी (सि.टी.) स्क्यान मेशिन, मेमोग्राफी; उपशीर्षक ९०२२.२१.०० मा पर्ने ब्रेसीथेरापी र लिनियर एक्सिलरेटर; रोग निदानमा प्रयोग हुने उपशीर्षक ९०१८.१९.९० मा पर्ने फ्लो साइटोमिटर, नेक्स्ट जेनेरेशन सिक्वेन्सर र प्रोटिन माइक्रोएरी प्लेटफर्म; उपशीर्षक ९०१८.९०.३० मा पर्ने मल्टिप्लेक्स रियल टाइम पि.सी.आर. र उपशीर्षक ९०१८.१३.०० मा पर्ने म्याग्नेटिक रिजोनेन्स इमेजिङ्ग (एम.आर.आई.) मेशिनमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुने,

(द) पशु सेवा विभागको सिफारिसमा भेटेरिनरी अस्पतालले पैठारी गर्ने उपशीर्षक ८५४३.७०.०० मा पर्ने मेटल डिटेक्टर; उपशीर्षक ९०१८.१२.०० मा पर्ने अल्ट्रासाउण्ड; उपशीर्षक ९०१८.९०.९० मा पर्ने ग्यास एनेस्थेसिया सेट; उपशीर्षक ९०२२.१४.०० मा पर्ने एक्स-रे मेशिनमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुने,

(ध) नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सिफारिसमा मोबाइल भेटेरिनरी सेवा प्रदान गर्ने संस्थाले मोबाइल भेटेरिनरी सेवा सञ्चालनका लागि आवश्यक पर्ने भेटेरिनेरी एम्बुलेन्स र प्रयोगशाला तथा डायोग्नोष्टिक सुविधा जडित उपशीर्षक

८७०५.९०.९० मा पर्ने मोटर गाडी पैठारी गर्दा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुने,

(न) तराईमा पाँच हेक्टरभन्दा बढी र पहाड तथा हिमालमा तीन हेक्टरभन्दा बढी क्षेत्रफलमा सामूहिक कृषि खेती गर्ने कृषि सहकारी संस्थाले आफ्नो उत्पादन ढुवानी गर्ने प्रयोजनका लागि नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सिफारिसमा पैठारी गर्ने उपशीर्षक ८७०४.२१.१० वा ८७०४.२२.१० मा पर्ने डबल क्याब पिकअप; उपशीर्षक ८७०४.२१.५०, वा ८७०४.२२.७० वा ८७०४.२३.१० वा ८७०४.३१.५० वा ८७०४.३२.५० वा ८७०४.४१.५० वा ८७०४.४२.७० वा ८७०४.५१.५० वा ८७०४.५२.७० वा ८७०४.६०.१० मा पर्ने प्रशितक प्रणाली (रेफ्रिजरेटिङ्ग सिष्टम) जडान गरिएको ढुवानी साधन बाहेक जुनसुकै प्रकारका एउटा ढुवानीको साधनमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ। त्यस्तो ढुवानीको साधन पैठारी गरेका मितिले सात वर्षसम्म बिक्री वितरण वा नामसारी गर्न पाइने छैन,

(प) नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सिफारिसमा कृषि सहकारीले सङ्कलन गर्ने कृषिजन्य उत्पादन ढुवानी गर्न पैठारी गर्ने शीर्षक ८७.०४ पर्ने डबल क्याप पिकअप बाहेकको एक थान ढुवानीको साधनमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ। त्यस्तो ढुवानी साधन पैठारी गरेका मितिले सात वर्षसम्म बिक्री वितरण वा नामसारी गर्न पाइने छैन,

(फ) उद्योगको उत्पादन क्षमता र वार्षिक खपत परिमाणको आधारमा कडा बनाइएको (तापित) सुरक्षित काँच बनाउने उद्योगले उद्योग विभागको सिफारिसमा उपशीर्षक ७००५.२१.०० र ७००५.२९.०० मा पर्ने काँचको पैठारी गर्दा पच्चीस प्रतिशत भन्सार महसुल लाग्नेछ।

७. <u>**भन्सार महसुल तथा कृषि सुधार शुल्क पूर्ण छुट हुने:**</u> देहायका वस्तु पैठारी गर्दा भन्सार महसुल तथा कृषि सुधार शुल्क पूर्ण रूपमा छुट हुनेछः-

(क) उपशीर्षक ०१०५.११.००, ०१०५.१२.००, ०१०५.१३.००, ०१०५.१४.००, ०१०५.१५.००, ०१०५.९४.००, ०१०५.९९.०० र ०१०६.३३.०० मा पर्ने प्रजननका लागि पैठारी हुने (प्यारेन्ट स्टक) चल्ला,

(ख) उपशीर्षक ०६०१.१०.००, ०६०१.२०.००, ०६०२.१०.००, ०६०२.२०.००, ०६०२.३०.००, ०६०२.४०.०० र ०६०२.९०.०० मा पर्ने फलफूल तथा फूलका गाना तथा जराहरू, फलफूल तथा फूलका बिरूवा र कलमी बिरूवाहरू र उपशीर्षक १२०९.३०.०० मा पर्ने फूलको बिउबिजन,

(ग) कुखुराको दाना उत्पादन गर्ने उद्योग वा ह्याचरी फर्महरूले पैठारी गर्ने कुखुराको दानामा प्रयोग हुने उपशीर्षक ०५०६.१०.०० र ०५०६.९०.०० मा पर्ने हाडको धुलो र अवशेष,

(घ) नेपालमा जैविक मल उत्पादन गर्ने गरी दर्ता भएका उद्योगले जैविक मलको उत्पादनका लागि पैठारी गर्ने

उपशीर्षक २३०६.९०.०० मा पर्ने निमखली र अण्डीखली,

(ङ) जैविक इन्धन उत्पादनको लागि पैठारी गरिने उपशीर्षक १४०४.९०.९९ मा पर्ने सजिवन (जट्रोफा) को दाना तथा बिउ (सिड्स्),

(च) पशु सेवा विभागको सिफारिसमा नश्ल सुधारको लागि पैठारी गरिने भाग १ मा पर्ने जीवित चौपाया पशु,

(छ) नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सिफारिसमा पैठारी गरिने उन्नत जातका फलफूलका बिरुवा।

८. **पैठारी सम्बन्धी विशेष व्यवस्थाः** (१) वस्तु पैठारी गर्दा एक पटकमा एउटा कन्साइन्मेन्टबाट उस्तै प्रकृतिका वस्तु मात्र पैठारी गर्न पाइने गरी विभागले तोक्न सक्नेछ। त्यसरी तोकेको भन्दा फरक किसिमबाट वस्तु पैठारी भएको पाइएमा त्यस्तो कन्साइनमेन्टमा घोषित वस्तुमा लाग्ने महसुल र सोको पचास प्रतिशत जरिबाना गरी भन्सार अधिकृतले जाँचपास गर्न सक्नेछ।

(२) व्यावसायिक प्रयोजनका लागि पैठारी हुने खाद्य सामग्री वा सोको प्याकिङ्गमा वस्तुको ब्राण्ड, लेबल, लेबलमा कच्चापदार्थको मिश्रण र उपभोग्य मिति तथा खाद्य सामग्री बाहेकका अन्य तयारी वस्तुको हकमा सो वस्तु वा सोको प्याकिङ्गमा वस्तुको ब्राण्ड र लेबल समेत खुलाएको हुनु पर्नेछ। त्यस्तो विवरण नखुलेको वस्तु र नक्कली वस्तु पैठारी गरेको वा गर्न खोजेको पाइएमा त्यस्तो वस्तु भन्सार अधिकृतले जफत गरी त्यसरी जफत गरिएको वस्तु सडाउन लाग्ने खर्च समेत पैठारीकर्ताबाट असुल गर्नेछ।

(३) नेपालभित्र प्रतीतपत्रको माध्यमद्वारा भुक्तानी हुने गरी पैठारी हुने वस्तुको हकमा प्रतीतपत्र खोल्दाकै अवस्थामा

र अन्य बैङ्किङ्ग प्रणालीमार्फत भुक्तानी हुने गरी पैठारी भएको वस्तुहरूको हकमा प्रोफर्मा इन्भ्वाइस तथा बीजकमा वस्तुको किटानी (स्पेसिफिक) विवरण, वस्तु वर्गीकरण शीर्षक, प्रत्येक वस्तुको प्रतिएकाइ मूल्य र परिमाण, उत्पत्तिको मुलुक तथा यथासम्भव वस्तुको प्रकृति अनुसार ब्राण्ड नाम, मोडेल नम्बर र कम्पनी समेत खुलाउनु पर्नेछ। वस्तु धनी वा भन्सार एजेण्टले पैठारी गर्ने वस्तुको घोषणा गर्दा बीजकमा उल्लिखित वस्तुलाई प्रज्ञापनपत्रमा अलग अलग घोषणा (सिङ्गल इन्ट्री) गर्नु पर्नेछ। वस्तुलाई अलग अलग घोषणा (सिङ्गल इण्ट्री) गरेको नपाइएमा वा प्रतीतपत्र, प्रोफर्मा इन्भ्वाइस तथा बीजकमा वस्तुको किटानी (स्पेसिफिक) विवरण, वस्तु वर्गीकरण शीर्षक, प्रत्येक वस्तुको प्रतिएकाइ मूल्य, परिमाण, उत्पत्तिको मुलुक, वस्तुको प्रकृति अनुसारको ब्राण्ड नाम, मोडेल नम्बर र कम्पनी जस्ता विवरण उल्लेख गरेको नपाइएमा भन्सार अधिकृतले सो बमोजिम घोषणा गर्न लगाई त्यस्ता वस्तुमा भन्सार अधिकृतले निर्धारण गरेको मूल्यको दुई प्रतिशत थप रकम असुल गरी जाँचपास गर्न सक्नेछ।

(४) पैठारी हुने तयारी वस्तु बजारमा बिक्री वितरणका लागि पठाउनुअघि त्यस्ता वस्तुको प्याकिङ्गमा आयातकर्ता र बजार वितरकको पूरा विवरण भएको लेबल लगाएर मात्र पठाउनु पर्नेछ। त्यसरी लेबल नलगाई बजारमा बिक्री वितरणको लागि पठाइएको पाइएमा अनुगमन गर्ने अधिकारीले त्यस्ता वस्तु जफत गर्न सक्नेछ।

९. **<u>निजी क्षेत्रबाट सञ्चालित कुरियरबाट हुने निकासी वा पैठारी सम्बन्धी व्यवस्थाः</u>** निजी क्षेत्रबाट सञ्चालित कुरियरमार्फत हुने निकासी पैठारीका सम्बन्धमा देहायको व्यवस्था लागू हुनेछः-

(१) देहायका वस्तु कुरियरबाट पैठारी गर्न पाइने छैनः-

(क) एक पोकामा पच्चिस किलोग्रामभन्दा बढी तौल भएको,

(ख) जनावर तथा तिनका अङ्ग,

(ग) वनस्पति र तिनका अङ्ग,

(घ) जुनसुकै स्वरुपका सुन, चाँदी तथा गरगहना,

(ङ) बहुमूल्य तथा अर्धबहुमूल्य पत्थर,

(च) प्रचलित कानून बमोजिम पैठारीको लागि प्रतिबन्ध लगाइएका अन्य वस्तु।

(२) देहायका वस्तु कुरियरबाट निकासी गर्न पाइने छैनः-

(क) निकासी महसुल लाग्ने वस्तु,

(ख) कच्चापदार्थ पैठारी गर्दा बण्डेड वेयरहाउस तथा नगद धरौटीको सुविधा उपभोग गरेका उद्योगले निकासी गर्ने वस्तु,

(ग) प्रचलित कानून बमोजिम निकासीको लागि प्रतिबन्ध लगाइएका अन्य वस्तु।

(३) कुरियर कम्पनीले आफ्नो कुरियरमार्फत हुने पैठारी वा निकासीको कन्सोलिडेटेड मेनिफेस्ट अग्रिम रुपमा भन्सार कार्यालयमा प्रस्तुत गर्नु पर्नेछ। भन्सार कार्यालयले वस्तु जाँचपास गर्दा प्रज्ञापनपत्रका साथ त्यस्तो मेनिफेष्टको प्रतिलिपि अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ।

(४) नमुना (स्याम्पल) वा निःशुल्क उपहारको रुपमा एक कन्साइन्मेन्टमा पाँच सय अमेरिकी डलर मूल्यसम्मको वस्तु भुक्तानी प्रक्रियाबिना पैठारी गर्न सकिनेछ। व्यापारिक प्रयोजनका हकमा अधिकतम एक हजार अमेरिकी डलर मूल्यसम्मको वस्तु स्वीकृत बैङ्किङ्ग प्रणाली अन्तर्गत भुक्तानी हुने गरी पैठारी गर्न सकिनेछ र त्यसरी

हुने पैठारीका हकमा सामान्य भन्सार प्रक्रिया अवलम्बन गर्नु पर्नेछ।

(५) नमुना (स्याम्पल) वा निःशुल्क उपहारको रुपमा एक कन्साइन्मेन्टमा एक हजार अमेरिकी डलर मूल्यसम्मको वस्तु भुक्तानी प्रक्रियाबिना निकासी गर्न सकिनेछ। व्यापारिक प्रयोजनका हकमा अधिकतम दश हजार अमेरिकी डलर मूल्यसम्मको वस्तु स्वीकृत बैङ्किङ्ग प्रणाली अन्तर्गत भुक्तानी हुने गरी निकासी गर्न सकिनेछ र त्यसरी हुने निकासीका हकमा सामान्य भन्सार प्रक्रिया अवलम्बन गर्नु पर्नेछ।

(६) निकासी वा पैठारी गर्दा प्रेषकले प्रत्येक पोकामा रहेको वस्तुको तौल समेतको विवरण र मूल्य खुलेको फाराम वा कन्सोलिडेटेड मेनिफेष्ट प्रत्येक पोकासँगै पठाउनु पर्नेछ।

(७) निकासी पैठारी हुने वस्तु जाँचपास गर्दा प्रज्ञापनपत्रकासाथ बुँदा (६) बमोजिमको फाराम वा मेनिफेष्टको प्रतिलिपि संलग्न गर्नु पर्नेछ।

(८) नेपाल सरकारको स्वीकृति लिई निकासी वा पैठारी हुने वस्तु तथा डाक्टरको प्रेस्क्रिप्सनका आधारमा पैठारी हुने औषधिको हकमा बुँदा (४) र (५) बमोजिमको मूल्यको बन्देज लागू हुने छैन।

(९) बुँदा (४) र (५) बमोजिम निकासी वा पैठारी हुने नमुना वा उपहारका हकमा अन्य आवश्यक कागजातका अतिरिक्त बुँदा (६) बमोजिमको फाराम वा मेनिफेस्ट संलग्न गरी सम्बन्धित कुरियर कम्पनीकै नाममा प्रज्ञापनपत्र भरी जाँचपास गर्न सकिनेछ।

(१०) यस प्रकरण बमोजिमको व्यवस्था जुनसुकै मुलुकबाट हुने पैठारी वा जुनसुकै मुलुकमा हुने निकासीका हकमा लागू हुनेछ।

(११) बुँदा (४) र (५) मा तोकिएको मूल्यको सीमा नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गरेमा सोही बमोजिम हुनेछ।

(१२) यस प्रकरणको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा महानिर्देशकले त्यस्तो बाधा अड्काउ फुकाउन वा यस प्रकरणमा उल्लिखित प्रक्रियालाई आवश्यकता अनुसार सरलीकरण गर्न सक्नेछ।

**१०. <u>विविधः</u>** (१) देहायमा उल्लेख भए बाहेक पुराना तथा प्रयोग भएका वस्तुहरू पैठारी गर्न पाइने छैनः-

(क) कुनै उद्योगले आफ्नो उद्योगको सञ्चालनको लागि पैठारी गर्ने भाग ८४ मा पर्ने उत्पादन मितिले पाँच वर्ष ननाघेका मेशिनरी तथा यन्त्र उपकरण।

तर मुद्रण उद्योगले आफ्नो उद्योगको प्रयोजनको लागि उत्पादनको मितिले दश वर्ष ननाघेको मुद्रण यन्त्र (प्रिन्टिङ्ग मेशिन) पैठारी गर्न सक्नेछ।

(ख) उद्योगले आफ्नो प्रयोजनको लागि पैठारी गर्ने धातुका पत्रु (मेटल स्क्र्याप), उपशीर्षक ४०१२.२०.०० मा पर्ने प्रयोग गरिएका (युज्ड/स्क्र्याप) टायर, उपशीर्षक ८५४९.११.०० र ८५४९.१२.०० मा पर्ने पुराना ब्याट्री, शीर्षक ४७.०७ मा पर्ने रद्दी कागज (वेस्ट एण्ड स्क्र्याप) र रोजिन तथा टर्पेन्टाइन

उद्योगले आफ्नो प्रयोजनका लागि पैठारी गर्ने उपशीर्षक ८००७.००.१० मा पर्ने प्रयोग गरेका खाली टिनका डिब्बा र कत्था उद्योगले पैठारी गर्ने शीर्षक ३९.२३ मा पर्ने प्रयोग भएका बट्टा तथा ड्रमहरु।

(ग) हवाई सेवा कम्पनीहरूले हवाई सेवा सञ्चालनको लागि नेपाल नागरिक उड्डयन प्राधिकरणको सिफारिसमा पुराना वा प्रयोग भएका हवाईजहाज, हेलिकोप्टर र तिनका इञ्जिन तथा फेडरल एभिएशन एड्मिन्सट्रेशन (एफ.ए.ए.), यूरोपियन एभिएशन सेफ्टी एजेन्सी (इ.ए.एस.ए.) वा सम्बन्धित देशका नागरिक उड्डयन प्राधिकरण (सी.ए.ए.) बाट स्वीकृत प्राप्त मेन्टिनेन्स रिपियर ओभरहल (एम.आर.ओ.) कम्पनीले मेन्टिनेन्स मर्मत सम्भार वा ओभरहल गरी एयरओर्दिनेस स्टाण्डर्ड प्रमाणीकरण गरेका वा नेपाल नागरिक उड्डयन प्राधिकरणबाट स्वीकृतिप्राप्त कम्पनीले मर्मत सम्भार वा ओभरहल गरेका हवाईजहाज र हेलिकोप्टरका अन्य पार्टपुर्जा।

(घ) यात्रुले साथमा ल्याउन र लैजान पाउने निजी प्रयोगका वस्तु सम्बन्धी मन्त्रालयको सूचना अन्तर्गत पैठारी गर्न पाइने निजी प्रयोगका वस्तु।

(ङ) नेपाल सरकारको स्वीकृति लिई राहत तथा उद्धार कार्यका लागि अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट सहयोगस्वरूप पैठारी हुने वस्तु।

(च) नेपालमा सञ्चालित आयोजनाको लागि आयोजना तथा ठेकेदारले पछि फिर्ता लैजाने शर्तमा पैठारी गर्ने पुराना मिल मेशिनरी तथा यन्त्र उपकरण र

पछि फिर्ता लैजाने शर्तमा नेपाल आयल निगमले भारतीय आयल निगमबाट पैठारी गर्ने पुराना रिफ्यूलर ट्याङ्कर; वैदेशिक सहायतामा सञ्चालित टर्न की आयोजनाको लागि पछि फिर्ता लैजाने शर्तमा आयोजना वा ठेकेदारले पैठारी गर्ने पुराना सवारी तथा ढुवानीका साधन।

(छ) यस बुँदामा उल्लेख गरिएदेखि बाहेकका पुराना वा प्रयोग भएका वस्तु र उत्पादन मिति नखुलेका मिल मेशिनरी तथा यन्त्र उपकरण पैठारी गरेको पाइएमा जफत गरिनेछ।

(२) चीनको तिब्बतबाट वस्तु पैठारी गर्दा देहायमा उल्लिखित वस्तु वस्तु विनिमय वा बैङ्किङ्ग प्रणाली अनुसार र अन्य सबै वस्तु बैङ्किङ्ग प्रणाली अनुसार गर्नु पर्नेछः-

(क) कच्चा ऊन,

(ख) जीवित भेडा च्याङ्ग्रा,

(ग) नून,

(घ) चौंरी गाई र चौंरी गाईको पुच्छर,

(ङ) गलैचा,

(च) जडीबुटी।

तर निकासी गर्दा र सोह्र हजार रुपैयाँसम्मको वस्तु पैठारी गर्दा बैङ्किङ्ग प्रणाली अनिवार्य हुने छैन।

(३) ब्रुअरी कम्पनीले क्राउनकर्क पैठारी गर्दा आन्तरिक राजस्व कार्यालयको सिफारिसमा मात्र पैठारी गर्नु पर्नेछ।

(४) तेस्रो मुलुक तथा चीनको तिब्बतमा निकासी हुने वस्तु कुनै निकासीकर्ताले काठमाडौंस्थित त्रिभुवन विमानस्थल भन्सार कार्यालय र चोभार सुक्खा बन्दरगाह भन्सार कार्यालयमा जाँचपास गराई बन्द कन्टेनरमा भन्सारको सिलछाप लगाई दक्षिण सीमास्थित भन्सार कार्यालय तथा उत्तरी सीमामा अवस्थित तातोपानी तथा रसुवा भन्सार कार्यालयबाट निकासी गर्न चाहेमा विभागले प्रक्रिया तोकी त्यस्तो सुविधा प्रदान गर्नेछ।

(५) कुनै सरकारी निकाय, उद्योग, व्यक्ति, संस्था वा विदेशी नागरिकले व्यापारिक प्रयोजन बाहेक कुनै खास प्रयोजनको लागि पछि फिर्ता लैजाने शर्तमा पैठारी गर्ने वस्तु सम्बन्धित मन्त्रालय वा दूतावासको सिफारिसमा बढीमा तीन महिनासम्मको लागि लगतमा राखी पैठारी गर्न दिन सकिनेछ। त्यसरी सिफारिस नभएको अवस्थामा भन्सार कार्यालयले औचित्य हेरी पछि फिर्ता गर्ने शर्तमा बढीमा एक वर्षको अवधि तोकी लाग्ने कर, महसुल तथा शुल्क बापत नगद धरौटी वा बैङ्क जमानत लिई जाँचपास गर्न स्वीकृति दिन सक्नेछ। त्यसरी तोकिएको अवधिमा वस्तु फिर्ता गरेमा सो वस्तु पैठारी हुँदाका बखत नगद धरौटी वा बैङ्क जमानतमा राखेको महसुल रकमको एक प्रतिशत रकम असुल गरी नगद धरौटी फिर्ता वा बैङ्क जमानत फुकुवा गरिनेछ। त्यस्तो तोकिएको अवधिमा वस्तु फिर्ता नगरेमा सो वस्तु जफत गरी बैङ्क जमानत वा नगद धरौटीबाट महसुल बराबरको रकम राजस्वमा आम्दानी बाँधिनेछ।

तर विपद्को अवस्थामा उद्धार तथा राहत कार्यमा प्रयोग हुने तथा उद्धार तथा राहतका लागि आउने विदेशी व्यक्तिलाई आवश्यक पर्ने देहाय बमोजिमका वस्तु पछि

फिर्ता लैजाने गरी लगतमा राखी अस्थायी पैठारी गर्न दिन सकिनेछः-

(क) सूचना तथा सञ्चार सम्बन्धी उपकरण,

(ख) पानी शुद्धीकरण तथा पानी भण्डारण सम्बन्धी उपकरण तथा वस्तु,

(ग) डाक्टर, इञ्जिनियर, सञ्चारकर्मी, लजिष्टिसियन, सामुदायिक कामदार आदिको कामको लागि आवश्यक पर्ने सबै किसिमका यन्त्र, उपकरण, मेशिन तथा विद्युतीय उपकरण,

(घ) राहतको लागि प्रत्यक्ष रुपमा प्रयोग नहुने तर विपद्‌बाट भएको असरलाई हटाउन र सोको सामना गर्न प्रयोग हुने उपकरणहरू जस्तैः सबै प्रकारका प्रदूषण हटाउने, बिग्रिएका, भत्किएका घर, भवन तथा संरचना सफा गर्ने वा हटाउने, औद्योगिक संरचना निरीक्षण गर्ने आदि कार्यमा प्रयोग हुने मेशिनरी तथा उपकरण,

(ङ) कार्यालय उपकरण जस्ता प्रशासनिक सहयोगी वस्तु, जस्तैः कम्प्युटर, फोटोकपि तथा प्रिन्टर, खर्च भएर जाने प्रकृतिका वस्तु, कर्मचारी सुरक्षा सम्बन्धी उपकरण, प्रशासनिक म्यानुअल तथा कागजात,

(च) विपद्‌को समयमा उद्धार कार्यमा खटिने कर्मचारीका लागि स्थानान्तरण गर्न सकिने बासस्थान तथा यसका सहायक सामग्री, जस्तैः खाना पकाउने तथा खाने उपकरण तथा सामग्रीहरू, स्नानागार सम्बन्धी सामग्री, सुरक्षा सम्बन्धी सामग्री,

(छ) सवारी साधन, तिनका स्पेयर पार्टस तथा मर्मतका लागि आवश्यक उपकरण,

(ज) उद्धार कार्यका लागि आवश्यक जनावर, जस्तैः तालिमप्राप्त कुकुर,

(झ) विपद्को समयमा उद्धारमा संलग्न व्यक्ति बस्न तथा निजको कार्यसम्पादनको लागि आवश्यक पर्ने वस्तु,

(ञ) नेपाल सरकारले राहत प्रयोजनको लागि तोके बमोजिमका अन्य वस्तु।

(६) चीनको तिब्बतबाट क्रेडिट सुविधा अन्तर्गत वस्तु पैठारी गर्दा राखेको धरौटी रकम फिर्ता पाउनको लागि उक्त वस्तु पैठारी गरेको मितिले तीन महिनाभित्र बैङ्किङ्ग प्रणालीबाट भुक्तानी पठाएको प्रमाण पेस गरी धरौटी फिर्ता लिइसक्नु पर्नेछ। वस्तु पैठारी भएको मितिले तीन महिनाभित्र उपरोक्त बमोजिम फिर्ता नभएको धरौटी रकम सदरस्याहा गरिनेछ र त्यसमा पैठारीकर्ताको दाबी लाग्ने छैन।

(७) नेपालको अन्य राष्ट्रहरूसँग भएका द्विपक्षीय तथा बहुपक्षीय सम्झौता वा सन्धिको प्रतिकूल नहुने गरी नेपालमा पैठारी भएका वस्तु देहाय बमोजिम निकासी गर्न दिइनेछः-

(क) वस्तु पैठारी भएको मितिले छ महिनाभित्र पुनः अर्को मुलुकमा निकासी गर्ने गरी पैठारी गर्न चाहेमा पैठारीकर्ताको अनुरोधमा उक्त वस्तुमा पैठारी गर्दा लाग्ने महसुल तथा सोको थप दश प्रतिशतले हुने रकम नगद धरौटी वा बैङ्क जमानत राखी पैठारी गर्न दिइनेछ। त्यस्तो वस्तुहरू

निकासी गर्दा पैठारी गर्दाको अवस्थामा भुक्तानी गरेको रकममा नघट्ने गरी विदेशी मुद्रा आर्जन गरेको प्रमाण र निकासी भएको प्रमाण पेस गरेको एक महिनाभित्र धरौटी रहेको रकमबाट वा बैङ्क जमानतबाट लाग्ने भन्सार महसुलको दश प्रतिशत रकम असुल गरी बाँकी धरौटी रकम फिर्ता गरिने वा बैङ्क जमानत फुकुवा गरिनेछ। त्यसरी छ महिनाभित्र निकासी गर्न नसकेमा महसुल बापतको रकम नगद धरौटीमा रहेको रकमबाट वा बैङ्क जमानतबाट असुल गरिनेछ।

(ख) कुनै व्यक्तिले नेपालमा पैठारी भएको वस्तु बैङ्किङ्ग प्रक्रियामार्फत भुक्तानी हुने गरी निकासी गर्न चाहेमा पैठारी मूल्यमा कम्तीमा दश प्रतिशत मूल्य अभिवृद्धि गरी निकासी बापतको विदेशी मुद्रा अग्रिम रूपमा प्राप्त भइसकेको वा सो बापत खोलिएको प्रतीतपत्रको आधारमा विदेशी मुद्रा प्राप्त हुने प्रमाण पेस गरेमा निकासी गर्न दिइनेछ।

तर पैठारी भएको मितिले दुई वर्ष नाघेका र नेपालमा बिक्री हुन नसकेका विद्युतीय उपकरण (इलेक्ट्रिक वा इलेक्ट्रोनिक) पैठारीकर्ता स्वयंले निकासी गर्न चाहेमा निकासीकर्ता र त्यस्तो पैठारीकर्ताका बीचमा भएको खरिद बिक्री सम्झौता पेस गरेमा निकासी गर्न दिइनेछ र यस खण्डमा उल्लिखित मूल्य अभिवृद्धिको शर्त लागू हुने छैन।

(८) नेपालमा पैठारी भई वा नेपालमा नै उत्पादन भई प्रयोग भइसकेका वा भाग ८४, ८५ र ९० मा पर्ने पुराना वस्तुको तथा नेपालभित्रबाट सङ्कलित जुनसुकै रद्दी

तथा पत्रु वस्तु निकासी बापतको विदेशी मुद्रा अग्रिम रूपमा प्राप्त भइसकेको वा सो बापत खोलिएको प्रतीतपत्रको आधारमा दुई पक्षीय सन्धि विपरीत नहुने गरी निकासी गर्न दिइनेछ। निकासी गरिने पुराना मेशिनरी, यन्त्र तथा उपकरणको हकमा प्रचलित कानून बमोजिम ह्रासकट्टी पश्चात कायम हुने अवशिष्ट मूल्य भन्दा घटी मूल्यमा निकासी गर्न पाइने छैन।

तर विद्युतीय सवारी तथा ढुवानी साधनमा प्रयोग भएका ब्याट्री लगायत नेपालमा रिसाइकल गर्न नसकिने वस्तु रिसाइकल गर्न विदेश पठाउँदा विदेशी मुद्रा प्राप्ति सम्बन्धी कागजात आवश्यक पर्ने छैन।

(९) महसुल, मूल्याङ्कन, तथ्याङ्क वा यस्तै अन्य प्रयोजनको लागि महानिर्देशकले वस्तु वर्गीकरणको उपशीर्षकमा आवश्यक अङ्क थप गरी कार्यान्वयनमा ल्याउन सक्नेछ।

(१०) अपाङ्गता भएको व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाइएको स्कुटर, नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसमा अपाङ्गता भएको व्यक्तिको नाममा पैठारी गर्दा भन्सार महसुल लाग्ने छैन। पैठारीको अवस्थामा अपाङ्गता भएको व्यक्तिले प्रयोग गर्न मिल्ने नभएका र पैठारी गरिसकेपछि अपाङ्गता भएको व्यक्तिले प्रयोग गर्न मिल्ने बनाई दर्ता गर्ने भएमा उक्त मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसमा पैठारी गर्दा लाग्ने भन्सार महसुल धरौटी लिइनेछ। अपाङ्गता भएको व्यक्तिको नाममा उपर्युक्त बमोजिम दर्ता भएको प्रमाण भन्सार कार्यालयमा पेस गरेपछि धरौटी रहेको भन्सार महसुल फिर्ता दिइनेछ।

त्यसरी पैठारी गरेको स्कुटर नेपाल अपाङ्ग सङ्घको सिफारिसमा अपाङ्गता भएको व्यक्तिलाई नै बिक्री वा नामसारी गर्दा भन्सार महसुल लाग्ने छैन।

(११) बण्डेड वेयरहाउस र नगद धरौटीको सुविधा नलिएका उद्योगले आफूले निकासी गर्ने वस्तु उत्पादनको लागि आवश्यक पर्ने कच्चापदार्थ, सहायक कच्चापदार्थ (नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियल समेत) पैठारी गरी सोबाट उत्पादित तयारी वस्तु तोकिएको अवधिभित्र तोकिएको प्रक्रिया अनुसार निकासी गरेमा त्यस्ता कच्चापदार्थ, सहायक कच्चापदार्थ (नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियल समेत) पैठारी गर्दा भन्सार बिन्दुमा लागेको कर, महसुल नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिए बमोजिमका वस्तुमा तोकिए बमोजिमको मितिदेखि तोकिए बमोजिमको समदरमा भन्सार बिन्दुबाट फिर्ता दिइनेछ।

(१२) वस्तु वर्गीकरणका विभिन्न शीर्षक र उपशीर्षकमा पर्ने वस्तुको प्रति एकाइको मापन विभागले तोके बमोजिम हुनेछ।

(१३) चलचित्र विकास बोर्डको सिफारिसमा नेपाली चलचित्रको छायाङ्कनको लागि आवश्यक यन्त्र तथा उपकरण पछि फिर्ता गर्ने शर्तमा बढीमा एक वर्षको अवधि तोकी लाग्ने महसुल बापतको रकम बैङ्क जमानत लिई पैठारी गर्न दिन सकिनेछ। त्यसरी पैठारी गरिएका यन्त्र तथा उपकरण फिर्ता गरेपछि राखेको बैङ्क जमानत फुकुवा गरिनेछ। त्यसरी तोकेको अवधिमा फिर्ता नगरेमा लाग्ने महसुल बैङ्क जमानतबाट असुल गरी त्यस्ता यन्त्र तथा उपकरण जफत गरिनेछ।

(१४) पैठारीकर्ताले नेपालमा बिक्री गरिने अधिकतम खुद्रा बिक्री मूल्य पैठारीकै अवस्थामा सम्बन्धित भन्सार कार्यालयमा अनिवार्य घोषणा गर्नु पर्ने गरी विभागले वस्तु तोक्न सक्नेछ।

(१५) पुराना ट्रकलाई विदेश लगी कन्टेनर-ट्रक वा कन्टेनर बोक्ने ट्रेलर-ट्रक बनाई फिर्ता ल्याएमा सोमा लागेको खर्च रकममा लाग्ने भन्सार महसुल पूर्णरूपमा छुट दिइनेछ।

(१६) शीर्षक ८७.०४ मा पर्ने कुनै ढुवानी साधनको इञ्जिनसँग जोडिएको शीर्षक ८७.०६ मा पर्ने चेसिसमा पैठारी भन्सार महसुल दर बढी भएको र सोही चेसिसमा बनेको तयारी साधनमा पैठारी भन्सार महसुल दर कम भएको अवस्थामा कुनै पैठारीकर्ताले त्यस्तो तयारी साधन पैठारी नगरी सोको इञ्जिनसँग जोडिएको चेसिस पैठारी गरी सो चेसिस नेपालभित्रै वा विदेशमा लगी तयारी साधन बनाउन चाहेमा देहाय बमोजिम सुविधा प्रदान गरिनेछः-

(क) इञ्जिनसँग जोडिएको चेसिस पैठारी गरी नेपालभित्रै तयारी साधन बनाउन चाहेमा सो चेसिस पैठारी गर्दा पैठारीकर्ताको अनुरोधमा चेसिसमा लाग्ने पूरै महसुल धरौटीमा राखी छ महिनाभित्र तयारी साधन बनाई सम्बन्धित निकायमा दर्ता गरी सोको प्रमाण तथा तयारी साधन सम्बन्धित भन्सार कार्यालयमा प्रस्तुत गरेपछि त्यस्तो तयारी साधन पैठारी गर्दा लाग्ने महसुल दर बमोजिमको महसुल रकम धरौटीबाट कट्टा गरी बाँकी धरौटी रकम पैठारीकर्तालाई फिर्ता दिइनेछ।

(ख) इञ्जिनसँग जोडिएको चेसिस पैठारी गरी पुनः उक्त चेसिस विदेशमा लगी तयारी साधन बनाई ल्याउन चाहेमा पैठारीकर्ताको अनुरोधमा सो चेसिस पैठारी गर्दा लाग्ने पूरै महसुल धरौटीमा राखिनेछ र पैठारी भएको मितिले तीन महिनाभित्र पैठारीकर्ताको अनुरोधमा कुनै प्रकारको महसुल नलिई सो चेसिस विदेश निकासी गर्न अनुमति दिइनेछ। त्यसरी निकासी भएको चेसिसमा निकासी भएको मितिले छ महिनाभित्र तयारी साधन बनाई पैठारी गरेमा त्यस्तो तयारी साधन बनाउन लागेको खर्च र पहिले पैठारी भएको चेसिस समेतको मूल्यमा त्यस्तो तयारी साधन पैठारी हुँदा दरबन्दी बमोजिम लाग्ने दर बमोजिमको महसुल चेसिस पैठारी गर्दा राखेको धरौटीबाट असुल गरी बाँकी धरौटी रकम फिर्ता दिइनेछ र धरौटीबाट अपुग भएमा पैठारीकर्ताबाट असुल गरिनेछ।

(ग) नेपालस्थित आधिकारिक बिक्रेता वा एजेन्सीको नाममा धरौटी राखी पैठारी भएको चेसिस अन्य व्यक्तिले खरिद गरी खण्ड (क) र (ख) बमोजिम तयारी साधन बनाउन चाहेमा त्यस्तो व्यक्तिलाई समेत खण्ड (क) र (ख) बमोजिमको सुविधा प्रदान गरिनेछ।

(घ) उल्लिखित सुविधाको कार्यान्वयनका क्रममा कुनै प्रक्रियागत कठिनाइ सिर्जना भएमा वा उल्लिखित समय सीमा अपर्याप्त भएमा महानिर्देशकले छ महिनासम्म म्याद थप गर्न र आवश्यक निर्देशन दिई सरलीकरण गर्न सक्नेछ।

(ङ) उल्लिखित ढुवानी साधनको प्रकृति फरक गरी वा अन्य प्रयोजनको लागि बिक्री गर्ने भएमा वा आफैँले अन्य प्रयोगमा ल्याउन चाहेमा कानून बमोजिम लाग्ने पूरै महसुल तिरी बिक्री गर्न वा अन्य प्रयोजनमा ल्याउन पाइनेछ। सो बमोजिम प्रक्रिया पूरा नगरी ढुवानी साधनको प्रकृति फरक पारेको वा घोषित बाहेक अन्य प्रयोगमा ल्याएको पाइएमा त्यस्तो साधन जफत गरिनेछ।

(१७) सवारी वा ढुवानीका साधनको प्रदर्शनी मेलामा प्रदर्शनमा राखी त्यस्तो मेला समाप्त भएको पन्ध्र दिन भित्र अनिवार्य फिर्ता लैजाने शर्तमा लाग्ने सम्पूर्ण महसुल नगद धरौटी वा बैङ्क जमानत राखी नयाँ सवारी तथा ढुवानीका साधनहरु बढीमा छ महिना सम्मको लागि अस्थायी पैठारी गर्न दिन सकिनेछ। यसरी पैठारी भएको सवारी तथा ढुवानी साधन फिर्ता गरेपछि नगद धरौटी वा बैङ्क जमानतमा रहेको महसुल रकमको एक प्रतिशत रकम असुल गरी बाँकी नगद धरौटी फिर्ता वा बैङ्क जमानत फुकुवा गरिनेछ। सो अवधि भित्र फिर्ता नगरेमा सवारी तथा ढुवानी साधन जफत गरी नगद धरौटी वा बैङ्क जमानतबाट लाग्ने महसुल बराबरको रकम राजस्वमा आम्दानी बाँधिनेछ।

(१८) कुनै भन्सार कार्यालयबाट वस्तु पैठारी गर्ने गरी प्रतीतपत्र खोलेको तर कारणबश सो भन्सार कार्यालयको सट्टा अन्य भन्सार कार्यालयबाट पैठारी गर्नु पर्ने अवस्था परेमा प्रतीतपत्र खोलेको बैङ्कले पैठारी हुने भन्सार कार्यालय संशोधन गरेको प्रमाण पैठारी हुने भन्सार कार्यालयमा पेस भएमा सम्बन्धित भन्सार कार्यालयले वस्तु जाँचपास गर्न सक्नेछ। त्यसरी पैठारी हुने भन्सार बिन्दु

परिवर्तनका लागि अन्य निकायको अनुमति वा सिफारिस आवश्यक पर्ने छैन।

(१९) नेपाल सरकारबाट स्वीकृतिप्राप्त स्वास्थ्य संस्थाले बिरामीको शरीरबाट लिइएको कुनै नमुना परीक्षणको लागि विदेशमा पठाउँदा वा ल्याउँदा महसुल नलिई लैजान वा ल्याउन दिइनेछ।

(२०) नेपाल नागरिक उड्डयन प्राधिकरणको सिफारिसमा स्वदेशी वायुसेवा कम्पनीका स्वामित्वमा रहेका हवाईजहाज तथा हेलिकोप्टर विदेशमा लिजमा दिने गरी लगतमा राखी अस्थायी निकासी गर्न दिन सकिनेछ।

(२१) पच्चीस हजार अमेरिकी डलर मूल्यसम्मका नेपालमा उत्पादन भएका वस्तु निकासी गर्दा निकासीकर्ताले विदेशी मुद्रा प्राप्तिको कागजात तत्काल पेस गर्न नसक्ने अवस्था भएमा त्यस्तो कागजात पछि पेस गर्ने शर्तमा निकासी गर्न दिइनेछ। निकासीकर्ताले निकासी गरेको छ महिनाभित्र विदेशी मुद्रा भुक्तानी प्राप्तिको कागजात वा निकासी भएको वस्तु फिर्ता आएको भए सोको प्रमाण पेस गर्नु पर्नेछ। त्यस्तो अवधिभित्र भुक्तानीको कागजात वा निकासी भएको वस्तु फिर्ता आएको प्रमाण पेस नगरेमा भन्सार अधिकृतले विदेशी विनिमय सम्बन्धी प्रचलित कानून बमोजिम कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

**(१४) अनुसूची-५ को,-**

(क) प्रकरण ३ को खण्ड (क) मा रहेको "लेभलर" भन्ने शब्द पछि "ग्रेडर, ट्रान्जिट मिक्सर" भन्ने शब्दहरू थपिएका छन्।

(ख) प्रकरण ४ को सट्टा देहायको प्रकरण ४ राखिएको छः-

“४. **कार्ने अन्तर्गत अस्थायी पैठारी गर्ने सवारी साधन सम्बन्धी व्यवस्था:** (१) विदेशी पर्यटकले कार्ने अन्तर्गत व्यक्तिगत प्रयोगको लागि अस्थायी पैठारी गर्ने सवारी साधन यस प्रकरणमा उल्लिखित शर्त बमोजिम पछि फिर्ता लैजाने गरी एक वर्षको अवधिमा बढीमा छ महिनासम्मको लागि महसुल छुट दिई अस्थायी पैठारी गर्न दिइनेछ।

**स्पष्टीकरण:** यस प्रकरणको प्रयोजनको लागि "कार्ने" भन्नाले नेपाल समेत सदस्य रहेको निजी सवारी साधनको अस्थायी पैठारी सम्बन्धी भन्सार महासन्धि (कस्टम्स कन्भेन्सन अन द टेम्पोररी इम्पोर्टेशन अफ प्राइभेट रोड भेहिकल्स), १९५४ अन्तर्गत सो महासन्धि बमोजिमको आधिकारिक संस्थाद्वारा विदेशी पर्यटकले निजी प्रयोगको लागि अस्थायी पैठारी गर्ने सवारी साधन तथा जगेडा पार्टपुर्जा तोकिएको समयभित्र पुनः निकासी नगरेमा त्यस्तो सवारी साधन तथा सोको जगेडा पार्टपुर्जा पैठारी गर्दा लाग्ने महसुल र ब्याज लाग्नेमा सो समेत तिर्नु बुझाउनु पर्ने गरी जारी गरिएको सो महासन्धिको अनुसूची-१ बमोजिमको फाराम सम्झनु पर्छ।

(२) बुँदा (१) बमोजिम छुट दिँदा नेपालभित्र प्रथम पटक प्रवेश गरेको मितिले एक वर्षको अवधिमा लगातार वा पटक-पटक गरी बढीमा जम्मा छ महिनाको अवधि गणना गरिनेछ।

(३) बुँदा (१) बमोजिम पैठारी गरिएका सवारी साधनमा जडान गरिएका विद्युतीय सामान, फर्निचर, जगेडा पार्टपुर्जा तथा सहायक सामग्री समेत सवारी साधनका साथ फिर्ता लैजाने शर्तमा कार्नेमा जनाई पैठारी गर्न दिन सकिनेछ।

(४) बुँदा (१) बमोजिम अस्थायी पैठारी गरिएका सवारी साधन, सोको जगेडा पार्टपुर्जा तथा सहायक सामग्री कार्नेमा उल्लिखित अवधिभित्र फिर्ता नलगेमा भन्सार अधिकृतले त्यस्तो सवारी साधन र सोको जगेडा पार्टपुर्जा जफत गरी सोमा लाग्ने महसुल पैठारीकर्ता वा कार्ने जारी गर्ने संस्थाबाट असुल गर्न सक्नेछ। कार्ने जारी गर्ने संस्थासँग महसुल दाबी गर्दा त्यस्तो कार्नेको मान्य अवधि समाप्त भएको मितिले एक वर्षभित्र गरिसक्नु पर्नेछ।

(५) बुँदा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि बुँदा (१) बमोजिम पैठारी गरिएको सवारी साधन दुर्घटना भई प्रहरी कब्जामा रहेको वा मर्मतको लागि कारखाना वा अटोमोबाइल वर्कशपमा रहेको भनी प्रहरी कार्यालयले सिफारिस गरेमा त्यस्तो अवधि बुँदा (१) बमोजिमको अवधिमा गणना गरिने छैन।

(६) बुँदा (१) बमोजिम विदेशी पर्यटकले पैठारी गरेका सवारी साधन दुर्घटनाग्रस्त भई मर्मत गर्दा समेत चलाउन नसकिने भनी सम्बन्धित प्रहरी कार्यालयले प्रमाणित गरिदिएमा भन्सार अधिकृतले विभागको स्वीकृति लिई त्यस्तो सवारी साधन सम्बन्धित स्थानीय तहको जनप्रतिनिधि वा कुनै सरकारी निकायको प्रतिनिधिको रोहबरमा सम्बन्धित व्यक्तिको खर्चमा नष्ट गर्ने वा पत्रुमा परिणत गर्न अनुमति दिन सक्नेछ। त्यसरी नष्ट गरिएको वा पत्रुमा परिणत गरिएको सवारी साधनमा कुनै महसुल लाग्ने छैन।

(७) बुँदा (१) बमोजिम अस्थायी पैठारी भएका सवारी साधन भाडामा प्रयोग गर्न वा दान, दातव्य वा उपहार दिन, लिन वा खरिद वा बिक्री गर्न वा लुकाई राख्न पाइने छैन।"

(ग) प्रकरण ५ को बुँदा (२) को सट्टा देहायको बुँदा (२) राखिएको छः-

"(२) चलचित्र छायाङ्कन, शैक्षिक प्रदर्शनी वा सामाजिक जनचेतना अभिवृद्धि गर्न संयन्त्र जडान भई आउने विशेष प्रकारका सवारी साधनको लागि यस अनुसूचीमा उल्लिखित समयावधिले नपुग हुने भई सम्बन्धित कार्यालय प्रमुखको रायसहित लेखी आएमा महानिर्देशकले तोकिए बमोजिमको शुल्क असुल गर्न लगाई बढीमा तीन महिनासम्मको म्याद थपको लागि भन्सार अधिकृतलाई आदेश दिन सक्नेछ।"

(१५) अनुसूची-६ को प्रकरण (२) को अन्त्यमा  देहाय बमोजिम द्रष्टव्य थप गरिएको छः-

"<u>द्रष्टव्यः</u> तेल उत्पादन गर्ने उद्योगले पैठारी गर्ने उपशीर्षक १२०१.९०.०० मा पर्ने भटमासको दाना र १२०६.००.०० मा पर्ने सूर्यमुखीको दानामा पाँच प्रतिशत कृषि सुधार शुल्क लाग्नेछ।"

**३९.** **<u>बहाल रहने अवधिः यस ऐनको दफा</u>** ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १४, १५, १६, १७, १८, १९, २०, २१, २३, २४, २५, २६, २७, २८, ३०, ३१, ३२ र ३३ बमोजिमका व्यवस्थाहरू सङ्घीय ऐनबाट अन्यथा व्यवस्था भएकोमा बाहेक संवत् २०८३ साल असार मसान्तसम्म बहाल रहनेछन्।

**४०.** **<u>ऐन संशोधन भएको मानिनेः</u>** यस ऐनको दफा ३४, ३५, ३६, ३७ र ३८ बमोजिम भएको संशोधनलाई सम्बन्धित ऐनमा संशोधन भएको मानिनेछ।

## अनुसूची-१

(दफा ८ सँग सम्बन्धित)

## हरित कर

| शीर्षक | उपशीर्षक | वस्तुको विवरण | हरित कर |
|---|---|---|---|
| २७.०१ | | **कोइला; कोइलाबाट उत्पादित ब्रिकेटहरू, अण्डाकारका वस्तुहरू र यस्तै प्रकारका ठोस इन्धनहरू।** | |
| | | -चूर्ण पारिएको वा नपारिएको तर असङ्गठित कोइलाः | |
| | २७०१.११.०० | --आन्थ्रसाइट | प्रति के.जी. रु.०।५० |
| | २७०१.१२.०० | --बिटुमिनयुक्त कोइला | प्रति के.जी. रु.०।५० |
| | २७०१.१९.०० | --अन्य कोइला | प्रति के.जी. रु.०।५० |
| | २७०१.२०.०० | -कोइलाबाट उत्पादित ब्रिकेटहरू, अण्डाकारका वस्तुहरू र यस्तै प्रकारका ठोस इन्धनहरू | प्रति के.जी. रु.०।५० |
| २७.०४ | २७०४.००.०० | **पत्थरकोइला, लिग्नाइट वा पिटको सङ्गठित वा असङ्गठित कोक र अर्ध कोक, रिटोर्ट कार्बन।** | प्रति के.जी. रु.०।५० |
| २७.१० | | **-पेट्रोलियम तेलहरू र बिटुमिनयुक्त खनिजहरूबाट प्राप्त तेलहरू (कच्चा बाहेक) तथा अन्यत्र उल्लेख वा समावेश नभएका, तौलको हिसाबले ७० प्रतिशत वा सोभन्दा बढी पेट्रोलियम तेलहरू वा बिटुमिनयुक्त खनिजबाट प्राप्त तेलहरू भएका, यिनै तेलहरू नै तयारी वस्तुहरूको मुख्य घटक भएका तयारी वस्तुहरू, जैविक डिजेल भएका बाहेक र रद्दी तेलहरू बाहेकः** | |
| | २७१०.१२.१० | ---मोटर स्पिरिट (पेट्रोल) | प्रति लि. रु.१।- |

| शीर्षक | उपशीर्षक | वस्तुको विवरण | हरित कर |
|---|---|---|---|
| | २७१०.१२.२० | ---हेक्जेन (फूड ग्रेड) | प्रति लि. रु.१।- |
| | २७१०.१२.९० | ---अन्य | प्रति लि. रु.१।- |
| | | --अन्यः | |
| | २७१०.१९.३० | ---हाई स्पीड डिजेल | प्रति लि. रु.१।- |
| | २७१०.१९.५० | ---फ्यूल आयल (फर्नेस आयल) | प्रति लि. रु.०।५० |
| | २७१०.१९.६० | ---बेस आयल (मोबिल बनाउन प्रयोग हुने) | प्रति लि. रु.०।५० |
| | २७१०.१९.७० | ---जुट ब्याचिङ आयल तथा टेक्सटाइल आयल | प्रति लि. रु.०।५० |
| | २७१०.१९.८० | ---लुब्रिकेटिङ्ग आयल | प्रति लि. रु.१।- |
| | | ---अन्य | |
| | २७१०.१९.९१ | ----स्पाइण्डल तेल | प्रति लि. रु.०।५० |
| | २७१०.१९.९२ | ----ट्रान्सफर्मर आयल | प्रति लि. रु.०।५० |
| | २७१०.१९.९३ | ----मिनरल टर्पेन्टाइन आयल | प्रति लि. रु.०।५० |
| | २७१०.१९.९४ | ----रबरको प्रशोधनमा प्रयोग हुने तेल | प्रति लि. रु.०।५० |
| | २७१०.१९.९५ | ----लिक्विड प्याराफिन आयल | प्रति लि. रु.०।५० |
| | २७१०.१९.९६ | ----ह्वाइट आयल | प्रति लि. रु.०।५० |
| | २७१०.१९.९९ | ----अन्य | प्रति लि. रु.१।- |

| शीर्षक | उपशीर्षक | वस्तुको विवरण | हरित कर |
|---|---|---|---|
| | २७१०.२०.०० | -पेट्रोलियम तेलहरू र बिटुमिनयुक्त खनिजहरूबाट प्राप्त तेलहरू (कच्चा बाहेक) तथा अन्यत्र उल्लेख वा समावेश नभएका, तौलको हिसाबले ७० प्रतिशत वा सोभन्दा बढी पेट्रोलियम तेलहरू वा बिटुमिन खनिजबाट प्राप्त तेलहरू भएका, यिनै तेलहरू नै तयारी वस्तुहरूको मुख्य घटक भएका तयारी वस्तुहरू, जैविक डिजेल भएका, रद्दी तेलहरू बाहेक | १। |
| | | -रद्दी तेलहरू: | |
| | २७१०.९१.०० | --पोलिक्लोरिनेटेड बाइफेनलहरू (पीसीबीएस), पोलिक्लोरिनेटेड टरफेनलहरू (पीसीटीएस) वा पोलिब्रोमिनेटेड, बाइफेनलहरू (पीबीबीएस) | १। |
| | २७१०.९९.०० | --अन्य | १। |
| २७.१३ | | **पेट्रोलियम कोक, पेट्रोलियम बिटुमिन र पेट्रोलियम तेलका वा बिटुमिनयुक्त खनिज तेलका अन्य अवशेषहरू।** | |
| | | -पेट्रोलियम कोक: | |
| | २७१३.११.०० | --अभस्मित | प्रति के.जी. रु.०।५० |
| | २७१३.१२.०० | --भस्मित | प्रति के.जी. रु.०।५० |

## अनुसूची-२

(दफा ९ सँग सम्बन्धित)

**सडक निर्माण दस्तुर**

(१) देहायका सवारी तथा ढुवानीका साधन (अनएसेम्बल्ड समेत) पैठारी हुँदाका बखत भन्सार विन्दुमा र स्वदेशमा उत्पादन हुने सवारी तथा ढुवानीका साधनमा दर्ताका बखत देहाय बमोजिमको सडक निर्माण दस्तुर लाग्नेछः-

नेपाल सरकार
अर्थ मन्त्रालय

| शीर्षक | उपशीर्षक | मालवस्तुको विवरण | दस्तुर |
|---|---|---|---|
| ८७.०२ | | **ड्राइभर समेत १० वा सोभन्दा बढी यात्रुहरू बोक्ने मोटर गाडीहरू।** | |
| | | -कम्प्रेसन-इग्निसन इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन (डिजेल वा अर्ध डिजेल) मात्र भएका: | |
| | ८७०२.१०.१० | ---बसहरू (२५ भन्दा बढी सीट भएका) | ९% |
| | ८७०२.१०.२० | ---मिनिबसहरू (१५ देखि २५ सम्म सीट भएका) | ९% |
| | ८७०२.१०.३० | ---माइक्रो बसहरू (११ देखि १४ सम्म सीट भएका) | ९% |
| | | --अन्य मोटर गाडीहरू: | |
| | ८७०२.१०.४१ | ----अनएसेम्बल्ड अवस्थाका | १०% |
| | ८७०२.१०.४९ | ----अन्य | १०% |
| | | --कम्प्रेसन-इग्निसन इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन (डिजेल वा अर्ध डिजेल) र धक्का दिने विद्युतीय मोटर दुवै भएका: | |
| | ८७०२.२०.१० | ---बसहरू (२५ भन्दा बढी सीट भएका) | ९% |
| | ८७०२.२०.२० | ---मिनिबसहरू (१५ देखि २५ सम्म सीट भएका) | ९% |
| | ८७०२.२०.३० | ---माइक्रो बसहरू (११ देखि १४ सम्म सीट भएका) | ९% |
| | | ---अन्य मोटर गाडीहरू: | |
| | ८७०२.२०.४१ | ----अनएसेम्बल्ड अवस्थाका | १०% |
| | ८७०२.२०.४९ | ----अन्य | १०% |

| | | | |
|---|---|---|---|
| | | -स्पार्क-इग्निसन इन्टरनल कम्बसन पिष्टोन इञ्जिन र धक्का दिने विद्युतीय मोटर दुवै भएको: | |
| | ८७०२.३०.१० | ---बसहरू (२५ भन्दा बढी सीट भएका) | ९% |
| | ८७०२.३०.२० | ---मिनिबसहरू (१५ देखि २५ सम्म सीट भएका) | ९% |
| | ८७०२.३०.३० | ---माइक्रो बसहरू (११ देखि १४ सम्म सीट भएका) | ९% |
| | | ---अन्य मोटर गाडीहरू: | |
| | ८७०२.३०.४१ | ----अनएसेम्बल्ड अवस्थाका | १०% |
| | ८७०२.३०.४९ | ----अन्य | १०% |
| | | -धक्का दिने विद्युतीय मोटर मात्र भएका: | |
| | ८७०२.४०.१० | ---बसहरू (२५ भन्दा बढी सीट भएका) | २.५% |
| | ८७०२.४०.२० | ---मिनिबसहरू (१५ देखि २५ सम्म सीट भएका) | २.५% |
| | ८७०२.४०.३० | ---माइक्रो बसहरू (११ देखि १४ सम्म सीट भएका) | २.५% |
| | | ---अन्य मोटर गाडीहरू: | |
| | ८७०२.४०.४१ | ----अनएसेम्बल्ड अवस्थाका | ५% |
| | ८७०२.४०.४९ | ----अन्य | ५% |
| | | -अन्य: | |
| | ८७०२.९०.१० | ---बसहरू (२५ भन्दा बढी सीट भएका) | ९% |
| | ८७०२.९०.२० | ---मिनिबसहरू (१५ देखि २५ सम्म सीट भएका) | ९% |
| | ८७०२.९०.३० | ---माइक्रो बसहरू (११ देखि १४ सम्म सीट भएका) | ९% |
| | | ---अन्य मोटर गाडीहरू: | |

| | | | |
|---|---|---|---|
| | ८७०२.९०.४१ | ----अनएसेम्बल्ड अवस्थाका | १०% |
| | ८७०२.९०.४९ | ----अन्य | १०% |
| **८७.०३** | | **मूलतः मानिसको यातायातको लागि बनेका मोटर कारहरू र अन्य मोटर गाडीहरू (शीर्षक ८७.०२ का बाहेक), स्टेशन वागन र रेसिङ कार समेत।** | |
| | | -मूलतः हिउँमा यात्रा गर्नका लागि बनेका गाडीहरू; गल्फ कार र यस्तै गाडीहरू | |
| | ८७०३.१०.१० | ---मूलतः हिउँमा यात्रा गर्नका लागि बनेका गाडीहरू | १०% |
| | ८७०३.१०.९० | ---अन्य | १०% |
| | | -अन्य गाडीहरू, स्पार्क-इग्निसन इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन मात्र भएका: | |
| | | --सिलिण्डर क्षमता १,००० सी.सी. ननाघ्ने: | |
| | | ---तीन पाङ्ग्रे गाडीहरू (अटोरिक्सा): | |
| | ८७०३.२१.११ | ----अनएसेम्बल्ड अवस्थाका | प्रति गोटा रु. १५,०००।- |
| | ८७०३.२१.१९ | ----अन्य | प्रति गोटा रु. १५,०००।- |
| | | ---अन्यः | |
| | ८७०३.२१.९१ | ----अनएसेम्बल्ड अवस्थाका | १०% |
| | ८७०३.२१.९९ | ----अन्य | १०% |
| | | --सिलिण्डर क्षमता १,००० सी.सी. नाघ्ने तर १,५०० सी.सी. ननाघ्नेः | |
| | ८७०३.२२.१० | ---अनएसेम्बल्ड अवस्थाका | १०% |
| | ८७०३.२२.९० | ---अन्य | १०% |

| | | | |
|---|---|---|---|
| | | --सिलिण्डर क्षमता १,५०० सी.सी. नाघ्ने तर ३,००० सी.सी. ननाघ्ने: | |
| | | ---सिलिण्डर क्षमता १,५०० सी.सी. नाघ्ने तर २,००० सी.सी. ननाघ्ने: | |
| | ८७०३.२३.११ | ----अनएसेम्बल्ड अवस्थाका | १०% |
| | ८७०३.२३.१९ | ----अन्य | १०% |
| | | ---सिलिण्डर क्षमता २,००० सी.सी. नाघ्ने तर २,५०० सी.सी. ननाघ्ने: | |
| | ८७०३.२३.२१ | ----अनएसेम्बल्ड अवस्थाका | १०% |
| | ८७०३.२३.२९ | ----अन्य | १०% |
| | | ---सिलिण्डर क्षमता २,५०० सी.सी. नाघ्ने तर ३,००० सी.सी. ननाघ्ने | |
| | ८७०३.२३.३१ | ----अनएसेम्बल्ड अवस्थाका | १०% |
| | ८७०३.२३.३९ | ----अन्य | १०% |
| | | --सिलिण्डर क्षमता ३,००० सी.सी. नाघ्ने: | |
| | ८७०३.२४.१० | ---अनएसेम्बल्ड अवस्थाका | १०% |
| | ८७०३.२४.९० | ---अन्य | १०% |
| | | -अन्य गाडीहरू, कम्प्रेसन-इग्निसन इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन (डिजेल वा अर्ध डिजेल) मात्र भएका: | |
| | | --सिलिण्डर क्षमता १,५०० सी.सी. ननाघ्ने: | |
| | ८७०३.३१.१० | ---अनएसेम्बल्ड अवस्थाका | १०% |
| | ८७०३.३१.९० | ---अन्य | १०% |
| | | --सिलिण्डर क्षमता १,५०० सी.सी. नाघ्ने तर २,५०० सी.सी. ननाघ्ने: | |

| | | | |
|---|---|---|---|
| | | ---सिलिण्डर क्षमता १,५०० सी.सी. नाघ्ने तर २,००० सी.सी. ननाघ्ने: | |
| | ८७०३.३२.११ | ----अनएसेम्बल्ड अवस्थाका | १०% |
| | ८७०३.३२.१९ | ----अन्य | १०% |
| | | ---सिलिण्डर क्षमता २,००० सी.सी. नाघ्ने तर २,५०० सी.सी. ननाघ्ने: | |
| | ८७०३.३२.२१ | ----अनएसेम्बल्ड अवस्थाका | १०% |
| | ८७०३.३२.२९ | ----अन्य | १०% |
| | | --सिलिण्डर क्षमता २,५०० सी.सी. नाघ्ने: | |
| | ८७०३.३३.१० | ---अनएसेम्बल्ड अवस्थाका | १०% |
| | ८७०३.३३.९० | ---अन्य | १०% |
| | | -अन्य गाडीहरू, स्पार्क-इग्निसन इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन र धक्का दिने विद्युतीय मोटर दुवै भएका, विद्युत शक्तिको वाह्य स्रोतमा प्लग जोडेर चार्ज हुन सक्ने किसिमका बाहेक: | |
| | ८७०३.४०.१० | ---अनएसेम्बल्ड अवस्थाका | १०% |
| | ८७०३.४०.९० | ---अन्य | १०% |
| | | -अन्य गाडीहरू, कम्प्रेसन-इग्निसन इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन (डिजेल वा अर्ध डिजेल) र धक्का दिने विद्युतीय मोटर दुवै भएका, विद्युत शक्तिको वाह्य स्रोतमा प्लग जोडेर चार्ज हुन सक्ने किसिमका बाहेक: | |
| | ८७०३.५०.१० | ---अनएसेम्बल्ड अवस्थाका | १०% |
| | ८७०३.५०.९० | ---अन्य | १०% |

| | | | |
|---|---|---|---|
| | | -अन्य गाडीहरू, स्पार्क-इग्निसन इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन र धक्का दिने विद्युतीय मोटर दुवै भएका, विद्युत शक्तिको वाह्य स्रोतमा प्लग जोडेर चार्ज हुन सक्ने किसिमका: | |
| | ८७०३.६०.१० | ---अनएसेम्बल्ड अवस्थाका | १०% |
| | ८७०३.६०.९० | ---अन्य | १०% |
| | | -अन्य गाडीहरू, कम्प्रेसन-इग्निसन इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन (डिजेल वा अर्ध डिजेल) र धक्का दिने विद्युतीय मोटर दुवै भएका, विद्युत शक्तिको वाह्य स्रोतमा प्लग जोडेर चार्ज हुन सक्ने किसिमका: | |
| | ८७०३.७०.१० | ---अनएसेम्बल्ड अवस्थाका | १०% |
| | ८७०३.७०.९० | ---अन्य | १०% |
| | | -अन्य गाडीहरू, धक्का दिने विद्युतीय मोटर मात्र भएका: | |
| | | ---तीन पांग्रे गाडीहरू: | |
| | ८७०३.८०.११ | ----अनएसेम्बल्ड अवस्थाका | प्रति गोटा रु. १०,०००।- |
| | ८७०३.८०.१९ | ----अन्य | प्रति गोटा रु. १०,०००।- |
| | | ---अन्य, मोटरको पिकपावर ५० किलोवाट ननाघ्ने: | |
| | ८७०३.८०.२१ | ----अनएसेम्बल्ड अवस्थाको | ५% |
| | ८७०३.८०.२९ | ----अन्य | ५% |
| | | ---अन्य, मोटरको पिकपावर ५० किलोवाट नाघ्ने तर १०० किलोवाट ननाघ्ने: | |
| | ८७०३.८०.५१ | ----अनएसेम्बल्ड अवस्थाको | ५% |

| | | | |
|---|---|---|---|
| | ८७०३.८०.५९ | ----अन्य | ५% |
| | | ---अन्य, मोटरको पिकपावर १०० किलोवाट नाघ्ने तर २०० किलोवाट ननाघ्ने: | |
| | ८७०३.८०.६१ | ----अनएसेम्बल्ड अवस्थाको | ५% |
| | ८७०३.८०.६९ | ----अन्य | ५% |
| | | ---अन्य, मोटरको पिकपावर २०० किलोवाट नाघ्ने तर ३०० किलोवाट ननाघ्ने: | |
| | ८७०३.८०.७१ | ----अनएसेम्बल्ड अवस्थाको | ५% |
| | ८७०३.८०.७९ | ----अन्य | ५% |
| | | ---अन्य, मोटरको पिकपावर ३०० किलोवाट नाघ्ने: | |
| | ८७०३.८०.८१ | ----अनएसेम्बल्ड अवस्थाका | ५% |
| | ८७०३.८०.८९ | ----अन्य | ५% |
| | | ---अन्य: | |
| | ८७०३.८०.९१ | ----अनएसेम्बल्ड अवस्थाको | ५% |
| | ८७०३.८०.९९ | ----अन्य | ५% |
| | | -अन्य: | |
| | ८७०३.९०.१० | ---अनएसेम्बल्ड अवस्थाको | १०% |
| | ८७०३.९०.९० | ---अन्य | १०% |
| ८७.०४ | | **सामान ढुवानी गर्ने अन्य मोटर गाडीहरू।** | |
| | ८७०४.१०.०० | -राजमार्गभन्दा बाहिरको प्रयोगका लागि अभिकल्पित डम्परहरू | ९% |
| | | -अन्य, कम्प्रेसन-इग्निसन इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन (डिजेल वा अर्ध डिजेल) मात्र भएका: | |
| | | --गाडीको कुल तौल ५ टन ननाघ्ने: | |

| | | | |
|---|---|---|---|
| | ८७०४.२१.१० | ---मूलतः सामानको ओसारपसार गर्ने र ड्राइभरसहित २ जनाभन्दा बढी मानिस बोक्ने सुविधा भएका डबल क्याब पिकअप गाडी | १०% |
| | ८७०४.२१.२० | ---मूलतः सामानको ओसारपसार गर्ने र ड्राइभरसहित २ जना मात्र मानिस बोक्ने सुविधा भएका सिंगल क्याब पिकअप गाडी | १०% |
| | ८७०४.२१.३० | ---डेलिभरी भ्यान | १०% |
| | ८७०४.२१.४० | ---तीनपाङ्ग्रे गाडी | प्रति गोटा रु. १५,०००।- |
| | ८७०४.२१.५० | ---प्रशितक प्रणाली (रेफ्रिजिरेटिङ्ग सिस्टम) जडान गरिएका भ्यानहरू | १०% |
| | ८७०४.२१.६० | ---कम्प्याक्टर (कम्प्रेसिङ् डिभाइस) सहितका फोहर (गार्बेज) सङ्कलन तथा ढुवानी गर्ने गाडीहरू | ९% |
| | ८७०४.२१.९० | ---अन्य | १०% |
| | | --गाडीको कुल तौल ५ टन नाघ्ने तर २० टन ननाघ्नेः | |
| | ८७०४.२२.१० | ---मूलतः सामानको ओसारपसार गर्ने र ड्राइभरसहित २ जनाभन्दा बढी मानिस बोक्ने सुविधा भएका डबल क्याब पिकअप गाडी | १०% |
| | ८७०४.२२.२० | ---दूध ढुवानीका लागि विशेष किसिमले तयार गरिएका ट्याङ्करहरू | ९% |
| | ८७०४.२२.३० | ---कन्टेनर जोडिएका ट्रकहरू | ९% |
| | ८७०४.२२.४० | ---तरल पेट्रोलियम ग्याँस ढुवानीका लागि विशेष किसिमले तयार गरिएको बुलेट ट्याङ्कर-ट्रकहरू | ९% |

| | | | |
|---|---|---|---|
| | ८७०४.२२.५० | ---कम्प्याक्टर (कम्प्रेसिङ् डिभाइस) सहितका फोहर (गार्बेज) सङ्कलन तथा ढुवानी गर्ने गाडीहरू | ९% |
| | ८७०४.२२.६० | ---सिमेन्ट बल्कर | ९% |
| | ८७०४.२२.७० | ---प्रशितक प्रणाली (रेफ्रिजिरेटिङ्ग सिष्टम) जडान गरिएका भ्यानहरू | १०% |
| | ८७०४.२२.९० | ---अन्य | १०% |
| | | --गाडीको कुल तौल २० टन नाघ्ने: | |
| | ८७०४.२३.१० | ---प्रशितक प्रणाली (रेफ्रिजिरेटिङ् सिष्टम) जडान गरिएका भ्यानहरू | १०% |
| | ८७०४.२३.२० | ---दुध ढुवानीका लागि विशेष किसिमले तयार गरिएका ट्याङ्करहरू | ९% |
| | ८७०४.२३.३० | ---कम्प्याक्टर (कम्प्रेसिङ्ग डिभाइस) सहितका फोहर (गार्बेज) सङ्कलन तथा ढुवानी गर्ने गाडीहरू | ९% |
| | ८७०४.२३.४० | ---कन्टेनर जोडिएका ट्रकहरू | ९% |
| | ८७०४.२३.५० | ---सिमेन्ट बल्कर | ९% |
| | ८७०४.२३.६० | ---तरल पेट्रोलियम ग्याँस ढुवानीका लागि विशेष किसिमले तयार गरिएको बुलेट ट्याङ्कर ट्रकहरू | ९% |
| | ८७०४.२३.९० | ---अन्य | १०% |
| | | -अन्य, स्पार्क-इग्निसन इन्टर्नल कम्बसन पिष्टोन इञ्जिन मात्र भएका: | |
| | | --गाडीको कुल तौल ५ टन ननाघ्ने: | |

| | | | |
|---|---|---|---|
| | ८७०४.३१.१० | ---मूलतः सामानको ओसारपसार गर्ने र ड्राइभरसहित २ जनाभन्दा बढी मानिस बोक्ने सुविधा भएका डबल क्याब पिकअप गाडी | १०% |
| | ८७०४.३१.२० | ---मूलतः सामानको ओसारपसार गर्ने र ड्राइभरसहित २ जना मात्र मानिस बोक्ने सुविधा भएका सिंगल क्याब पिकअप गाडी | १०% |
| | ८७०४.३१.३० | ---डेलिभरी भ्यान | १०% |
| | ८७०४.३१.४० | ---तीनपाङ्ग्रे गाडी | प्रति गोटा रु. १५,०००।- |
| | ८७०४.३१.५० | ---प्रशितक प्रणाली (रेफ्रिजिरेटिङ्ग सिस्टम) जडान गरिएका भ्यानहरू | १०% |
| | ८७०४.३१.६० | ---कम्प्याक्टर (कम्प्रेसिङ्ग डिभाइस) सहितका फोहर (गार्बेज) सङ्कलन तथा ढुवानी गर्ने गाडीहरू | ९% |
| | ८७०४.३१.९० | ---अन्य | १०% |
| | | --गाडीको कुल तौल ५ टन नाघ्ने: | |
| | ८७०४.३२.१० | ---मूलतः सामानको ओसारपसार गर्ने र ड्राइभरसहित २ जनाभन्दा बढी मानिस बोक्ने सुविधा भएका डबल क्याब पिकअप गाडी | १०% |
| | ८७०४.३२.२० | ---दूध ढुवानीका लागि विशेष किसिमले तयार गरिएको ट्याङ्करहरू | ९% |
| | ८७०४.३२.३० | ---कन्टेनर जोडिएका ट्रकहरू | ९% |
| | ८७०४.३२.४० | ---तरल पेट्रोलियम ग्याँस ढुवानीका लागि विशेष किसिमले तयार गरिएको बुलेट ट्याङ्कर ट्रकहरू | ९% |

| | | | |
|---|---|---|---|
| | ८७०४.३२.५० | ---कम्प्याक्टर (कम्प्रेसिङ्ग डिभाइस) सहितका फोहर (गार्बेज) सङ्कलन तथा ढुवानी गर्ने गाडीहरू | ९% |
| | ८७०४.३२.६० | ---सिमेन्ट बल्कर | ९% |
| | ८७०४.३२.७० | ---प्रशितक प्रणाली (रेफ्रिजिरेटिङ्ग सिस्टम) जडान गरिएका भ्यानहरू | १०% |
| | ८७०४.३२.९० | ---अन्य | १०% |
| | | -अन्य, कम्प्रेसन-इग्निसन इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन (डिजेल वा अर्ध डिजेल) र धक्का दिने विद्युतीय मोटर दुवै भएका: | |
| | | --गाडीको कुल तौल ५ टन ननाघ्ने: | |
| | ८७०४.४१.१० | ---मूलतः सामानको ओसारपसार गर्ने र ड्राइभरसहित २ जनाभन्दा बढी मानिस बोक्ने सुविधा भएका डबल क्याब पिकअप गाडी | १०% |
| | ८७०४.४१.२० | ---मूलतः सामानको ओसारपसार गर्ने र ड्राइभरसहित २ जना मात्र मानिस बोक्ने सुविधा भएका सिंगल क्याब पिकअप गाडी | १०% |
| | ८७०४.४१.३० | ---डेलिभरी भ्यान | १०% |
| | ८७०४.४१.४० | ---तीन पाङ्ग्रे गाडी | प्रति गोटा रु. १५,०००।- |
| | ८७०४.४१.५० | ---प्रशितक प्रणाली (रेफ्रिजिरेटिङ्ग सिस्टम) जडान गरिएका भ्यानहरू | १०% |
| | ८७०४.४१.६० | ---कम्प्याक्टर (कम्प्रेसिङ्ग डिभाइस) सहितका फोहर (गार्बेज) सङ्कलन तथा ढुवानी गर्ने गाडीहरू | ९% |
| | ८७०४.४१.९० | ---अन्य | १०% |

| | | | |
|---|---|---|---|
| | | --गाडीको कुल तौल ५ टन नाघ्ने तर २० टन ननाघ्नेः | |
| | ८७०४.४२.१० | ---मूलतः सामानको ओसारपसार गर्ने र ड्राइभरसहित २ जनाभन्दा बढी मानिस बोक्ने सुविधा भएका डबल क्याब पिकअप गाडी | १०% |
| | ८७०४.४२.२० | ---दूध ढुवानीका लागि विशेष किसिमले तयार गरिएको ट्याङ्करहरू | ९% |
| | ८७०४.४२.३० | ---कन्टेनर जोडिएका ट्रकहरू | ९% |
| | ८७०४.४२.४० | ---तरल पेट्रोलियम ग्याँस ढुवानीका लागि विशेष किसिमले तयार गरिएको बुलेट ट्याङ्कर-ट्रकहरू | ९% |
| | ८७०४.४२.५० | ---कम्प्याक्टर (कम्प्रेसिङ् डिभाइस) सहितका फोहर (गार्बेज) सङ्कलन तथा ढुवानी गर्ने गाडीहरू | ९% |
| | ८७०४.४२.६० | ---सिमेन्ट बल्कर | ९% |
| | ८७०४.४२.७० | ---प्रशितक प्रणाली (रेफ्रिजिरेटिङ्ग सिष्टम) जडान गरिएका भ्यानहरू | १०% |
| | ८७०४.४२.९० | ---अन्य | १०% |
| | | --गाडीको कुल तौल २० टन नाघ्नेः | |
| | ८७०४.४३.१० | ---प्रशितक प्रणाली (रेफ्रिजिरेटिङ्ग सिष्टम) जडान गरिएका भ्यानहरू | १०% |
| | ८७०४.४३.२० | ---दूध ढुवानीका लागि विशेष किसिमले तयार गरिएको ट्याङ्करहरू | ९% |
| | ८७०४.४३.३० | ---कम्प्याक्टर (कम्प्रेसिङ्ग डिभाइस) सहितका फोहर (गार्बेज) सङ्कलन तथा ढुवानी गर्ने गाडीहरू | ९% |
| | ८७०४.४३.४० | ---कन्टेनर जोडिएका ट्रकहरू | ९% |

| | | | |
|---|---|---|---|
| | ८७०४.४३.५० | ---सिमेन्ट बल्कर | ९% |
| | ८७०४.४३.६० | ---तरल पेट्रोलियम ग्यास ढुवानीका लागि विशेष किसिमले तयार गरिएको बुलेट ट्याङ्कर ट्रकहरू | ९% |
| | ८७०४.४३.९० | ---अन्य | १०% |
| | | -अन्य, स्पार्क-इग्निसन इन्टरनल कम्बसन पिष्टोन इञ्जिन र धक्का दिने विद्युतीय मोटर दुवै भएका: | |
| | | --गाडीको कुल तौल ५ टन ननाघ्ने: | |
| | ८७०४.५१.१० | ---मूलतः सामानको ओसारपसार गर्ने र ड्राइभरसहित २ जनाभन्दा बढी मानिस बोक्ने सुविधा भएका डबल क्याब पिकअप गाडी | १०% |
| | ८७०४.५१.२० | ---मूलतः सामानको ओसारपसार गर्ने र ड्राइभरसहित २ जना मात्र मानिस बोक्ने सुविधा भएका सिंगल क्याब पिकअप गाडी | १०% |
| | ८७०४.५१.३० | ---डेलिभरी भ्यान | १०% |
| | ८७०४.५१.४० | ---तीन पाङ्ग्रे गाडी | प्रति गोटा रु. १५,०००।- |
| | ८७०४.५१.५० | ---प्रशितक प्रणाली (रेफ्रिजिरेटिङ्ग सिस्टम) जडान गरिएका भ्यानहरू | १०% |
| | ८७०४.५१.६० | ---कम्प्याक्टर (कम्प्रेसिङ्ग डिभाइस) सहितका फोहर (गार्बेज) सङ्कलन तथा ढुवानी गर्ने गाडीहरू | ९% |
| | ८७०४.५१.९० | ---अन्य | १०% |
| | | --गाडीको कुल तौल ५ टन नाघ्ने: | |

| | | | |
|---|---|---|---|
| | ८७०४.५२.१० | ---मूलतः सामानको ओसारपसार गर्ने र ड्राइभरसहित २ जनाभन्दा बढी मानिस बोक्ने सुविधा भएका डबल क्याब पिकअप गाडी | १०% |
| | ८७०४.५२.२० | ---दूध ढुवानीका लागि विशेष किसिमले तयार गरिएका ट्याङ्करहरू | ९% |
| | ८७०४.५२.३० | ---कन्टेनर जोडिएका ट्रकहरू | ९% |
| | ८७०४.५२.४० | ---तरल पेट्रोलियम ग्याँस ढुवानीका लागि विशेष किसिमले तयार गरिएको बुलेट ट्याङ्कर-ट्रकहरू | ९% |
| | ८७०४.५२.५० | ---कम्प्याक्टर (कम्प्रेसिङ् डिभाइस) सहितका फोहर (गार्बेज) सङ्कलन तथा ढुवानी गर्ने गाडीहरू | ९% |
| | ८७०४.५२.६० | ---सिमेन्ट बल्कर | ९% |
| | ८७०४.५२.७० | ---प्रशितक प्रणाली (रेफ्रिजिरेटिङ् सिष्टम) जडान गरिएका भ्यानहरू | १०% |
| | ८७०४.५२.९० | ---अन्य | १०% |
| | | -अन्य, धक्का दिने विद्युतीय मोटर मात्र भएकाः | |
| | ८७०४.६०.१० | ---प्रशितक प्रणाली (रेफ्रिजिरेटिङ् सिष्टम) जडान गरिएका भ्यानहरू | २.५% |
| | ८७०४.६०.२० | ---अन्य, तीन पाङ्ग्रे गाडी | प्रति गोटा रु. १०,०००।- |
| | ८७०४.६०.३१ | ----मूलतः सामानको ओसारपसार गर्ने र ड्राइभर सहित २ जना मात्र मानिस बोक्ने सुविधा भएका सिङ्गल क्याब पिकअप गाडी | २.५% |

| | | | |
|---|---|---|---|
| | ८७०४.६०.३२ | ----मूलतः सामानको ओसारपसार गर्ने र ड्राइभर सहित २ जना भन्दा बढी मानिस बोक्ने सुविधा भएका डबल क्याब पिकअप गाडी | २.५% |
| | ८७०४.६०.४१ | ----लरी, ट्रक, टिपर, डम्पर र यस्तै अन्य ढुवानीका साधनहरू | २.५% |
| | ८७०४.६०.४२ | ----कन्टेनर जोडिएका ट्रकहरू | २.५% |
| | ८७०४.६०.४९ | ----अन्य | २.५% |
| | ८७०४.६०.५० | ---कम्प्याक्टर (कम्प्रेसिङ्ग डिभाइस) सहितका फोहोर (गार्बेज) सङ्कलन तथा ढुवानी गर्ने गाडीहरू | २.५% |
| | ८७०४.६०.६१ | ----दूध ढुवानीका लागि विशेष किसिमले तयार गरिएका ट्याङ्करहरू | २.५% |
| | ८७०४.६०.६२ | ----तरल पेट्रोलियम ग्याँस ढुवानीका लागि विशेष किसिमले तयार गरिएको बुलेट ट्याङ्कर-ट्रकहरू | २.५% |
| | ८७०४.६०.६९ | ----अन्य | २.५% |
| | ८७०४.६०.७० | ---डेलिभरी भ्यान | २.५% |
| | ८७०४.६०.९० | ---अन्य | २.५% |
| | ८७०४.६०.९० | --अन्य | २.५% |
| | ८७०४.९०.०० | -अन्य | १०% |
| ८७.०६ | | **शीर्षक ८७.०१ देखि ८७.०५ सम्मका मोटर गाडीहरूका लागि इञ्जिन जडान गरिएका च्यासिस।** | |
| | ८७०६.००.२० | ---मिनिबसहरू (१५ देखि २५ सम्म सीट भएको) का | ९% |
| | ८७०६.००.३० | ---माइक्रोबसहरू (११ देखि १४ सम्म सीट भएको) का | ९% |
| | ८७०६.००.४० | ---जीप कार र भ्यानहरूका | ९% |

| | | | |
|---|---|---|---|
| | ८७०६.००.५० | ---तीन पाङ्ग्रे गाडीहरू (अटोरिक्सा) का | ९% |
| | | ---पिकअप गाडीहरूकाः | ९% |
| | ८७०६.००.६१ | ----डबल क्याबका | ९% |
| | ८७०६.००.६२ | ----सिङ्गल क्याबका | ९% |
| | ८७०६.००.६३ | ----डेलिभरी भ्यानका | ९% |
| | ८७०६.००.७० | ---राजमार्ग बाहिरको प्रयोगका लागि निर्मित डम्परहरूका | ९% |
| | ८७०६.००.८० | ---बस वा ट्रकहरूका | ९% |
| | ८७०६.००.९० | ---अन्य | ९% |
| **८७.११** | | **मोटरसाइकलहरू (मोपेड समेत) र साइड-कार भएका वा नभएका, सहायक मोटर जडान गरिएका साइकलहरू; साइड-कारहरू।** | |
| | ८७११.१०.०० | -सिलिण्डर क्षमता ५० सी.सी. ननाघ्ने इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन भएको | प्रति गोटा रु. १५,०००।- |
| | | -सिलिण्डर क्षमता ५० सी.सी. नाघ्ने तर २५० सी.सी. ननाघ्ने इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन भएकोः | |
| | | ---अनएसेम्बल्ड अवस्थाकाः | |
| | ८७११.२०.११ | ----५० सी.सी. नाघ्ने तर १२५ सी.सी. ननाघ्ने | प्रति गोटा रु. १५,०००।- |
| | ८७११.२०.१२ | ----१२५ सी.सी. नाघ्ने तर २०० सी.सी. ननाघ्ने | प्रति गोटा रु. १८,०००।- |
| | ८७११.२०.१९ | ----२०० सी.सी. नाघ्ने तर २५० सी.सी. ननाघ्ने | प्रति गोटा रु. १८,०००।- |
| | | ---अन्यः | |

| | | | |
|---|---|---|---|
| | ८७११.२०.९१ | ----५० सी.सी. नाघ्ने तर १२५ सी.सी. ननाघ्ने | प्रति गोटा रु. १५,०००।- |
| | ८७११.२०.९२ | ----१२५ सी.सी. नाघ्ने तर २०० सी.सी. ननाघ्ने | प्रति गोटा रु. १८,०००।- |
| | ८७११.२०.९९ | ----२०० सी.सी. नाघ्ने तर २५० सी.सी. ननाघ्ने | प्रति गोटा रु. १८,०००।- |
| | | -सिलिण्डर क्षमता २५० सी.सी. नाघ्ने तर ५०० सी.सी. ननाघ्ने इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन भएकाः | |
| | | ---सिलिण्डर क्षमता २५० सी.सी. नाघ्ने तर ४०० सी.सी. ननाघ्ने इन्टरनल कम्बसन पिष्टोन इञ्जिन भएकाः | |
| | ८७११.३०.११ | ----अनएसेम्बल्ड अवस्थाका | प्रति गोटा रु. २०,०००।- |
| | ८७११.३०.१९ | ----अन्य | प्रति गोटा रु. २०,०००।- |
| | | ---सिलिण्डर क्षमता ४०० सी.सी. नाघ्ने तर ५०० सी.सी. ननाघ्ने इन्टरनल कम्बसन पिष्टोन इञ्जिन भएकाः | |
| | ८७११.३०.९१ | ----अनएसेम्बल्ड अवस्थाका | १०% |
| | ८७११.३०.९९ | ----अन्य | १०% |
| | ८७११.४०.०० | -सिलिण्डर क्षमता ५०० सी.सी. नाघ्ने तर ८०० सी.सी. ननाघ्ने इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन भएको | १०% |

| | | | |
|---|---|---|---|
| | ८७११.५०.०० | -सिलिण्डर क्षमता ८०० सी.सी. नाघ्ने इन्टरनल कम्बष्टन पिष्टोन इञ्जिन भएको | १०% |
| | | -धक्का दिने विद्युतीय मोटर भएकोः | |
| | ८७११.६०.२० | ---मोटरसाइकल | प्रति गोटा रु. १०,०००।- |
| | ८७११.६०.३१ | ----पेडल सहितका मोपेड स्कुटरहरू | प्रति गोटा रु. १०,०००।- |
| | ८७११.६०.३२ | ----पेडल नभएका मोपेड स्कुटरहरू | प्रति गोटा रु. १०,०००।- |
| | ८७११.६०.३९ | ----अन्य | प्रति गोटा रु. १०,०००।- |
| | ८७११.६०.९० | ---अन्य | प्रति गोटा रु. १०,०००।- |
| | ८७११.९०.०० | -अन्य | १०% |

(२) जुनसुकै प्रक्रियाबाट शुरु दर्ता हुन आउने सवारी तथा ढुवानीका साधनमा यस अनुसूचीमा उल्लेख भए अनुसार नै सडक निर्माण दस्तुर लाग्नेछ।

(३) माथि प्रकरण (१) र (२) मा जुनसुकै कुरा उल्लेख भए तापनि देहायका विषयमा देहाय बमोजिम हुनेछः-

(क) कूटनीतिक नियोग तथा कूटनीतिक सुविधा प्राप्त व्यक्तिले पैठारी गर्ने मोटरगाडी; अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाइएका स्कूटर; दमकल; एम्बुलेन्स र शवबाहनमा सडक निर्माण दस्तुर लाग्ने छैन।

(ख) चालीस वा सोभन्दा बढी सीट क्षमताका कम्तीमा पाँच वटा बस सार्वजनिक यातायातमा सञ्चालन गर्ने गरी दर्ता भएका सहकारी संस्था तथा कम्पनीले उल्लिखित प्रयोजनको लागि

पैठारी गर्ने उक्त क्षमताका तयारी बस तथा तिनका चेसिसमा सडक निर्माण दस्तुर लाग्ने छैन।

(ग) संयुक्त राष्ट्र सङ्घको अनुरोधमा शान्ति स्थापनार्थ खटिने नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीको प्रयोगका लागि नेपाल सरकार, रक्षा मन्त्रालय वा गृह मन्त्रालयको सिफारिसमा नेपालमा दर्ता नहुने गरी अस्थायी पैठारी हुने सवारी तथा ढुवानीका साधनमा सडक निर्माण दस्तुर लाग्ने छैन।

(घ) विमानस्थलभित्र यात्रु टर्मिनलदेखि वायुयानसम्म यात्रु ल्याउने र लैजाने गरी मात्र चल्ने शर्तमा नेपाल नागरिक उड्डयन प्राधिकरणको सिफारिसमा पैठारी हुने बसमा सडक निर्माण दस्तुर लाग्ने छैन।

(ङ) नेपाल सरकारबाट कूटनीतिक सुविधा वा पूर्ण वा आंशिक महसुल सुविधा पाई वा नेपाल सरकारको निर्णयबाट एक प्रतिशत भन्सार महसुल लिई वा लगत वा बैङ्क ग्यारेण्टीमा अस्थायी पैठारी भएका सवारी तथा ढुवानीका साधन बिक्री गरेमा वा उपहार दिएमा वा आफैंले उपयोग गरी स्थायी पैठारीमा रुपान्तरण गर्न चाहेमा एक पटक सडक निर्माण दस्तुर तिरिसकेको भए पुनः सडक निर्माण दस्तुर लाग्ने छैन। सडक निर्माण दस्तुर नतिरेको भए स्थायी पैठारीमा रुपान्तरण गर्दाका बखत सडक निर्माण दस्तुर लाग्नेछ।

(४) सडक निर्माण दस्तुर तिरेको सुनिश्चितता गरेर मात्र सम्बन्धित यातायात व्यवस्था कार्यालयले सवारी तथा ढुवानी साधन दर्ता गर्नु पर्नेछ। भन्सार कार्यालयबाट जाँचपास हुँदा सडक निर्माण दस्तुर असुल गर्न छुट भएको देखिएमा छुट भएको दस्तुर असुल गरेको प्रमाण भन्सार कार्यालयबाट प्राप्त भएपछि मात्र दर्ता गर्नु पर्नेछ।

**<u>स्पष्टीकरण</u>** : यस अनुसूचीको प्रयोजनको लागि,-

(१) "मूल्य" भन्नाले आन्तरिक उत्पादन वा खरिदको हकमा सवारी तथा ढुवानी साधनको बिक्री बीजकमा उल्लिखित मूल्य अभिवृद्धि कर सहितको बीजक मूल्य सम्झनुपर्छ साथै पैठारीको हकमा भन्सार बिन्दुमा लाग्ने मूल्य अभिवृद्धि कर बाहेकका सबै प्रकारका कर, महसुल, दस्तुर, र शुल्क समावेश भएको मूल्य सम्झनु पर्छ।

(२) "जुनसुकै प्रक्रियाबाट" भन्नाले लिलाम, जफत, हस्तान्तरण, खरिद वा बिक्रीबाट दर्ता हुन आउने सवारी साधन सम्झनु पर्छ।

नेपाल सरकार
अर्थ मन्त्रालय

## <u>अनुसूची</u>-३

(दफा ११ सँग सम्बन्धित)

## <u>चलचित्र विकास शुल्क</u>

१. आर्थिक वर्ष २०८२/८३ मा नेपालमा चलचित्रको प्रदर्शनमा चलचित्र घरले प्रदर्शन गर्ने विदेशी चलचित्रको सबै श्रेणीको प्रवेश शुल्कमा पन्ध्र प्रतिशत चलचित्र विकास शुल्क असुल गरिनेछ।

२. चलचित्र घरले क्याबिन सञ्चालन गर्न पाउनेछ। विदेशी चलचित्र प्रदर्शन गरे बापत त्यस्तो क्याबिनको सबै श्रेणीको टिकट बिक्रीबाट असुल गर्ने चलचित्र विकास शुल्कको दर प्रवेश शुल्कको बीस प्रतिशत हुनेछ।

३. चलचित्र घरले आफूले प्रदर्शन गरेको चलचित्रको दैनिक टिकट बिक्रीको विवरण अभिलेख बिक्री खातामा दैनिक रूपमा अद्यावधिक गर्नु पर्नेछ। चलचित्र घरले चलचित्र प्रदर्शन सम्बन्धी विवरण साप्ताहिक रूपमा काठमाडौं उपत्यकाको हकमा चलचित्र विकास बोर्ड र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा तथा अन्य क्षेत्रको हकमा आन्तरिक राजस्व कार्यालय भएको जिल्लामा सो कार्यालयमा र आन्तरिक राजस्व कार्यालय नभएको जिल्लामा कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्नेछ।

४. चलचित्र घरले विद्युतीय प्रणाली (ई-टिकेटिङ्ग सिष्टम) बाट टिकट जारी गरी केन्द्रीय चलचित्र व्यवस्थापन प्रणाली (सेन्ट्रल सिनेमा म्यानेजमेन्ट) को सर्भरसँग लिङ्क गर्नु पर्नेछ।

५. प्रकरण ४ बमोजिम विद्युतीय प्रणाली जडान तथा केन्द्रीय सर्भरसँग लिङ्क नगरी टिकट जारी गरेको पाइएमा त्यसरी जारी गरिएको टिकटबाट प्राप्त रकमको पहिलो पटकको लागि शतप्रतिशत र एक पटकभन्दा बढीको लागि दुई सय प्रतिशत जरिबाना लगाई असुल गरिनेछ।

६. प्रकरण १ र २ बमोजिमको शुल्क चलचित्र घरले असुल गरी प्रत्येक महिनाको शुल्क अर्को महिनाको पच्चीस गतेभित्र प्रकरण ५ को अधीनमा रही विवरण सहित सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय वा सो कार्यालय नभएको जिल्लामा कोष तथा लेखा नियन्त्रक कार्यालयमा दाखिल गर्नु पर्नेछ। तोकेको समयमा शुल्क नबुझाउनेलाई प्रत्येक महिनाको बुझाउनु पर्ने शुल्कको पच्चीस प्रतिशत जरिबाना लाग्नेछ। चलचित्र विकास शुल्कको मासिक विवरण उल्लिखित अवधिभित्र चलचित्र विकास बोर्डमा समेत बुझाउनु पर्नेछ। चलचित्र विकास बोर्डमा बुझाउनु पर्ने विवरण बक्स अफिस प्रणालीबाट समेत पठाउनु पर्नेछ।

७. चलचित्र घरले चलचित्र प्रदर्शन गरी चलचित्र प्रदर्शन नगरेको भनी वा विदेशी चलचित्र प्रदर्शन गरी नेपाली चलचित्र प्रदर्शन गरेको हो भनी वा वास्तविक टिकट बिक्रीभन्दा कम टिकट बिक्री दैनिक बिक्री खातामा जनाई झुट्टा विवरण दिएमा देहाय बमोजिमको जरिबाना लगाई त्यसरी छलिएको चलचित्र विकास शुल्क सहित असुल गरिनेछः-

(क) पहिलो पटक भए छलिएको चलचित्र विकास शुल्कको शतप्रतिशत।

(ख) दोस्रो पटक वा सोभन्दा बढी जतिसुकै पटक भए पनि छलिएको चलचित्र विकास शुल्कको दुई सय प्रतिशत।

८. प्रकरण ६ बमोजिम तोकिएको अवधि व्यतित भएको दुई महिनाभित्र जरिबाना सहित शुल्क नबुझाउने चलचित्र घर बन्द गरी लागेको शुल्क तथा जरिबाना समेत सम्बन्धित अधिकृतले असुल गर्नेछ। समयमा विवरण पेश नगरेमा प्रति महिना एक हजार रुपैयाँ जरिबाना लाग्नेछ।

९. विपद्, उपकरणीय मर्मत सम्भार वा अन्य कुनै कारणले सात दिन वा सोभन्दा बढी दिन चलचित्र घर बन्द भएको व्यहोरा प्रकरण १२

नेपाल सरकार अर्थ मन्त्रालय

मा उल्लिखित कार्यालयले प्रमाणित गरेको अवस्थामा बन्द भएको दिनको चलचित्र विकास शुल्क लाग्ने छैन।

१०. विद्यार्थीवर्गको सहुलियतको लागि शनिबार बिहान ८ बजेको र सार्वजनिक बिदा परेका दिनको बिहान ८ बजेको चलचित्र प्रदर्शनमा चलचित्र विकास शुल्कमा पचास प्रतिशत छुट दिइनेछ।

११. यस अनुसूची बमोजिम गरेको निर्णय उपर पैंतीस दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्नेछ।

१२. चलचित्र विकास शुल्क सम्बन्धी प्रशासन आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय भएको जिल्लामा सो कार्यालयले र आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय नभएको जिल्लामा कोष तथा लेखा नियन्त्रक कार्यालयले गर्नेछ।

१३. चलचित्र विकास शुल्कको अनुगमन चलचित्र विकास बोर्डले समेत गर्नेछ। चलचित्र विकास शुल्कको स्थलगत निरीक्षणको लागि बोर्डबाट खटिई आएका कर्मचारीलाई चलचित्र सम्बन्धी अभिलेख, बिक्री खाता तथा दर्शक सङ्ख्या सम्बन्धी अभिलेख चलचित्र घरले उपलब्ध गराउनु पर्नेछ। सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालयले आवश्यकता अनुसार अनुगमन तथा निरीक्षण गर्नेछन्।

१४. चलचित्र घरका सञ्चालकले चलचित्र प्रदर्शन गर्नुभन्दा एक दिन अगावै आफूले प्रयोग गर्ने टिकटको सिलसिलेवार नम्बर, चलचित्रको नाम र प्रदर्शन गरिने मिति चलचित्र विकास बोर्ड र आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालयमा जानकारी गराउनु पर्नेछ र सोको अभिलेख चलचित्र घरले राख्नु पर्नेछ।

१५. यस अनुसूची बमोजिम असुल भएको चलचित्र विकास शुल्कको नब्बे प्रतिशत रकम चलचित्र विकास बोर्डलाई र बाँकी दश प्रतिशत रकम आन्तरिक राजस्व विभागले तोकेको प्रक्रिया बमोजिम चलचित्र

विकास शुल्कको प्रशासन गर्ने कार्यालयको प्रशासनिक तथा भौतिक सुधार कार्यमा खर्च गर्न सकिनेछ। चलचित्र विकास बोर्डले आफूले प्राप्त गरेको चलचित्र विकास शुल्क रकमको पच्चीस प्रतिशतभन्दा बढी रकम प्रशासनिक कार्यमा खर्च गर्न पाउने छैन।

१६. चलचित्र विकास शुल्क सम्बन्धी अन्य प्रक्रियागत कुरा चलचित्र विकास बोर्डको सिफारिसमा आन्तरिक राजस्व विभागले निर्धारण गरे बमोजिम हुनेछ।

१७. चलचित्र विकास शुल्कको लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ।

नेपाल सरकार
अर्थ मन्त्रालय

## अनुसूची–४

(दफा १७ सँग सम्बन्धित)

## विलासिता शुल्क

१. नेपालमा उपभोग हुने देहाय बमोजिमका वस्तु तथा सेवामा देहाय बमोजिम दुई प्रतिशतका दरले विलासिता शुल्क लगाई असुल गरिनेछः-

(क) पाँच तारे र सोभन्दा माथिका तारे होटल तथा लक्जरी रिसोर्टले प्रदान गर्ने सेवाको बिक्री मूल्यमा,

(ख) आयातित तयारी मदिराको पैठारीमा भन्सार महसुल तथा अन्तःशुल्कसहितको मूल्यमा,

(ग) सुन तथा सुनका गरगहनाको बिक्री मूल्यमा।

२. दफा १ बमोजिमको विलासिता शुल्क देहाय बमोजिमको समयमा असुल गर्नु पर्नेछः-

(क) पाँच तारे र सोभन्दा माथिका तारे होटल तथा लक्जरी रिसोर्टले प्रदान गर्ने सेवा बिक्रीका बखत,

(ख) आयातित मदिरामा पैठारी हुने भन्सार बिन्दुमा पैठारीका बखत,

(ख) सुन तथा सुनका गरगहनाको बिक्रीका बखत।

३. दफा २ बमोजिम सङ्कलन गरेको रकम अर्को महिनाको पच्चीस गतेभित्र राजस्व खातामा दाखिल गरी सोको विवरण सम्बन्धित राजस्व कार्यालयमा पठाउनु पर्नेछ।

४. विलासिता शुल्क छली भएको पाईएमा कर अधिकृतले विलासिता शुल्क निर्धारण गर्न सक्नेछ ।

५. दफा ४ बमोजिम विलासिता शुल्क निर्धारण गर्दा कर अधिकृतले

सम्बन्धित व्यक्तिलाई आफ्नो सफाई पेश गर्न पन्ध्र दिनको म्याद दिनु पर्नेछ।

६. दफा ३ बमोजिम विलासिता शुल्क दाखिल नगरेको वा कम दाखिल गरेको अवस्थामा दाखिल गर्न बाँकी विलासिता शुल्कमा वार्षिक पन्ध्र प्रतिशतका दरले व्याज लाग्नेछ ।

७. दफा २ बमोजिमको कुनै व्यक्तिले दफा ३ बमोजिमको विवरण पेश नगरेमा त्यस्तो व्यक्तिलाई विवरण पेश गर्नु पर्ने मितिबाट विवरण दाखिल नभएको मितिसम्मको कारोवार रकममा वार्षिक दुई दशमलव पाँच प्रतिशतका दरले हुने रकम शुल्क लाग्नेछ।

८. दफा २ बमोजिमको व्यक्तिले दफा १ बमोजिमको विलासिता शुल्क बापतको रकम असुल नगरेमा सो रकमको पच्चीस प्रतिशत शुल्क लाग्नेछ।

९. कर अधिकृतले दफा ४ बमोजिम गरेको विलासिता शुल्क निर्धारणको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो शुल्क निर्धारण आदेश बुझेको मितिले तीस दिनभित्र महानिर्देशक समक्ष प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ।

१०. दफा ९ बमोजिम निवेदन दिने म्याद गुज्रिन गएमा त्यस्तो म्याद गुज्रेको मितिले सात दिनभित्र म्याद गुज्रिन गएको कारण खोली महानिर्देशक समक्ष निवेदन दिन सक्नेछ र त्यस्तो निवेदनमा उल्लिखित कारण मनासिब देखिएमा महानिर्देशकले म्याद गुज्रेको मितिबाट तीस दिनको म्याद थप गर्न सक्नेछ।

११. दफा ९ बमोजिम निवेदन परेको मितिले साठी दिनभित्र त्यस्तो निवेदन उपर महानिर्देशकले निर्णय गर्नु पर्नेछ।

१२. दफा ९ बमोजिम परेको निवेदन उपर छानबिन गर्दा त्यस्तो निवेदनको जिकिर उपयुक्त देखिन आएमा स्पष्ट कारण खुलाई पर्चा खडा गरी महानिर्देशकले विलासिता शुल्क पुनः निर्धारण गर्न आदेश दिन

सक्नेछ।

१३. दफा ९ बमोजिम निवेदन दिने ब्यक्तिले निर्धारित विलासिता शुल्क मध्ये विवाद रहित विलासिता शुल्क, सोमा लागेको शुल्क र व्याज बुझाई विवादित विलासिता शुल्क, सोमा लागेको शुल्क र व्याजको एकचौथाई रकम नगद दाखिल गर्नु पर्नेछ।

१४. दफा ११ बमोजिमको म्यादभित्र महानिर्देशकले निर्णय नगरेमा त्यस्तो म्याद नाघेपछि वा गरेको निर्णय उपर चित्त नबुझेमा सम्बन्धित व्यक्तिले त्यस्तो निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ।

१५. यस दफा बमोजिम प्रशासकीय पुनरावलोकनको निवेदन वा पुनरावेदन दिने व्यक्तिले त्यसको एक प्रति पन्ध्र दिनभित्र सम्बन्धित कार्यालयमा दर्ता गराउनु पर्नेछ।

१६. दफा ९ बमोजिम पुनरावलोकनको निवेदन वा दफा १४ बमोजिमको पुनरावेदन दिएको कारणबाट दफा ४ मा उल्लिखित निर्णयको कार्यान्वयनमा असर परेको मानिने छैन।

## अनुसूची-५

(दफा १८ को उपदफा ३ सँग सम्बन्धित)

## आयोजनाको महसुल छुट

१. वैदेशिक ऋण वा अनुदान सहयोगमा सञ्चालन गरिने आयोजना तथा नेपाल सरकार वा लगानी बोर्ड नेपालसँग भएको सम्झौता बमोजिमको आयोजनामा खपत हुने वस्तुमा लाग्ने महसुल छुटको लागि नेपाल सरकार, अर्थ मन्त्रालयमा सिफारिस गर्दा देहायका विषय सहित त्यस्ता वस्तुको विवरण भएको मास्टरलिस्ट सम्बन्धित निकायको राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृत वा लगानी बोर्ड नेपालको प्रमुख कार्यकारी अधिकृतले स्वीकृत गरेर मात्र सिफारिस गर्नु पर्नेछ,-

(क) वैदेशिक ऋण वा सहायता वा लगानी बोर्ड नेपालबाट स्वीकृत लगानी सम्बन्धी सम्झौतामा भएको कर छुटको प्रावधान स्पष्ट खुलेको हुनु पर्ने,

(ख) आयोजनाको दर विश्लेषण तथा लागत अनुमानमा मास्टरलिस्टमा समावेश भएको वस्तुको कर बाहेकको मूल्य खुलेको हुनु पर्ने,

(ग) सम्झौता अङ्कको कति मूल्यको वस्तु पैठारी हुने हो सो खुलेको हुनु पर्ने,

(घ) मास्टरलिस्टमा उल्लिखित वस्तुमध्ये कुन नेपालमा खरिद गर्ने हो र कुन पैठारी गर्ने हो सो स्पष्ट रुपमा खुलाउनु पर्ने,

(ङ) स्वीकृत मास्टरलिस्ट संशोधन भए संशोधन गर्नु पर्नाको आधार र कारण खुलाउनु पर्ने,

(च) मास्टरलिस्टमा वस्तुको नाम, एकाइ, प्रतिएकाइ मूल्य, जम्मा मूल्य (सि.आई.एफ., सि.आई.पी., एफ.ओ.वि., एक्स वर्कस् डब्लु वा अन्य), मुद्रा, वस्तु वर्गीकरणको उपशीर्षक,

उत्पत्तिको मुलुक, आयोजना तथा पैठारीकर्ताको नाम र आयोजना सम्पन्न हुने मिति समेत स्पष्ट रुपमा खुलाइएको हुनु पर्ने।

२. दफा १ बमोजिम स्वीकृत मास्टरलिस्टमा पर्ने वस्तुको प्रतिएकाइ मूल्य सो मास्टरलिस्टमा उल्लेख भएको भन्दा घटबढ भएमा मास्टरलिस्ट संशोधन गरी त्यस्तो मूल्य समायोजन गर्नु पर्नेछ।

तर स्वीकृत मास्टरलिस्टमा पर्ने वस्तुको प्रतिएकाइ मूल्य सो मास्टरलिस्टमा उल्लेख भएको भन्दा पच्चीस प्रतिशतसम्म घटी भएमा समेत सो मूल्यलाई मान्यता दिइनेछ।

३. महसुल सुविधामा पैठारी भएका वस्तु जुन आयोजनाको लागि पैठारी भएको हो सोही आयोजनामा मात्र प्रयोग गर्न पाइनेछ। नेपाल सरकारले स्वीकृति दिएको अवस्थामा बाहेक तोकेको आयोजनाभन्दा अन्यत्र प्रयोग भएको पाइएमा त्यस्तो वस्तुमा लाग्ने महसुल र सो महसुल बराबर जरिबाना हुनेछ।

४. नेपाल सरकार, अर्थ मन्त्रालयको पूर्व सहमति नलिई सम्बद्ध निकायले आयोजनाको महसुल छुट सम्बन्धी सम्झौता गरेको भएमा त्यस्तो सम्झौताको हकमा महसुल छुट हुने छैन।

## अनुसूची-६

(दफा २० को उपदफा (१) सँग सम्बन्धित)

## स्वास्थ्य जोखिम कर

१. विदेशबाट पैठारी हुने र स्वदेशमा उत्पादित देहायका वस्तुमा देहाय बमोजिम स्वास्थ्य जोखिम कर लगाई असुल गरिनेछः-

(क) बिँडीमा प्रति खिल्ली तीस पैसा,

(ख) चुरोट, सिगारमा प्रति खिल्ली साठी पैसा,

(ग) दहन नगरी सासले तान्ने उद्देश्यले विद्युतीय चार्ज गर्न मिल्ने वा नमिल्ने गरी तयार पारिएका हिटेड टोबाकोमा भन्सार महसुल प्रयोजनको लागि कायम भएको मूल्यको १० प्रतिशत,

(घ) दहन नगरी सासले तान्ने उद्देश्यले विद्युतीय चार्ज गर्न मिल्ने वा नमिल्ने गरी तयार पारिएका निकोटिनयुक्त वा निकोटिन रहित ईलेक्ट्रोनिक चुरोट वा भेपमा प्रति गोटा तीस रुपैयाँ,

(ङ) खण्ड (क), (ख), (ग) र (घ) मा उल्लेख भए बाहेकका निकोटिनयुक्त वा निकोटिन रहित वस्तुका तत्व मिश्रित धुम्रपान गर्ने, चपाउने, मुखमा राख्ने, तयारी खानेसुर्ती, खैनी, गुट्खा, पानमसला, सुगन्धित सुपारी, माउथ फ्रेसनर र हुक्का फ्लेवरमा प्रति किलोग्राम साठी रुपैंयाँ।

२. दफा १ बमोजिमको कर पैठारीका बखत भन्सार बिन्दुमा र स्वदेशी उत्पादनका हकमा प्रतिष्ठानबाट निष्कासनका बखत असुल गरिनेछ।

३. स्वास्थ्य जोखिम कर दाखिल गर्नु पर्ने दायित्व भएको व्यक्तिले प्रत्येक महिना दाखिल गर्नुपर्ने करको विवरण अन्तःशुल्क विवरणमा समावेश गरी अर्को महिनाको पच्चीस गतेभित्र

अन्तःशुल्क अधिकृतसमक्ष पेश गर्नु पर्नेछ ।

४. स्वास्थ्य जोखिम कर छली भएको पाइएमा अन्तःशुल्क अधिकृतले स्वास्थ्य जोखिम कर निर्धारण गर्न सक्नेछ ।

५. दफा ४ बमोजिम स्वास्थ्य जोखिम कर निर्धारण गर्दा अन्तःशुल्क अधिकृतले सम्बन्धित व्यक्तिलाई आफ्नो सफाइ पेश गर्न पन्ध्र दिनको म्याद दिनु पर्नेछ ।

६. दफा २ बमोजिम स्वास्थ्य जोखिम कर दाखिल नगरेको वा कम दाखिल गरेको अवस्थामा दाखिल गर्न बाँकी स्वास्थ्य जोखिम करमा प्रति दिन शुन्य दशमलव शून्य पाँच प्रतिशतका दरले विलम्ब शुल्क लाग्नेछ ।

७. दफा १ बमोजिमको स्वास्थ्य जोखिम कर दाखिल नगरेमा शतप्रतिशत जरिबाना लाग्नेछ ।

८. अन्तःशुल्क अधिकृतले दफा ४ बमोजिम गरेको स्वास्थ्य जोखिम कर निर्धारणको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो कर निर्धारण आदेश बुझेको मितिले तीस दिनभित्र महानिर्देशकसमक्ष प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ ।

९. दफा ८ बमोजिम निवेदन दिने म्याद गुज्रिन गएमा त्यस्तो म्याद गुज्रेको मितिले सात दिनभित्र म्याद गुज्रिन गएको कारण खोली महानिर्देशकसमक्ष निवेदन दिन सक्नेछ र त्यस्तो निवेदनमा उल्लिखित कारण मनासिब देखिएमा महानिर्देशकले म्याद गुज्रेको मितिबाट तीस दिनको म्याद थप गर्न सक्नेछ ।

१०. दफा ८ बमोजिम निवेदन परेको मितिले साठी दिनभित्र त्यस्तो निवेदन उपर महानिर्देशकले निर्णय गर्नु पर्नेछ ।

११. दफा ८ बमोजिम परेको निवेदन उपर छानबिन गर्दा त्यस्तो निवेदनको जिकिर उपयुक्त देखिन आएमा महानिर्देशकले स्पष्ट कारण खुलाई पर्चा खडा गरी स्वास्थ्य जोखिम कर पुनः निर्धारण

गर्न आदेश दिन सक्नेछ ।

१२. दफा ८ बमोजिम निवेदन दिने व्यक्तिले निर्धारित स्वास्थ्य जोखिम कर रकममध्ये विवाद रहित स्वास्थ्य जोखिम कर, जरिबाना र शुल्क रकम बुझाई विवादित स्वास्थ्य जोखिम कर, शुल्क र जरिबाना रकमको एकचौथाई रकम नगद दाखिल गर्नु पर्नेछ ।

१३. दफा १० बमोजिमको म्यादभित्र महानिर्देशकले निर्णय नगरेमा त्यस्तो म्याद नाघेपछि वा गरेको निर्णय उपर चित्त नबुझेमा त्यस्तो निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित व्यक्तिले राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ ।

१४. दफा १३ बमोजिम प्रशासकीय पुनरावलोकनको निवेदन वा पुनरावेदन दिने व्यक्तिले त्यसको एक प्रति पन्ध्र दिनभित्र सम्बन्धित कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

१५. दफा ८ बमोजिम पुनरावलोकनको निवेदन वा दफा १३ बमोजिमको पुनरावेदन दिएको कारणबाट दफा ४ मा उल्लिखित निर्णयको कार्यान्वयनमा असर परेको मानिने छैन।